# लेखापरीक्षण प्रतिवेदन

# पोखरा महानगरपालिका, कास्की

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# पोखरा महानगरपालिका, कास्की

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83

मिति : २०८३-१-३१

च.न :APPROVED/FAR/2081-82/LOC/19

श्रीमान् प्रमुखज्यू,
पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
पोखरा, कास्की।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसै साथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३१
च.न :APPROVED/FAR/2081-82/LOC/19

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्रीमान् प्रमुखज्यू,
पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
पोखरा, कास्की।

**१.कैफियतसहितको राय**

हामीले यस महानगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पालिकाबाट पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**२.कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. महानगरपालिकाको यस वर्षको आय - व्यय तर्फको कुल कारोबार रकम रु. १५ अर्ब २१ करोड २३ लाख ७६ हजार मध्ये २०८२ भाद्र २४ को घटनाको क्रममा स्रेस्ता तथा कागजात नष्ट भएको कारण लेखापरीक्षणको क्रममा पेस नभएकोले पालिका अन्तर्गतका विभिन्न खर्च केन्द्रहरुको विनियोजनतर्फ रु. १ अर्ब ९० करोड २० लाख १८ हजार, धरौटीतर्फ रु. १० करोड ९२ लाख ३५ हजार र अन्य कारोबारतर्फ रु. २ करोड २७ लाख ११ हजार समेत रु. २ अर्ब ३ करोड ३९ लाख ६४ हजारको लेखापरीक्षण हुन नसकी रु. १३ अर्ब १७ करोड ८४ लाख १२ हजारको लेखापरीक्षण गरिएकोमा रु. २१ करोड ३६ लाख ८१ हजार (१.४० प्रतिशत) बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ३२ लाख ७ हजारको सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ३ करोड ८२ लाख २३ हजार, नियमित गर्नुपर्ने रु. ६ करोड ७० लाख ४९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ९ करोड २४ लाख ७१ हजार र पेस्की बाँकी रु. १ करोड ३० लाख ८५ हजार समेत यस वर्षको बाँकी बेरुजु रु. २१ करोड ८ लाख २९ हजार (प्रतिक्रियाबाट थप रु. ३ लाख ५५ हजार समेत - लेखापरीक्षण अङ्कको १.३९ प्रतिशत) रहेको छ। गत वर्षसम्म रु. ३ अर्ब ५० करोड ९१ लाख १३ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रू. १२ करोड ५८ लाख ९३ हजारको सम्परीक्षण भई यस वर्षको थप समेत हालसम्मको अद्यावधिक बाँकी कुल बेरुजु रु. ३ अर्ब ५९ करोड ४० लाख ४९ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता राख्दा नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले महानगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४.वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत महानगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १२२ | ५३६ | २१,३६,८१,०८६ | ० | ५० | ३२,०७,२९५ | ३,५४,७९८ | १२२ | ४८६ | २१,०८,२८,५८९ | ३,८२,२२,५३८ | ६,७०,४९,४८७ | ९,२४,७१,१६५ | ० | ० | १५,९५,२०,६५१ | १,३०,८५,३९९ |

### अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कास्की | ३,५०,९१,१३,४०० | ० | १२,५८,९३,२१९ | ३,३८,३२,२०,१८१ | ० | २१,०८,२८,५८९ | ३,५९,४०,४८,७७० |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको बेहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण** | | | | |
| १ | २०८१/८२ | ७२ | सामाजिक विकास महाशाखा अन्तर्गतका बेहोराहरु | ५,६२,८२३ |
| २ | २०८१/८२ | ६१ | सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणः | १,३०,००० |
| ३ | २०८१/८२ | ९२ | साझेदारी विकास कोषः | ४,४१,२४६ |
| ४ | २०८१/८२ | ६० | बहाल आम्दानीमा करः | २२,०९१ |
| ५ | २०८१/८२ | ७४ | उपप्रमुखसँग महिला कार्यक्रमः | १७,४८,१३५ |
| ६ | २०८१/८२ | ३६ | आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनः | ३,००० |
| ७ | २०८१/८२ | १२२ | ३० नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु | ३,००,००० |
| **जम्मा** | | | | **३२,०७,२९५** |
| **गत विगत आर्थिक वर्षहरुको सम्परीक्षण** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | - | वडा नं. २१ तर्फ | १७,०२१ |
| ९ | २०८०/८१ | - | वडा नं. १ तर्फ | ५३,३८२ |
| १० | २०८०/८१ | - | वडा नं. १८ तर्फ | ४,२५० |
| ११ | २०८०/८१ | - | वडा नं. १२ तर्फ | १,११,३६७ |
| १२ | २०८०/८१ | - | वडा नं. १० तर्फ | १२,४५० |
| १३ | २०८०/८१ | - | बढी भुक्तानी | ६,७८० |
| १४ | २०८०/८१ | - | फोहरमैला व्यवस्थापन लागत अनुमान | ३,९४,३१,५५२ |
| १५ | २०८०/८१ | - | दोहोरो सुविधा | १,२१,५०० |
| १६ | २०७९/८० | - | पेश्की बाँकी | १,५०,००० |
| १७ | २०७८/७९ | - | बाँडफाँट गर्न बाँकी राजस्व | ८,०८,४९,८१६ |
| १८ | २०७८/७९ | - | बढी भुक्तानी | ६,१०२ |
| १९ | २०७६/७७ | - | प्राप्त हुनुपर्ने भन्दा कम दाखिलाः [म्यानुअल सम्परीक्षण] | ५१,२८,९९९ |
| **जम्मा** | | | | **१२,५८,९३,२१९** |
| **कुल जम्मा** | | | | **१२,९१,००,५१४** |

# पोखरा महानगरपालिका, कास्की

# ( ८०४३९२०१३०० )

# पोखरा महानगरपालिका , कास्की

# परिचय

१ **परिचयः**

**क) कार्यालय परिचयः** संघीय, प्रदेश र स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। वि.सं. २०१६ सालमा १३ वटा वडा सहित गठित पोखरा नगरपालिका, पोखरा नगर पञ्चायतको रुपमा विस्तारित भएकोमा २०५२ सालमा १८ वटा वडा सहितको उप-महानगरपालिका बनेको थियो। २०७१ मङ्सिर १६ गते पोखरा उपमहानगरपालिका आसपासका तत्कालीन गाउँ विकास समितिहरू मिलाएर २९ वटा वडा सहितको पोखरा उप-महानगरपालिकामा रूपान्तरित भएकोमा २०७२ सालमा नेपालको संविधान जारी भए पछि राज्य पुनर्संरचना हुँदा साबिकको पोखरा उप-महानगरपालिका, लेखनाथ नगरपालिका र आसपासका ७ वटा तत्कालीन गाउँ विकास समितिहरूलाई पूर्ण वा आंशिक रुपमा गाभेर ३३ वडा कायम गरी २०७३ फागुन २७ गते पोखरा लेखनाथ महानगरपालिका गठन भएको हो। महानगरपालिकाको नगर सभाको सिफारिस बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७५ साउन २३ गतेको निर्णयअनुसार पोखरा लेखनाथ महानगरपालिकाको नाम हेरफेर भई पोखरा महानगरपालिका कायम भएको छ।
पोखरा महानगरपालिकाको क्षेत्रफल ४६४.२४ वर्ग कि.मि. र राष्ट्रिय जनगणना, २०७८ अनुसार कुल जनसङ्ख्या ५,१३,५०४ रहेको छ। यस महानगरपालिकाको पूर्वी सिमानामा मादी र रुपा गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा जिल्ला; उत्तरी सिमानामा माछापुच्छ्रे र मादी गाउँपालिका तथा दक्षिणमा स्याङ्जा र तनहुँ जिल्ला रहेका छन्।

**ख) लेखापरीक्षणको उद्देश्यः** लेखापरीक्षण गरिने निकायको उपलब्ध वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**ग) लेखापरीक्षणको क्षेत्र र अवधिः** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।०६ देखि २०८२।११।११ सम्म रहेको छ।

**घ) लेखापरीक्षण विधिः** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी कार्यालयको व्यवस्था अनुसार सुपरीवेक्षण गराई प्रतिवेदनको मस्यौदा उपर सुझाव दिन स्थापित लेखापरीक्षण ल्याबबाट प्राप्त सुझाब तथा उच्च व्यवस्थापनको निर्देशन अनुसार परिमार्जन गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा नगर प्रमुख, उप प्रमुख लगायतका कार्यपालिकाका पदाधिकारी समेत प्रमुख प्रशासकीय अधिकृत, विभिन्न महाशाखा प्रमुख, शाखा प्रमुख, वडा सचिव, खर्च केन्द्रका लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी न्याम्स प्रणाली (NAMS) बाट मस्यौदा को जानकारी पश्चात कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**ङ) लेखापरीक्षणको सीमाः** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र र २०८२ भाद्र २४ को घटनाको क्रममा आगजनी भई स्रेस्ता तथा कागजात नष्ट भएकोले विनियोजन तर्फ १३ खर्च केन्द्र, विविध कोष तर्फ २ खर्च केन्द्र र धरौटी खाता तर्फ ८ खर्च केन्द्रको गरी जम्मा रु. २ अर्ब ३ करोड ३९ लाख ६३ हजार ६५४ को कारोबारको लेखापरीक्षण गरिएको छैन। क्षतिको प्रहरी मुचुल्का र कार्यालयबाट प्राप्त जानकारी, कार्यपालिकाको निर्णय समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच, २०८२ भाद्र २४ को घटना को क्रममा भएको क्षतिको सम्बन्धमा प्रहरी मुचुल्का र कार्यालयबाट प्राप्त जानकारी तथा कार्यपालिकाको निर्णय तथा सोको कार्यान्वयन स्थितिको जानकारीको अपर्याप्तता जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**च) आर्थिक कारोबारको स्थितिः** यस वर्ष पालिकाको आय - व्यय तर्फको कुल कारोबार रकम रु. १५ अर्ब २१ करोड २३ लाख ७६ हजार मध्ये २०८२ भाद्र २४ को घटनाको क्रममा स्रेस्ता तथा कागजात नष्ट भएको कारण लेखापरीक्षणको क्रममा पेस नभएकोले पालिका अन्तर्गतका विभिन्न खर्च केन्द्रहरुको विनियोजनतर्फ रु. १ अर्ब ९० करोड २० लाख १८ हजार, धरौटीतर्फ रु. १० करोड ९२ लाख ३५ हजार र अन्य कारोबारतर्फ रु. २ करोड २७ लाख ११ हजार समेत रु. २ अर्ब ३ करोड ३९ लाख ६४ हजारको लेखापरीक्षण हुन नसकी रु. १३ अर्ब १७ करोड ८४

लाख १२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण हुन नसकेको स्रेस्ता तथा कारोबार सम्बन्धी विस्तृत विवरण आर्थिक करोबारको एकीकृत विवरण सम्बन्धी दफामा उल्लेख गरिएको छ। कुल कारोबारको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।
**छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु**: लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छन्।

**ज) लेखापरीक्षणको क्रममा असुली:** लेखापरीक्षणको क्रममा निम्नानुसार रु. ५,११,७१७.०० असुल भई दाखिला गरेको प्रमाण पेश भएको छ।

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | ०८१।८२ को बहाल कर बापतको रकम पार्दी मा.वि.बाट असुल भई दाखिला गरेको प्रमाण पेश भएको। [१२४२४-०८२।११।१२] | ५२९२० |
| २ | गर्भवती पोषण सामग्री खरिदमा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल भई दाखिला गरेको प्रमाण पेश भएको। [वडा नं. ११ - ३३२७ - ०८२।११।१२] | ९२९० |
| ३ | शिक्षा सम्बन्धी कार्यक्रममा विद्यालयले व्यहोर्नुपर्ने ५०% पनि वडा कार्यालयबाटै भुक्तानी भएकोमा सो रकम सम्बन्धित विद्यालयबाट असुल भई दाखिला गरेको प्रमाण पेश भएको। [वडा नं. २२ - ५२२१२२६५०९४-०८२।११।२९] | ३६१६९ |
| ४ | सडकको रिसोलिङ तथा प्याचिङ बापत स्वीकृत नर्म्स भन्दा बढी हुने गरी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल भई दाखिला गरेको प्रमाण पेश भएको। [वडा नं. १२ - २४९५-०८२।१२।०३] | १५९८८ |
| ५ | लगत कट्टा पश्चात् सामाजिक सुरक्षा भत्ता निकासा भएको १ जना लाभग्राहीको खातामा मौज्दात रहेको रकम बैङ्कबाट फिर्ता गरी संघीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेश भएको। [वडा नं. ३ - ८०६१०४८-०८२।११।१२] | ६७९४ |
| ६ | लगत कट्टा पश्चात् सामाजिक सुरक्षा भत्ता निकासा भएका २ जना लाभग्राहीको खातामा मौज्दात रहेको रकम बैङ्कबाट फिर्ता गरी संघीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेश भएको। [वडा नं. ५ - ८०६१८२४-०८२।११।१२] | ६६६२ |
| ७ | लगत कट्टा पश्चात् सामाजिक सुरक्षा भत्ता निकासा भएका १६ जना लाभग्राहीको खातामा मौज्दात रहेको रकम बैङ्कबाट फिर्ता गरी संघीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेश भएको। [वडा नं. ११ - ८०६०३५६-०८२।११।१२] | ८१६१९ |
| ८ | लगत कट्टा पश्चात् सामाजिक सुरक्षा भत्ता निकासा भएका २५ जना लाभग्राहीको खातामा मौज्दात रहेको रकम बैङ्कबाट फिर्ता गरी संघीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेश भएको। [वडा नं. १६ - ८०९४५३७-०८२।११।१२] | ८२५२६ |
| ९ | लगत कट्टा पश्चात् सामाजिक सुरक्षा भत्ता निकासा भएका ८ जना लाभग्राहीको खातामा मौज्दात रहेको रकम बैङ्कबाट फिर्ता गरी संघीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेश भएको। [वडा नं. २९ - ८०९३९४१-०८२।११।१०] | २८३५२ |
| १० | आर्थिक विकास महाशाखा अन्तर्गतको कृषि चुन खरिद तथा वितरण कार्यक्रमबाट आपूर्तिकर्तालाई बढी भुक्तानी भएको रकम असुल भई दाखिला गरेको प्रमाण पेश भएको। [८१२०५६४-०८२।११।१०] | ६८२५० |
| ११ | आर्थिक विकास महाशाखा अन्तर्गतको भूवर्गीकरण कार्यक्रमबाट परामर्शदातालाई बढी भुक्तानी भएको रकम असुल भई दाखिला गरेको प्रमाण पेश भएको। [१२२३०-०८२।११।१०] | ४४९५ |
| १२ | बाग्लुङ्ग बसपार्क सराङ्कोट ढिकुरपोखरी कृषि सडक निर्माण कार्यमा निर्माण व्यवसायीलाई बढी भुक्तानी भएको रकम असुल भई दाखिला गरेको प्रमाण पेश भएको। [१०७१०-०८२।१०।११] | ५६५०० |
| १३ | कोर कटिङ्गको ल्याब परीक्षण बापत उ.स.लाई बढी भुक्तानी भएको रकम असुल भई दाखिला गरेको प्रमाण पेश भएको। [वडा नं. १८ - ४०९९-०८२।११।१४] | १२०२ |
| १४ | कानून विपरीत वडाका ५ जना पदाधिकारीलाई भुक्तानी भएको अनुगमन भत्ता बापतको रकम सम्बन्धितबाट असुल भई दाखिला गरेको प्रमाण पेश भएको। [वडा नं. २४ - २४८०,२४८२,२४८३,२४८६ र २४८७-०८२।११।१२] | ३२३०० |
| १५ | कोर कटिङ्गको ल्याब परीक्षण बापत २ वटा उ.स.लाई बढी भुक्तानी भएको रकम असुल भई दाखिला गरेको प्रमाण पेश भएको। [वडा नं. १९ — ५३४६ र ८२७५८५०-०८२।११।१३] | ९३३० |
| १६ | ०८०।८१ को बहाल कर बापतको रकम पार्दी मा.वि.बाट असुल भई दाखिला गरेको प्रमाण पेश भएको। [१२३८०-०८२।११।१२] | १९३२० |
| | **जम्मा** | **५११७१७** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोवारको एकीकृत विवरणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तपशिल बमोजिम रहेको छ।

| पोखरा महानगरपालिका | | | |
|---|---|---|---|
| नगर कार्यपालिकाको कार्यालय | | | |
| न्युरोड, कास्की | | | |
| गण्डकी प्रदेश नेपाल | | | |
| **आ.व. ०८१/८२ को आर्थिक कारोबारको एकीकृत विवरण** | | | |
| आय तर्फ | | व्यय तर्फ | |
| विवरण | रकम | विवरण | रकम |
| गत वर्षको जिम्मेवारी बाँकी | | पालिका चालु | १,१७४,५६६,३७०.९० |
| संचित कोष | ४३६,५५५,९९९.६४ | पालिका पुँजीगत | १,६९८,१८२,९७२.६३ |
| धरौटी | १२९,६४५,३३१.५२ | जम्मा | २,८७२,७४९,३४३.५३ |
| विविध कोष खाता | २०,६६१,९५०.९० | संघीय सरकारबाट प्राप्त अनुदान | |
| विविध खर्च खाता | ४१,२२१,५३१.०१ | सशर्त अनुदान चालु | १,६२६,४८८,३८९.४४ |
| प्रकोप व्यवस्थापन कोष | ३८६६८१७.६५ | सशर्त अनुदान पुँजीगत | ८२५,६८६,२७३.७१ |
| आकस्मिक कोष खाता | २,१८१,८१३.०० | समपूरक अनुदान | २१,३९९,१५७.४८ |
| विभाज्य कोष | ७०,७९२,४३५.०० | विशेष अनुदान | ०.०० |
| जम्मा | ७०४,९२५,८७८.७२ | फिर्ता | ६४१,०३१,३१९.३७ |
| राजस्व - **आन्तरिक आय** | | जम्मा | ३,११४,६०५,१४०.०० |
| आन्तरिक राजस्व | १,१४४,६३८,३५०.७२ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | |
| राजस्व बाँडफाँट मालपोत | ७०२,८३०,२१४.१६ | सशर्त अनुदान | ० |
| विभाज्य कोष (प्रदेश पठाएको समेत) | ९८,०८२,२६७.६० | समपूरक अनुदान | ० |
| जम्मा | १,९४५,५५०,८३२.४८ | विशेष अनुदान | ३,८४५,१००.०० |
| बाँडफाँटबाट प्राप्त राजश्व -संघ | ३५०,९६१,१७६.९८ | फिर्ता | ३,१५४,९००.०० |
| बाँडफाँटबाट प्राप्त राजश्व -प्रदेश | ८६,५०१,३७५.७८ | जम्मा | ७,०००,०००.०० |
| जम्मा | ४३७४६२५५२.७६ | **अन्तर सरकारी अख्तियारी संघ** | |
| संघीय सरकारबाट प्राप्त अनुदान | | सामाजिक सुरक्षा तथा संरक्षण | १,३३९,१३८,३०४.७४ |
| वित्तीय समानीकरण अनुदान | ४२६,७७५,७६०.०० | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १२,०१०,०००.०० |
| सशर्त अनुदान चालु | १,७२८,५७५,१४०.०० | घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | ८८४,०००.०० |
| सशर्त अनुदान पुँजीगत | १,३६२,०८०,०००.०० | पर्यटन पर्वाधार विकास कार्यक्रम | १९,९८०,३१५.०० |
| समपुरक अनुदान | २३,९५०,०००.०० | जम्मा | १,३७२,०१२,६१९.७४ |
| विशेष अनुदान | ०.०० | अन्य खर्चः | |
| जम्मा | ३,५४१,३८०,९००.०० | विविध खर्च | ४७,८५६,६८३.८४ |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | विविध कोष | ३६,९२९,३५१.०० |
| वित्तीय समानीकरण अनुदान | ८६,३८१,०००.०० | प्रकोप व्यवस्थापन कोष खर्च | १५,९६२,३९६.०० |
| सशर्त अनुदान | ० | विभाज्य कोष (प्रदेशलाई पठाएको) | ८७,६४८,२४७.२४ |
| समपूरक अनुदान | ३,०००,०००.०० | धरौटी | ३७३३६९५७.३३ |
| विशेष अनुदान | ४,०००,०००.०० | जम्मा | २२५,७३३,६३५.४१ |
| जम्मा | ९३,३८१,०००.०० | मौज्दात बाँकीः | |
| URLIP | - | संचित कोष | ४४३,४५८,३७४.११ |
| अन्य आम्दानी | ३३७३८५. | धरौटी | १८०,६६३,८१६.६६ |
| धरौटी | ७०,५८७,३१९.३४ | विविध कोष खाता | ३९,४७०,५४४.१७ |
| धरौटी हिसाब मिलान | १७,७६८,१२३.१३ | प्रकोप व्यवस्थापन कोष | १८,८४३,२२१.६५ |
| | | | |

| | | | |
|---|---|---|---|
| जम्मा | ८८,६९२,८२७.४७ | विविध खर्च खाता | ४८,४८२,३९०.६९ |
| अन्तरसरकारी अख्तियारी संघ | | आकस्मिक कोष खाता | २,१८१,८१३.०० |
| सामाजिक सुरक्षा तथा संरक्षण | १,३३९,१३८,३०४.७४ | विभाज्य कोष | ० |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १२,०१०,०००.०० | जम्मा | ७३३१००१६०.२८ |
| घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | ८८४,०००.०० | | |
| पर्यटन पूर्वाधार विकास कार्यक्रम | १९,९८०,३१५.०० | | |
| जम्मा | १,३७२,०१२,६१९.७४ | | |
| कोषहरु तर्फ | | | |
| प्रकोप व्यवस्थापन कोष | ३०,९३८,८००.०० | | |
| विविध खर्च | ५५,११७,५४३.५२ | | |
| विविध कोष खाता | ५५,७३७,९४४.२७ | | |
| जम्मा | १४१,७९४,२८७.७९ | | |
| कुल जम्मा | ८३२५२००८९८.९६ | कुल जम्मा | ८३२५२००८९८.९६ |

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ।

पालिकाको आर्थिक कारोबारको एकीकृत विवरण सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न अनुसार छन्।

२.१ **सञ्चितकोषको जिम्मेवारीः** सञ्चितकोषमा सुत्र प्रणाली अनुसार बाँकी रहेको रकम अर्को वर्षको कारोबार सुरु हुनु भन्दा अगाडि सो अनुसारनै जिम्मेवारी सार्नुपर्दछ। पालिकाको आर्थिक वर्ष २०८०।८१ मा सुत्र अनुसार सञ्चितकोषको मौज्दात रु. ३९७१०३६६६.५८ रहेकोमा सञ्चितकोषको बैंक मौज्दात रु. ४३६५५५९९९.६४ रहेको पाइयो। सुत्र अनुसारको मौज्दात रकम र बैंक अनुसारको मौज्दात रकममा फरक परेको कारण बैंकमा बढी मौज्दात हुँदा समेत घटी रकमको अल्या गर्नु परेको अवस्था देखियो। पालिकाले महालेखानियन्त्रक कार्यालय सँग समन्वय गरी यस आर्थिक वर्षको अन्तमा हिसाब मिलान गरेको कारण यस आर्थिक वर्षमा स्रेस्ता र बैंक मौज्दात रकम समान रु. ४४३४५८३७४.११ रहेको देखियो। साथै गत आर्थिक वर्ष २०८०।८१ मा सुत्र प्रणालिमा समस्या देखिएको कारण आन्तरिक राजश्व खातामा मौज्दातनै नरहेको रकम रु. ११०३१९३९७.८२ मौज्दात देखाएकोले यस आर्थिक वर्षमा अल्या हुनु पर्ने गत वर्षको मौज्दात रकम रु. ७८७६१९४१७.१३ देखिएको छ । पालिकाले बैंक मौज्दात अनुसार हुने रु. ७०४९२५८७८.७२ रकम नै अल्या गरेको देखिदा स्रेस्ता अनुसार बाँकी रहेको मौज्दात र बैंक मौज्दात समान हुने गरी मौज्दातको हिसाब अद्यावधिक राख्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। सुत्र प्रणाली मार्फत आर्थिक कारोबार गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा. नं. २७०, २७२ र २७५) तयार गर्नुपर्दछ। पालिकाले यस वर्ष संघ तथा प्रदेश सरकारबाट बजेट प्राप्त अन्तरसरकारी हस्तान्तरण अन्तर्गतका तपशिल बमोजिम रू. १ अर्ब ३७ करोड २० लाख १२ हजार ६१९.७४ को कारोबारको सुत्रमा लेखाङ्कन गरेको छैन।

| सुत्रमा लेखाङ्कन नभएको अन्तरसरकारी अनुदान प्राप्त बजेटको विनियोजन र CGAS मार्फत भएको खर्चको | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **कार्यक्रमको नाम** | **विनियोजन रु.** | **खर्च रु.** | **कैफियत** |
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | १३४०९८८४००.०० | १३३९१३८३०४.७४ | संघीय सरकार |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २४९६५०००.०० | १२०१००००.०० | संघीय सरकार |
| ३ | घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | १००००००.०० | ८८४०००.०० | संघीय सरकार |
| ४ | पर्यटन पूर्वाधार विकास आयोजना | ५००००००.०० | १९९८०३१५.०० | संघीय सरकार |
| ५ | विद्यालय शिक्षा क्षेत्र योजना | ५०००००००.०० | ०.०० | संघीय सरकार |
| | **जम्मा रकम रु.** | **१४२१९५३४००.००** | **१३७२०१२६१९.७४** | |

[स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली - सुत्रबाट तयार भएको पालिकाको प्राप्ति तथा भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन - म.ले.प.फा. नं. २७० - ०१ अनुसूचीमा संलग्न छ।]

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **लेखापरीक्षण हुन नसकेको सम्बन्धमाः** महानगरपालिकाको आर्थिक कारोबारको एकीकृत विवरणमा समावेश भएको ४३ वटा भुक्तानी केन्द्र मध्ये तपशिल बमोजिमको खर्च केन्द्रहरुको आर्थिक कारोबार सम्बन्धी स्रेस्ता तथा सम्बन्धित प्रमाण कागजात २०८२ भाद्र २४ को घटनाको क्रममा नष्ट भएको कारण

जनाई लेखापरीक्षणको लागि पेश नभएको र स्रेस्ता तथा सम्बन्धित प्रमाण कागजात क्षति भएको सम्बन्धमा पेश भएको प्रहरी मुचुल्का, कार्यपालिकाको निर्णय, लिखित प्रतिनिधित्व पत्र समेतका आधारमा रु. २,०३,३९,६३,६५४.१४ को कारोबारको लेखापरीक्षण गरिएको छैन। क्षति भएका जिन्सी सम्पत्ति तथा स्रेस्ता अभिलेख आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ बमोजिम मिनाहाको प्रक्रियामा रहेको मौखिक जानकारी पालिकाले गराएको भए तापनि नियमानुसार मिनाहा भएको सम्बन्धमा लेखापरीक्षणको अवधि (२०८२ माघ मसान्त) सम्म कुनै प्रमाण पेश भएको छैन।

| क्र.सं. | स्रेस्ताको विवरण | भौचर संख्या | कारोबार रकम | कैफियत |
|---|---|---|---|---|
| १ | विनियोजन र खर्च तर्फ [पूर्ण क्षति] | ४१७४ | १८८३५३६८०३.०० | ११ खर्च केन्द्र सँग सम्बन्धित |
| २ | विनियोजन र खर्च तर्फ [आंशिक क्षति] | ५५ | १८४८१४५९.०० | २ खर्च केन्द्र सँग सम्बन्धित |
| ३ | विविध कोष तर्फ [पूर्ण क्षति] | १०६ | २२७१०५९८.११ | २ खर्च केन्द्र सँग सम्बन्धित |
| ४ | धरौटी खाता तर्फ [पूर्ण क्षति] | १८१ | १०९२३४७९४.०३ | ८ खर्च केन्द्र सँग सम्बन्धित |
| | **जम्मा** | **४५१६** | **२०३३९६३६५४.१४** | |

यस सम्बन्धी विस्तृत विवरण निम्नबमोजिम रहेका छन्।

| विनियोजन तथा खर्च तर्फ पूर्ण क्षतिको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | खर्च केन्द्रको नाम | चालु खर्च | पुँजीगत खर्च | जम्मा खर्च | भौचर संख्या | कैफियत |
| १ | नगरकार्यपालिकाको कार्यालय | ६५६८७९२६५ | २९३९५०३० | ६८६२७४२९६ | ११९२ | गोश्वरा भौचरहरु र साथमा संलग्न सबै सम्बन्धित कागजातहरु नष्ट भएको बेहोरा लिखित प्रतिनिधित्व पत्रमा समेत उल्लेख भएको। |
| २ | शहरी विकास पर्यटन तथा वातावरण महाशाखा | ४८२५३४७३ | ८८०२९५११७ | ९२८५४८५९० | ५०२ | |
| ३ | शहरी उत्थानशील तथा जीविकोपार्जन सुधार आयोजना | १३२९१३१ | १६४२८९८ | २९७२०२९ | ३२ | |
| ४ | १ नं. वडा कार्यालय | ३६९५९६७ | १०४६४४०९ | १४१६०३७६ | २३१ | |
| ५ | ४ नं. वडा कार्यालय | ५६०४९५३ | १४२६२१४९ | १९८६७१०२ | २१५ | |
| ६ | ५ नं. वडा कार्यालय | ४९६७४३६ | २१४७८३८५ | २६४४५८२१ | २७४ | |
| ७ | ८ नं. वडा कार्यालय | ८०७००२९ | १५३४३५८३ | २३४१३६१२ | ३८७ | |
| ८ | १३ नं. वडा कार्यालय | ६२१७०९० | ४२६६८२१७ | ४८८८५३०७ | २३२ | |
| ९ | १५ नं. वडा कार्यालय | ६७३३९८२ | २५६९४८९० | ३२४२८८७२ | ३०० | |
| १० | १६ नं. वडा कार्यालय | ५३४२३७९ | ४४२५०००८ | ४९५९२३८७ | ३७८ | |
| ११ | १७ नं. वडा कार्यालय | ८०५६३७१ | ४२८९२०४१ | ५०९४८४१२ | ४३१ | |
| | जम्मा | ७५५१५००७६ | ११२८३८६७२७ | १८८३५३६८०३ | ४१७४ | |

| विनियोजन तथा खर्च तर्फ आंशिक क्षतिको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | खर्च केन्द्रको नाम | चालु खर्च | पुँजीगत खर्च | जम्मा खर्च | भौचर संख्या | कैफियत |
| १ | स्वास्थ्य महाशाखा | ७०२२३२ | - | ७०२२३२ | ६ | गोश्वरा भौचरहरु र साथमा संलग्न सबै सम्बन्धित कागजातहरु नष्ट भएको बेहोरा लिखित प्रतिनिधित्व पत्रमा समेत उल्लेख भएको। |
| २ | २ नं. वडा कार्यालय | २५१२२०६ | ८०३९४४८ | १०५५१६५४ | ४९ | |
| ३ | ६ नं. वडा कार्यालय | - | ७२२७५७३ | ७२२७५७३ | - | ३ ठेक्का फाइल |
| | **जम्मा** | **३२१४४३८** | **१५२६७०२१** | **१८४८१४५९** | **५५** | |

| विविध कोष तर्फको पूर्ण क्षतिको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | खर्च केन्द्रको नाम | कोषको नाम | खर्च रकम | भौचर संख्या | कैफियत |
| १ | नगरकार्यपालिकाको कार्यालय | प्रकोप व्यवस्थापन कोष | १६३९८८९५.८३ | ८२ | गोश्वरा भौचरहरु र साथमा संलग्न सबै सम्बन्धित कागजातहरु नष्ट भएको बेहोरा लिखित प्रतिनिधित्व पत्रमा समेत उल्लेख भएको। |
| | नगरकार्यपालिकाको कार्यालय | विविध खर्च खाता | ४३६४९९.८३ | ७ | |
| २ | शहरी विकास, पर्यटन तथा वातावरण महाशाखा | विविध खर्च खाता | ५८७५२०२.४५ | १७ | |
| | **जम्मा** | | **२२७१०५९८.११** | **१०६** | |

| धरौटी खाता तर्फको पूर्ण क्षतिको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | खर्च केन्द्रको नाम | गत वर्षको मौज्दात | थपघट | बाँकी मौज्दात | भौचर संख्या | कैफियत |
| १ | नगरकार्यपालिकाको कार्यालय | ५६६५६८०८.०३ | -१६४३६८७२.७४ | ४०२१९९३५.२९ | १०९ | गोश्वरा भौचरहरु र साथमा संलग्न सबै सम्बन्धित कागजातहरु नष्ट भएको बेहोरा लिखित प्रतिनिधित्व पत्रमा समेत उल्लेख भएको। |
| | शहरी विकास, पर्यटन तथा वातावरण महाशाखा | ९३०००५६.०० | ४१४१४३३१.०० | ५०७१४३८७.०० | १६ | |
| २ | १ नं. वडा कार्यालय | २५२३६४.०० | १४७५९२.०० | ३९९९५६.०० | ७ | |
| ३ | ४ नं. वडा कार्यालय | १७३९८५.०० | -६४५६४.०० | १०९४२१.०० | ८ | |
| ४ | ५ नं. वडा कार्यालय | २१३३००.०० | १३२०७.०० | २२६५०७.०० | ५ | |
| ५ | १३ नं. वडा कार्यालय | १००४४१.०० | ८६८२५.०० | १८७२६६.०० | २ | |
| ६ | १५ नं. वडा कार्यालय | ७२१०२.०० | ५३६३०.०० | १२५७३२.०० | ३ | |
| ७ | १६ नं. वडा कार्यालय | ३४१०७.०० | -१२१०७.०० | २२०००.०० | ३ | |
| ८ | १७ नं. वडा कार्यालय | २१०७३६.०० | ५०५३१०.०० | ७१६०४६.०० | २८ | |
| | **जम्मा** | **६७०१३८९९.०३** | **२५७००७३५१.२६** | **९२७२१२५०.२९** | **१८१** | |
| | **कुल जम्मा** | **१०९२३४७९४.०३** | **-१६५१३५४३.७४** | **९२७२१२५०.२९** | **१८१** | |

क्षति भई लेखापरीक्षण नभएका मुख्य व्यहोराहरूः

- राजस्व असुलीसँग सम्बन्धित ठेक्का फाईलहरू र सो सम्बन्धी असुलीको विवरण
- सार्वजनिक निजी साझेदारी सम्झौता र कार्यान्वयन सम्बन्धी फाइल तथा सोसम्बन्धी राजस्व असुली र अभिलेख
- खरिद शाखामा रहेका खरिदसँग सम्बन्धित सम्झौता फाइल र सो सगँ सम्बन्धित भुक्तानीहरू

२.४ **खर्च विश्लेषणः** पालिकाले यस वर्ष गत वर्षको बाँकी मौज्दात रु. ७०,४९,२५,८७८.७२, आन्तिरक आयबाट रु. १,१४,४६,३८,३५०.७२, राजस्व बाँडफाँट र विभिन्न अनुदान (अन्य आय र अन्तरसरकारी हस्तान्तरण समेत) बाट रु. ६,४७,५६,३६,६६९.५२ गरी जम्मा रु. ८,३२,५२,००,८९८.९६ आम्दानी प्राप्त गरेकोमा चालु तर्फ रु. २,८०,१०,५४,७६०.३४, पुँजीगत तर्फ रु. २,५४,९१,१३,५०३.८२, सशर्त अनुदान फिर्ता रु.

६४,४१,८६,२१९.३७, अन्तरसरकारी हस्तान्तरण तर्फ रु. १,३७,२०,१२,६१९.७४ र अन्य खर्च रु. २२,५७,३३,६३५.४१ समेत रु. ७,५९,२१,००,७३८.६८ खर्च भएको छ। कुल खर्चमा पालिकाको आन्तरिक आयको हिस्सा १५.०८ प्रतिशत मात्र रहेको छ। यस वर्ष पदाधिकारी सुविधामा रु. ४ करोड ६७ लाख २३ हजार खर्च भएको छ जुन आन्तरिक आयको ४.०८ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै समानीकरण अनुदान र राजस्व बाँडफाँटको कुल रकम रु. १,७५,१५,३१,७९४.५२ बाट चालु खर्चको लागि ६२.५३ प्रतिशत मात्रै स्रोत पुग्ने देखिन्छ भने पालिकाले प्राप्त गरेको सबै समानीकरण अनुदान र राजस्व बाँडफाँटको कुल रकमको ९६.९५ प्रतिशत पुँजीगत तर्फ खर्च भएको देखिन्छ। यसबाट पालिकाको पुँजीगत खर्चको तुलनामा चालु प्रकृतिका प्रशासनिक कार्यक्रममा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकमका साथै आन्तरिक स्रोतको अधिकतम रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरीनुपर्दछ।

२.५ **मौज्दातको अवस्थाः** पालिकाको सञ्चित कोषको मौज्दातले यसको वित्तीय वस्थालाई दर्शाउँदछ। आर्थिक वर्ष ०७९।८० मा पालिकाको सञ्चित कोषको अन्तिम मौज्दात रु. १ अर्ब १३ करोड ७० लाख ७७ हजार रहेकोमा ०८०/८१ मा रू. ४३ करोड ६५ लाख ५६ हजार र यस आ.व. (२०८१/८२) मा रु. ४४ रकोड ३४ लाख ५८ हजार रहेको छ। पछिल्लो तीन आर्थिक वर्षमा पालिकाको सञ्चित कोषको मौज्दात करिब रु. ६९ करोड ३६ लाखले घटेको देखियो। पालिका अन्तर्गतका ३० खर्च केन्द्रको भुक्तानी बाँकीको दायित्व रु. १२ करोड १७ लाख ७५ हजार रहेको देखिँदा घट्दै गएको सञ्चित कोषको मौज्दात माथि थप चाप परेको पाइयो। आन्तरिक आयको दायरा विस्तार तथा सुधारमा पर्याप्त गृहकार्य तथा प्रभावकारी संयन्त्र तयार नगरी आयोजना छनोट तथा खर्च विस्तार गर्ने प्रवृत्तिको कारण सञ्चित कोषको मौज्दात घट्दै गएको देखिन्छ। पालिकाले बजेट विनियोजन गर्दा मौज्दात रकमबाट खर्च गर्ने गरी समेत कार्यक्रम थप गरेको कारण मौज्दात घट्दै र भुक्तानी बाकी दायित्व बढ्दै गएको देखिन्छ। सञ्चित कोषको मौज्दातको न्यूनतम रकम आर्थिक संकटको समयमा उपयोगको लागि जगेडाको रुपमा रहने गरी वास्तविक सालबसाली आम्दानीका आधारमा खर्च गर्ने गरी वार्षिक बजेट विनियोजन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| पछिल्लो तीन आर्थिक वर्षको सञ्चित कोषको अन्तिम मौज्दात विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | आर्थिक वर्ष | मौज्दात रु. | कैफियत |
| १ | ०७९।८० | १,१३,७०,७६,८८४.३६ | सञ्चित कोष घट्दै गएको |
| २ | ०८०।८१ | ४३,६५,५५,९९९.६४ | |
| ३ | ०८१।८२ | ४४,३४,५८,३७४.११ | |

२.६ **राजश्व दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम प्राप्त हुने राजश्व तथा सरकारी रकम प्राप्त भए पछि सोही दिन वा सो दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ। यस पालिका अन्तरगतको वडा नं. १७ मा आम्दानी भएको राजश्व रु. १०००.०० आर्थिक वर्षको अन्त सम्म पनि बैंक दाखिला नभएको कारण सुत्र प्रणालीमा रु. १ हजार नगद मौज्दात मै देखाएको पाइयो। नगदमै देखिएको मौज्दात रकम समयमै दाखिला गरी हिसाब मिलान गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००० |

३ **आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ।पालिकाले सो बमोजिम आन्तरीक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशीका/कार्यविधी तयार गरेको पाईएन। पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा लेखापरीक्षणको क्रममा स्रेस्ता पेश गरेका खर्च केन्द्रहरुको स्रेस्ता परीक्षणबाट देखिएका बेहोरा निम्न छन्।

• निजामती सेवा ऐन, २०४९; स्वास्थ्य सेवा ऐन, २०५३; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; तथा शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख भएकोमा पालिकाले कर्मचारीको तलबी प्रतिवेदन पारित गराएको पाइएन। तलब भुक्तानी सम्बन्धी स्रेस्ता २०८२ भाद्र २४ मा भएको घटनाको क्रममा जलेर पूर्ण रुपमा नष्ट भएको तथा सुत्र प्रणाली बमोजिम सिधै खातामा भुक्तानी हुने इएफटी लागु नभएका कारण सुत्र प्रणालीबाट स्रेस्ता परीक्षण गर्न सम्भव नभएकाले तलब भत्ता भुक्तानीको यथार्थता सम्बन्धमा कुनै विश्लेषण गर्न सकिएन।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गरी सोसँग तादात्म्यता कायम गरेर वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा पालिकाले मध्यकालीन खर्च संरचना तयार गरेको जनाए तापनि सोको कार्यान्वयन साथै वार्षिक नीति तथा कार्यक्रम र बजेटसँग मध्यकालीन खर्च संरचनाको तादात्म्यता सम्बन्धमा कुनै पनि अभिलेख राखेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पतिको संरक्षण गर्नुपर्ने र त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राख्नुपर्ने उल्लेख भएकोमा पालिकाले सोको एकीकृत अभिलेख राखेको पाइएन।

• खरिद कार्यलाई मितव्ययी, पारदर्शी तथा प्रतिस्पर्धी बनाउन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरी सोही बमोजिम खरिद गर्नुपर्नेमा पालिकाले खरिद योजना तयार गरेको जनाए तापनि स्रेस्ता पेश भएका खर्च केन्द्रको लेखापरीक्षण गर्दा खरिद योजना बमोजिम खरिद कार्य गरेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम निर्माण कार्य सम्पन्न भए पश्चात् भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा निर्माण सम्पन्न भएका भौतिक संरचनाहरुको अभिलेख राखेको पाइएन।

• पालिका अन्तर्गत विभिन्न खर्च केन्द्रबाट सञ्चालन भएका विभिन्न आयोजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार मान्यता प्राप्त हुने गरी दर्ता वा अद्यावधिक नविकरण भएको सम्बन्धमा लेखापरीक्षणको क्रममा स्रेस्ता पेश गरेका खर्च केन्द्रहरुले कुनै पनि अभिलेख राखेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार कार्यसम्पन्न भएका आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा उपभोक्ता समितिलाई हस्तान्तरण भएको आयोजना सम्बन्धी एकीकृत अभिलेख राखेको पाइएन।

• महानगरपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयको अनुगमन सम्बन्धमा मापदण्ड तयारी तथा नियमित अनुगमन गरी प्रतिवेदन समेत सार्वजनिक गरेको पाइएन।

• कार्यक्रम कार्यन्वनयन कार्यविधि अनुसार IEMIS मा प्रविष्टि भएको तथ्याङ्कलाई सम्बन्धित विद्यालयको कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा गर्नुपर्नेमा सो अनुसार तथ्याङ्क सत्यापन गरेको पाइएन।

• संस्थागत विद्यालयहरुको दर्ता, नविकरण, वर्गीकरण, शुल्क निर्धारण, छात्रवृत्ति व्यवस्थापन, अनुगमन र प्रतिवेदन सम्बन्धमा व्यवस्थित रुपमा अभिलेख राख्नुपर्नेमा राखेको पाइएन।

• कर्मचारीलाई कुनै पदमा पदस्थापन गर्दा निजामती सेवा ऐन, २०४९ को दफा ५ बमोजिम त्यस्तो पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटान गरिएको कार्य विवरण र सो कार्यविवरण अनुसारको कामको मूल्याङ्कन गर्ने सूचकाङ्क समेत उपलब्ध गराउनुपर्नेमा सो बमोजिमको कार्यविवरण उपलब्ध गराएको पाइएन।

• भ्रमण अभिलेख, आदेश तथा प्रतिवेदनमा भ्रमणको उद्देश्य स्पष्ट रूपमा उल्लेख हुनुपर्नेमा सोही बमोजिम नगरी अमूर्त किसिमले कार्यालय सम्बन्धी काम भनी उल्लेख गरेको पाइयो।

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ बमोजिम स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले यस आर्थिक वर्ष भरी गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्याकारी समिति समक्ष पेश गरेको पाइएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८(४) बमोजिम नगदै प्राप्त भएको राजस्व रकम दैनिक रुपमा बैङ्क खातामा दाखिला गर्नुपर्नेमा लेखापरीक्षणको क्रममा स्रेस्ता पेश गरेका अधिकांश खर्च केन्द्रमा नियमावलीको उक्त व्यवस्था पूर्ण रुपमा पालना भएको पाइएन। उदाहरणको लागि वडा नं. १७ मा नगद आम्दानी भएको राजश्व रु. १०००.०० आर्थिक वर्षको अन्त सम्म पनि बैंक दाखिला नभएको कारण सुत्र प्रणालीमा नगद मौज्दात कै रुपमा देखाइएको पाइयो।

• अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा ८(२) अनुसार धारा, विद्युत र सञ्चारको महशुल निर्धारित समय भन्दा अगावै भुक्तानी गर्दा छुट हुने भएमा त्यस्तो छुट प्राप्त गर्ने गरी भुक्तानी गर्नुपर्नेमा पालिकाले महशुल भुक्तानीमा ढिलाइ गरेको कारण जरिवाना तिर्नुपरेको समेत पाइयो।

उपर्युक्त बुँदाहरु समेतलाई ध्यान दिई पालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाहलाई सुदृढ गर्नुपर्दछ।

४ **बजेट व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले २०८१।०३।१० मा रु. ७ अर्ब ५१ करोड ३२ लाख ८३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट २०८१।०३।२७ मा पारित भएको छ। यसैगरी पालिकाका प्रमुखले २०८१।०४।०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

५ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ।

| क.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास क्षेत्र | ३१९६४३०७४.०० | २१००७१९५२.५४ | ६५.७२% |
| २ | सामाजिक विकास क्षेत्र | २२६९४५४७०.०० | २०९६०१६७५.३२ | ९२.३६% |
| ३ | पूर्वाधार विकास क्षेत्र | ३५७९९७३७२६.०० | २२९१२०९९६१.०० | ६४.००% |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९८५४८५९००.०० | ८९२७१३६१४.१६ | ९०.५९% |
| ५ | कार्यालय सञ्चालन/प्रशासनिक क्षेत्र | २४०१२३४८३०.०० | १७४५४७१७१९.९८ | ७२.६९% |
| | **कुल जम्मा** | **७५१३२८३०००.००** | **५३४९०६८९२३.००** | **७१.१९%** |

पालिकाको क्षेत्रगत वार्षिक बजेट र खर्चको विवरण अनुसार पूर्वाधार विकासमा सबैभन्दा कम ६४.०० प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ९२.३६ प्रतिशत खर्च भएको देखिन्छ। कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा मितव्ययिता अपनाई आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायत क्षेत्रका कार्यक्रममा जोड दिँदै विनियोजन अनुसार पुँजीगत खर्च गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

६ **आयोजनाको प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका लागि गरीबी निवारण, उत्पादनमूलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी दिगो विकास, वातावरण संरक्षण र भाषिक तथा सांस्कृतिक विकास लगायतका आधारहरू उल्लेख रहेकोमा स्थानीय तहले सोही अनुसार प्राथमिकताको आधारमा आयोजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार २०८५ आयोजनामा बजेट विनियोजन गरेको छ।

| क्र.सं. | आयोजनाको विवरण | संख्या | रकम रु. |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमका | ३७ | १९४०२११ |
| २ | रु. १ लाख देखि ५ लाखसम्मका | ११३६ | ३३०३२१८३४ |
| ३ | रु. ५ लाख देखि २० लाखसम्मका | ६५४ | ७०५२०१७२३ |
| ४ | रु. २० लाख देखि ५० लाख सम्मका | १६५ | ४९८३१०२०० |
| ५ | रु. ५० लाख भन्दा माथिका | ९३ | २०४४१९९७५८ |
| | **जम्मा** | **२०८५** | **३५७९९७३७२६** |

उपर्युक्त विवरणअनुसार पालिकाले अधिकतर साना र वितरणमुखी आयोजनाहरु सञ्चालन गरेको देखिन्छ। कुल २०८५ योजना मध्ये ११७३(५६.२६%)योजना रू. ५ लाखसम्मका रहेको देखिन्छ। स्थानीय स्तरमा समुदायको आवश्यकताको आधारमा आयोजनाहरु सञ्चालन गर्दा सञ्चालित आयोजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त हुनुका साथै लागत प्रभावी हुने तथा निर्माण कार्यको गुणस्तर समेत कायम हुने गरी सञ्चालन गर्नुपर्दछ। वस्तुनिष्ठ तवरले आयोजनाको प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

७ **त्रैमासिक पुँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार यस वर्ष पालिकाको त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| म.न.पा. पुंजीगत | १६९७८८३५२४ | २०२८५३२४१ | ११९५५१५७२ | २४३०६४४६४ | ११३२४१४२४५ | ७४२७५६२३८ |
| संघबाट - हस्तान्तरित | ८४७०८५४३१ | १८८२५२९६३ | ४२२८२३०८ | २३७५९२०८६ | ३७८९५८०७४ | २१९७२९८८६ |
| प्रदेशबाट - हस्तान्तरित | ३८४५१०० | ० | ० | ० | ३८४५१०० | ३८४५१०० |
| **जम्मा खर्च** | **२५४८८१४०५५** | **३९११०६२०५** | **१६१८३३८८१** | **४८०६५६५५०** | **१५१५२१७४१९** | **९६६३३१२२५** |
| **खर्च प्रतिशत** | **१००%** | **१५.३४%** | **६.३५%** | **१८.८६%** | **५९.४५%** | **३७.९१%** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार यस वर्ष जम्मा रु. २२९१२०९९६१.०० पुँजीगत खर्चको निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ३९११०६२०५.०० (१५.३४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १६१८३३८८१.०० (६.३५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ४८०६५६५५०.०० (१८.८६ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १५१५२१७४१९.०० (५९.४५ प्रतिशत) खर्च गरेको देखिएको छ। पालिकाले आषाढ महिनामा मात्र रु. ९६६३३१२२५.०० (३८ प्रतिशत) खर्च गरेको देखिँदा आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरीनुपर्दछ र वर्षको अन्त्यमा आएर अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

८ **वार्षिक प्रगतिः**

पालिकाले वार्षिक बजेट कार्यन्वयनको लागि विभिन्न महाशाखा तथा वडालाई खर्चको अख्तियारी प्रदान गरी ४३ वटा खर्च केन्द्र मार्फत आर्थिक प्रशासन सञ्चालन गरेकोमा विनियोजन र खर्चको तुलनात्मक विवरण निम्न अनुसार रहेको छ।

| क्र.सं. | बजेट विवरण | विनियोजन | खर्च | वित्तीय प्रगति% | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु तर्फ | ३२२२५७२८५५ | २८००२५४८६८ | ८६.९०% | |
| २ | पुँजीगत तर्फ | ४२९०७१०१४५ | **२५४९११४०५५** | ५९.४१% | |
| | **जम्मा** | **७५१३२८३०००** | **५३४९३६८९२३** | **७१.२०%** | |

पालिकालले यस वर्ष चालु तर्फ रु. ३२२२५७२८५५.०० र पुँजीगत तर्फ रु. ४२९०७१०१४५.०० समेत कुल रु. ७५१३२८३०००.०० बजेट विनियोजन गरेकोमा चालु तर्फ रु. २८००२५४८६८.०० (८६.९०%) र पुँजीगत तर्फ रु. २५४९११४०५५.०० (५९.४१%) समेत जम्मा रु. ५३४९३६८९२३.०० खर्च गरी ७१.२०% वित्तीय प्रगति हासिल भएको पाइयो। चालु खर्चलाई मितव्ययी बनाउँदै पुँजीगत खर्च बढाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ९ गत आर्थिक वर्षको भुक्तानी बाँकी दायित्वः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) मा चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने तर नियम ३९(१३) मा नियम ३९(१५) मा उल्लेखित खर्च शिर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र प्रमाणित गराई राख्नुपर्ने उल्लेख छ। पालिकाले गत आर्थिक वर्ष ०८०।८१ मा विविध कारणले भुक्तानी गर्न नसकिएको जनाई तालिकामा उल्लेख भएबमोजिम ३० वटा खर्च केन्द्र अन्तर्गत गत आर्थिक वर्षको भुक्तानी बाँकी दायित्व भुक्तानीको लागि रु. १२ करोड १७ लाख ७२ हजार ६७३ विनियोजन गरेकोमा रु. १० करोड ३ लाख ५२ हजार १५३ मात्रै खर्च भएको पाइयो। गत आर्थिक वर्षको भुक्तानी बाँकी दायित्व भुक्तानीको लागि विनियोजित बजेट मध्ये कतिपय खर्च केन्द्रमा शुन्य खर्च र अधिकांशमा कम खर्च भई रु. २ करोड १४ लाख २० हजार ५२० खर्च नभई बाँकी रहेको देखिँदा पालिकाले जिम्मेवारी सारेको भुक्तानी बाँकीको दायित्व रकमको यथार्थता सम्बन्धमा विश्वस्त हुन सकिएन। भुक्तानी बाँकी वास्तविक खर्चको आधारमा नियमानुसार भुक्तानी बाँकीको विवरण प्रमाणित गराई सोही बमोजिम खर्च गर्नुपर्दछ।

| क्र.सं. | खर्च केन्द्र | भुक्तानी बाँकी दायित्वको लागि विनियोजन र खर्चको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | विनियोजन | खर्च भएको रु. | खर्च नभएको रु. | |
| १ | पूर्वाधार विकास महाशाखा | १५७०००० | १५६५०३१ | ४९६९ | |
| २ | स्वास्थ्य महाशाखा | ३३२९११३ | १२२५०० | ३२०६६१३ | |
| ३ | १ नं. वडा कार्यालय | २०००० | ० | २०००० | |
| ४ | २ नं. वडा कार्यालय | ११२६४०० | ११२६४०० | ० | |
| ५ | ३ नं. वडा कार्यालय | ४२८००० | ० | ४२८००० | |
| ६ | ४ नं. वडा कार्यालय | ११६०००० | ० | ११६०००० | |
| ७ | ५ नं. वडा कार्यालय | २२००००० | २१०३७६८ | ९६२३२ | |
| ८ | ११ नं. वडा कार्यालय | ५३००००० | ५२३११३७ | ६८८६३ | |
| ९ | १२ नं. वडा कार्यालय | ४१५१००० | ३६८९५३७ | ४६१४६३ | |
| १० | १३ नं. वडा कार्यालय | ५१६५४६० | ४९०५५९९ | २५९८६१ | |
| ११ | १४ नं. वडा कार्यालय | ७५३०००० | ६८०४१९२ | ७२५८०८ | |
| १२ | १५ नं. वडा कार्यालय | १०००००० | ० | १०००००० | |
| १३ | १६ नं. वडा कार्यालय | ७४९५००० | ७०२९५०४ | ४६५४९६ | |
| १४ | १७ नं. वडा कार्यालय | ४०७१००० | ४००४२०९ | ६६७९१ | |
| १५ | १८ नं. वडा कार्यालय | ७८७०००० | २४७८१४५ | ५३९१८५५ | |
| १६ | १९ नं. वडा कार्यालय | ८६४७४०० | ८१२५४२३ | ५२१९७७ | |
| १७ | २० नं. वडा कार्यालय | १८७९९०० | ९९१११७ | ८८८७८३ | |
| १८ | २१ नं. वडा कार्यालय | ६०००००० | ५९४७८५९ | ५२१४१ | |
| १९ | २२ नं. वडा कार्यालय | ३८५०००० | ३२८६८७१ | ५६३१२९ | |
| २० | २३ नं. वडा कार्यालय | ६०००००० | ४७१०८१५ | १२८९१८५ | |
| २१ | २४ नं. वडा कार्यालय | ५१७६४०० | ३८२८२२७ | १३४८१७३ | |
| २२ | २५ नं. वडा कार्यालय | ५०००००० | ४९९७२८७ | २७१३ | |
| २३ | २६ नं. वडा कार्यालय | १७००००० | १६१२३४० | ८७६६० | |
| २४ | २७ नं. वडा कार्यालय | ६७०२००० | ६२४७७२२ | ४५४२७८ | |
| २५ | २८ नं. वडा कार्यालय | ७४५३००० | ६०२५१८२ | १४२७८१८ | |
| २६ | २९ नं. वडा कार्यालय | १७५०००० | १०६६२१६ | ६८३७८४ | |
| २७ | ३० नं. वडा कार्यालय | २००१४०० | १९९०९२५ | १०४७५ | |
| २८ | ३१ नं. वडा कार्यालय | २४३०००० | २२८४९५६ | १४५०४४ | |
| २९ | ३२ नं. वडा कार्यालय | ६१०४६०० | ५५१५७९३ | ५८८८०७ | |
| ३० | ३३ नं. वडा कार्यालय | ४६६२००० | ४६६१३९८ | ६०२ | |
| | **जम्मा** | **१२१७७२६७३** | **१००३५२१५३** | **२१४२०५२०** | |

## १० शून्य प्रगतिः

स्वीकृत वार्षिक बजेट अनुसारको लक्ष्य निर्धारण गरिएका कार्यक्रमहरु तोकिएको समयमा कार्यान्वियन गरी आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम अनुसूची - २ को ढाँचामा बजेट खर्च देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाका विभिन्न खर्च केन्द्रहरुबाट कार्यान्वियन हुने गरी स्वीकृत कार्यक्रमहरुमध्ये स्थलगत लेखापरीक्षण गरिएका तपशिल बमोजिमका खर्च केन्द्रहरुमा रु. २४ करोड ७७ लाख ९३ हजार बजेट विनियोजन भएको २०७ वटा कार्यक्रम कार्यन्वयन नभई शुन्य प्रगति हासिल भएको पाइयो। बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आर्थिक र सामाजिक रुपले कार्यान्वियनयोग्य कार्यक्रममा स्रोत विनियोजन गर्नुपर्दछ भने स्वीकृत कार्यक्रम तथा क्रियाकलापहरु आर्थिक, सामाजिक, साँस्कृतिक तथा वातावरणीय लाभ साथै गुणस्तर सुनिश्चित हुने गरी तोकिएको लक्ष्य अनुसार प्रगति हासिल गर्ने गरी कार्यान्वियन हुनुपर्दछ।

| खर्च केन्द्र | कार्यक्रम संख्या | विनियोजन रु. | कैफियत |
|---|---|---|---|
| पूर्वाधार विकास महाशाखा | ३९ | ११७५२६००० | |
| आर्थिक विकास महाशाखा | १६ | ९७००००० | |
| स्वास्थ्य महाशाखा | ६ | ५१००००० | |
| शिशुवा अस्पताल | ४ | ४२००००० | |
| २ नं. वडा कार्यालय | १ | २००००० | |
| ३ नं. वडा कार्यालय | १२ | ७५२८००० | |
| ६ नं. वडा कार्यालय | ७ | ३०८०००० | |
| ९ नं. वडा कार्यालय | १ | २५०००० | |
| १० नं. वडा कार्यालय | ४ | ६४००००० | |
| ११ नं. वडा कार्यालय | १ | ४०००००० | |
| १४ नं. वडा कार्यालय | ८ | ५६५०००० | |
| १८ नं. वडा कार्यालय | ५ | ६३५०००० | |
| १९ नं. वडा कार्यालय | ८ | ८३००००० | |
| २० नं. वडा कार्यालय | ४ | १०२००००० | |
| २१ नं. वडा कार्यालय | १ | १००००० | |
| २२ नं. वडा कार्यालय | १ | १५००००० | |
| २३ नं. वडा कार्यालय | ३ | ६००००० | |
| २४ नं. वडा कार्यालय | ११ | २५५०००० | |
| २६ नं. वडा कार्यालय | ७ | ९०२०००० | |
| २७ नं. वडा कार्यालय | ६ | ४०५०००० | |
| २८ नं. वडा कार्यालय | २० | १६२५०००० | |
| २९ नं. वडा कार्यालय | २ | ६०००००० | |
| ३० नं. वडा कार्यालय | ३ | ४०००००० | |
| ३१ नं. वडा कार्यालय | १९ | ४९००००० | |
| ३२ नं. वडा कार्यालय | ४ | ३५८९००० | |
| ३३ नं. वडा कार्यालय | १४ | ६७५०००० | |
| **जम्मा** | **२०७** | **२४७७९३०००** | |

११ **अबण्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय/व्ययको अनुमान पेस गरी सोही बमोजिम कार्यान्वियन गर्नुपर्दछ। स्थलगत लेखापरीक्षणको क्रममा स्रेस्ता पेश गरेका खर्च केन्द्रको नमुना परीक्षण गर्दा पालिकाले यो वर्ष केही खर्च केन्द्र अन्तर्गत विभिन्न शिर्षकमा एकमुष्ट रुपमा अबण्डा बजेट विनियोजन गरी पटके निर्णयको आधारमा तपशिल बमोजिम रु. १ करोड १ लाख ८४ हजार खर्च लेखेको छ। अबण्डामा बजेट राखी खर्च गर्ने प्रवृत्तिले बजेट माथि सभाको नियन्त्रणको मान्यतालाई कमजोर बनाउने देखिँदा यसरी बजेट अबण्डमा राखी पटके निर्णयबाट खर्च गर्ने प्रचलनमा नियन्त्रण हुनुपर्दछ।

| अबण्डा बजेट र खर्चका प्रमुख विवरणहरु | | | | |
|---|---|---|---|---|
| खर्च केन्द्र | अबण्डा बजेट शिर्षक | बजेट रु. | खर्च रु. | भुक्तानी कैफियत |
| २ नं. वडा कार्यालय | वडा भित्रका सडक, नाला, कुलो, भवन स्तरोन्नति | ३९००००० | २५३३३७८ | ८ उपभोक्ता समिति |
| १० नं. वडा कार्यालय | अन्य पूर्वाधार मर्मत | ३६९०००० | ३२१२२५६ | ९ उपभोक्ता समिति |
| ११ नं. वडा कार्यालय | विभिन्न पूर्वाधार निर्माण | २६००००० | २४७९०९९ | १७ वटा भौचरबाट |
| २० नं. वडा कार्यालय | पूर्वाधार मर्मत | २०००००० | १९५९१८४ | १३ उपभोक्ता समिति |
| | **जम्मा रु.** | **१२१९००००** | **१०१८३९१७** | **वडा समतिको निर्णयले** |

१२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८२० जनाको दरबन्दी स्वीकृत रहेकोमा ४८७ जनाको पदपूर्ति भएको, ५ जनाको पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशमा माग गरी पठाइएको र ३२८ पद रिक्त रहेको देखिन्छ। आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आधार तथा स्थानीय आवश्यकता अनुसार दरबन्दी कायम गरी त्यसलाई सम्बन्धित निकायमा दर्ता गर्ने र सोही बमोजिम जनशक्ति व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन भने तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित र अद्यावधिक नरहेको तथा प्राप्त तथ्याङ्कमा एकरुपता समेत नरहेको पाइयो। स्थानीय तहमा प्राथमिकताको आधारमा क्रियाकलाप सञ्चालनमा तथ्याङ्क तथा अभिलेखले महत्वपूर्ण भूमिका खेल्ने हुँदा तथ्याङ्क सङ्कलन र व्यवस्थित रुपमा अद्यावधिक अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

१४ **कानून निर्माण तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधीनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थलगत लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले गत विगतमा तर्जुमा गरेका १२९ र यस वर्ष तर्जुमा गरेका ९ समेत हालसम्म १३८ कानून कार्यान्वयनमा ल्याएकोमा हाल ३८ वटा ऐन, १२ वटा नियमावली, ७५ वटा निर्देशिका/कार्यविधि तथा अन्य नीति तथा कानून १३ वटा कार्यान्वयनमा रहेका छन्। स्थानीय सरकारको सेवा प्रवाहलाई चुस्त बनाउन तर्जुमा भएका ऐन कानूनहरुलाई नियमानुसार राजपत्रमा प्रकाशन गरी प्रभावकारी रुपमा कार्यान्वयन तथा समयानुकूल परिमार्जन गर्नुपर्दछ।

१५ **न्यायिक समितिको कार्यसम्पादनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दफा ४६ देखि ५३ सम्म स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा गत वर्षसम्मको बाँकी ५४ र यस वर्ष दर्ता भएको ४२ समेत ९६ वटा विवाद रहेकोमा विगतको १६ वटा र यस वर्षको ९ समेत २५ वटा विवादको न्यायिक समिति मार्फत फछ्र्यौट भई पुरानो ३८ र यस वर्षको ३३ समेत ७१ वटा विवाद फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ। दर्ता भएका विवद र फछ्र्यौट भएको विवादको अनुपात विश्लेषण गर्दा पालिकाले न्यायिक समितिको कार्य सम्पादनलाई चुस्त बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। स्थानीय न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

१६ **पदाधिकारी सेवा सुविधाः**

नेपालको संविधानको धारा २२७ मा उल्लेखित गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले 'गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६' जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले यस वर्ष पदाधिकारी सेवा सुविधा तथा बैठक भत्ता शिर्षकमा रु. ५ करोड ६ लाख ४० हजार विनियोजन गरेकोमा १६५ जना जनप्रतिनिधिहरुको सेवा सुविधा तथा चाडपर्व सुविधा र बीमा खर्च समेत जम्मा रु. ४ करोड ६७ लाख २३ हजार खर्च गरेको विवरण पेश भएको छ। नगर कार्यपालिका तर्फको चालु तथा पुँजीगत खर्च सँग सम्बन्धित सबै स्रेस्ता २०८२ भाद्र २४ गतेको आगजनी र तोडफोडको क्रममा नष्ट भएकोले पदाधिकारी सेवा सुविधा सँग सम्बन्धित खर्चको स्रेस्ता परीक्षण गरिएको छैन।

१७ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। सहायता वितरण सम्बन्धी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र सहायताको प्रयोजन तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नुपर्दछ। पालिकाले यस वर्ष कार्यपालिकाको पटके निर्णय र नगर प्रमुखको तोक आदेश बमोजिम आर्थिक साहायता, उपचार खर्च तथा राहत र बेसहारा राहत खर्च शिर्षकबाट आर्थिक सहायता वितरण गरी जम्मा रु. १५ लाख ८९ हजार खर्च गरेको पाइयो। नगर कार्यपालिका तर्फको चालु तथा पुँजीगत खर्च सँग सम्बन्धित सबै स्रेस्ता २०८२ भाद्र २४ को घटनाको कारण नष्ट भएकोले आर्थिक सहायता सँग सम्बन्धित खर्चको स्रेस्ता परीक्षण गरिएको छैन। यसरी वितरण गरेको आर्थिक सहायता खर्च सम्बन्धी विवरण सार्वजनिक गरेको नदेखिएकोले आर्थिक सहायता वितरण सम्बन्धी खर्च विवरण नियमित रुपमा वेबसाइटबाट सार्वजनिक गर्नुपर्दछ।

१८ **सार्वजनिक निजी साझेदारीः**

सार्वजनिक निजी साझेदारीसँग सम्बन्धित सम्झौता प्रकियाका सम्पूर्ण कागजात तथा फाइलहरू २०८२ भाद्र २४ को घटनाको कारण क्षति भएको उल्लेख गरी लेखापरीक्षणको क्रममा पेश नभएकाले उक्त फाइलहरूको विस्तृत परीक्षण गर्न सकिएन। पालिकामा उपलब्ध विवरण र सम्झौताको स्क्यान प्रतिको आधारमा महानगरपालिकाबाट सार्वजनिक निजी साझेदारी बमोजिम विभिन्न क्षेत्रको राजस्व सङ्कलन तथा उपयोगको लागि निम्नानुसार अवधि र रोयाल्टी रकम भुक्तानी हुने गरी सम्झौता भएको विवरण प्राप्त भएको छ।

| सार्वजनिक निजी साझेदारी अन्तर्गतका परियोजनाहरूको विवरण | | | | | |
|---|---|---|---|---|---|
| विवरण | परियोजनाको नाम | | | | |
| | पातले छाँगो सिसापुल तथा अन्य पूर्वाधार विकास आयोजना | सेतीखोँच पर्यटन पूर्वाधार विकास आयोजना | फोहोरमैला प्रशोधन केन्द्र निर्माण | सेती नदीमा स्थायी ड्याम निर्माण गरी नदीजन्य सामाग्री संकलन, प्रशोधन तथा निकासी गर्ने सम्बन्धी आयोजना | सिल्टेशन ड्याम मर्मत सम्भार, निर्माण सामाग्री संकलन प्रशोधन तथा निकासी गर्ने सम्बन्धी आयोजना |
| कम्पनीको नाम | सेती क्यानोन प्रा.लि. | सेती क्यानोन प्रा.लि. | टेरासाल्भ रिन्युवल प्रा.लि. | मोरखरे रिभर माइनिङ प्रा.लि. | फेवा सिल्टेशन प्रा.लि. |
| सम्झौता मिति | ०४/१४/२०७८ | ०४/१४/२०७८ | ०८/०२/२०८२ | ०४/१०/२०८० | २०७८ ज्येष्ठ १७ |
| परियोजनाको अवधि | [१.५+२+३७.५] - अध्ययन, निर्माण र व्यवसायिक समेत ४० वर्ष | [१.५+२+३७.५] - अध्ययन, निर्माण र व्यवसायिक समेत ४० वर्ष | [१+१+२१] - अध्ययन, निर्माण र व्यवसायिक समेत २३ वर्ष | [२+२+३१] - अध्ययन, निर्माण र व्यवसायिक समेत ३५ वर्ष | [०+५+१९] - अध्ययन, निर्माण र व्यवसायिक समेत २४ वर्ष |
| वार्षिक रोयल्टी स्थिर | ३ वर्ष सम्म २ करोड, चौथो वर्षमा ५ % थप र प्रत्येक २ वर्षमा ५% थप वृद्धि | ५ वर्ष सम्म ५० लाख, प्रत्येक ५ वर्षमा २५ लाख वृद्धि | | ४ वर्ष सम्म १/१ करोड, पाचौं वर्षमा २,१६,३२,००० र प्रत्येक वर्ष ४ प्रतिशत वृद्धि | शुरुको २ वर्ष ५०% वार्षिक २,६०,२१,२५०.००; वार्षिक ३% वृद्धि |
| वार्षिक रोयल्टी परिवर्त्य | ३ वर्षसम्म कुल आम्दानीको ८.५% र त्यस पछि १०% | कुल आम्दानीको ५% | कुल आम्दानीको ३% | व्यवसाय सुरू भए पछि व्यापारको ७.५ % | - |
| ०८०।८१ मा भुक्तानी | - | - | - | १ करोड | ६५०५३१३ |
| ०८०।८१ मा भुक्तानी बाँकी | - | - | - | - | १९५१५९३९ |
| कैफियत | व्यवसाय शुरू गरे पश्चात् रोयाल्टी कायम हुने | निर्माण कार्य शुरू नभएको | जग्गाको व्यवस्थापन नभएको | सम्झौता भई अध्ययन कार्य भैरहेको | आ.व. ०८१/८२ को रू. २६०२१५२५ गरी जम्मा रकम ४५५३७१९१ |

यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका बेहोराहरू निम्नानुसार छन्।

क) पातले छाँगो सिसापुल तथा अन्य पूर्वाधार विकास आयोजनाको सम्झौता मितिले १.५ वर्षमा अध्ययन र २ वर्षमा निर्माण सम्पन्न गरी ३७.५ वर्ष व्यवसायिक रूपमा सञ्चालन गर्ने र व्यवसाय सुरू गरेपश्चात् रोयाल्टी कायम हुनेगरी ३ वर्षसम्म रू. २ करोड ,चौथो वर्षमा ५ प्रतिशत थप र प्रत्येक २ वर्षमा ५ प्रतिशत थप वृद्धि गर्ने गरी स्थिर र ३ वर्षसम्म कुल आम्दानीको ८.५% र त्यसपछि १० प्रतिशत भेरिएबल हुने रोयल्टी रकमको व्यवस्था हुने गरी २०७८ श्रावण १४ मा सम्झौता भएकोमा सम्झौता मितिले साँढे ४ वर्ष व्यतीत भइसकेकोमा निर्माण कार्य भर्खर शुरू गर्न लागेको जानकारी प्राप्त भएको छ।

ख) सेतीखोँच पर्यटन पूर्वाधार विकास आयोजनाको सम्झौता मितिले १.५ वर्षमा अध्ययन र २ वर्षमा निर्माण सम्पन्न गरी ३७.५ वर्ष व्यवसायिक रुपमा सञ्चालन गर्ने र व्यवसाय सुरू गरेपश्चात् रोयाल्टी कायम हुनेगरी ५ वर्षसम्म रू ५० लाख र प्रत्येक ५ वर्षमा २५ लाख वृद्धि गर्ने गरी स्थिर र कुल आम्दानीको ५ प्रतिशत भेरिएबल हुने रोयल्टी रकमको व्यवस्था हुने गरी २०७८ श्रावण १४ मा सम्झौता भएकोमा सम्झौता मितिले साँढे ४ वर्ष व्यतीत हुँदा समेत काम शुरू भएको देखिएन।

ग) फोहोरमैला प्रशोधन केन्द्र निर्माण परियोजनाको १ वर्षमा अध्ययन र १ वर्षमा निर्माण सम्पन्न गरी २१ वर्ष व्यवसायिक रूपमा सञ्चालन गर्ने गरी २०८२ मार्ग २ मा सम्झौता भएकोमा हालसम्म जग्गाको व्यवस्थापन भएको छैन।

घ) सेती नदीमा स्थायी ड्याम निर्माण गरी नदीजन्य सामग्री सङ्कलन, प्रशोधन तथा निकासी गर्ने सम्बन्धी आयोजनाको सम्झौता मितिले २ वर्षमा अध्ययन र २ वर्षमा निर्माण सम्पन्न गरी ३१ वर्ष व्यवसायिक रूपमा सञ्चालन गर्ने गरी २०८० श्रावण १० मा सम्झौता भएकोमा हाल अध्ययन कार्य जारी रहेको पालिकाले जानकारी गराएको छ।

ङ) सिल्टेशन ड्याम मर्मत सम्भार, निर्माण सामग्री सङ्कलन, प्रशोधन तथा निकासी आयोजना सञ्चालन गर्न फेवा सिल्टेशन प्रा.लि. सँग ५ वर्ष निर्माण र १९ वर्ष व्यवसायिक गरी २४ वर्ष परियोजना अवधि रहने गरी २०७८ जेठ १७ मा सम्झौता भएको र सम्झौता अनुसार शुरूको २ वर्ष ५० प्रतिशत रू. २,६०,२१,२५० र वार्षिक ३% वृद्धि हुने गरी स्थिर भुक्तानी गर्ने गरी सम्झौता भएकोमा आ.व. ०८०।८१ को रू. १९५१५९३९.०० र आ.व. ०८१।८२ को रू. २६०२१५२५.०० गरी जम्मा रू. ४५५३७१९१.०० किस्ताबापतको रोयल्टी भुक्तानी बाँकी रहेको प्राप्त बिवरण बाट देखियो। पालिकाको राजस्व प्रणालीमा यो बर्ष उक्त प्रा लि ले राजस्व दाखिला गरेको देखिएन। सम्झौताको शर्त तथा राजस्व दाखिला सम्बन्धी प्रमाणिक अभिलेख २०८२ भाद्र २४ को घटनाको कारण क्षति भई कार्यालयले पेश नगरेकोले परीक्षण र यकीन गर्न सकिएन ।पालिका बाट प्राप्त सार्वजनिक निजी साझेदारी सम्बन्धि उल्लिखित तालिका बमोजिमको बिवरण र१ पेजको सम्झौता बमोजिमको भनी पेश भएको रोयल्टी भुक्तानी तालिका अनुसार प्राप्त हुन बाँकी रकममा १०% जरिवाना

बापत रु. ४५५३७१९.१० र मू.अ.कर बापत रु. ५९१९८३४.८३ समेत जम्मा रू. ५६०१०७४४.९३ सम्बन्धितबाट असुल गरी सम्बन्धित राजस्व शिर्षकमा दाखिला हुनुपर्ने देखिन्छ।

**[द्रष्टव्यः** सम्झौता बमोजिम आर्थिक वर्ष ०८१।८२ को किस्ता बापत असुल हुनुपर्ने रोयल्टी रकम समेत गतवर्षको(०८०/८१) लेखापरीक्षण प्रतिवेदन (प्रारम्भिक प्रतिवेदनको दफा ४०.१) मा लगती बेरुजु कायम भएको हुँदा यस वर्ष लगती कायम गरिएको छैन। उपयुक्त विधिबाट सम्झौताको प्रमाणीकरण प्रति र असूली हुनुपर्ने, भएको र बाँकी खुल्ने अभिलेख अद्यावधिक गरी सम्झौतामा उल्लेख भए बमोजिम राजस्व असूली तथा अन्य कार्य हुनुपर्दछ।]

१९ **संयुक्त आवासः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३८ को उपदफा १ मा भवन निर्माण अनुमति पाएको व्यक्ति वा सरकारी कार्यालयले त्यसरी अनुमति पाएको मितिले २ वर्ष भित्र त्यस्तो भवन निर्माण गरीसक्नुपर्ने, उपदफा २ मा सो अवधिमा निर्माण गर्न नसकिने भएमा सोको कारण खुलाई म्याद सकिनु अगावै म्याद थपको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनुपर्ने र उपदफा ३ मा यसरी दरखास्त परेमा २ वर्षसम्म म्याद थप गर्न सकिने उल्लेख छ। यस महानगरपालिकाको स्वीकृति लिई निर्माण भएका संयुक्त आवास भवनहरूको अवस्था निम्नानुसार पाइयो।

| सि.नं. | संस्था/कम्पनीको नाम | ठेगाना | स्वीकृति लिएको मिति | अस्थायी स्वीकृति मिति | स्थायी स्वीकृत मिति | सम्पन्न प्रमाणपत्र लिएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कोम्फर्ट गुडविल डेभलपर्स प्रा.लि. | पोखरा, ३ | ११/१४/०७५ | १२/२६/०७५ | ०४/०१/०७६ | - | - |
| २ | बी एण्ड बी लेक भ्यू रिसोर्ट अपार्टमेण्ट प्रा.लि. | पोखरा, ६ | ०८/२६/०७६ | १२/२६/०७५ | ११/२३/०७६ | - | १२/१८/०७८ मा नामसारी भएको |
| ३ | रोडसो ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | पोखरा, ७ | ०१/१३/०७९ | ०३/०१/०७९ | ०८/२५/०८२ | - | - |
| ४ | सद्भावना हाउजिङ डेभलपर्स प्रा.लि. | पोखरा, ११ | ०८/१७/०७८ | ०९/०६/०७९ | ११/०५/०७९ | - | - |
| ५ | सि.ई. रियलस्टेट प्रा.लि. | पोखरा, ६ | - | ०३/०९/०७९ |  | - | - |
| ६ | ह्वाइट हर्स डेभलपर्स प्रा.लि. | पोखरा,१८ | - | ०४/१४/०७५ | १०/२६/०७८ | - | - |
| ७ | जय भद्रकाली डेभलपर्स प्रा.लि. | पोखरा,१८ | ०२/२०/०७८ | ०२/०७/०८० | - | - | १/२८/०८० को प्राविधिक समितिको निर्णय |

तालिकामा उल्लिखित अवस्था विश्लेषण गर्दा कानून बमोजिम म्याद थप समेत बढीमा ४ वर्ष भित्रमा सम्पन्न हुनुपर्नेमा कोम्फर्ट गुडविल डेभलपर्स प्रा.लि., बी एण्ड बी लेक भ्यू रिसोर्ट अपार्टमेण्ट प्रा.लि., र ह्वाइट हर्स डेभलपर्स प्रा.लि.ले सम्पन्न प्रमाण पत्र प्राप्त नगरेको अवस्था पाइयो। लेखापरीक्षणको क्रममा महानगरपालिकाका प्राविधिक कर्मचारी समेत संलग्न लेखापरीक्षण टोलीबाट नमुना छनोट गरी स्थलगत अवलोकन गर्दा बी एण्ड बी लेक भ्यू रिसोर्ट अपार्टमेण्ट प्रा.लि.ले निर्माण गरिरहेको पोखरा महानगरपालिका ६ स्थित संयुक्त आवास भवन निर्माणाधीन रहेको र मोविलाइजेशन न्यून मात्रामा देखिएकोमा कम्पनीका प्रतिनिधिले ९० प्रतिशत अपार्टमेन्ट बिक्री भैसकेको जनाएका छन्। यसै गरी सि.इ. रियलस्टेट प्रा.लि. लेकसाइडले विकसित गरेको ५६ परिवार बस्न मिल्ने अपार्टमेन्टको निर्माण कार्य अन्तिम रहेकोमा कम्पनीका आधिकारिक प्रतिनिधिले सम्पूर्ण बिक्री भैसकेको भनी स्थलगत अवलोकनको क्रममा लेखापरीक्षण टोलीलाई मौखिक रुपमा जानकारी गराएको भए तापनि महानगरपालिकाबाट स्थायी स्वीकृति लिएको नदेखिएको, ह्वाइट हर्स डेभलपर्स प्रा.लि.ले विकसित गरेको पोखरा १८ लभ्लीहिल स्थित अपार्टमेन्ट लगभग सम्पन्न भैसकेको देखियो। संयुक्त आवास भवन निर्माण भई बिक्री भैसकेको तर कानून बमोजिम निर्माण सम्पन्न नभएका संयुक्त आवास भवन खरिद गर्नेलाई नामसारी नभएको तथा सम्पन्न नभएको कारण पालिकाको राजस्व आयमा असर परेको देखिन्छ। संयुक्त आवास भवन निर्माण सम्बन्धमा स्वीकृत मापदण्ड पुगे नपुगेको जाँच तथा परीक्षण गरीगराई सर्वसाधरणको हितको लागि उपयुक्त कानुनी प्रबन्ध गर्नुपर्ने देखिन्छ।

२० **फोहोरमैला व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८ मा स्थानीय तहलाई नगरपालिका, उपमहानरपालिका र महानगरपालिकामा वर्गीकरण गर्दा महानगरपालिका हुन अन्य आधारका अतिरिक्त पालिका क्षेत्रमा उत्पादन हुने फोहोरलाई स्रोतमै वर्गीकरण गर्ने, सङ्कलन तथा ढुवानी गर्ने, फोहोरको पुनः प्रयोगको लागि रिसाईकल तथा अफसाइकल हुने फोहोरलाई छुट्याई प्रशोधन वा अन्तिम विसर्जन गरी फोहोर व्यवस्थापन चक्रका हरेक चरणमा वातावरणीय र मितव्ययी व्यवस्थापकीय पक्षलाई विचार गरी Polluter should pay (फोहोर गर्नेले भुक्तानी गर्नुपर्ने) सिद्धान्तको आधारमा फोहोरमैला दिगो र वैज्ञानिक व्यवस्थापन हुनुपर्दछ। उपलब्ध समय, स्रोत साधन र लेखापरीक्षण गरिने निकायको तत्परता तथा सूचनाको न्यून उपलब्धताको कारण यस सम्बन्धी विस्तृत विवरण उल्लेख गर्न नसकिए तापनि स्थलगत अवलोकन र प्राप्त सूचनाको आधारमा फोहोरमैला व्यवस्थापन सम्बन्धमा यस महानगरपालिकामा देखिएका बेहोराहरू निम्न छन्।

**क) फोहोरमैला सङ्कलनः** स्थलगत लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले तयार गरेको प्रश्नावलीको महानगरले उपलब्ध गराएको जवाफको आधारमा महानगरले फोहोरमैला व्यवस्थापनको लागि फोहोरमैलाको सङ्कलन गर्ने कार्य निम्नानुसारका ६ वटा संस्थाहरु मार्फत गर्ने गरेको पाइयो। ती संस्था सँग भएको सम्झौताको सक्कल कागजात तथा अभिलेख २०८२ भाद्र २४ को घटनाको कारणबाट क्षति भएकोले सम्झौता सम्बन्धी अभिलेख प्राप्त नभएको हुँदा सम्झौताको कार्यान्वयन अवस्था सम्बन्धमा विस्तृत विश्लेषण गर्न सकिएन।

| क्र.सं. | फोहोरमैला सङ्कलक संस्थाको नाम | कार्यक्षेत्र (वडा नं.) | कैफियत |
|---|---|---|---|
| १ | पोखरा फोहोरमैला व्यवस्थापन प्रा.लि. | ७, १७, २१ र २२ | |
| २ | भद्रकाली वेष्ट म्यानेजमेन्ट प्रा.लि. | ६, ११, १२, १३ र २० | |
| ३ | वेष्ट म्यानेजमेन्ट रिसाइक्लिङ प्रा.लि. | १०, १४ र १५ | |
| ४ | नेपाल पब्लिक हेल्थ इन्भर्नमेन्ट फर डेभलपमेन्ट प्रा.लि. | १, २, ५, १८, २३, २४ र २५ | |
| ५ | वातावरणीय सुन्दर नेपाल प्रा.लि. | ३, ४, ८ र ९ | |
| ६ | प्रगति संसार नेपाल प्रा.लि. | १६, १९ र २६ - ३३ | |

**ख) फोहोरमैलाको वर्गीकरणः** महानगरपालिकाबाट प्राप्त सूचना अनुसार महानगरपालिका भित्र घरायसी, अस्पतालजन्य, निर्माणजन्य, प्लाष्टिकजन्य तथा अन्य गरी दैनिक २०० टन फोहोर उत्पादन हुने गरेको र सो मध्ये ५० प्रतिशत अर्थात १०० टन मात्र महानगरले विभिन्न ६ वटा संस्था मार्फत सङ्कलन तथा ढुवानी गरी अन्तिम विसर्जनको लागि पठाउने गरेकोमा हाल लामेआहाल स्थित विर्सजन केन्द्र भरिएको र अन्यत्र उपयुक्त स्थान नभएकाले अस्थायी रूपमा खाल्डो खन्दै त्यसको व्यवस्थापन गर्ने गरेको पाइयो। बाँकी १०० टन फोहोरमैलाको सम्बन्धमा महानगरबाट प्राप्त विवरणमा केही उल्लेख नभएकोले महानगरमा उत्पादित फोहोरको सो परिमाण सम्बन्धमा यकिन हुन सिकएन। फोहोरको अन्तिम विसर्जनको लागि स्थान अभावको समस्या घटाउन फोहोरलाई स्रोतमा नै कुहिने, नकुहिने, सिसाजन्य तथा विषाक्त फोहोरको रूपमा वर्गीकरण गर्न लगाई सो मध्ये कुहिने फोहोरलाई जैविक मल तथा उर्जाको रूपमा उपयोग गर्ने तथा नकुहिने फोहोरमध्ये पुनः प्रयोग हुन सक्नेलाई रिसाइकल तथा अफसाईकल गरी बाँकी रहेको फोहोरलाई अन्तिम विसर्जन गर्ने व्यवस्था गर्न सकेमा फोहोरको ढुवानी तथा अन्य लागत कम गर्न सकिने हुँदा महानगरपालिकाले आम नगरवासीलाई स्रोतमा नै फोहोरको वर्गीकरण गरी सोही बमोजिम वर्गीकृत फोहोरको ढुवानीको उचित प्रबन्ध गर्ने गरी टोलविकास संस्था मार्फत जनचेतनाका कार्यक्रमहरू अघि बढाउनुपर्ने देखिन्छ।

**ग) बन्द ट्रान्सफर केन्द्रः** महानगरपालिकाले अस्पतालजन्य बाहेक अन्य प्राकृतिक फोहोरलाई उत्पादनस्थल देखि सोझै विसर्जन स्थलसम्म ढुवानी गरी विसर्जन गर्ने गरेको पाइयो। शहरका विभिन्न स्थानबाट सङ्कलित फोहोरलाई मापदण्ड बनाई सोही बमोजिमको बन्द ट्रान्सफर केन्द्र (Inhouse Transfer Centre) बनाई फोहोरको वर्गीकरण तथा अन्तिम विसर्जन हुने फोहोरको न्यूनीकरण गर्ने नगरेकाले कुनै कारणवश स्रोतमा फोहोर उठ्न नसकेमा शहरको चोकचोकमा फोहोरको थुप्रो रहने अवस्था देखियो। उक्त समस्या कम गर्न र अन्तिम विसर्जन हुने फोहोरको मात्रा घटाउन आवासीय क्षेत्र बाहिर गन्ध नआउने गरी बन्द ट्रान्सफर केन्द्र सञ्चालन हुनुपर्ने देखिन्छ।

**घ) ल्याण्डफिल साइटः** महानगरपालिकाले हालसम्म ल्याण्डफिल साइट तथा फोहोरमैला प्रशोधन केन्द्र सञ्चालनमा ल्याएको पाइएन। महानगरमा उत्पादित फोहोरलाई पोखरा - ३२ लामेआहाल स्थित सेती नदीमा फोहोरको लिचेड पर्ने गरी डम्पिङ्ग साइटमा फाल्ने गरेकोमा उक्त डम्पिङ्ग साइटको थेग्ने क्षमता सकिएकाले हाल पालिकाका विभिन्न स्थानमा खाल्डो खन्दै फोहोरको अस्थायी व्यवस्थापन गर्ने गरेको पाइयो। नेपाल सरकारबाट स्वीकृत फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ भएतापनि महानगरपालिकामा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन रणनीतिक तथा अन्य योजना नभएकाले विभिन्न कम्पनीहरुसँग सम्झौता गरी कार्यक्षेत्र तोकी तदर्थ रूपमा फोहोरको विसर्जन गर्ने गरेको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साइट अनिवार्य हुनुपर्नेमा फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र नियमावली, २०७० अनुसार नहुने गरी सेती नदीमा सोझै लिचेड पर्ने गरी डम्पिङ्ग साइटको व्यवस्था भएबाट फोहोरमैला व्यवस्थापन मापदण्ड तथा कानूनको पालना भएको देखिँदैन। लेखापरीक्षणको क्रममा लामेआहालस्थित डम्पिङ्ग साइटको स्थलगत अवलोकन गर्दा फोहोरमाथि माटोले क्यापिङ्ग गरेको देखिएतापनि प्लाष्टिकजन्य फोहोर यत्रतत्र छरिएको, लिचेड पण्डको व्यवस्था नभएको र डम्पिङ्ग साइटबाट लिचेड सेती नदीसम्म बगेको अवस्था देखियो। फोहोरमैला व्यवस्थापन सम्बन्धमा रणनीतिक योजना तयार गरी दिगो, मितव्ययी तथा वातावरणमैत्री फोहोर व्यवस्थापनको लागि मापदण्ड बमोजिमको ल्याण्डफिल साइट तथा प्रशोधन केन्द्र समेत नवीन प्रविधिको उपयोग गरी पर्यटकीय शहर पोखराको फोहोरमैलाको अन्तिम विसर्जनको व्यवस्था हुनुपर्दछ।



*[तस्बिरः पोखरा महानगरपालिका - ३२, लामेआहालस्थित डम्पिङ साइट क्षेत्र]*

२१ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षणः**

नेपालको संविधान अनुसार ३ तहका सरकार बीच अनुसूचीमा तोकिए बमोजिमका कार्यहरुको सम्बन्धमा कानून बमोजिम आपासी समन्वय र सहकार्य हुनुपर्दछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सरकारी सामुदायिक तथा

सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। महानगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र पर्ने सार्वजनिक सम्पत्तिको अतिक्रमण रोक्न गरेको प्रयास र त्यस्ता सम्पत्तिहरुको संरक्षण गर्न पर्याप्त ध्यान पुर्‍याएको अभिलेख तथा स्थलगत लेखापरीक्षणको क्रममा गरेको भौतिक अवलोकनबाट देखिएन। फेवाताल संरक्षण सम्बन्धी मापदण्ड अनुसारको उच्च बहाव क्षेत्र (HFL) बाट ६५ मिटर सम्म फेवातालको किनारमा कुनै पनि संरचना निर्माण गर्न नपाउने उल्लेख भएकोमा लेखापरीक्षणको क्रममा महानगरका प्रतिनिधि समेत २०८२।११।०१ मा स्थलगत अवलोकन गर्दा मापदण्ड पालना बेगर लेकसाइड तथा खपौँदीमा उच्च बहाव क्षेत्रको ६५ मिटर भित्रै विभिन्न होटल तथा रेष्टुरेन्ट सञ्चालनमा रहेको पाइयो भने आइ बिम प्रयोग गरी होटल, रिसोर्ट तथा निजी घरका संरचनाहरु निर्वाध रुपमा बनाइरहेको पाइयो। मापदण्ड मिचेर बनाएइका निजी होटल तथा रिसोर्टहरुमा नेपाल विद्युत प्राधिकरणबाट विद्युत जडान भएको तथा खानेपानी आपूर्ति गर्ने सरकारी निकायबाट खानेपानी समेत आपूर्ति भएको देखिन्छ। यसै गरी फेवातालको मापदण्ड भित्र पर्ने सिमसार क्षेत्रमा बाहिरबाट माटो ल्याई पुर्ने तथा अन्य संरचना बनाई अतिक्रमण गरेको अवस्था देखिन्छ। उल्लिखित अवस्थाले महानगरले सार्वजनिक जग्गाको अतिक्रमण नियन्त्रण गरी सरकारी सार्वजनिक क्षेत्रको संरक्षण गर्न सकेको देखिँदैन। संघीय सरकार मातहतका निकायहरुसँग अतिक्रमण नियन्त्रणमा समन्वय तथा सहकार्य गरी महानगरले सरकारी र सार्वजनिक जग्गा संरक्षणमा ध्यान पुर्याउनु पर्दछ।



*[तस्बिरः पोखरा महानगरपालिका खपौँदी स्थित फेवाताल किनारमा मापदण्ड विपरीत निर्मित संरचना]*

२२ **क्रसर उद्योग सञ्चालन मापदण्डः**

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ११(क) मा क्रसर उद्योग सञ्चालनका लागि पालना गर्नुपर्ने दुरी सम्बन्धी मापदण्ड उल्लेख छ। उक्त मापदण्डमा राजमार्गको राइट अफ वे र नदी किनारबाट ५०० मिटर को दुरी कायम हुनुपर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा महानगरपालिकाको वडा नं. २९ स्थित मुसेटुँडा, सेती हाइड्रोको पूर्वपट्टि क्रसर उद्योग सञ्चालनमा रहेको पाइयो। उक्त क्रसर उद्योग पृथ्वी राजमार्गको ५०० मिटर भित्र देखिन्छ भने सेती नदीमा निर्माणाधीन पुलको पूर्वी एवुटमेन्ट सँगै जोडिएको र क्रसरबाट उत्पादित सामग्री थुपारेको अवस्था देखिँदा मापदण्डको पालना भएको देखिँदैन। जसले गर्दा ड्याम खोलेको समयमा नदीजन्य पदार्थको अवैध उत्खनन गरी डम्पिङ्ग हुन सक्ने देखिएकोले सी.सी. क्यामेरा समेत प्रयोग गरी प्रविधिमा आधारित नियन्त्रण प्रणालीको व्यवस्था सहित तोकिएको मापदण्ड बमोजिम क्रशर उद्योग सञ्चालन हुनुपर्दछ।



*[तस्बिरः पोखरा महानगरपालिका - २९, मुसेटुँडास्थित मापदण्ड विपरीत स्थापित क्रसर उद्योग क्षेत्र]*

२३ **फेवा सिल्टेशनः**

वर्षेनी फेवातालमा मिसिन आउने खोलाहरुले बगाएर ल्याउने सिल्ट (माटो, ढुङ्गा, गिट्टी, बालुवा) को कारण ताल पुरिँदै जाने अवस्था र ती खोलाहरुको नदीजन्य पदार्थको बिक्रीबाट रोयल्टी प्राप्त गर्ने सन्दर्भलाई एकीकृत रुपमा व्यवस्थापन गर्न गत विगतमा एक निजी कम्पनी (फेवा सिल्टेशन प्रा.लि.) सँग सम्झौता भई कार्यान्वयनमा आएकोमा २०८२ भाद्र २४ मा भएको घटनाको कारण सो सम्बन्धी कागजात नष्ट भएको कारण लेखापरीक्षणको लागि पालिकाबाट पेश हुन नसकेकोले यस सम्बन्धमा विस्तृत विश्लेषण गर्न सकिएन। सम्झौता अनुसार फेवा सिल्टेशन प्रा.लि.ले बुझाउनुपर्ने र बुझाएको रोयल्टी रकम सम्बन्धी प्रमाणीकरण भएको अभिलेख कार्यालयले उपलब्ध गराउन नसकेको तथा सो सम्बन्धी कार्यालयमा उपलब्ध रहेको अन्य अभिलेख समेत नष्ट भएकोले यस सम्बन्धी स्रेस्ताको लेखापरीक्षण हुन सकेन। पालिकाको राजस्व सम्बन्धी प्रणालीमा उपलब्ध अभिलेख अनुसार आर्थिक वर्ष ०८१।८२ मा उक्त

फर्मबाट कुनै पनि राजस्व दाखिला भएको देखिएन। उक्त फर्मबाट असुल हुनुपर्ने, असुल भएको र बाँकी रोयल्टी सम्बन्धी अभिलेख अद्यावधिक गरी सम्झौता अनुसार रोयल्टी असुल र निर्माण कार्य समेत सम्पन्न हुने गरी आवश्यक व्यवस्था हुनुपर्दछ।

लेखापरीक्षणको क्रममा महानगरपालिकामा प्रतिनिधि समेत संलग्न टोलीबाट स्थलगत अवलोकन गर्दा फेवाको सिल्टेशन रोक्नको विभिन्न ४ खोलाहरुमा सिल्टेशन ड्याम भएकोमा खहरे अँधेरी खोलामा बाहेक अन्य खोलाका ड्यामहरुमा सिल्टेशन गर्न सकिने देखिएतापनि खहरे अँधेरी खोला ड्याम पूर्ण रुपमा भरिएको पाइयो। उक्त ड्याम पूर्ण रुपमा भरिएको देखिँदा फेवाको सिल्टेशन समस्या रोक्न उक्त खोलामा भइरहेको कार्य अपर्याप्त देखिन्छ। उक्त सिल्टेशनको सार्वजनिक निजी साझेदारी अन्तर्गत व्यवस्थापन गर्न २४ वर्षे सम्झौता अवधि भएकोमा सिल्टेशनबाट ड्याममा भरिएको सामग्री बिक्रीको पर्याप्त बजार नभएकोले उत्खननमा समस्या रहेको साझेदार फर्मले बताए तापनि सम्झौताका शर्त बमोजिम उत्खनन तथा आवश्यक संरचना निर्माण हुनुपर्ने देखिन्छ भने फेवाको सिल्टेशन रोक्न हालको ड्यामभन्दा डाउन स्ट्रिममा थप चेकड्याम बनाउने व्यवस्था मिलाई वातावरणीय रुपमा फेवाको सौन्दर्यलाई समेत कायम राख्नुपर्ने देखिन्छ।



*[तस्बिरः पोखरा महानगरपालिका - २४, अँधेरीखोलास्थित भरिएको सिल्टेशन ड्याम]*

२४ **जग्गा विकासः**

व्यवस्थित शहरीकरणको लागि मापदण्डले तोके बमोजिम सडक, ढल, बत्ती, खानेपानी, सञ्चार लगायतका पूर्वाधारहरुको विकास गर्ने तथा सार्वजनिक प्रयोगको लागि खुला क्षेत्र छोडी व्यवस्थित घडेरी विकास गर्न महानगरपालिकाको स्वीकृति लिएर मात्र जग्गा प्लटिङ गर्नुपर्दछ। महानगरपालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार ४ डेभलपरले जग्गा विकास गर्ने अनुमति लिएर जग्गा विकासको कार्य गरेको देखिन्छ। तर लेखापरीक्षणको क्रममा महानगर अन्तर्गतका विभिन्न खर्च केन्द्र (वडा कार्यालय, अस्पताल, प्राविधिक शिक्षालय लगायत) को स्रेस्ता परीक्षण गर्न स्थलगत भ्रमणमा जाने क्रममा महानगर भित्र विभिन्न ठाउँमा जग्गा प्लटिङ भइरहेको देखिन्छ तर सम्बन्धित वडाहरुमा बुझ्दा अनुमति बेगर जग्गा प्लटिङ भइरहेको सम्बन्धित वडाका प्रतिनिधिहरुको मौखिक भनाइ रहेको छ। महानगरपालिकाको अनुमति बेगर मापदण्ड विपरीत जग्गा प्लटिङ गर्नेहरुलाई अनुगमन गरी कानूनी कारबाहीको दायरामा नल्याउनु व्यवस्थित शहरी विकास अवधारणा सँग मेल खाँदैन भने यसले विधिको कार्यान्वयनमा स्थानीय तहलाई कमजोर बनाउने देखिन्छ। यस सम्बन्धमा महानगरपालिका क्षेत्रभित्र अनुमति बेगर प्लटिङ गर्ने उपर छानबिन गरी कानूनको दायरामा ल्याई राजश्व असुली गर्ने, कानुनी व्यवस्था तथा मापदण्ड पालना गराउने तर्फ सम्बद्ध सरोकारवालाको ध्यान जानुपर्ने देखिन्छ। महानगरपालिकाबाट अस्थायी अनुमति लिएर जग्गा विकास (प्लटिङ) गरेका डेभलपर्सले अस्थायी अनुमति प्राप्त गर्दा मापदण्ड बमोजिम खाली छोड्नुपर्ने जग्गा छोडे नछोडेको तथा अन्य पूर्वाधारको व्यवस्था गरे नगरेको र तोकिएको समयमा सम्पन्न भए नभएको सम्बन्धमा महानगरपालिकाबाट अनुगमन गरी अस्थायी अनुमति दिँदाका बखतको शर्त पालनाको सुनिश्चितता हुनुपर्दछ भने मापदण्ड बमोजिम खाली छोड्नुपर्ने जग्गाहरु नेपाल सरकारको नाउँमा आएको कित्ता नं. तथा क्षेत्रफल खुल्ने विवरण अद्यावधिक हुनुपर्दछ।

**पोखरा महानगरपालिकाबाट जग्गा विकास गर्न अनुमति प्राप्त कम्पनीहरु**

| सि. नं. | प्लटिङ्ग अनुमति प्राप्त गर्ने कम्पनीको नाम | अनुमति प्रदान मिति | प्लटिङ्ग स्थान | प्लटिङ्ग क्षेत्रफल | सार्वजनिक रुपमा छाडेको | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | कि.नं. | क्षेत्रफल | |
| १ | श्री डाँफे हाउजिङ्ग एण्ड रियल स्टेट प्रा.लि. | १२।१७।०८१ | पोखरा - ३२, छुन्ची | ७४-८-० | | ३-१५-०-० | |
| २ | श्री रुची डेभलपर्स प्रा.लि. | ०२।०४।०८२ | पोखरा - ३२, मालमुल | ७५-०-०-० | | ३-१०-३-१ | |
| ३ | रुद्र ब्रदर्स मल्टीपर्पोस कन्स्ट्रक्सन प्रा.लि. | | पोखरा - १३, पाटनबेसी | ९-०-०-० | | ०-७-०-३ | |
| ४ | श्री युनिजा रियल स्टेट प्रा.लि. | २८।११।०८१ | पोखरा-१३, पाटनबेसी | ११-१०-२-० | | ०-९-२-० | |

स्थलगत लेखापरीक्षणको क्रममा महानगरका प्राविधिक कर्मचारी समेत लेखापरीक्षण टोलीले २०८२।११।०१ मा नमुना छनौटको रुपमा रुची डेभलपर्स प्रा.लि.ले पोखरा - ३२ मालमुलमा गरेको जग्गा विकास क्षेत्रको स्थलगत अवलोकन गर्दा सार्वजनिक रुपमा छोड्नुपर्ने जग्गा सार्वजनिक प्रयोजनमा उपयोग गर्न मिल्नेगरी छोडेको देखिँदैन भने महानगरबाट प्राप्त विवरणमा समेत कित्ताहरु क्षेत्रफल समेत किटानी भएका छैनन्। जग्गा विकास सम्बन्धी कार्यको प्रभावकारी अनुगमन गरी मापदण्ड र कानूनको पालना गराउनुपर्दछ।



*[तस्बिरः पोखरा महानगरपालिका - ३२, मालमुलस्थित जग्गा विकास क्षेत्र]*

२५ **अभिलेखीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा पोखरा महानगरपालिका भवन तथा पूर्वाधार निर्माण मापदण्ड, २०८० बमोजिम पालिकाको क्षेत्रभित्र घर तथा अन्य संरचना निर्माण गर्दा मापदण्ड बमोजिम नक्सा पास गरेर मात्र निर्माण हुनुपर्दछ। उक्त मापदण्ड अनुसार ३००० वर्ग फिट भन्दा बढी र ५ तला भन्दा बढीको संरचना बनाउन प्राविधिक समितिको निर्णय गराउनुपर्ने व्यवस्था छ। महानगरपालिकाले गत विगतमा नक्सा पास बेगर निर्माण सम्पन्न भएका तर निर्माण सम्पन्न प्रमाण नलिएका घरहरुको राजश्व उठाउने प्रयोजनार्थ अभिलेखीकरण गर्ने गरेको पाइयो। निर्माण गर्न ३ तलाको अनुमति लिने तर निर्माण अनुमति बमोजिम निर्माण सम्पन्न पश्चात् ५ तला भन्दा बढी गर्ने, व्यक्तिगत, व्यापारिक र संस्थागत निर्माणमा क्रमश: ७०, ७० र ५० प्रतिशत खुला ठाउँ छोड्नु पर्ने घडेरी सो बाहेक अन्य जमिन उपयोग गर्न नपाइनेमा ३ तलाको सम्पन्न प्रमाण लिएपछि संरचनाहरु निर्माण गर्ने गरी मापदण्डको पालना नभएको सम्बन्धमा पालिकाबाट हुनुपर्ने नियमित अनुगमन कमजोर रहेको देखिन्छ। नियमित अनुगमन नभएको कारण मापदण्ड विपरीत संरचना निर्माण भई अभिलेखीकरण प्रयोजनको लागि सूचना प्रकाशन भई अभिलेखीकरण भएको अवस्था देखिन्छ। प्राविधिक समितिको क्षेत्राधिकार स्पष्ट नहुँदा अभिलेखीकरण भएका संरचनाहरु मापदण्ड बमोजिम रहेको सम्बन्धमा विश्वस्त हुन सकिएन। मापदण्ड पालना नगर्दा कमजोर स्ट्रक्चर निर्माण हुने, सुरक्षित शहर निर्माणमा असर पर्ने, साइड सेट व्याक संरचनाको उचाइ बमोजिम नहुँदा मापदण्ड पालना नहुने, भूकम्प, आगलागी लगायतको जोखिमको समयमा उद्धार तथा बचावटमा असर पर्ने हुनाले व्यक्तिले निर्माणको चरणमा तोकिएको मापदण्ड पालना गरे नगरेको सम्बन्धमा महानगरपालिकाबाट प्रभावकारी अनुगमन, नियमन हुनुपर्दछ। अर्कोतिर मापदण्ड मिचेर अभिलेखीकरणको लागि पेश भएका संरचनालाई पालिकाले आवश्यक ठानेको समयमा घरवालाले उसकै खर्चमा हटाउने शर्तमा अभिलेखीकरण गर्ने गरेको पाइयो। सार्वजनिक स्थलको मापदण्ड आमनागरिकलाई आवश्यक हुने भएकोले मापदण्ड मिच्नेलाई निरुत्साहित गर्न मिचिएको संरचना हटाउने तर्फ महानगरपालिकाको ध्यान जानुपर्दछ।

२६ **विभाज्य कोषको रकम बाँडफाँट हुन बाँकीः**

गण्डकी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८(५) मा प्राकृतिक स्रोतबाट सङ्कलन गरी विभाज्य कोषमा जम्मा भएको मूल्य अभिवृद्धि कर बाहेकको आम्दानी मध्ये ६० प्रतिशत सम्बन्धित स्थानीय तहमा र बाँकी रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। २०८२ भाद्र २४ का घटनाको कारण नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री लगायतका आन्तरिक आय सम्बन्धी ठेक्का व्यवस्थापन भएका र अन्य सम्पूर्ण अभिलेख नष्ट भएकोले सो सम्बन्धी कुनै पनि स्रेस्ता पेश नभएको हुँदा लेखा परीक्षण गरिएको छैन। यस वर्ष पालिकाले ढुङ्गा, गिट्टी र बालुवा लगायत प्राकृतिक स्रोत बिक्री गरी रु. १५,३६,१६,७७९.१०, मनोरञ्जन करबाट रु. १,२०,६६,०६३.०० र विज्ञापन करबाट रु. ३१,९१,८६०.०० समेत जम्मा रु. १६,८८,७४,७०२.६० आम्दानी प्राप्त गरेकोमा सोको ४० प्रतिशतले हुने रु. ६,७५,४९,८८१.०० प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्नेमा यस वर्ष पालिकाले विभाज्य कोषको रकम मध्ये दहत्तर बहत्तर, मनोरञ्जन कर तथा विज्ञापन कर समेत रु. ६७,९८,४२९.७४ (दहत्तर बहत्तर शुल्क सम्बन्धी विगत वर्षमा देखिएको बेरुजु रु. ८,०८,४९,८१७.०० दाखिला बाहेक) मात्र प्रदेश सञ्चित कोषमा दाखिला गरेको पाइयो। यस पालिकाको विभाज्य कोषमा रहेको रकम मध्ये प्रदेश सञ्चितकोष दाखिला गर्न बाँकी रु. ६,०७,५१,४५१.३० सम्बन्धित प्रदेश सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,०७,५१,४५१ |

२७ **कन्टिन्जेन्सी खर्चः**

गण्डकी प्रदेश सरकार अर्थ मन्त्रालयद्वारा जारी प्रदेश खर्चको मापदण्ड, २०७९ को दफा १४ मा कन्टिन्जेन्सी खर्च निर्धारण गर्दा आवश्यकता र मितव्ययिताको आधारमा छुट्याउनुपर्ने र आवश्यकता नपर्ने भएमा छुट्याउन नहुने; कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित सार्वजनिक खरिद कानून बमोजिम लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने; विनियोजित बजेटको आधारमा नभई खर्च भएको बजेटको अनुपातमा कन्टिन्जेन्सी रकम खर्च गर्नुपर्ने र कन्टिन्जेन्सी खर्चको अभिलेख राख्नुपर्ने लगायतका व्यवस्था उल्लेख गरिएको छ। यस वर्ष पालिका अन्तर्गतका खर्च केन्द्रहरुले तपशिल बमोजिम रु. २ करोड ४४ लाख २८ हजार ६०५ कन्टिन्जेन्सी खर्च गरेको विवरण प्राप्त भएको छ। सबै खर्च केन्द्रको पूर्ण लेखापरीक्षण हुन नसकेकोले सुत्र प्रणालीबाट प्राप्त विवरणलाई नै आधार मानी खर्च स्थिति मात्रै दर्शाइएको छ। प्रचलित कानून बमोजिम कन्टिन्जेन्सी खर्च गरी कन्टिन्जेन्सी खर्चलाई मितव्ययी र आवश्यकतामा आधारित बनाउनुपर्दछ।

| क्र.सं. | खर्च केन्द्र | पुँजीगत खर्च रु. | कन्टिन्जेन्सी खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| १ | नगर कार्यपालिकाको कार्यालय | २९३९५०३० | ० | |
| २ | पूर्वाधार विकास महाशाखा | ६५५३४८५६९ | ५६९२९५४ | |
| ३ | शहरी विकास, पर्यटन तथा वातावरण महाशाखा | ८८०२९५११७ | ३३११३७५ | |
| ४ | सामाजिक विकास महाशाखा | ३३९५२५ | ० | |
| ५ | आर्थिक विकास महाशाखा | ११९८८५० | १५०० | |
| ६ | शिक्षा महाशाखा | ८२६६७३ | ० | |
| ७ | स्वास्थ्य महाशाखा | २६२९५९२ | ४३०० | |
| ८ | गण्डकी बहुप्राविधिक शिक्षालय | २६९०२८५ | ० | |
| ९ | शहरी उत्थानशील तथा जीविकोपार्जन सुधार आयोजना | १३४२८९८ | ० | |
| १० | १ नं. वडा कार्यालय | १०४६४४०९ | २३४२२३ | |
| ११ | २ नं. वडा कार्यालय | २१३४४९३४ | ५६५४०० | |
| १२ | ३ नं. वडा कार्यालय | ४७१२४३० | २५६६५ | |
| १३ | ४ नं. वडा कार्यालय | १४२६२१४९ | २७५३२३ | |
| १४ | ५ नं. वडा कार्यालय | २१४७८३८५ | २८५२४६ | |
| १५ | ६ नं. वडा कार्यालय | ११२४०७७३ | १२२२७६ | |
| १६ | ७ नं. वडा कार्यालय | १४१९८५८० | ६६२८० | |
| १७ | ८ नं. वडा कार्यालय | १५३४३५८३ | २५४७२३ | |
| १८ | ९ नं. वडा कार्यालय | १८२३१४५५ | ५६५०५८ | |
| १९ | १० नं. वडा कार्यालय | १५१६५७३४ | २०७४०० | |
| २० | ११ नं. वडा कार्यालय | २६४०२५९४ | ३७५०६१ | |
| २१ | १२ नं. वडा कार्यालय | २४५६०७७८ | ४६०३९० | |
| २२ | १३ नं. वडा कार्यालय | ४२६६८२१७ | १०७९९० | |
| २३ | १४ नं. वडा कार्यालय | ४८८८२५९५ | २०४५०५ | |
| २४ | १५ नं. वडा कार्यालय | २५६९४८९० | २९४५४४ | |
| २५ | १६ नं. वडा कार्यालय | ४४२५०००८ | १७९१०७७ | |
| २६ | १७ नं. वडा कार्यालय | ४२८९२०४१ | ८७४४६८ | |
| २७ | १८ नं. वडा कार्यालय | ४३९०९५२५ | १०६८५९६ | |
| २८ | १९ नं. वडा कार्यालय | ४६३२६३७४ | १७१७८९८ | |
| २९ | २० नं. वडा कार्यालय | २१९०४३१९ | २५५८२८ | |
| ३० | २१ नं. वडा कार्यालय | ४३६२२६२१ | १९६५०० | |
| ३१ | २२ नं. वडा कार्यालय | ३१८५२५८८ | २८६३२८ | |
| ३२ | २३ नं. वडा कार्यालय | २५८२२३९५ | २१११७० | |
| ३३ | २४ नं. वडा कार्यालय | ३७०१११५४ | ३८९६३६ | |
| ३४ | २५ नं. वडा कार्यालय | ३६४९८५०३ | १००२३७८ | |
| ३५ | २६ नं. वडा कार्यालय | ४६९९००५५ | ४८५९०० | |
| ३६ | २७ नं. वडा कार्यालय | ३०८५९१२२ | ९३७१९४ | |
| ३७ | २८ नं. वडा कार्यालय | २८९९७८१५ | १६०००० | |
| ३८ | २९ नं. वडा कार्यालय | १७३३६०४९ | ४४०४४८ | |
| ३९ | ३० नं. वडा कार्यालय | २६१५६३०२ | ३२७२४५ | |

| | | | | |
|---|---|---|---|---|
| ४० | ३१ नं. वडा कार्यालय | ३५७६८५४७ | १७९८०० | |
| ४१ | ३२ नं. वडा कार्यालय | ६२४५५६६४ | ४८६८७० | |
| ४२ | ३३ नं. वडा कार्यालय | ३४४४४२३२ | ५६३०५६ | |
| | **जम्मा** | **२५४५८१५३५८** | **२४४२८६०५** | |
| | **कन्टिन्जेन्सी खर्चको प्रतिशत** | | **१%** | |

२८ **जिन्सी दाखिलाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६(४) मा आफ्नो मन्त्रालय वा निकाय अन्तर्गतको सबै प्रकारका चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखी सोको विवरण तोकिएको समयभित्र महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालयमा रहेको तथा कुनै पनि प्रकारले प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनुपर्ने व्यवस्था छ। संघीय, प्रादेशिक तथा स्थानीय सरकारी कार्यालयहरूको जिन्सी सामान, अचल सम्पत्ति र खर्च हुने वस्तुहरूको अनलाइन अभिलेख, व्यवस्थापन र प्रतिवेदन राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) कार्यान्वयनमा ल्याई सबै निकाय तथा कार्यालयलाई प्रयोगकर्ता पहिचान तथा पासवर्ड उपलब्ध गराएको छ। पालिका अन्तर्गत विभिन्न खर्च केन्द्रहरुबाट खरिद गरिएका जिन्सी सामग्रीहरू सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला भएको पाइएन। कार्यालयमा खरिद तथा हस्तान्तरण भएका सम्पूर्ण जिन्सी सामग्रीहरू PAMS मा अभिलेख नहुँदा सम्पत्तिको दुरुपयोग, गलत प्रतिवेदन हुन सक्ने तथा सम्पत्तिको डिजिटल ट्र्याकिङ नहुने हुँदा नियमानुसार सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा जिन्सी सामग्रीको दाखिला अनिवार्य गरी अभिलेख राख्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ। लेखापरीक्षणको क्रममा जिन्सी सामग्री खरिदको स्रेस्ता नमुना परीक्षण गर्दा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला नभएका जिन्सी सामग्रीहरूको केही उदाहरणहरू अनुसूचीमा संलग्न छ।

**(विस्तृत विवरण बेरूजु दफा २८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२९ **जिन्सी मिनाहाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११(१) मा प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्ति, स्रेस्ता तथा कागजातको मूल्याङ्कन गरी मिनाहाको सिफारिस गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला स्तरीय समिति रहने व्यवस्था छ। मिति२०८२ भाद्र २४ मा भएको घटना को कारण आगलागी भई नष्ट भएको पालिकाको जिन्सी सम्पत्तिको सम्बन्धमा नगर कार्यपालिकाको सिफारिस बमोजिम मिनाहा सिफारिस समितिले निम्नानुसार मिनाहाको लागि सिफारिस गर्ने निर्णय गरेको पाइयो।

| क.सं. | जिन्सी सम्पत्ति तथा मालसामानको | | एकाई | जिन्सी खाता बमोजिम मौज्दात | | क्षतिको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | संकेत नं. | नाम | | परिमाण | मूल्य | परिमाण | मूल्य रू | |
| १ | ६११२२११००००१ | डेस्कटप कम्प्युटर | थान | ४०१ | २९२३९६५६.०० | ९१ | ६५३३०००.०० | |
| २ | ६११२२१२००००१ | ल्यापटप | थान | २३९ | २४१८०८३८.०० | ५० | ५०५७५१०.०० | |
| ३ | ६११२२१८००००१ | प्रिन्टर | थान | ५७९ | १४१९४५५६.०० | ९७ | २३७२५५४.०० | |
| ४ | ६११२२३५०००२६ | काठदराज | थान | ४५ | १८०७२६३.८० | ३ | १४४०७५.०० | |
| ५ | ६११२२३५००००९ | स्टिल दराज | थान | १३९ | २९२४८४५.०० | ७३ | १५९३७८४.९१ | |
| ६ | ६११२२३५०००५४ | फाइल क्याबिनेट | थान | ८० | ८८४२२७.७४ | ४ | ५२०००.०० | |
| ७ | ६११२२३५००००२ | घुम्ने कुर्ची | थान | १५०५ | ११४९५७३७.०० | ११५ | ६०६६४०.०० | |
| ८ | ६११२२३५०००८१ | अफिस टेबल | थान | ७४१ | १३४५६५८५.०० | ९० | २२२३२१२.९० | |
| ९ | ६११२२३५०००५५ | बुक र्याक | थान | १३ | ३६५६४३.४६ | १३ | ३६५६४३.४६ | |
| १० | ६११२२३५००००६ | सोफा सेट | थान | २४९ | ९८६०३९४.७० | १८६ | १४६५०००.०० | |
| ११ | ६११२२३५०००१५ | बेन्च | थान | ९४ | ११८९०१०.८० | २४ | ३०५०००.०० | |
| १२ | ६११२२३५०००२१ | स्टुल | थान | १४६ | ३०२६११.२१ | १४६ | १९३७००.०० | |
| १३ | ६११२२१६००००१ | टेलिभिजन | थान | २७ | १७६९७८४.७० | ८ | ७६००००.०० | |
| १४ | ६११२२३५०००१३ | टि टेबल | थान | २९९ | २७३९१०७.३० | ३३ | ३१५०९४.८९ | |
| १५ | ६११२२२१०००५५ | स्टयाण्ड फेन | थान | १७ | ८४६४५.०० | १ | ७०००.०० | |
| १६ | ६११२२२१००००२ | सिलिङ्ग फेन | थान | ११६ | ५५७२७७.०० | १८ | ५८१५८.८५ | |
| १७ | ६११२२२१०००१५ | वाल फेन | थान | २४१ | १०१७८४६.२० | ४२ | १७७३८३.०० | |
| १८ | ६११२२२१००००५ | AC | थान | ३० | २३५६९४६.६० | ७ | ५४९९५४.०० | |
| १९ | ६११२२२१००००७ | फ्रिज | थान | १८ | ५३७०६२.६४ | १ | २७०००.०० | |
| २० | ६११२२२१०००३७ | इन्भर्टर | थान | ४९ | ४९७१९७७.४० | ६ | ६१११०३.०० | |
| २१ | ६११२२२१००००४ | जेनेरेटर | थान | ३ | १५६७८५४.३० | १ | ७३४९२७.०० | |
| २२ | ६११२२२१००००९ | Online Ups | थान | २६१ | २१२८८६९.०० | १ | १४९५५५.०० | UPS |
| २३ | ६११२२२१०००१० | ईनभर्टर ब्याट्री | थान | २९० | ९९२७२१६.०० | ४१ | १४०३५०२.०० | |
| २४ | ६११२२१९००००१ | प्रोजेक्टर | थान | २६ | १५३६०४९.७० | ७ | ४१३५५१.०० | |
| २५ | ६११२२१६००००९ | मोबाइल | थान | ३३ | ११८७१६१.२० | ३० | १०७९२३७.०० | |
| २६ | ६११२२१६०००५७ | Gopro Camera | थान | ५ | ३६७२५०.०० | ३ | २२०३५०.०० | |
| २७ | ६११२२१६००००७ | साउण्ड सिस्टम | थान | २० | २३१२५४.०० | ३ | ३४६८८.०० | |
| | - | **जम्मा** | - | **५६६६** | **१४०८८१६६९.७५** | **१०९४** | **२७४५३६२४.०१** | |
| | **अक्षरूपी दुई करोड चौहत्तर लाख त्रिपन्न हजार छ सय चौबीस रूपैयाँ मात्र।** | | | | | | | |

माथि उल्लेख भएको बाहेक उक्त घटनाको कारणबाट क्षति भएका आम्दानी तथा खर्च सम्बन्धी स्रेस्ता, खरिद सम्बन्धी अभिलेख, सार्वजनिक निजी साझेदारी सम्बन्धी सम्झौता तथा अन्य अभिलेख, आय ठेक्का र आन्तरिक आय सम्बन्धी अन्य भौतिक अभिलेख लगायत का श्रेस्ता तथा कागजात मिनाहाको लागि सिफारिसको प्रक्रियामा रहेको पालिकाले छलफल को क्रममा मौखिक जानकारी गराएतापनि मिनाहाको प्रक्रिया सम्बन्धमा कुनै पनि प्रमाण पेश भएको छैन।

३० **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा उल्लेखित व्यवस्थाको पालना गरी तोकिएको अवधि भित्र पेश्की फछ्यौंट हुनुपर्दछ। स्थलगत लेखापरीक्षणको क्रममा पालिकाले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार पालिकाले गत विगत र यस वर्ष समेत भुक्तानी गरेको तपशिल बमोजिमको जम्मा पेश्की रु. २०७९६५८१२.१८ फछ्यौंट हुन बाँकी रहेको देखिन्छ। फछ्यौंट हुन बाँकी कुल पेश्की मध्ये म्याद ननाघेको पेश्की रु. १३०३५५३१०.४५ र गत विगतमा लगती बेरुजु कायम भएको रु. ६८३२४३३५.७३ गरी जम्मा पेश्की रु. १९८६७९६४६.१८ को विवरण अनुसूचीमा संलग्न गरिएको छ। म्याद नाघेको पेश्की रु. ५३०८०००.०० र यस वर्षको संस्थागत, व्यक्तिगत, कर्मचारी र उपभोक्ता समितिको पेश्की रु. ४९७७३९९.०० समेत जम्मा पेश्की रु. १०२८५३९९.०० फछ्यौंट हुन बाँकी देखिएकोले नियमानुसार पेश्की फछ्यौंट हुनुपर्ने रु.

| क.सं. | पेश्कीको विवरण | पेश्की लिने पक्ष | म्याद नाघेको | म्याद ननाघेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | पूर्वाधार महाशाखा अन्तर्गतका विभिन्न ३५ आयोजना तथा कार्यक्रम | निर्माण व्यवसायी | ०.०० | ९२११०७२१.४५ | - |
| २ | पूर्वाधार महाशाखा अन्तर्गतका विभिन्न ८ आयोजना तथा कार्यक्रम | उपभोक्ता समिति | ५३०८०००.०० | ०.०० | लगती बेरुजु कायम हुने |
| ३ | शहरी विकास महाशाखा अन्तर्गतका विभिन्न ७ आयोजना तथा कार्यक्रम | निर्माण व्यवसायी | ०.०० | ३८०९९५८९.०० | - |
| ४ | नगर कार्यपालका अन्तर्गतको खुला व्यायामशाला निर्माण आयोजना | निर्माण व्यवसायी | ०.०० | १४५०००.०० | - |
| | **जम्मा** | | **५३०८०००.००** | **१३०३५५३१०.४५** | - |
| | **पेश्कीको विवरण** | **पेश्की लिने पक्ष** | **यस वर्षको** | **गत विगतको** | |
| ५ | शिक्षा महाशाखा अन्तर्गतका विभिन्न ४ कार्यक्रम | व्यक्तिगत पेश्की | ६४८१५८.०० | ६०००००.०० | गत विगतको पेश्की गत विगत वर्षको प्रतिवेदनमा लगती बेरुजु कायम भएकोले यस वर्ष विवरण मात्रै उल्लेख हुने र यस वर्षको पेश्कीलाई लगती बेरुजु कायम हुने। |
| ६ | शहरी विकास महाशाखा अन्तर्गतका विभिन्न कार्यक्रम | संस्थागत पेश्की | ३९२९२४१.०० | ५१६१२८६९.४८ | |
| ७ | शहरी विकास महाशाखा अन्तर्गत विविध कार्यक्रम खर्च | व्यक्तिगत पेश्की | ०.०० | ५०००००.०० | |
| ८ | नगर कार्यपालका अन्तर्गतको विभिन्न कार्यक्रम | कर्मचारी पेश्की | ४०००००.०० | ४८१०००.०० | |
| ९ | नगर कार्यपालका अन्तर्गतको विभिन्न १० कार्यक्रम | संस्थागत पेश्की | ०.०० | १५७७३७७.०० | |
| १० | नगर कार्यपालका अन्तर्गतको विभिन्न कार्यक्रम | उपभोक्ता समिति | ०.०० | ५०५६००.०० | |
| ११ | नगर कार्यपालका अन्तर्गतको विभिन्न कार्यक्रम | व्यक्तिगत पेश्की | ०.०० | १३०४७४८९.२५ | |
| | **जम्मा** | | **४९७७३९९.००** | **६८३२४३३५.७३** | - |
| | **कुल जम्मा** | | **१०२८५३९९.००** | **१९८६७९६४६.१८** | **२०८९६५०४५.१८** |

यस वर्ष तथा गत विगतमा प्रवाह भएको पेश्की मध्ये आर्थिक वर्ष ०८२/८३मा तपशिल बमोजिमको पेश्की फछ्र्यौट भएकोले बेरुजुमा उल्लेख गरिएको छैन।

| निर्माण व्यवसायीको पेश्की | | | | | |
|---|---|---|---|---|---|
| **क.सं.** | **पेश्कीको विवरण** | **पेश्की लिने पक्ष** | **म्याद नाघेको** | **म्याद ननाघेको** | **कैफियत** |
| १ | रामबजार वडा १५ सीमाना देखि ढुगेसाँघु चोक हुँदै निराजन चोक सम्म सडक निर्माण | स्काइ कन्स्ट्रक्सन एण्ड विल्डर्स | ० | १६५०००० | यस वर्ष पेफ भएकोले पेश्की बाँकीको विवरणमा उल्लेख नगरिएको। |
| २ | बुढीबजार देखि खराने राखीडाँडा सुर्केमैदन सडक स्तरोन्नति-२६ क्रमागत | श्री सिद्ध वावा निर्माण सेवा | ० | १२००००० | |
| ३ | नागबेलि मार्ग ढल निर्माण वडा नं ८ | स्काइ कन्स्ट्रक्सन एण्ड विल्डर्स | ० | ८००००० | |
| ४ | उत्पीडित/दलित कला एवं साँस्कृति संग्राहलय पोखरा-१४ कास्कीकोट कास्की | टप नेपाल कन्स्ट्रक्सन प्रा.लि. | ० | १०००००० | |
| | **जम्मा** | - | **०** | **४६५००००** | |
| | **व्यक्तिगत पेश्की** | | | | |
| १ | विविध खर्च | बयानबहादुर राना | २५००० | ० | |
| | जम्मा | - | **२५०००** | ० | |
| | **कुल जम्मा** | - | **२५०००** | **४६५००००** | |

**(विस्तृत विवरण बेरूजु दफा ३० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| पेश्की | १,०२,८५,३९९ |
|---|---|

३१ **बैङ्क जमानतको आधारमा धरौटी फिर्ताः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२क१) मा निर्माण कार्यको कम्तिमा ८० प्रतिशत कार्य सम्पन्न गरेको र निर्धारित अवधिमा कार्य सम्पन्न हुने अवस्था देखिएमा बैंक जमानत पेश गर्न लगाई नियम १२३(४) बमोजिम धरौटी कट्टी गरिएको रकम भुक्तानी गर्न सकिने व्यवस्था रहेको छ। सोही प्रावधान अनुसार पालिकाले निर्माण व्यवसायीलाई भुक्तानी गर्दाका समयमा कट्टी गरेर राखेको धरौटी रकम रु. ५२८१८६८.७६ बैंक जमानत पेश भएको आधारमा फिर्ता गरेको पाइयो। तत्कालीन समयमा बजारमा देखिएको तरलता समस्या समाधानको लागि निर्माण व्यवसायीलाई बैंक जमानत पेश गरी सो बराबरको धरौटी रकम भुक्तानी दिन सकिने गरी कानुनी व्यवस्था गरेको र सो व्यवस्थाले निर्माण व्यवसायीले सो कारोबारको विवरण नै नबुझाई धरौटी रकम

भुक्तानी लिन पाउने भन्ने नरहेको हुँदा सो कारोबारको आय विवरण पेश गरी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| गो.भौ.नं. | ठेक्कानम्बर | निर्माण व्यवसायी | जमानतको म्याद समाप्ति मिति | धरौटी फिर्ता रकम |
|---|---|---|---|---|
| १३ - ०८१।०५।१२ | १४३/PMC/NCB/W-०७९/८० | हेजल विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | ०८२।०५।०३ | २२७०५९.०५ |
| २८ - ०८१।०७।०९ | १०२९१/PMC/NCB/W-०८०/८१ | ब्लु ब्रिक कन्सट्रक्सन प्रा.लि. | ०८२।०५।१५ | ४८३१६२.१५ |
| ३० - ०८१।०७।१२ | ११०/PMC/NCB/W/B-०७९/८० | एस. बिई. कन्सट्रक्सन | ०८२।०८।२९ | ७४५८३५.३६ |
| ३२- ०८१।०७।१२ | ३८/PMC/NCB/W-०८०/८१<br>१७/PMC/RE-NCB/W-०८०/८१ | लेभल वन कन्सट्रक्सन | ०८२।०६।१३ | २६३९४२.४४ |
| ३४ - ०८१।०७।२५ | १४/PMC/NCB/W-०८०/८१ | ओम कालिका कन्सट्रक्सन प्रा.लि. | ०८२।०५।१६ | ७६७९४.१० |
| ४३ - ०८१।०८।१३ | ७४/N/PMC/NCB/W-०८०/८१ | समृद्धि रुपा कन्सट्रक्सन प्रा.लि. | ०८२।१०।०९ | १५००००.०० |
| ४४ - ०८१।०८।१३ | ५८/PMC/NCB/W/R/-०८०/८१ | भदौरे निर्माण सेवा प्रा.लि. | २०८२।०५।०८ | १३७३९१३.४६ |
| ५४- ०८१।१०।२३ | १०४/PMC/VCB/W/R-०७८/७९ | सिम्रन कन्सट्रक्सन | २०८२।१०।१२ | १९६११६२.२० |
| | **जम्मा** | | | **५२८१८६८.७६** |

| प्रमाण पेश नगरेको | ५२,८१,८६८.७६ |
|---|---|

३२ **संयुक्त उपक्रमको धरौटी फिर्ताः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२क) मा संयुक्त उपक्रमलाई त्रुटि सच्याउने अवधि समाप्त भए पछि रिटेन्सन मनी भुक्तानी गर्दा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश भएपछि मात्र भुक्तानी दिन सकिने व्यवस्था रहेको छ। पालिकाले संयुक्त उपक्रमको रिटेन्सन मनी भुक्तानी गर्दा समेत नियमालीको व्यवस्था विपरीत हुने गरी बैंक जमानत पेश गर्न लगाई सोका आधारमा सिम्रन रोजन जे.भी.लाई भौचर नं. ५५-०८१।१०।२९ बाट धरौटी फिर्ता बापत रु. २२१९८९२.४६ भुक्तानी गरेको पाइयो। यसरी नियमावली विपरीत कर समायोजन गरेको प्रमाण पेश बेगर बैंक जमानतका आधारमा रिटेन्सन मनी फिर्ता गरिएकोमा सम्बन्धित निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | २२,१९,८९२.४६ |
|---|---|

३३ **अभिलेख अद्यावधिकः**

कार्यालयको आ.व. ०८१/८२ को लेखापरीक्षणको लागि मिति २०८२ भाद्र २४ गतेको घटनाको कारण भौतिक सम्पत्ति,स्रेस्ता,कागजात खरिदसँग सम्बन्धित अभिलेख, सार्वजनिक निजी साझेदारी सम्बन्धी २० वर्ष भन्दा बढी अवधिका सम्झौताहरू, आय व्यवस्थापनसँग सम्बन्धित बहुवर्षिय सम्झौता, फोहोरमैला व्यवस्थापनसगँ सम्बन्धित बहुवर्षिय सम्झौता, आमनागरिकका घरजग्गासँग सम्बन्धित अभिलेख तथा अन्य अभिलेख जलेर नस्ट भएको जानकारी कार्यालयले पेश गरेको हुँदा कार्यालयको स्रेस्ता तथा अभिलेख परीक्षण गर्न सकिएन। चालु वर्षको स्रेस्ता परीक्षण गर्न नसकिएतापनी दीर्घकालिन असर पर्ने सेवा प्रवाह,खरिद व्यवस्थापन राजस्वप्राप्तिसँग सम्बन्धित सार्वजनिक निजी साझेदारी अन्तर्गतका बहुवर्षीय सम्झौता र सोसँग सम्बन्धित फाइलहरू,राजस्व प्राप्ति तथा निर्माणसँग सम्बन्धित सम्झौता लगायत नष्ट भएका अभिलेख उपयुक्त विधिबाट संकलन र प्रमाणित गरी अद्यावधिक गर्नुपर्ने देखिन्छ।

३४ **नक्सा पास दस्तुरः**

नगर सभाबाट तोकिएको दरमा नक्सा स्वीकृत क्षेत्रफल बमोजिम दस्तुर असुल हुनुपर्नेमा महानगरपालिकाले आ.व. ०८१।८२ मा नक्सा पास सम्बन्धी फाइलहरु भौतिक रुपमा भाद्र २४ को आन्दोलनको कारण क्षति भएको कारण परीक्षण गर्न सकिएन भने नक्शा पाससँग सम्बन्धित विद्युतीय अभिलेख प्रणाली (eBPS) मा अपलोड भएमा सूचनाहरुको नमुना छनौट गरी परीक्षण गर्दा गण्डकी मेडिकल कलेजबाट पेश भएको नक्शामा तेश्रो तलामा १९९७.०६ रहेकोमा नक्शा दस्तुर भुक्तानी विवरणमा १६१९.०६ वर्ग मिटर मात्र रहेकोले ३७८ वर्ग मिटरको राजश्व छुट भएको पाइयो। नगर सभाबाट स्वीकृत विनियोजन ऐन २०८१ मा नक्शा दस्तुर प्रति वर्ग मिटर रु. २७०.०० र वातावरण शुल्क प्रति वर्ग मिटर रु. ३३.०० ले हुने क्रमशः रु. १०२०६०.०० र रु. ९१७४.०० गरी जम्मा रु. १११२३४.०० दस्तुर एकमुष्ट छुट भएको देखिएकोले छुट दस्तुर तथा शुल्क गण्डकी मेडिकल कलेजबाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १,११,२३४ |
|---|---|

३५ **आन्तरिक राजस्व आय तर्फः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक राजस्व आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. १,५५,५१,४०,३९०.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. १,१४,४६,३८,३५०.७२ प्राप्त भएको देखियो। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

३५.१ **आन्तरिक आयको योगदानः** पालिकाले आर्थिक वर्ष २०८१।८२ मा संघीय सरकारबाट प्राप्त समानीकरण अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको योगदानको स्थिति देहाय बमोजिम छ।

| संघीय समानीकरण अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आयको अनुपात |
|---|---|---|
| ३७,७५,४८,४२४.०० | १,१४,४६,३८,३५०.७२ | १:३.०३ |

उपर्युक्त विवरण अनुसार यस स्थानीय तहमा प्राप्त संघीय समानीकरण अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको अनुपात १:३.०३ रहेको छ।

३५.२ **पछिल्लो तीन वर्षको आयः** पालिकाको पछिल्लो तीन आर्थिक वर्षको आन्तरिक आय अनुमान र असुलीको तुलनात्मक विवरण निम्नानुसार रहेको छ।

| आर्थिक वर्ष | ०७९।८० | ०८०।८१ | ०८१।८२ |
|---|---|---|---|
| अनुमान | १६०८३४८००० | २३६३३३२००० | १५५५१४०३९० |
| असुली | ८८५५७२७५६ | ११२८३६५६६८ | ११४४६३८३५१ |
| असुली% | ५५.०६% | ४७.७४% | ७३.६०% |

उपर्युक्त तालिकामा उल्लेखित विवरण अनुसार यस पालिकाको आन्तरिक राजस्व आय सङ्कलनमा अपेक्षाकृत सुधार हुन सकेको देखिँदैन। आर्थिक वर्ष ०७९।८० मा अनुमानको तुलनामा ५५.०६% राजस्व असुल भएकोमा ०८०।८१ मा ४७.७४% र ०८१।८२ मा ७३.६०% असुली भएको देखिन्छ। अघिल्लो दुई वर्षको तुलनामा ०८१।८२ मा असुली प्रतिशत बढेको देखिए तापनि गत वर्षको तुलनामा अनुमान नै घटी गरिएको देखिन्छ। वास्तवमा ०८१।८२ मा असुल भएको आन्तरिक आय रु. ११४४६३८३५१ गत आर्थिक वर्ष असुल भएको रु. ११२८३६५६६८ को तुलनामा १.४४% मात्र बढी रहेको देखिँदा आन्तरिक आय वृद्धिमा उल्लेख्य प्रगति भएको पाइएन। जसले गर्दा पालिकाले वहन गर्नुपर्ने दीर्घकालीन दायित्व वहन गर्न स्रोतमा चाप पर्न गई वित्तीय जोखिम बढ्न सक्ने देखिन्छ। आन्तरिक आयको अनुमानलाई यथार्थपरक बनाउने र प्रभावकारी रुपले आन्तरिक आय असुल गर्ने तथा राजस्व सुधार योजना तर्जुमा र कार्यन्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३५.३ **कर बक्यौताः** महानगरपालिकाको सभाबाट स्वीकृत आर्थिक ऐनमा तोकिए बमोजिम कर तथा शुल्क असुली हुनुपर्दछ। २०८२ भाद्र २४ को घटनाको कारण कर तथा शुल्क असुलीसँग सम्बन्धित भौतिक फाइल तथा कागजातहरू नष्ट भएकोले सोको परीक्षण गर्न सकिएन। महानगरपालिकाले आ.व. ०८१।८२ मा राजस्व असुली सम्बन्धी सुत्र प्रणालीको पूर्ण रूपमा प्रयोगमा नल्याएकोले सोको आधारमा विश्लेषण गर्न सकिने स्थिति छैन। इन्फोसिस प्रा.लि..सँग विगतमा सम्झौता भई प्रयोगमा रहेको राजस्वको सफ्टवेयर प्रणाली अनुसार आ.व. ०८१।८२ सम्म निम्नानुसार रु. ९ करोड ९७ लाख ४३ हजार ५५५ राजस्व उठ्न बाँकी रहेको पाइयो।

| सि.नं. | करको विवरण | ०८१/८२ सम्म उठ्न बाँकी | कैफियत |
|---|---|---|---|
| १ | सम्पत्ति कर | २६३७७१९०.७३ | करदाताको सङ्ख्या प्रणालीमा स्पष्ट नखुलेको। |
| २ | भूमि तथा मालपोत कर | ५१४७३०५८.८३ | |
| ३ | व्यवसाय कर | २१८९३३०५.०० | |
| | **जम्मा** | **९९७४३५५४.५६** | |

उल्लिखित कर बक्यौता मध्ये महानगरपालिकाको राजस्व प्रणाली मा नमूना छनौट गरी व्यवसाय कर तर्फ परीक्षण गरीएको छ। महानगरपालिकाको सभाले पारित गरेको आर्थिक ऐन बमोजिम महानगरपालिका भित्र सञ्चालनमा रहेका व्यवसायहरू दर्ता गरी तोकिएको दरमा व्यवसाय कर असुली गर्नुपर्नेमा महानगरपालिकाको राजस्व प्रणालीमा दर्ता भएका मध्ये (व्यवसायी सङ्ख्या खुलाउन नसकिएको) समयमा व्यवसाय कर भुक्तानी नगरेको कारण व्यवसाय कर बापत आ.व. ०८१।८२ सम्ममा असुल हुन बाँकी बक्यौता रकम रू. २,१८,९३,३०५.०० रहेको पाइयो। राजस्व प्रणालीमा रहेका करदाताको विवरण मध्ये लेखापरीक्षणको क्रममा प्राप्त उल्लेख्य रकम बक्यौता हुनेको विवरण बमोजिम बढी मात्रामा कर बक्यौता रहेका करदाताको उदाहरण निम्न अनुसार रहेको छ।

| व्यवसाय कर बक्यौता विवरण | | |
|---|---|---|
| **व्यवसायीको नाम** | **व्यवसायको नाम** | **रकम रु.** |
| दिपक आचार्य | बगैंचा वेलनेस रिसोर्ट प्रा.लि.. | २३००० |
| | होटल स्वप्नबाग एण्ड रिसोर्ट | २३००० |
| | बिजी बीरिसोर्ट प्रा.लि.. | २३००० |
| | बेस्टरिसोर्ट नेपाल प्रा.लि. | २३००० |
| | माछापुच्छे इको रिसोर्ट एण्ड एग्रीकल्चर प्रा.लि. | ९२००० |
| होम बहादुर गुरुङ | होटल गोर्खा समीट | ११५०० |
| लोकराज अधिकारी | होटल दि कन्ट्री यार्ड | ३४५०० |
| चन्द्रेधार शाह | पोखरा स्वीट हाउस | २७६०० |
| राहुल सापकोटा | बेशमार्क ट्रेडर्स/कोटास बार एण्ड ग्रील | ७१३०० |
| | पोखरा लेकसिटी हस्पिटल प्रा.लि. | २३०००० |
| | पश्चिमाञ्चल स्वास्थ्य सहकारी संस्था लि. | १३८००० |
| | ए एण्ड वि इन्टरनेशनल हस्पिटल प्रा.लि.. | १३८००० |
| विक्रम पन्त | अन्नपूर्ण मेडीको फर्मा | ६९००० |
| | अमर पोलिक्लिनक प्रा.लि.. | ५७५०० |
| | पद्दम नर्सिङ्ग होम | ६९००० |
| टेक बहादुर गुरुङ | युनिक प्राकृतिक योगा तथा मसाज थेरापी सेण्टर | ४६००० |
| शिव प्रसाद तिवारी | एच.वि.न्युरोअर्थो पिजीयोथेरापी क्लिनिक | ३६८०० |
| प्रकाश शर्मा | पोखरा एम आर आई एण्ड डाइग्नोष्टिक सेन्टर प्रा.लि. | ३४५०० |
| गिता सुवेदी | डि आर एण्ड डि आर सर्जिमेड | ३४५०० |
| लक्ष्मी पुढासैनी | राईजिङ्ग हब सप्लायर्स | ३४५०० |
| योगेश कुमार उप्रेती | ईन्टरनेशनल स्कुल अफ म्यानेजमेन्ट एण्ड टेक्नोलोजी, पोखरा | ५१७५० |
| | ज्योतिकुञ्ज सेकेन्डरी इङ्लिस स्कुल | ४६००० |
| | प्यारामाउन्ट पब्लिक स्कुल | ९२००० |
| डिल्लीराम गौतम, गणेश तिमल्सिना | ताराकुञ्ज कम्पनी फर एजुकेसन प्रा.लि.. | ९२००० |
| कल्याण पालिखे | कुमुदिनी होम्स | ४६००० |
| लक्ष्मी पुन | इन्टरनेशनल कलेज अफ अप्लाइड साईन्स | १७२५० |
| रोहित बहादुर खत्री | पश्चिमान्चल भोकेशनल एण्ड टेक्निकल कलेज प्र.लि. | ३४५०० |
| सागर आचार्य समेत ७ जना | चार्टर्ड ईस्टीच्यूट अफ एकाउन्टेन्सी | ३४५०० |
| दिपक शाह | सनफ्लावर बोडिङ्ग स्कुल कास्की प्रा.लि., पोखरा | १३८०० |
| मन्ती गुरु | जी.एच.एण्ड जी.एल. सैलुन | २७६०० |
| राजन पन्थी | जि .एण्ड के इन्टरनेशनल एजुकेशन कन्सटटेन्ट प्रा.लि. | २३००० |
| ज्ञानेन्द्र प्रसाद त्रिपाठी | फोर सिजन एजुकेशन कन्सल्टेन्सी | २३००० |
| नेत्र बहादुर भुजेल | डिलाइट आइज एकेडेमी | २३००० |
| तिलक थापा | भिजन बोर्डिङ स्कुल | २३००० |
| नबिन बराल | वेस्ट पोइन्ट चिल्ड्रेन एकेडेमी | २३००० |
| ध्रुव बहादुर थापा | आयाम इन्टरकन्टिनेन्टल प्रा.लि. | १३८००० |
| बर्जर जोन्सन एण्ड निकोल्सन नेपाल प्रा.लि. | बर्जर जोन्सन एण्ड निकोल्सन नेपाल प्रा.लि. | ११५००० |
| विष्णुराज कोइराला | फेवा कन्स्ट्रक्सन प्रा.लि. | ४६००० |
| पन्चासे केबुल कार एण्ड टुर्स | पन्चासे केबुल कार एण्ड टुर्स | ९२००० |
| निर्वाण कुमार चौधरी | सिजी फिन्को लिमिटेड | ८०५०० |
| निर्मला बस्नेत | बस्नेत टेड्रर्स | ८०५०० |
| सिता कुमारी तङ्या | एस थ्री आर फेन्सी | ८०५०० |
| पोखरा बेशक्याम्प रिसोर्ट प्रा.लि. | पोखरा बेशक्याम्प रिसोर्ट प्रा.लि. | ६९००० |
| घनश्याम कँडेल | अनुपम ग्रुप | ६९००० |
| गोपाल अग्रवाल | राजेश हार्डवयर प्रा.लि. | ६९००० |

| | | |
|---|---|---|
| | त्रिवेणी दाल एण्ड आयल इन्ड्रिज प्रा.लि. | ६९००० |
| विरेन्द्र कुमार संघई | हिमालय होमस प्रा.लि. | ११५००० |
| | हाइग्राउण्ड एडभेन्चर नेपाल प्रा.लि. | ११५००० |
| भरत गोल्छा | जोन्छे ट्रेडर्स प्रा.लि. | ९२००० |
| सुसिल मान प्रधानाङ्ग | सेलवेज क्यास एण्ड क्यारि प्रा.लि. | ११५००० |
| द विन्देश्वरी ड्रिङकिङ वाटर एण्ड वेभरेज | द विन्देश्वरी ड्रिङकिङ वाटर एण्ड वेभरेज | ९२००० |
| | दीप मोटर्स प्रा.लि. | ९२००० |
| तेजराज बास्तोला | सजिलो नेट प्रा.लि.. | ४०२५० |
| विनय बोहोरा | भाया नेट कम्युनिकेशन लिमिटेड | ८०५०० |
| चन्द्रबहादुर विश्वकर्मा, नरेशबहादुर रामदाम थापा, खड्कबहादुर वि.क. | नेशन वाइट रियल इस्टेट ग्रुप | ३४५०० |
| राज कुमारी थापा | जय गुरुदेव रियल स्टेट | ६९००० |
| रुद्रनाथ ,हरि,दामोदर पौडेल,बराल,डुम्रे | ग्यालेक्सी व्याङक्वेट एण्ड इभेन्ट म्यानेजमेन्ट प्रा.लि. पोखरा | २५३०० |
| | दरवारथोक बैंक्वायट | ५०६०० |
| स्वाप्निल वैद्य | स्काई वर्ड प्यारागलाइडिङ | ४६००० |
| | माउण्टेनभ्यु प्यारागलाइडिङ प्रा.लि. | ४६००० |
| | थि सिक्स्टी प्यारागलाइडिङ | ४६००० |
| चन्द्रभुषण प्रसाद कलवार | समीक्षा कवाड सेन्टर | २३००० |
| कृष्ण प्रसाद पौडेल | स्क्रब सेन्टर कवाडी सामान सप्लायर्स | ४६००० |
| शिवनाथ पन्डित | शिवनाथ एण्ड सप्लार्यस | ४६००० |
| सुनिल प्रसाद जयसवाल | जयसवाल कवाडी गोदाम | ४६००० |
| मोहन बहादुर थापा मगर | थापा सोना ईटा सप्लायर्स | ४६००० |
| गोकुल थापा | त्रिपुरा ईट्टा सप्लायर्स | ४६००० |
| दिपक विश्वकर्मा | शुभ पुम्दी भुम्दी भरत ज्वैलर्स | ३४५०० |
| मंगला सुनार | क्लासिक रुपाकोट ज्वेल्स | ३४५०० |
| विकास गदाल | पर्वत आकर्षण सुन चाँदी पसल | ३४५०० |
| दिपेन्द्र सुनार | दिप सुन चाँदी दुकान | ३४५०० |
| रन्जित खड्का | हिमाल ज्वेलर्स | ३४५०० |
| भुगोल गुरुङ | जय बुद्धआयल स्टोर्स | ३४५०० |
| सेर बहादुर वि.क. | देवि स्याङ्जा सुनचाँदी दुकान | ३४५०० |
| | डोर टेक नेपाल ट्रेडर्स | २७६०० |
| रिता खनाल पोखरेल | सिजी हार्डवयर एण्ड सप्लायर्स प्रा.लि. | २७६०० |
| दुर्गा बहादुर खोर्जा, विसन राना पुन | मोमीजी इन्टरनेसनल ऐजुकेसन सेन्टर | २७६०० |
| नारायण प्रसाद बास्तोला | अन्नपूर्ण सेनेटरी एण्ड सप्लायर्स | २७६०० |
| संजय बराल | एल.के. कंक्रिट ब्लक उद्योग | २७६०० |
| रोक्त ब. कुँवर | आदर्श ट्रेडर्स | २७६०० |
| सुभद्रा बस्नेत | बस्नेत ब्लक तथा ग्रिल उद्योग | २७६०० |
| बेदराज पराजुली | पोखरा प्रेसिडेण्ट एजुकेसन फाउण्डेशन प्रा.लि. | २७६०० |
| | **जम्मा** | **४४७००५०** |

करदाता शिक्षा तथा आवश्यक अन्य कानुनी व्यवस्था अवलम्बन गरी उल्लिखित उदाहरण समेतको बक्यौता लगत रहेको कर असुली हुनुपर्दछ।

३५.४ **सिफारिस र शुल्क असुलीः** वडा तथा पालिकाबाट जारी हुने सिफारिसमा स्थानीय तहको सभाले तोके बमोजिमको शुल्क असुली हुनुपर्दछ। पालिकाले सिफारिस शुल्क दाखिला र सिफारिस सङ्ख्या सम्बन्धमा वडाहरूको चलानी किताब भिडान हुने व्यवस्था नगरेकोले वडाहरूबाट भएको सबै सिफारिसमा सिफारिस दस्तुर असुल भएनभएको यकिन गर्न सकिएन। सिफारिस र सिफारिस शुल्क असुलीमा आन्तरिक नियन्त्रण कायम गर्न वडाहरुबाट प्राप्त सिफारिस शुल्क र चलानी किताब बमोजिम सिफारिस सङ्ख्या भिडान हुनुपर्दछ।

३५.५ **सामुदायिक वनबाट आय:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ४ (ङ - २) अनुसार स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन संघ तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय तहको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र पर्ने उल्लेख छ। सोही ऐनको दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चितकोषमा जम्मा गर्नुपर्ने उल्लेख छ। पालिका क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समूहले पालिकामा कार्ययोजना पेश गरे नगरेको र राजस्व दाखिला गरेको सम्बन्धमा कुनै पनि अभिलेख पालिकाले उपलब्ध नगराएको कारण यस सम्बन्धमा विश्लेषण गर्न सकिएन। पालिकाले सामुदायिक वन उपभोक्ता समूहलाई कार्य योजना पेश गर्न लगाई स्वीकृत गरेको तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकम सम्बन्धमा खोजी गरी राजस्व आम्दानी बाँधेको नदेखिएकोले स्थानीय स्तरमा वन उपभोक्ता समूहको व्यवस्थापन सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था पालना गर्नेगराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

३६ **आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३३ को उपदफा ८ मा लेखा उत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने उल्लेख छ। महानगरपालिकाको आन्तरिक लेखापरीक्षणबाट नगर कार्यपालिकाको कार्यालय समेत विभिन्न महाशाखा तथा वडा कार्यालयहरूको आ.व. ०८१/८२ को आन्तरिक लेखापरीक्षण सम्पन्न गरी प्रस्तुत आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित बेहोरा मध्ये २०८२ भाद्र २४ को घटनाको कारण क्षति भई कार्यालयले लेखापरीक्षणको लागि पेश गर्न नसकेको मध्ये अन्तिम लेखापरीक्षण अवधिसम्म फछ्र्यौट नभएका निम्नानुसारका बेहोरा सक्कल स्रेस्ता परीक्षण तथा भिडान गर्न नसकेकाले आन्तरिक लेखापरीक्षणमा औंल्याइएको बेहोरा कायम गरिएको छ। स्रेस्ता सुरक्षित रहेका महाशाखा तथा वडा कार्यालयहरूको परीक्षण तथा भिडान गरी प्रतिवेदन योग्य देखिएका बेहोराहरू यस प्रारम्भिक प्रतिवेदनको सम्बन्धित खर्च केन्द्रको खण्डमा समायोजन गरिएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित मध्ये अन्तिम लेखापरीक्षण अवधिसम्म फछ्र्यौट नभएका र परीक्षण तथा भिडानको लागि स्रेस्ता उपलब्ध नभएको निम्नानुसारको बेरूजु नियम अनुसार फछ्र्यौट हुनुपर्दछ।
**प्रमाण पेश हुनुपर्नेः** आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम प्रमाण पेश हुनुपर्ने बेहोरा निम्नानुसार रहेका छन्।

३६.१ **वडा नं. ८ पुरस्कार वितरणः (आकस्मिक लाभ कर)** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेकोमा गो.भौ.नं. ५ - ०८१/८/२४ बाट सामुदायिक सेवा केन्द्र जिल्ला समिति, कास्कीलाई पुरस्कार वितरण बापत रू. २५००० भुक्तानी दिएकोमा आकस्मिक लाभ कर कट्टी भर्पाई समावेश नभएकाले सोको प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२५० |

३६.२ **वडा नं. ८ जिन्सी दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कार्यालयमा रहेको र खरिद गरी, कुनै प्रकारले विभिन्न समयमा हस्तान्तरण भई वा कुनै प्रकारले कार्यालयलाई सहायता स्वरुप प्राप्त भएका जिन्सी मालसामानको लगत तयार गरी जिन्सी किताबमा आम्दानी बाँध्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले पर्दा र स्टील पाइप खरिद बापत गो.भौ.नं. ९० - ०८१/०९/०१ बाट डल्फिन ट्रेडर्सलाई रु. ३९३७७.०० भुक्तानी गरेकोमा उल्लेखित सामग्रीको जिन्सी दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,३७७ |

३६.३ **वडा नं. ८ साँस्कृतिक कार्यक्रमः (नेवाः मिसा पुचः नयाँ बजार)** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले साँस्कृतिक कार्यक्रम बापत नेवाःमिसा पुचः नयाँ बजारलाई कार्यक्रम सम्पन्न प्रतिवेदन बेगर गो.भौ.नं. २ - ०८१/८/०९ बाट रू. १०००००.०० भुक्तानी गरेको पाइएकोले खर्च पुष्टी गर्ने कार्यक्रम सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

३६.४ **वडा नं. १५ जिन्सी दाखिलाः**

( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३६.५ **वडा नं. ८ जिन्सी दाखिलाः (नयाँ बजार साँस्कृतिक समिति)** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कार्यालयमा रहेको र खरिद गरी, कुनै प्रकारले विभिन्न समयमा हस्तान्तरण भई वा कुनै प्रकारले कार्यालयलाई सहायता स्वरुप प्राप्त भएका जिन्सी मालसामानको लगत तयार गरी जिन्सी किताबमा आम्दानी बाँध्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले नयाँ बजार साँस्कृतिक समितिलाई तामाको भाडाँ (१२१/९६ के.जी.) खरिद बापत गो.भौ.नं. ४ - ०८१/०८/१४ बाट रु. २१६३६९.२४ भुक्तानी गरेको गरेको देखिए तापनि उल्लेखित सामग्रीको जिन्सी दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१६,३६९.२४ |

३७ **आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनः**

आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका नियमित हुनुपर्ने निम्न बेहोराहरु हालसम्म फर्स्योट भएको नदेखिएकोले यसै प्रतिवेदनमा समावेश गरिएको छ।

<table>
<tr><th>क्र.सं.</th><th>खर्च केन्द्र</th><th>बेरुजुको संक्षिप्त बेहोरा</th><th>रकम</th></tr>
<tr><td>१</td><td>विभिन्न</td><td>विद्युत महशुल भुक्तानीमा जरिवानाः सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाका विभिन्न खर्च केन्द्रले विद्युत प्राधिकरणबाट प्राप्त भएका बिलहरूको समयमा नै भुक्तानी गरी छुट समेत प्राप्त गर्न सकिने व्यवस्था भएको अवस्थामा समयमै महशुल भुक्तानी नगरेको कारण तपशिल बमोजिम जरिवाना बापत रु. १९३१०.७४ विलम्ब शुल्क भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>खर्च केन्द्र</th><th>भौचर नं.</th><th>जरिवाना रु.</th><th>जम्मा रु.</th></tr>
<tr><td rowspan="4">नगर कार्यपालिकाको कार्यालय</td><td>९ - ०८१।०५।०४</td><td>८४५०.३७</td><td></td></tr>
<tr><td>३० - ०८१।०५।१२</td><td>२१५.७०</td><td></td></tr>
<tr><td>२०९ - ०८१।०७।१२</td><td>४४१.३२</td><td></td></tr>
<tr><td>२४४ - ०८१।०७।२८</td><td>८३१.१८</td><td>९९३८.५७</td></tr>
<tr><td>४ नं. वडा कार्यालय</td><td>८ -०८१।०६।२२</td><td>७३५३.००</td><td>७३५३.००</td></tr>
<tr><td rowspan="3">८ नं. वडा कार्यालय</td><td>७ -०८१।०६।११</td><td>१३१२.५६</td><td></td></tr>
<tr><td>२४ -०८१।०७।२०</td><td>६१५.७६</td><td></td></tr>
<tr><td>७९ -०८१।०८।२७</td><td>९०.८५</td><td>२०१९.१७</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>१९३१०.७४</td><td>१९३१०.७४</td></tr>
</table></td><td>१९३११</td></tr>
<tr><td>२</td><td>नगर कार्यपालिकाको कार्यालय</td><td>संघीय कार्यालयलाई अनुदानः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघ सरकारले प्रदेश र स्थानीय सरकारलाई तथा प्रदेश सरकारले स्थानीय सरकारलाई समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानका साथै राजस्व बाँडफाँट मार्फत वित्तीय हस्तान्तरण गर्ने व्यवस्था भए तापनि मुलुकमा विद्यमान कुनै पनि कानुनले स्थानीय सरकारले प्रादेशिक तथा संघीय सरकारलाई अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था उल्लेख गरेको छैन। स्पष्ट कानुनी आधार बेगर यस वर्ष कार्यालयले आफ्नो छुट्टै बजेट तथा संगठन संरचना अनुसार सञ्चालन हुने संघीय सरकार अन्तर्गतका निम्न कार्यालयलाई भुक्तानी दिई खर्च लेखेको रु. १८००००.०० नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.नं.</th><th>कार्यालय</th><th>रकम</th></tr>
<tr><td rowspan="2">३९९-०८१।०८।१९</td><td>मालपोत कार्यालय, पोखरा</td><td>१०,००,०००</td></tr>
<tr><td>मालपोत कार्यालय, लेखनाथ</td><td>५,००,०००</td></tr>
<tr><td>३०५८-०८१।०८।२३</td><td>नापी कार्यालय, कास्की</td><td>३,००,०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१८,००,०००</td></tr>
</table></td><td>१८०००००</td></tr>
<tr><td>३</td><td>शहरी विकास, पर्यटन तथा वातावरण महाशाखा</td><td>सद्भावना भ्रमण खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा सोही नियमावलीको उपनियम १० मा कुनै रकम भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयले भगिनी सम्बन्ध भएका नगरहरुबीच सद्भावना भ्रमण शीर्षकबाट सि. लिङ्क्स होलिडेज प्रा.लि.लाई गो.भौ.नं. ४४ - ०८१।१०।०६ बाट खर्च पुष्ट्याईँका कुनै कागजात र बिल बीजक बेगर नै भुक्तानी दिई खर्च लेखेको रू. ७७५०००.०० नियमसम्मत नदेखिएको रू.</td><td>७७५०००</td></tr>
<tr><td>४</td><td>विपद् व्यवस्थापन कोष</td><td>संघीय कार्यालयलाई अनुदानः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघ सरकारले प्रदेश र स्थानीय सरकारलाई तथा प्रदेश सरकारले स्थानीय सरकारलाई समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानका साथै राजस्व बाँडफाँट मार्फत वित्तीय हस्तान्तरण गर्ने व्यवस्था भए तापनि मुलुकमा विद्यमान कुनै पनि कानुनले स्थानीय सरकारले प्रादेशिक तथा संघीय सरकारलाई अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था उल्लेख गरेको छैन। स्पष्ट कानुनी आधार बेगर यस वर्ष कार्यालयले आफ्नो छुट्टै बजेट तथा संगठन संरचना अनुसार सञ्चालन हुने संघीय सरकार अन्तर्गतको कालिका प्रहरी बललाई Fire Extinguisher खरिद बापत गो.भौ.नं. ९ - ०८१।०८।२४ बाट भुक्तानी दिई खर्च लेखेको रु. ४८,०२५.०० नियम सम्मत नदेखिएको रु.</td><td>४८०२५</td></tr>
<tr><td>५</td><td>वडा नं. १</td><td>मेला महोत्सवः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनालाई प्राथामिकता दिनुपर्ने व्यवस्था छ।कार्यालयले बजेट अवण्डामा राखी प्रस्तावका आधारमा विभिन्न समूह, व्यक्तिलाई कार्यक्रम, चाडपर्व लगायत सञ्चालनका लागि सहायता रकम उपलब्ध गराएको छ। जस अन्तर्गत तीज गीत प्रतियोगिता बापत गो.भौ.नं. २ - ०८१।०६।२५ बाट रिता सुवेदीलाई रु. ७७,१२९.०० भुक्तानी गरेको देखिन्छ। तर प्रतियोगितामा प्रतियोगीले प्रस्तुत गरेको गीतको प्रति र उक्त गीतलाई उत्कृष्ट छनोट गर्न निर्णयक समितिले तयार गरेको निर्णय टेबल पनि स्रेस्ताको साथ संलग्न गरेको देखिँदैन। यस प्रकारको वितरणमुखी खर्चले उत्पादनमुलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्च कटौती हुने हुँदा नियमसम्मत नदेखिएको रू.</td><td>७७१२९</td></tr>
<tr><td>६</td><td>वडा नं. १</td><td>विविध खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा सोही नियमावलीको उपनियम १० मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। वडा कार्यालयले अतिथिको आगमनको माइन्युट तथा के कार्यको लागि खर्च गरिएको हो सोको प्रयोजन स्पष्ट हुने कागजात बेगर अतिथि सत्कार बापत सुइखेत रिभर भ्याली रिसोर्टलाई गो.भौ.नं. १५ - ०८१। ०७।०८ बाट रू. १४,३०६.०० भुक्तानी गरेको देखिँदा प्रयोजन र उद्देश्य नखुलाई गरिएको खर्च नियमसम्मत नदेखिएको रू.</td><td>१४३०६</td></tr>
</table>

<table>
<tr><td>७</td><td>वडा नं. ४</td><td>वितरणमुखी खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ।त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनालाई प्राथामिकता दिनुपर्ने व्यवस्था छ। वडा कार्यालयले विभिन्न कार्यक्रम सञ्चालनका लागि विभिन्न समूह, व्यक्तिलाई रकम उपलब्ध गराउँदा यस प्रकारको वितरणमुखी खर्चले उत्पादनमुलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस किसिमको अनुत्पादक कार्यमा तपशिल बमोजिम खर्च गरेको रु. ९२५९५६.०० नियमसम्मत नदेखिएको रू.
<table>
<tr><th>गो.भौ.नं.</th><th>भुक्तानी लिने</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>६-०८१।०६।२२</td><td>मनमाया राना (पे.फ.)</td><td>तीज गीत प्रतियोगिता</td><td>५४३१४३</td></tr>
<tr><td>५३-०८२।०१।०२</td><td>गणेश गुठी सेवा समिति</td><td>योमरी महोत्सव</td><td>३८२८१३</td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>९२५९५६</td></tr>
</table></td><td>९२५९५६</td></tr>
<tr><td>८</td><td>वडा नं. ५</td><td>फरक शीर्षकमा खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। वडा कार्यालयले नगरसभाबाट स्विकृत वार्षिक बजेटको परिधिभित्र रही खर्च गर्नुपर्नेमा यस आर्थिक वर्ष विनियोजित महिला, एकल महिला, आमा तथा दिदीबहिनी समूहलाई क्षमता विकास तालिम कार्यक्रम शीर्षकमा विनियोजित बजेटबाट गो.भौ.नं. ३० - ०८१।०७।२७ बाट रू. ३७४९५ को स्पिकर खरिद गरी तमु समाजलाई हस्तान्तरण गरेको छ। यसरी फरक शीर्षकमा खर्च गरेको रु. ३७४९५ नियम सम्मत नदेखिएको रू.</td><td>३७४९५</td></tr>
<tr><td>९</td><td>वडा नं. ८</td><td>मेला महोत्सवः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। उत्पादनमुलक र रोजगारी सिर्जना हुने क्षेत्रमा बजेट खर्च गर्नुपर्नेमा यस वडा कार्यालयले देहाय अनुसार अनुत्पादक क्षेत्रमा खर्च गरेको रु. ३३६३२ नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं.</th><th>विवरण</th><th>भुक्तानी पाउने</th><th>रकम</th></tr>
<tr><td>५७-०८१।०८।२३</td><td>बालबालिका क्षमता विकास कार्यक्रम</td><td>सुसन न्यौपाने</td><td>१८,६३२</td></tr>
<tr><td>४६-०८१।०८।१७</td><td>तीज मेला</td><td>स्टार नेपाल मिडिया</td><td>१५,०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३३,६३२</td></tr>
</table></td><td>३३६३२</td></tr>
<tr><td>१०</td><td>वडा नं. १७</td><td>वितरणमुखी खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ।पालिकाले बजेट अवण्डामा राखी प्रस्तावका आधारमा विभिन्न समूह, व्यक्तिलाई कार्यक्रम, चाडपर्व लगायत सञ्चालनका लागि सहायता रकम उपलब्ध गराएको छ। कार्यालयले तीज गीत कार्यक्रम सञ्चालन सम्बन्धी सूचना, कार्यक्रमको प्रस्तावना तथा लागत इस्टिमेट तयारी एवम् स्वीकृत नगरी गो.भौ.नं. ७ - ०८१।०६।०७ बाट रु. २,२८,०७० भुक्तानी गरेको छ। यस प्रकारको वितरणमुखी खर्चले उत्पादनमुलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा नियम सम्मत नदेखिएको रु.</td><td>२२८०७०</td></tr>
<tr><td>१३</td><td>वडा नं. १७</td><td>सवारी नवीकरणमा जरिवानाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। वडा कार्यालययले सवारी साधनको वार्षिक कर तिर्दा समयमा नतिरेकोले निम्नानुसारको रु. १२०० जरिवाना तिर्नुपर्दा कार्यालयलाई बढी व्ययभार परेको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.न.</th><th>भुक्तानी पाउनेको नाम</th><th>जरिवाना रकम</th></tr>
<tr><td>२१ - ०८१।०७।०५</td><td>झक्कबहादुर थापा</td><td>१२००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२००</td></tr>
</table></td><td>१२००</td></tr>
<tr><td></td><td></td><td>कुल जम्मा</td><td>३९६०१२४</td></tr>
</table>

| | |
|---|---|
| अनियमित भएको | ३९,६०,१२४ |

३८ **आर्थिक विकास महाशाखा अन्तर्गतका बेहोराहरु**

**भूमि वर्गीकरणः**

भू उपयोग ऐन, २०७६ को दफा ५(२) मा मन्त्रालयले ऐन प्रारम्भ भएको १ वर्ष भित्र स्थानीय तहको भू-उपयोग नक्सा तयार गरी हस्तान्तरण गर्नुपर्ने र दफा ५(३) मा प्राप्त नक्सालाई स्थानीय भू-उपयोग परिषद्ले आवश्यकता अनुसार अद्यावधिक गरी लागु गर्नु पर्ने व्यवस्था रहेको छ साथै भू-उपयोग नियमावली, २०७९ को दफा ५ मा स्थानीय भू-उपयोग परिषद्ले स्थानीय आवश्यकता, प्राप्त भू-उपयोग क्षेत्र नक्सा, भू-उपयोग क्षेत्र वर्गीकरणका आधार, मापदण्ड र क्षेत्रफललाई समेत विचार गरी आफ्नो सीमानाभित्र भू-उपयोग क्षेत्र वर्गीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ। महानगरपालिकाले यस आर्थिक वर्षमा भूमि वर्गीकरण कार्यक्रमको लागि रु. १० लाख बजेट विनियोजन गरेकोमा वडा नं.१ देखि १० र वडा नं. १२ गरी जम्मा ११ वडाको मात्र भूमि वर्गीकरण र क्षेत्र निर्धारण कार्यको लागि जियो ईम्जिनियरिङ्ग कन्सल्टेन्सीसँग रू. ४,९५,५०५.०० बराबरको परामर्श सेवा खरिद गरेको पाइयो। महानगर भित्र जम्मा ३३ वटा

वडा रहेकोमा बाँकी २२ वटा वडामा हालसम्म पनि भूमि वर्गीकरण कार्य सम्पन्न भएको देखिँदैन। उपलब्ध स्रोतको मितव्ययी र दक्षतापूर्वक प्रयोग गरी कानून बमोजिम भूमि वर्गीकरण गर्न आवश्यक व्यवस्था हुनुपर्दछ।

३९ **कृषि तथा पशुमा अनुदानः**

महानगरपालिकाले कृषि तथा पशुपन्छी विकास शाखा मार्फत कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति, कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई कृषि तथा पशुमा अनुदान वितरणमा यस वर्ष पालिकाबाट रु. २ करोड ११ लाख १६ हजार खर्च भएको पाइयो ।यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्ः-

| क्र.सं. | कार्यक्रमको नाम | लाभग्राही (व्यक्ति/ समूह) | खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ५०% अनुदानमा कृषि सामग्री वितरण | ५५५ | २००९१२५ | मल, बिउ, बिरुवा, प्लाष्टिक, थोपा सेट, स्प्रेयर, असिना छेक्ने जाली |
| २ | कृषि यान्त्रीकरण कार्यक्रम | १९० | २८५०००० | १९० थान मिनीटिलर वितरण |
| ३ | बीउ आलु उत्पादन र कृषि उत्पादन सामग्री वितरण कार्यक्रम | ५२३ | ७७२०३५ | २३८८२ के.जी. आलुको बिउ वितरण |
| ४ | अभियानमुखी हिउँदे खेती र कृषि सामग्री वितरण कार्यक्रम | ९२ | ६८००० | ८५० के.जी. तोरीको बिउ वितरण |
| ५ | कृषि सामग्री वितरण कार्यक्रम | १५ | ७४२८५ | ५१०५ के.जी. प्रांगारिक मल वितरण |
| ६ | नयाँ अर्गानिक तरकारी पकेट | ८० | ८८६४२५ | ५० प्रतिशत अनुदानमा टनेल र स्प्रेयर वितरण |
| ७ | नयाँ अर्गानिक तरकारी पकेट विकास | - | १३४४५२ | २१००० के.जी. कृषि चुन वितरण |
| ८ | उन्नत बिउ वितरकलाई प्रोत्साहन | - | ७३२३५ | ७५५ के.जी. पोखरेली जेठोबुड़ो धानको बिउ वितरण |
| ९ | खाध्यान्न बालीको उन्नत बिउमा अनुदान | ५१८ | ७०१०६५ | धान र गहुँको बिउ वितरण |
| १० | कृषि जैविक विविधता तथा सामुदायिक बिउ बैंक सुदृढीकरण | ५०० | २९९५२४ | ८.५ के.जी. बोडीको बिउ वितरण |
| ११ | चैते धान प्रवर्द्धन कार्यक्रम | ७१ | ४८५०० | ५०% अनुदानमा चैते धानको बिउ वितरण |
| १२ | स्थानीय उत्पादन प्रवर्द्धन कार्यक्रम | ११३ | २९६३२७ | तरबुजाको बिउ, मल्चिंग प्लाष्टिक वितरण |
| १३ | उन्नत प्रविधि प्याकेज प्रदर्शन | १० | १४४३० | केराउको बिउ, क्रिल्याकसोल गोल्ड, वेशिष्टिन वितरण |
| १४ | नयाँ बङ्गुर पकेट विकास कार्यक्रम | १ | १३९६३२७ | ५०% अनुदानमा समूहमा बङ्गुरको पाठापाठी तथा जैविक सुरक्षा सामग्री |
| १५ | गोरू पाल्ने कृषकलाई प्रोत्साहन अनुदान | - | ५७३४७४५ | प्रति हलगोरु रु. १० हजारका दरले अनुदान वितरण |
| १६ | साझेदारीमा खोर गोठ सुधार | - | १७४०००० | ७५% अनुदानमा खोर गोठ सुधार अनुदान |
| १७ | मिनीटिलर मर्मतमा अनुदान | - | ४५४१४६ | ५०% साझेदारीमा पाटपुर्जा खरिद तथा मर्मत |
| १८ | शहरी कौसी खेती प्रवर्द्धन कार्यक्रम | ४६३ | २९२४०० | मल, बिउ, बिरुवा, असिना छेक्ने जाली आदि। |
| १९ | पुष्पखेती प्रवर्द्धन कार्यक्रम | १८ | ३९४८४६ | सयपत्री फूलको बिउ वितरण तथा पुष्पमेला सहयोग |
| २० | सुन्तला बगैँचा व्यवस्थापन अनुदान | - | ९३६६९१ | ७०% अनुदानमा असिना छेक्ने जाली वितरण |
| २१ | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम | ७८ | ४३२४१८ | अनुदानमा प्राङ्गारिक मल वितरण |
| २२ | माछा भुरा वितरण कार्यक्रम | - | १०३९०३ | ३ वटा कृषि फर्मलाई वितरण |
| २३ | फलफुल प्रवर्द्धन कार्यक्रम | - | २५०७७१ | अनुदानमा फलफुलको बिरुवा वितरण |
| २४ | स्थानीय उत्पादन प्रवर्द्धन कार्यक्रम | १९० | ११५२२११ | साझेदारीमा मेला महोत्सव तथा बजारीकरण |
| | जम्मा | ३४१७ | २११९५८६१ | |

कृषि तथा पशुमा वितरित अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन नभएकोले अनुदान कार्यक्रम सञ्चालन पश्चातको उपलब्धि मूल्याङ्कन भएको छैन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। कृषि तथा पशुमा अनुदान सम्बन्धी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नु गराउनु पर्दछ भने अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्दछ।

४० **गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमः**

गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को प्रस्तावनामा स्थानीय तहमा लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरीबी निवारणमा सहयोग पुर्याउनु गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको उद्देश्य रहेको उल्लेख छ। गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत यस वर्ष पालिकालाई संघीय सशर्त अनुदान रु. १२ लाख विनियोजन भएकोमा पालिकाले तपशिल बमोजिम रु. १० लाख ९६ हजार खर्च गरेको छ।

| क.सं. | कार्यक्रम/प्याकेजको नाम | विस्तृत विवरण | खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| १ | प्रविधि हस्तान्तरण | प्रगति कृषि उद्यमी समूह | ४८१६६ | प्लाष्टिक - ड्रम, टनेल र नेट तथा पाइप |
| २ | एडभान्सड सीप विकास तालिम | जुत्ता चप्पल बनाउने तालिम | २४०००० | वडा नं. ३३ मा २१ जनालाई २० दिन |
| ३ | **नयाँ उद्यमी सिर्जना तर्फ** | अभिमूखीकरण | ४१००० | वडा नं. १७ का उद्यमीहरुलाई |
| | | उद्यमशीलता विकास तालिम | १२२९५० | वडा नं. १७ का उद्यमीहरुलाई |
| | [सुनौलो विहानी सिलाई उद्यमी समूह] | सिलाई बुनाई तालिम | १९५३६० | २० जनालाई ८ दिन |
| | | बेसिक सिलाई बुनाई तालिम | २८६८५० | वडा नं. १७ मा १६ जनालाई ६० दिन |
| | | बाँसको हस्तकला तालिम | ९८५५० | वडा नं. १७ मा १६ जनालाई १५ दिन |
| | | अन्य प्रशासनिक खर्च | ६३३०० | अन्तरकृया तथा बजारीकरण सहयोग |
| | **जम्मा** | - | **१०९६१७६** | |

**तालिमबाट उत्पादित सामग्रीको अभिलेखः** गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता सामग्रीहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गरी प्राप्त रकम तोकिएबमोजिमको राजस्व खातामा जम्मा गर्नुपर्ने तथा उक्त सामान बिक्री नभएमा स्टोर दाखिला गरी यथाशिघ्र लिलाम बिक्री गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आ.व. २०८१।८२ मा सिलाई बुनाई, जुत्ता चप्पल बनाउने तथा बाँसको हस्तकला सम्बन्धी सीप विकास तालिम सञ्चालन गरेकोमा उल्लेखित तालिमबाट उत्पादित सामग्रीहरुको बिक्री तथा जिन्सी दाखिला सम्बन्धमा कुनै पनि अभिलेख राखेको छैन। तालिमबाट उत्पादित सामग्रीहरु तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई नै निःशुल्क वितरण गरेको मौखिक जानकारी स्थलगत लेखापरीक्षणको क्रममा प्राप्त भएको छ। उद्यमशीलता तथा आय आर्जनलाई प्रोत्साहन हुने गरी तालिमको क्रममा उत्पादित सामग्रीको बिक्री तथा जिन्सी दाखिला वा लिलाम बिक्री सम्बन्धमा पारदर्शी रुपमा अभिलेख राखी उद्यम विकास कार्यक्रम सम्बन्धमा निर्देशिकाको पूर्ण पालना गरेर कार्यक्रम सञ्चालन गर्नु गराउनुपर्दछ।

४१ **सहकारी संस्था दर्ता तथा नियमनः**

पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका सहकारीहरुको सञ्चालन सम्बन्धमा अनुगमन तथा नियमन गरी चुस्त रुपमा सञ्चालन हुने वातावरण सुनिश्चित गर्नुपर्दछ। यस पालिकाको अभिलेख तथा लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकामा हाल ३६३ सहकारी संस्था सञ्चालनमा रहेकोमा सहकारी सम्बन्धी थप विवरण तपशिल बमोजिम रहेको छ।

| जम्मा शेयर सदस्य संख्या | (रकम रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|
| | शेयर पुँजी | बचत निक्षेप | कर्जा प्रवाह | कुल सम्पत्ति | जगेडा कोष |
| १८८८२७ | ७,४२,७१,७४ | १६,१९,६९,०१ | १९,२२,६१,४६ | १७,१३,६८,०१ | १,९२,०२,८९ |
| COPOMIS मा आवद्ध | **द्रष्टव्यः** बचत निक्षेप भन्दा १८.७०% बढी कर्जा प्रवाह भएको देखिएको छ। | | | | |

यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

**क) बचत निक्षेप र कर्जा प्रवाहको अनुपातः** पालिकामा रहेका ३६३ सहकारी संस्थामा १८८८२७ सदस्यहरुको रु. १६ अर्ब १९ करोड ६९ लाख १ हजार बचत निक्षेप रहेकोमा सहकारी संस्थाहरुले रु. १९ अर्ब २२ करोड ६१ लाख ४६ हजार ऋण प्रवाह गरेको पाइयो। पालिकाले ऋणीहरुको संख्या, भाखा नाघेको ऋणी तथा ऋण रकम लगायत विषयमा कुनै पनि विवरण उपलब्ध नगराएको कारण यस विषयमा विश्लेषण गर्न सकिएन। प्राप्त विवरण अनुसार पालिकामा रहेका सहकारी संस्थाहरुले बचत निक्षेपको तुलनामा रु. ३ अर्ब २ करोड ९२ लाख ४५ हजार अर्थात् १८.७०% बढी कर्जा प्रवाह गरेको देखिँदा पालिकाबाट सहकारी संस्थाहरुको प्रभावकारी र नियमित रुपमा सघन अनुगमन गरी सर्वसाधारण बचतकर्ताको बचत रकमको सुरक्षा सुनिश्चित हुनुपर्दछ।

**ख) समस्याग्रस्त सहकारी संस्थाहरुः** स्थलगत लेखापरीक्षणको क्रममा पालिकाले उपलब्ध गराएको समस्याग्रस्त सहकारी संस्थाहरुको विवरण अनुसार तपशिल बमोजिमका १४ वटा सहकारी संस्थाहरुमा देहायका समस्या रहेको पाइयो।

| क्रसं | सहकारी संस्थाको नाम | समस्याको संक्षिप्त बेहोरा | पालिकाको कामकारबाही | कैफियत |
|---|---|---|---|---|
| १ | मेघा बचत तथा ऋण सहकारी संस्था लि. | बचत रकम फिर्ता गरीपाऊँ भनी बचतकर्ताहरुबाट उजुरी | सहकारीको खाता र जायजेथा रोक्का गरी पटक पटक छलफल तथा बचत फिर्ताको पहल गरिएको | आंशिक बचत फिर्ता भएको र फिर्ता हुने क्रम जारी |
| २ | कस्यप बचत तथा ऋण सहकारी संस्था लि. | बचत रकम फिर्ता गरीपाऊँ भनी बचतकर्ताहरुबाट उजुरी | सहकारीको खाता र जायजेथा रोक्का गरी पटक पटक छलफल तथा बचत फिर्ताको पहल गरिएको | ९०% बचत फिर्ता भएको र फिर्ता हुने क्रम जारी |
| ३ | परिचय बचत तथा ऋण सहकारी संस्था लि. | करिब रु. ६ करोड रकम हिनामिना भएको र अध्यक्ष बेपत्ता भएको भनी सञ्चालकहरुबाट उजुरी | छलफल गरी दायित्व भुक्तानी गर्ने, वित्तीय प्रगति प्रतिवेदन पेश गर्ने र पूर्ण वित्तीय विश्लेषण गर्ने निर्णय | अध्यक्ष सहित सञ्चालक समितिको बैठक बसेको |
| ४ | दर्पण बचत तथा ऋण सहकारी संस्था लि. | बचत रकम फिर्ता गरीपाऊँ भनी बचतकर्ताहरुबाट उजुरी | सञ्चालक समितिसँग बैठक सम्पन्न | बचत रकम फिर्ताको क्रम सुरु भएको |
| ५ | त्रिवेणी बचत तथा ऋण सहकारी संस्था लि. | सञ्चालकहरुले ऋण फिर्ता नगरेको र बचत रकम फिर्ता गरीपाऊँ भनी बचतकर्ताहरुबाट उजुरी | अध्यक्ष सहित सञ्चालक समितिसँग पटक पटक समन्वय बैठक सम्पन्न | बचत रकम फिर्ताको क्रम सुरु भएको |
| ६ | अनुकूल कृषि सहकारी संस्था लि. | मुद्दती निक्षेप फिर्ता गरीपाऊँ भनी ज्ञानप्रसाद गौतमबाट उजुरी | निजको मुद्दती निक्षेप फिर्ता गर्न अध्यक्षलाई फोनमार्फत निर्देशन | सहकारीको अध्यक्षलाई भेट्न पठाइएको |
| ७ | नागरिक बचत तथा ऋण सहकारी संस्था लि. | अध्यक्षले बचत हिनामिना गरेको भनी सञ्चालकहरुबाट उजुरी | अध्यक्ष सहित सञ्चालक समितिको बैठक बसी पूर्ण वित्तीय विश्लेषण गर्न निर्देशन | - |
| ८ | स्वागतम बचत तथा ऋण सहकारी संस्था लि. | ऋण असुली र कार्यालय सञ्चालन गर्न नसकेको भनी बचतकर्ताहरुबाट उजुरी | अध्यक्ष र सञ्चालकहरुबीच बैठक गरिएको | अध्यक्षलाई जिम्मेवार बनाइएको |
| ९ | डल्फिन बचत तथा ऋण सहकारी संस्था लि. | बचत रकम फिर्ता गरीपाऊँ भनी बचतकर्ताहरुबाट उजुरी | समस्या समाधान गर्न अनौपचारिक रुपमा सुझाव दिइएको | न्यून मात्रामा बचत फिर्ता भएको |
| १० | अरुणोदय बचत तथा ऋण सहकारी संस्था लि. | पूर्व अध्यक्षले बचत हिनामिना गरेको र हिसाब किताब नबुझाएको भनी सञ्चालकहरुबाट उजुरी | संस्थाको पूर्ण वित्तीय विश्लेषण गर्न निर्देशन सहित पत्राचार गरिएको | - |
| ११ | पाइला बचत तथा ऋण सहकारी संस्था लि. | बचत रकम फिर्ता गरीपाऊँ भनी बचतकर्ताहरुबाट उजुरी | अनौपचारिक र औपचारिक बैठकमा छलफल | आंशिक रुपमा बचत फिर्ताको क्रम सुरु भएको |
| १२ | सामीप्य बचत तथा ऋण सहकारी संस्था लि. | बचत फिर्ता र ऋण असुल नभएको भनी बचतकर्ताहरुबाट उजुरी | अनौपचारिक र औपचारिक बैठकमा छलफल | कुनै पनि उपलब्धी हासिल नभएको |
| १३ | स्मार्ट बचत तथा ऋण सहकारी संस्था लि. | बचत फिर्ता र ऋण असुल नभएको भनी बचतकर्ताहरुबाट उजुरी | समन्वय बैठक गरिएको | ९९% समस्या समाधान भएको |
| १४ | महेश उपभोक्ता सहकारी संस्था | बचत रकम हिनामिना भएको भनी सञ्चालकहरुबाट उजुरी | समन्वय बैठक गरिएको र समन्वयको लागि वडामा पत्राचार गरिएको | - |
| १५ | नयनतारा बचत तथा ऋण सहकारी संस्था लि. | बचत फिर्ता र ऋण असुल नभएको भनी बचतकर्ताहरुबाट उजुरी | अध्यक्ष सहित सञ्चालक समितिसँग पटक पटक समन्वय बैठक सम्पन्न | उपलब्धि नभएको, हाल सहकारीको कारोबार बन्द |

समस्या देखिएका सहकारी संस्थाहरु मध्ये अधिकांशमा बचत फिर्ता गर्न नसकेको, ऋण असुल नभएको, सञ्चालकले लिएको ऋण फिर्ता नगरेको र बचत हिनामिना लगायतका उजुरी परेको देखिँदा पालिकाले ती समस्याहरुलाई गम्भीरता पूर्वक लिई समाधानको लागि अग्रसरता लिनुपर्दछ भने यस्तो समस्या आउन नदीन नियमित र प्रभावकारी अनुगमन गरी सहकारी संस्थाहरु सहकारीताको सिद्धान्त अनुसार नै सञ्चालित हुने सुनिश्चितता प्रदान गर्नुपर्दछ।

**ग) न्यायिक प्रकृयामा रहेकोः** पालिकामा सञ्चालित सहकारी संस्थाहरु मध्ये सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., ईमेज बचत तथा ऋण सहकारी संस्था लि., बलिदानी बचत तथा ऋण सहकारी संस्था लि. र जगत कल्याण बचत तथा ऋण सहकारी संस्था लि.को सम्बन्धमा अदालतमा मुद्दा विचाराधीन रहेको देखिँदा आफ्नो कार्यक्षेत्र भित्र पर्ने सहकारीहरुमा आगामी दिनमा यस्ता समस्या आउन नदिने गरी सहकारी संस्थाहरुको सञ्चालन, व्यवस्थापन गराउने र अनुगमनमा संलग्न हुने कर्मचारीको दक्षता अभिवृद्धि गराई प्रभावकारी अनुगमन गर्ने तर्फ पालिका गम्भीर हुनुपर्दछ।

४२ **स्वीकृत सीमा र शीर्षक बाहिरको खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने उल्लेख छ। पालिकाले यस वर्ष सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई ५०% अनुदानमा मिनीटिलर वितरण कार्यक्रम शिर्षकमा विनियोजित बजेट कृषकहरुको मिनीटिलर मर्मतमा खर्च गरी भौचर नं. ६२६- ०८२।०३।२३ बाट रु. ३७५५०.००, भौचर नं. ६२८ - ०८२।०३।२३ बाट रु. ४९७१.०० र भौचर नं. ६१२ - ०८२।०३।२२ बाट रु. ४८३३७.०० समेत जम्मा रु. ९०८५८.०० भुक्तानी गरेको नियमसम्मत नदेखिँदा आगामी दिनमा सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्ने कार्य नदोहोरिने प्रतिबद्धता सहित नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ९०,८५८ |

४३ **मागको आधारमा यान्त्रीकरण सहयोग कार्यक्रमः**

पालिकाले बजेट विनियोजन गर्दा स्थानीय श्रम र सीपमा आधारित रोजगारमुखी र आयआर्जन हुने प्रकृतिको कार्यक्रमहरुमा स्रोत परिचालन गर्नुपर्दछ। साथै पालिकाले कुनै पनि संस्थालाई उपलब्ध गराएको पुँजीगत अनुदानबाट स्थानीय आम नागरिकले सुविधा प्राप्त गर्नुको साथै संस्था विघटन भएको अवस्थामा अनुदानमा उलब्ध भएको पुँजीगत सामग्रीको स्वामित्व पालिकाको नै हुने व्यवस्था हुनुपर्दछ। मागको आधारमा यान्त्रीकरण सहयोग कार्यक्रम अन्तर्गत ५०% लागत साझेदारीमा चिलिङ भ्याट मेशिन खरिद बापत पालिकाले गो.भौ.नं. ७०३ - ०८२।०३।२५ बाट श्री कालिका कृषि सहकारी संस्था लि.लाई रु. १५०००० अनुदान दिएकोमा सम्झौतामा भविष्यमा सहकारी विघटन भएमा सो सम्पत्ति पालिकाको स्वामित्व रहने व्यवस्था बेगर अनुदान दिएको देखिएकोले आम नागरिकलाई हुने थप सुविधा र विघटनको अवस्थामा अनुदानमा उपलब्ध गराइएको पुँजीगत सम्पत्ति पालिकालाई फिर्ता हुने व्यवस्था भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

४४ **शिशुवा अस्पताल अन्तर्गतका बेहोराहरु**

**आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने साथै आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै तोकिए बमोजिम फछ्र्यौट गर्नुपर्ने उल्लेख छ। पालिकाको महत्वपूर्ण खर्च केन्द्रको रुपमा रहेको शिशुवा अस्पतालको यस वर्षको आम्दानी र खर्चका कारोबार तथा कोषहरुतर्फ आन्तरिक लेखापरीक्षण भएको छैन। आन्तरिक लेखापरीक्षण नहुँदा कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने देखिँदा नियमानुसार आन्तरिक लेखापारीक्षण गर्ने तथा आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरु उपर आवश्यक कारबाही गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४५ **आय व्यय विवरणः**

अस्पतालको आर्थिक वर्ष ०८१।८२ को आयव्यय विवरण तपशिल बमोजिम रहेको छ।

| पोखरा महानगरपालिका - शिशुवा अस्पतालको आ.व. २०८१/८२ को आय-व्यय विवरण | | | | | |
|---|---|---|---|---|---|
| आय तर्फ | | | व्यय तर्फ | | |
| क्र.सं. | विवरण | रकम | क्र.सं. | विवरण | रकम |
| १ | गत सालको अल्या | २०८७४२६६.५ | १ | विविध कोष खर्च | १६३६३३१७.२६ |
| २ | धरौटी अल्या | १६३९६९ | २ | चालु खर्च | ८१५९५५५.४८ |
| | धरौटी आम्दानी | २३९८०० | ३ | पुँजीगत खर्च | २९९८६९६ |
| ३ | महानगर चालु | १११०८००० | ४ | पालिकाको सञ्चित कोषमा फिर्ता | ६२४९७४८.५२ |
| ४ | महानगर पुँजीगत | ६३००००० | ५ | पालिकाको सञ्चित कोषमा दाखिला | २२५६७१३ |
| ५ | स्वस्थ्य बीमा बोर्डबाट प्राप्त | १२६५७३२८ | | बाँकी मौज्दात | |
| ६ | जनरल | ८७४१० | ६ | विविध कोष खाता | १७१६८२७७.२४ |
| ७ | यु.ए.जी. | ४८०८४० | ७ | धरौटी खाता | ४०३७६९ |
| ८ | एक्सरे | २३१९४० | | | |
| ९ | रजिष्ट्रेशन | ७५६४० | | | |
| १० | इ.सि.जी. | ३८१४० | | | |
| ११ | डेन्टल सेवा | ११९०० | | | |
| १२ | Gyanae | २७०० | | | |
| १३ | फार्मेसी | २१४०९७ | | | |
| १४ | एम्बुलेन्स | ११०८०० | | | |
| १५ | क्यान्टिन | १९८५० | | | |
| १६ | ल्याब | ९३६६९५.५ | | | |
| १७ | अन्य आय | ४७५००.५ | | | |
| | जम्मा | ५३६०००७६.५ | | जम्मा | ५३६०००७६.५ |

अस्पताल तर्फ यस वर्ष बीमा सोधभर्ना बाहेक रु. २२५६७१३.०० आम्दानी भएकोमा सो रकम महानगरपालिकाको सञ्चित कोषमा दाखिला भएको देखिन्छ।

४६ **गत आर्थिक वर्षको छुट भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) मा चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने तर नियम ३९(१३) मा नियम ३९(१५) मा उल्लेखित खर्च शिर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचा (म.ले.प.फा.नं. २२१) मा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र प्रमाणित गराई राख्नुपर्ने उल्लेख छ। कार्यालयले नियमानुसार भुक्तानी दिन बाँकीको विवरण प्रमाणित नगराई गत आर्थिक वर्षको म्याद सकिएका औषधि तथा औषधिजन्य सामग्री धुल्याउने कार्य बापतको खर्चको सोधभर्ना छुट भएको उल्लेख गरी प्रशासन शाखा अन्तर्गतका कर्मचारीलाई [विविध खर्च शिर्षकबाट] भौचर नं. २५ - ०८१।०८।२५ बाट रु. २६०८०.०० भुक्तानी गरेको नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | २६,०८० |

४७ **विद्युत महशुल भुक्तानीमा जरिबानाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। समयमै महशुल भुक्तानी गरी छुट समेत लिन सकिने व्यवस्था भएकोमा कार्यालयले विद्युत महशुल भुक्तानीमा ढिलाइ गरेको कारण भौचर नं. २० - ०८१।०८।१९ बाट रु. ११७०००.०० विद्युत महशुल भुक्तानी गरेकोमा असोज महिनाको २५% र कार्तिक महिनाको ५% का दरले विलम्ब शुल्क बापत रु. १५११५.२१ र भौचर नं. ४४ - ०८१।१२।०२ बाट रु. २५००००.०० विद्युत महशुल भुक्तानी गरेकोमा पौष महिनाको २५% र माघ महिनाको ५% का दरले विलम्ब शुल्क बापत रु. २१२३५.०० समेत जम्मा रु. ३६३५०.२१

जरिवाना तिर्नुपर्दा सरकारी कोषमा अतिरिक्त व्ययभार परेको नियमसम्मत नदेखिएकोले आगामी दिनमा विद्युत महशुल समयमै भुक्तानी हुने र जरिवाना तिर्नु नपर्ने सुनिश्चितता हुने प्रतिबद्धता सहित नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ३६,३५० |

४८ **स्वास्थ्य बीमा अन्तर्गत सेवाको सोधभर्नाः**

अस्पतालले स्वास्थ्य बीमा बोर्डबाट सोधभर्ना प्राप्त गर्ने गरी स्वास्थ्य बीमा अन्तर्गतको स्वास्थ्य सेवा प्रवाह गरेकोमा आ.व. २०८१।०८२ मा निम्नानुसार सोधभर्ना प्राप्त भएको पाइयो।

| सि.नं. | सेवाको प्रकार | सेवा प्रवाहको कुल लागत रु. | सेवा बापत स्वीकृत दावी रकम रु. | स्वीकृत दावी मध्ये सोधभर्ना प्राप्त रु. | सोधभर्ना हुन बाँकी रु. |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य बीमा अन्तर्गत सेवा | २८४२१५२९ | नखुलेको | १२६५७३२८ | १५७६४२०१ |
| | **जम्मा** | **२८४२१५२९** | **नखुलेको** | **१२६५७३२८** | **१५७६४२०१** |

अस्पतालले सोधभर्ना प्राप्त गर्ने गरी स्वास्थ्य बीमा अन्तर्गत सेवा प्रवाह गरेकोमा आ.व. २०८१।०८२ सम्मको सोधभर्ना बाँकी रकम रु. १५७६४२०१.०० रहेको अस्पतालको अभिलेखबाट देखिन्छ। स्वास्थ्य बीमातर्फ सोधभर्ना हुन नसक्ने र सामान्य अवस्थामा समेत अनावश्यक परीक्षणहरु बढी हुँदा सोधभर्ना माग भएको अङ्क उच्च हुन सक्ने हुँदा स्वास्थ्य उपचार सम्बन्धी स्वीकृत प्रोटोकलको पूर्ण पालना गरी भुक्तानी योग्य भएमात्र स्वास्थ्य बीमा बापतको सोधभर्ना दावी हुनुपर्ने देखिन्छ। समयमै सोधभर्ना प्राप्त नहुँदा अस्पताल व्यवस्थापन समिति मार्फत सञ्चालित अन्य सेवा प्रवाहमा समेत असर पर्ने देखिँदा समयमै सोधभर्ना प्राप्त हुने गरी स्वास्थ्य बीमा अन्तर्गतको सेवा प्रवाह व्यवस्थापन हुनुपर्दछ।

४९ **दरबन्दी तथा पदपूर्तिः**

अस्पतालको सेवा प्रवाहलाई चुस्त रुपमा सञ्चालन गर्न दरबन्दी बमोजिम पदपूर्ति हुनुपर्दछ। अस्पतालको लागि कार्यालय प्रमुख समेत २८ जनाको दरबन्दी रहेकोमा २७ पदमा पदपूर्ति भएको छ भने कार्यालय प्रमुखको रुपमा रहने वरिष्ठ मेडिकल सुपरिन्टेन्डेण्टको पद रिक्त रहेको पाइयो। अस्पताल प्रमुखको पद रिक्त रहेकोले अस्पतालको सेवा प्रवाहमा असर पर्न सक्ने हुँदा रिक्त पदमा समयमै दरबन्दी अनुसार पदपूर्ति गराई अस्पतालको सेवा प्रवाहलाई प्रभावकारी बनाउने तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

५० **सेवा प्रवाहको अवस्थाः**

लेखापरीक्षणको क्रममा उपलब्ध गराइएको विवरणमा अस्पतालले यस वर्ष निम्नानुसार १६ प्रकारका स्वास्थ्य सेवा प्रदान गरेको उल्लेख छ। मुख्य सेवाहरुको २ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार रहेको पाइयो।

| क्र.सं. | सेवाको प्रकार | ०८०/८१ | ०८१/८२ | कैफियत |
|---|---|---|---|---|
| १ | OPD | २३७०२ | ३०७६३ | |
| २ | आकस्मिक सेवा | १०५३ | ११२५ | |
| ३ | प्रसूति शल्यक्रिया | ० | ० | |
| ४ | प्रयोगशाला सेवा | ३९६३० | ३५२६६ | Thyroid परीक्षण सेवा थप भएको |
| ५ | Xray सेवा | ३००१ | २६६९ | |
| ६ | ECG | १०४८ | १०४७ | |
| ७ | USG | २०२५ | २३६६ | |
| ८ | गर्भपतन | १२५ | १६१ | |
| ९ | IUCD | २१० | २२० | |
| १० | Implant | ६६८ | ६७६ | |
| ११ | TB | १३ | ७ | |
| १२ | FCHV | १० | ९ | |
| १३ | ANCAnyTime | १४३ | ३७४ | |
| १४ | Normaldelivery | २६ | १२ | |
| १५ | PAC | ३ | ८ | |
| १६ | दन्त सेवा | ० | २४ | यस वर्ष नयाँ सेवा थप गरिएको |
| | **जम्मा** | **७१६५७** | **७४७२७** | |

अस्पतालले गत वर्ष ७१६५७ जनालाई सेवा प्रवाह गरेकोमा यस वर्ष ७४७२७ जनालाई सेवा प्रवाह गरेको देखिन्छ। अस्पतालले यस वर्ष थाइराइड परीक्षण तथा दन्त सेवा थप गरेको पाइयो। अस्पतालमा उपलब्ध स्वास्थ सेवाको बारेमा प्रचार प्रसार तथा विश्वसनीयता प्रवर्द्धन गर्दै दरबन्दी बमोजिम विशेषज्ञ चिकित्सकको व्यवस्था गरी प्रभावकारी रुपमा सेवा प्रवाह व्यवस्थापन गर्नुपर्दछ।

५१ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धी तथा पारदर्शी रुपमा खरिद हुनुपर्दछ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले खरिदलाई प्रतिस्पर्धी बनाउन खरिद योजना बनाई प्याकेजिङ गर्न मिल्ने खरिदलाई प्याकेजिङ गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा सो नगरी पटक पटक सोझै खरिद गरेको पाइयो। अस्पतालले आ.व. २०८१।८२ मा विभिन्न ल्याब तथा सर्जिकल सामग्री पटक पटक सोझै खरिद गरी रु. १४ लाख ७८ हजार खर्च गरेको पाइयो। सोझै खरिद गरिएका सामग्रीहरुको गुणस्तर र मूल्यमा प्रतिस्पर्धा संकुचित हुन जाने र खरिदको लागत समेत बढ्ने हुनाले माग र आवश्यकताको विश्लेषणको आधारमा वार्षिक खरिद योजना र लागत अनुमान तयार गरी खरिद नियमावली बमोजिम प्रतिस्पर्धी तरिकाले खरिद गर्नुपर्दछ।

| क्र.सं. | सामग्रीको विवरण | भौचर नं. | खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| १ | २० आइटम सर्जिकल समाग्री | १२ -०८१।०७।०४ | ३३८४९४ | सन्देश साइन्स हाउस |
| २ | २५ आइटम ल्याब सामग्री | ५० -०८१।१२।२० | ४१८५२९ | सन्देश साइन्स हाउस |
| ३ | ६ आइटम ल्याब सामग्री | ४६ -०८१।१२।२० | २६२७२५ | एसियन ग्लोबल ट्रेडिङ |
| ४ | विभिन्न ल्याब सामग्री | ४९ -०८२।०३।२० | ४५८१०२ | एक्सिस मेडिबिज |
| | **जम्मा** | - | **१४७७८५०** | - |

५२ **गण्डकी बहुप्राविधिक शिक्षालय अन्तर्गतका बेहोराहरू**

**शिक्षालय सञ्चालन कार्यविधिः**

पोखरा महानगरपालिकाको गण्डकी बहुप्राविधिक शिक्षालय ऐन, २०७६ को दफा ७ मा उल्लेखित सञ्चालक समितिको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार शिक्षालयको उद्देश्य परिपूर्ति गर्न, सञ्चालन, संरक्षण, निरीक्षण र व्यवस्थापन गर्ने गराउने कार्य सञ्चालक समितिको रहेको छ। शिक्षालयको आम्दानीको उपयोग, छात्रवृत्ति तथा शिक्षालयमा थप विषय अध्ययन गर्ने गराउने देखि दैनिकी कार्य सञ्चालन सम्मका सम्पूर्ण कार्य सञ्चालक समितिको निर्णयबाट गरिने गरी व्यवस्था गरेको पाइयो। शिक्षालयको दैनिकि कार्य सञ्चालन, कोषको सामान्य प्रयोग र उपयोग तथा अन्य कार्य सञ्चालनको लागि छुट्टै कार्यविधि बनाई लागु गरेको देखिएन। यस आर्थिक वर्षमा शिक्षालयले गरेको आम्दानी महानगरपालिकाको सञ्चित कोषमा जम्मा गर्ने सम्बन्धी निर्णय गर्न दुई पटक सञ्चालक समितिको बैठक बसी २०८१ फागुन सम्म उठेको राजश्व रु. १८१२९०४५.०० सञ्चित कोष दाखिला गर्ने निर्णय गरी दाखिला गरेको पाइयो

भने सञ्चालक समितिको निर्णय बमोजिम २०८२ फागुन १३ मा . ६२५०००.०० धरौटी खातामा र रु. ६०५०६६५.०५ शिक्षालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको विविध खर्च खातामा जम्मा गरेको देखियो । शिक्षालय सञ्चालन कार्यविधिलाई स्पष्ट बनाई तोकिएको समयमै सञ्चालक समितिको बैठक बस्ने र सोको निर्णय बमोजिम राजस्व दाखिला हुने व्यवस्था मिलाउनुपर्दछ।

५३ **आन्तरिक आयको परिचालनः**

शिक्षालयले गरेको आम्दानी र गत विगतको बाँकी रहेको मौज्दात रकम समेत गर्दा हुने कुल रकमबाट महानगरको सञ्चितकोषमा दाखिला गरेको रकम कट्टी गर्दा बाँकी रहने मौज्दात रकम बैंकको वास्तविक मौज्दात सँग भिडान हुनुपर्दछ। शिक्षालयले धरौटी समेत यस वर्ष प्राप्त गरेको आम्दानी रु. १६१२४९८५.०० र गत वर्षको मौज्दात रु. १८९९४१३७.०५ समेत कुल रु. ३५११९१२२.०५ भएकोमा मिति २०८१।०४।१३ र मिति २०८१।०८।१६ को सञ्चालक समितिको बैकठको निर्णय अनुसार रु. १८१२९०४५.०० महानगरपालिकाको राजश्व खातामा, रु. २८९२०००.०० धरौटी खातामा र रु. ७४२२४१२.०० शिक्षालयको विविध खर्च खातामा ट्रान्सफर गर्ने निर्णय भएको पाइयो। सञ्चालक समितिको निर्णय अनुसार आर्थिक वर्ष २०८०।८१ मा राजश्व खातामा ट्रान्सफर गर्न बाँकी रहेको रु. ९२६८९२५.०० र यस आर्थिक वर्षको मिति २०८१।०८।१४ सम्म (नगदी रसिद नं. १ देखि २५६ सम्म) सङ्कलन भएको रकम रु. ८८,६०,१२०.०० महानगरको राजश्व खातामा जम्मा गर्ने निर्णय गरेको पाइयो। यसका साथै आर्थिक वर्ष २०८०।८१ भन्दा अगाडि देखि यस शिक्षालयको बैंक खातामा जम्मा रहेको रु. ७४२२४१२.०० शिक्षालयको विविध खर्च खातामा ट्रान्सफर गर्ने निर्णय समेत भएको पाइयो। यस आर्थिक वर्षको मिति २०८१।०८।१५ देखि २०८२।०३।३१ सम्म शिक्षालयले गरेको आम्दानी रकम रु. ६६७५६६५.०५ शिक्षालयको कामना सेवा विकास बैंकमा रहेको खातामा मौज्दात रहेको मा मिति २०८२।११।१३ मा रु. ६२५०००.०० धरौटी खातामा र रु. ६०५०६६५.०५ शिक्षालयको विविध खर्च खातामा जम्मा गरेको देखियो । कार्यविधिले तोके अनुसार शिक्षालयको सञ्चालक समितिको बैठक बसी प्राप्त आम्दानी व्यवस्थापन गर्ने सम्बन्धमा समयमै निर्णय गर्नुपर्दछ।

| क्र.सं | आयको स्रोत | रकम | |
|---|---|---|---|
| १ | गत आ.व.को अल्या | १८९९४१३७.०५ | |
| २ | यस आ.व.को आय | | |
| | (क) बसको आम्दानी | ८६४०२२ | |
| | (ख) धरौटी | ६२५००० | |
| | (ग) भर्ना परीक्षा तथा विविध | १३२८५९० | |
| | (घ) शिक्षण शुल्क | १३३०७३७३.०० | |
| जम्मा आय (क) | | ३५११९१२२.०५ | |
| कोषमा पठाएको | | ७४२२४१२ | |
| धरौटी खातामा पठाएको | | २८९२००० | |
| महानगरपालिका पठाएको | | १८१२९०४५ | मिति २०८२।११।१३ मा मौज्दात मध्येको रु. ६२५०००.०० धरौटी खातामा र बाँकी रु. ६०५०६६५.०५ विविध खर्च खातामा जम्मा गरेको । |
| जम्मा खर्च (ख) | | २८४४३४५७ | |
| हुनु पर्ने मौज्दात (ग)= (क-ख) | | ६६७५६६५.०५ | |
| मौज्दात रकम | | | |
| १ | कामना सेवा विकास बैंक | ६६७५६६५.०५ | |
| जम्मा मौज्दात (घ) | | ६६७५६६५.०५ | |

**द्रष्टब्यः** यस शिक्षालयले नियुक्त गरेको दर्तावाला लेखापरीक्षक श्री जि.एन. पाण्डे एण्ड एसोसिएट्सले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा यस वर्षको आम्दानी रु. १६०३५०४५.०० रहेको भनी उल्लेख गरेकोमा प्राप्त राजश्वको प्रमाणित आर्थिक विवरण अनुसार रु. १६१२४९८५.०० आम्दानी गरेको देखियो। शिक्षालयले दिएको जानकारी अनुसार विद्यार्थीले अनलाईनबाट खातामा रकम जम्मा गरेको तर दावी गरी रसिद माग गर्न नआएको हुँदा सो समयमा आम्दानी नबाँधेकोले रु. ८९९४०.०० रकम फरक पर्न गएको भनी जानकारी गराएको छ। शिक्षालयमा आर्थिक वर्षको अन्त सम्म प्राप्त रकमको आम्दानी बाँधी अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५४ **शिक्षालयको लेखापरीक्षणः**

पोखरा महानगरपालिकाको गण्डकी बहुप्राविधिक शिक्षालय ऐन, २०७६ को दफा २०(२) ले शिक्षालयको आन्तरिक लेखापरीक्षण महानगरपालिकाको आन्तरिक लेखापरीक्षकले तथा अन्तिम लेखापरीक्षण स्वीकृत लेखापरीक्षकबाट हुने व्यवस्था गरे बमोजिम महानगरपालिकाबाट शिक्षालयलाई अनुदान दिएको र शिक्षालयलले आन्तरिक आम्दानीबाट गरेको खर्चका कारोबारको लेखापरीक्षण सोही ऐन बमोजिम नियुक्त भएका लेखापरीक्षकले गरेको देखिदा उक्त ऐनमा संस्थाको अन्तिम लेखापरीक्षण सम्बन्धमा गरेको व्यवस्था उपयुक्त देखिएन। महानगरपालिका अन्तर्गतको छुट्टै खर्च केन्द्रको रुपमा कायम रही महानगरपालिकाबाट निकासा भएको अनुदानबाट खर्च लेख्ने गरेको तथा महानगरपालिकाको स्वामित्वको यस शिक्षालयको अन्तिम लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षण ऐन,२०७५ लागु हुने हुँदा उक्त ऐनमा भएको व्यवस्था उपयुक्त देखिएन।

५५ **विद्यालय व्यवस्थापन प्रणाली जडानः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध स्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ। यस शिक्षालयमा अध्ययनरत ३३३ विद्यार्थीको अभिलेख अद्यावधिक राख्ने गरी प्रति विद्यार्थी रु. १५०.०० का दरले वार्षिक रु. ५० हजार भुक्तानी गर्ने गरी प्रगति ईन्कर्पोरेसन प्रा.लि.बाट VEDA Software जडान गरेको पाइयो। सफ्टवेयर जडान बापत आपूर्तिकर्ताले रु. ५० हजार माग गरेको भए तापनि विद्यालयले गो.भौ.नं. ३१ - ०८०।१०।१८ बाट रु. ४० हजार मात्र भुक्तानी गरेको पाइयो। आपूर्तिकर्ताले प्रतिवर्ष प्रति विद्यार्थी रु. १५०.०० का दरले रकम माग गर्ने भएकोले वर्षेनि खर्च गर्नुपर्ने गरी खरिद सम्झौता गर्दा सो प्रणालीको उपयोगिता, सोबाट प्राप्त लाभ र भविष्यमा निरन्तरता दिन उपयुक्त हुने नहुने सम्बन्धमा समेत विचार गरेर मात्र खरिद सम्झौता गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

५६ **छात्रवृत्ति मापदण्डः**

पोखरा महानगरपालिकाको गण्डकी बहुप्राविधिक शिक्षालय ऐन, २०७६ को दफा १५ मा छात्रवृत्ति सम्बन्धी सम्पूर्ण व्यवस्था प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा निर्दिष्ट मान्यता र महानगर प्रमुख अध्यक्ष रहेको विद्यालय सञ्चालक समितिद्वारा तोकिए बमोजिम हुने व्यवस्था रहेको छ। सञ्चालक समितिको मिति २०७८।१२।१६ मा बसेको बैठकको निर्णय नं. ४ मा छात्रवृत्तिको लागि ५ वटा आरक्षण सम्बन्धी व्यवस्था गरी सो कोटा भित्र पर्ने विद्यार्थीलाई प्रथम वर्षको वार्षिक शुल्कमा ४० प्रतिशत, दोस्रो वर्षको वार्षिक शुल्कमा ३० प्रतिशत र तेस्रो वर्षको वार्षिक शुल्कको ३० प्रतिशतका दरले छुट हुने गरी निर्णय गरेको पाइयो। छात्रवृत्ति सम्बन्धी निर्णय गरेको ४ वर्ष बितीसक्दा समेत सो सम्बन्धी व्यवस्थामा कुनै संशोधन गरेको देखिएन। छात्रवृत्तिको लागि छुट्याइएको कोटामा सो अनुसारका विद्यार्थी सफल हुन नसकेको खण्डमा के हुने, तोकिएका ५ वटा आरक्षण कोटाको प्रतिशतमा कुनै संशोधन गर्नु पर्ने वा नपर्ने तथा नयाँ आरक्षण कोटा थप गर्नु पर्ने/नपर्ने सम्बन्धमा कुनै थप निर्णय गरेको देखिएन। यस वर्ष सम्म कुल ३३३ विद्यार्थी मध्ये १०५ जना विद्यार्थीले छात्रवृत्ति सम्बन्धी सुविधाको उपभोग गरिरहेको पाइयो। अध्ययन गर्ने विद्यार्थी प्रत्येक वर्ष थप/घट हुँदै जाने तर छात्रवृत्ति सम्बन्धी व्यवस्थामा कुनै परिवर्तन नहुँदा छात्रवृत्तिको लागि योग्य नयाँ आउने विद्यार्थीले सो अनुसारको छात्रवृत्ति प्राप्त गर्नबाट वञ्चित हुनु पर्ने अवस्था आउन सक्ने हुँदा विद्यार्थीको आवश्यकता, माग तथा विद्यार्थीको उपलब्धता अनुसार छात्रवृत्ति सम्बन्धी व्यवस्थामा समेत आवश्यक संसोधन गर्ने गरी प्रत्येक वर्ष अद्यावधिक गरिनु पर्दछ।

| क्र.सं. | छात्रवृत्तिकोविवरण | छत्रवृत्ति प्रतिशत |
|---|---|---|
| १ | जेहेन्दार/खुल्ला | १७ |
| २ | महिला | ३३ |
| ३ | आदिवासी/जनजाति | १७ |
| ४ | दलित एवंअल्पसंख्यक | १७ |
| ५ | अपाङ्ग शहिद परिवार तथा जन आन्दोलनका घाइते | १६ |

५७ **विविध कोषको अवस्थाः**

यस शिक्षालयलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, गण्डकी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय र शिक्षालयको आन्तरिक स्रोतबाट प्राप्त रकम समेत शिक्षालयको विविध कोषमा रहने र सो कोषबाट खर्च लेख्दा शिक्षालय सँग सम्बन्धित कर्मचारी तथा शिक्षालयको दैनिक सञ्चालनको लागि आवश्यक पर्ने क्षेत्रमा खर्च गर्ने गरेको पाइयो। यस कोषमा गत वर्षको आल्या र यस वर्षको आम्दानी सहित कुल रु. १३६२४४४२.०० आम्दानी रहेकोमा रु. ७१६८०३८.५० खर्च गरी रु. ६४५६४०३.५० मौज्दात रहेको पाइयो। शिक्षालयको मजबुत आर्थिक अवस्था र भविष्यको दायित्व समेत वहन गर्न सक्ने अवस्थाका लागि शिक्षालयको आम्दानी यस कोषमा ल्याई उपयुक्त व्यवस्थापन गर्ने तर्फ महानगरपालिकाले ध्यान दिनुपर्दछ।

| क्र.सं. | आम्दानीको स्रोत | गत वर्षको अल्या | चालु आ.व.को आम्दानी | कुल आय | चालु आ.व.को खर्च | मौज्दात |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक, CTEVT, सामाजिक विकास मन्त्रालय | १६६४७६४ | ११९५९६७८ | १३६२४४४२ | ७१६८०३८.५ | ६४५६४०३.५ |

५८ **शिक्षा महाशाखा अन्तर्गतका बेहोराहरु**

**शिक्षा तर्फः**

स्थानीय सरकार सञ्चालन ऐन - २०७४ को दफा ११ को उपदफा २(ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ। पालिकाको शिक्षा तर्फ मुख्यतया निम्न बेहोरा देखिएका छन्।

**क) शिक्षक विद्यार्थी अनुपातः** पालिकामा जम्मा २०३ विद्यालय रहेकोमा ती विद्यालयमा रहेका शिक्षक दरबन्दी र विद्यार्थी संख्याको अनुपात देहाय बमोजिम रहेको छ।

| विद्यालय संख्या | विद्यार्थी संख्या | प्रति विद्यालय औसत विद्यार्थी | शिक्षक दरबन्दी | शिक्षक पदपूर्ति | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| २०३ | ४१३०१ | २०३.४५ | २१४६ | २१४६ | १:१९ ( करिब) |

**ख) प्रति विद्यार्थी लागतः** पालिकामा रहेका २०३ विद्यालयमा पालिकाले यस वर्ष संघीय सशर्त तर्फबाट गरेको निकासा तथा शिक्षा अन्तर्गतको अन्य खर्चको आधारमा पालिकाको प्रति विद्यार्थी औसत लागत देहाय बमोजिम रहेको छ।

| विद्यार्थी संख्या | वार्षिक निकासा तथा खर्च रकम रु. | | | | | प्रति विद्यार्थी औसत लागत |
|---|---|---|---|---|---|---|
| | शिक्षक/कर्मचारी तलब भत्ता | दिवा खाजा | पाठ्य पुस्तक | अन्य | जम्मा निकासा | |
| ४१३०१ | १२०२२४५२६० | ४७३८६४१२ | २२५६१७९५ | १५०८०४७४३ | १४२२९९८२१० | ३४४५४.३३ |

ठूलो क्षेत्रमा फैलिएको यस महानगरपालिकाको ग्रामीण क्षेत्रमा भौगोलिक विकटता र बढ्दो बाह्य बसाईंसराइको कारण शिक्षक विद्यार्थी अनुपात न्यून तर प्रति विद्यार्थी वार्षिक औसत लागत उच्च देखिएको अवस्थामा विकट ग्रामीण क्षेत्रमा बसोबास गर्ने र स्थानीय सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने गरी सामुदायिक विद्यालयहरुको सञ्चालन, व्यवस्थापन र नियमन हुनुपर्दछ।

५९ **सेनिटरी प्याड वितरण तथा व्यवस्थापनः**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २०(६) मा सेनिटरी प्याड वितरणको कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्ने सन्दर्भमा स्थानीय तहले विद्यालयको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्क सँग सत्यापन गरी सेनिटरी प्याड आवश्यक पर्ने छात्राहरुको संख्याको आधारमा विद्यालयहरुको खातामा रकम निकासा गर्न सक्ने उल्लेख छ। सोही व्यवस्था बमोमजिम पालिकाले शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्क अनुसार १०० वटा सामुदायिक विद्यालयमा कक्षा ६ - १२ मा अध्ययनरत १४४९९ जना छात्राहरुको लागि १० महिनाको लागि प्रति महिना २ प्याकेट हुने गरी निःशुल्क सेनिटरी प्याड वितरण तथा व्यवस्थापनको लागि प्रति छात्रा वार्षिक रु. ६५० को दरले हुन आउने रकमको ६० प्रतिशत रकम बापत भौचर नं. ४५ - ०८२।०२।०८ बाट रु. ५५३७६१०.०० विद्यालयहरुको खातामा निकासा गरेको पाइयो।

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १५(क) मा स्थानीय तहभित्रका सामुदायिक विद्यालयका छात्राहरुलाई आवश्यक पर्ने सेनिटरी प्याड समयमै खरिद तथा वितरण भए नभएको अनुगमन गर्ने काम, कर्तव्य तथा अधिकार उपप्रमुखको संयोजकत्वमा रहने स्थानीय तहस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिको हुने उल्लेख भएकोमा सो सम्बन्धमा अनुगमन भएको र प्रतिवेदन गरेको पाइएन। सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी सुरक्षा सामग्री उपलब्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणबाट विद्यालय छाड्ने समस्या आउन नदिने र गुणस्तरीय शिक्षाको प्रत्याभूति हुने गरी सेनिटरी प्याडको वितरण तथा व्यवस्थापन सुनिश्चित हुनुपर्दछ।

६० **बहाल आम्दानीमा करः**

पोखरा महानगरपालिका आर्थिक ऐन, २०८० को दफा ४ अनुसार पोखरा महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कशप, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (६) बमोजिम कर लगाई मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक रुपमा असुल गरिने उल्लेख छ। अनुसूची (६) मा उल्लेख भए बमोजिम सरकारी निकाय तथा अन्य संघ संस्था र लिमिटेड कम्पनीले बहाल आम्दानीको ७% बहाल कर तिर्नुपर्ने उल्लेख छ। घर तथा जग्गा लगायतका सम्पत्ति बहालमा लगाई आम्दानी प्राप्त गर्ने व्यक्ति, संस्था तथा कम्पनीबाट महानगरपालिकाको सभाले स्वीकृत गरेको आर्थिक ऐन बमोजिमको कर तथा शुल्क असुल हुनुपर्दछ। सामुदायिक विद्यालयहरुले महानगरपालिकामा पेश गरेको आर्थिक वर्ष ०८०।८१ को लेखापरीक्षण प्रतिवेदनहरुको आधारमा तपशिल बमोजिमका ६ वटा विद्यालयहरुले आर्थिक ऐन बमोजिम तिर्नुपर्ने बहाल कर बापत रु. ९७८७०२.०० तिर्न बाँकी रहेको देखिँदा सम्बन्धित विद्यालयबाट असुल गरी स्थानीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

| सामुदायिक विद्यालयहरुको ०८०।८१ को बहाल आम्दानी तथा तिर्न बाँकी बहाल कर सम्बन्धी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **विद्यालयको नाम** | **वडा नं.** | **आम्दानी** | **७% ले हुने कर** | **तिरेको** | **तिर्न बाँकी** | **कैफियत** |
| १ | त्रिभुवन शान्ति मा.वि. | ३० | २९८७१० | २०९१० | ० | २०९१० | |
| २ | ज्ञानभूमि मा.वि. | ३ | ६६३७३८ | ४६४६२ | ० | ४६४६२ | |
| ३ | कालिका मा.वि. | १० | ३३६८४१९ | २३५७८९ | ० | २३५७८९ | |
| ४ | शिवशक्ति मा.वि. | ११ | १६३००० | ११४१० | ० | ११४१० | |
| ५ | छोरेपाटन मा.वि. | १७ | ९४८७५८८ | ६६४१३१ | ० | ६६४१३१ | |
| | **जम्मा** | | **१३९८१४५५** | **९७८७०२** | **०** | **९७८७०२** | |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२२,०९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,७८,७०२ |

६१ **सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.१०.१३ - विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत स्थानीय तहले विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी परिचय पत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियकलाप सञ्चालनका लागि आधारभूत तह सञ्चालित प्रत्येक विद्यालयलाई रु. १० हजार र माध्यमिक तह सञ्चालित प्रत्येक विद्यालयलाई रु. १५ हजार एकमुष्ट अनुदान वार्षिक रुपमा उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण लगायतका कार्यको लागि आधारभूत तह सञ्चालित १३१ वट विद्यालयहरुलाई प्रति विद्यालय रु. १० हजारका दरले रु. १३१००००.०० र माध्यमिक तह सञ्चालित ७१ वटा विद्यालयहरुलाई प्रति विद्यालय रु. १५ हजारका दरले रु. १०६५०००.०० समेत जम्मा रु. २३७५००००.०० निकासा दिएकोमा तपशिल बमोजिमका विद्यालयको आर्थिक लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन २०८२ फागुन मसान्त सम्म पनि पालिकामा पेश भएको पाइएन। तसर्थ सम्बन्धित विद्यालयहरुबाट लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश हुनुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | निकासा रु. |
|---|---|---|---|
| १ | रत्ना आ.वि. | १ | १०००० |
| २ | विन्ध्यवासीनि मा.वि. | २ | १५००० |
| ३ | तालवाराही मा.वि. | ६ | १५००० |
| ४ | जनप्रिय मा.वि. | ८ | १५००० |
| ५ | राम नि.मा.वि. | ८ | १५००० |
| ६ | अमरसिंह मा.वि. | १२ | १५००० |
| ७ | भद्रकाली मा.वि. | १२ | १५००० |
| ८ | रतनपाण्डे मा.वि. | १३ | १५००० |
| ९ | शुक्रराज बलभद्र मा.वि. | १४ | १५००० |
| १० | विद्याज्योति मा.वि. | १८ | १५००० |
| ११ | अम्विका मा.वि. | २५ | १५००० |
| १२ | गौरीशंकर मा.वि. | २५ | १५००० |
| | जम्मा | | १७५००० |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७५,००० |

६२ **विद्यालय कोषको सञ्चालनः**

शिक्षा नियमावली - २०५९ को नियम १६९(५) मा विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय कोषको रकम नजिकैको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्न सकिने उल्लेख छ। पालिकामा पेश भएको विद्यालयहरुको आर्थिक वर्ष ०८०।८१ र ०८१।८२ को लेखापरीक्षण प्रतिवेदन अनुसार पालिका अन्तर्गतका विद्यालयले विद्यालय कोषको रकम स्थानीय सहकारीमा जम्मा गरेको र नगद मौज्दात राखेको सम्बन्धी विवरण तपशिल बमोजिम रहेको पाइयो।

| **सार्वजनिक विद्यालयको कोषको रकम नगद मौज्दात सम्बन्धी विवरण** | | | |
|---|---|---|---|
| **आर्थिक वर्ष** | **विद्यालय संख्या** | **मौज्दात रु.** | **कैफियत** |
| ०८०।८१ | ४५ | ५२५४१६४ | २०१ विद्यालयको लेखापरीक्षण प्रतिवेदन पेश भएको |
| ०८१।८२ | ४३ | ९२०५६९२ | १८० विद्यालयको लेखापरीक्षण प्रतिवेदन पेश भएको |
| **सार्वजनिक विद्यालयको कोषको रकम सहकारीमा मौज्दात सम्बन्धी विवरण** | | | |
| **आर्थिक वर्ष** | **विद्यालय संख्या** | **मौज्दात रु.** | **कैफियत** |
| ०८०।८१ | ५४ | ७३११६५०३ | २०१ विद्यालयको लेखापरीक्षण प्रतिवेदन पेश भएको |
| ०८१।८२ | ४५ | ४४८८१०९७ | १८० विद्यालयको लेखापरीक्षण प्रतिवेदन पेश भएको |

पालिकामा पेश भएको आर्थिक वर्ष ०८०।८१ को २०१ वटा विद्यालयको लेखापरीक्षण प्रतिवेदन अनुसार ४५ विद्यालयले रु. ५२ लाख ५४ हजार १६४ नगद मौज्दात राखेको र ५४ विद्यालयले स्थानीय सहकारीमा रु. ७ करोड ३१ लाख १६ हजार ५०३ जम्मा गरेको देखिन्छ। यस वर्षको हकमा ०८२ फागुन मसान्त सम्म पालिकामा पेश भएको १८० वटा विद्यालयको आर्थिक वर्ष ०८१।८२ को लेखापरीक्षण प्रतिवेदन परीक्षण गर्दा ४३ विद्यालयले रु. ९२ लाख ५ हजार ६९२ नगद मौज्दात राखेको र ४५ विद्यालयले रु. ४ करोड ४८ लाख ८१ हजार ९७ स्थानीय सहकारीमा जम्मा गरेको देखिन्छ।

नियमानुसार विद्यालयको कोषको रकम नजिकैको बैङ्कमा खाता खोली राख्नुपर्नेमा जोखिमयुक्त सहकारीमा जम्मा गरेको तथा ठूलो रकम नगद मौज्दातको रुपमा राखेको देखिएकोले नियमानुसार बैंकबाट विद्यालयको कोष सञ्चालन हुने व्यवस्था मिलाउनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६३ **दिवा खाजा कार्यक्रमः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वियन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.११.१ - तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान अन्तर्गत स्थानीय तहले प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी प्रतिदिन रु. १५ का दरले विद्यालयमा उपस्थित भएको दिनमा मात्र एक वर्षमा बढीमा १८० दिनको दिवा खाजा बापतको रकम सम्बन्धित विद्यालयलाई उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकामा दिवा खाजा

कार्यक्रमको लागि यस वर्ष विनियोजन भएको रकमबाट पालिकाले बाल विकास कक्षा देखि ५ कक्षा सम्म अध्ययनरत १८३३० जना विद्यार्थीको दिवा खाजा बापत १९२ वटा सामुदायिक विद्यालयलाई तपशिल बमोजिम जम्मा रु. ७ करोड १२ लाख ४८ हजार निकासा गरेको छ।

| संघीय सशर्त अनुदान | महानगरपालिकाबाट थप | जम्मा निकासा | कैफियत |
|---|---|---|---|
| ४७३८६४१२ | २३८६१४३९ | ७१२४७८५१ | महानगरपालिकाले आन्तरिक बजेट अन्तर्गत समानीकरण अनुदानबाट प्रतिविद्यार्थी रु. १० थप गरेको। |

पालिकाले आन्तरिक स्रोतबाट दिवा खाजाको लागि थप अनुदान निकासा गर्ने निर्णय गरी समानीकरण अनुदानबाट बजेट विनियोजन गरेको देखिँदा यसरी थप अनुदान निकासा गर्दा आन्तरिक स्रोतको आयलाई अभिवृद्धि गरी सोही आधारमा विनियोजन गर्ने तर्फ ध्यान दिनुपर्दछ भने दिवा खाजा कार्यक्रमको नियमित अनुगमन गरी प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन हुनुपर्दछ।

६४ **छात्रवृत्ति सम्बन्धी व्यवस्थाको कार्यान्वयनः**

शिक्षा नियमावली, २०५९ को नियम १५१(१) मा विद्यालयले प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीलाई क्रमशः सतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनुपर्ने र नियम १५१(२) मा संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघटाई गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने उल्लेख छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार शैक्षिक शत्र २०८२ मा कक्षा ११ मा छात्रवृत्ति अन्तर्गत अध्ययनको लागि २७८५ विद्यार्थीले आवेदन गरेकोमा ५०३ विद्यार्थी छनोट भई छात्रवृत्तिको लागि सिफारिस गरिएको पाइयो।

| क्र.सं. | विषय | आवेदक संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मानविकी | ३ | २ | |
| २ | विज्ञान | १८८७ | १६२ | |
| ३ | व्यस्थापन | ६७८ | २४१ | |
| ४ | होटेल व्यस्थापन | १९६ | ८० | |
| ५ | कानून | २१ | १८ | |
| | **जम्मा** | **२७८५** | **५०३** | |

उपलब्ध विवरण अनुसार महानगर क्षेत्रभित्र २५४ वटा संस्थागत विद्यालयहरु सञ्चालनमा रहेका छन्। पालिकाले आफ्नो क्षेत्रभित्रका सामुदायिक र संस्थागत विद्यालयहरुको अनुगमन गरी छात्रवृत्ति कार्यक्रमको कार्यन्वयनलाई पारदर्शी र जवाफदेही बनाउन छात्रवृत्ति प्रदान गर्ने विद्यालय, छात्रवृत्ति पाउने विद्यार्थी र छात्रवृत्ति वापतको वित्तीय तथ्याङ्कलाई पालिका र सम्बन्धित विद्यालयको वेबसाइटबाट सार्वजनिक गर्ने गराउने व्यवस्था मिलाउनुपर्दछ। कक्षा ११ को लागि महानगरपालिकाले छनोट परीक्षा लिने र विद्यार्थी सिफारिस गर्ने गरेकोमा सो सिफारिसको कार्यान्वयन तथा प्रारम्भिक बाल विकास देखि कक्षा १० सम्म संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको लागि नियमावली बमोजिमको छात्रवृत्ति सुविधा कार्यान्वयन सम्बन्धमा समेत तदारुकताको साथ नियमित अनुगमन, मूल्याङ्कन, निर्देशन र पृष्ठपोषण गर्ने तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ।

६५ **युवा तथा खेलकुद विकासः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। तसर्थ बजेट विनियोजन तथा खर्च गर्दा आर्थिक तथा सामाजिक लाभ उच्च हुने उत्पादनमुलक प्रकृतिको कार्यक्रमहरुमा औचित्य पुष्टि हुने गरी स्रोत परिचालन गर्नुपर्दछ। पालिकाले यस आर्थिक वर्ष शिक्षा महाशाखा मार्फत विभिन्न खेलकुद प्रतियोगिता सञ्चालनको लागि रु. ७१ लाख विनियोजन गरेकोमा तपशिल बमोजिम रु. ५० लाख ४७ हजार खर्च गरेको पाइयो।

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजन रु. | खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालय र क्लब स्तरीय क्रिकेट प्रतियोगिता | ५००००० | ५००००० | पोखरा क्रिकेट संघ |
| २ | अन्तर वडा भलिबल प्रतियोगिता | ५००००० | ५०००० | विन्देश्वरी युथ क्लब |
| ३ | मेयर कप खेलकुद प्रतियोगिता | १०००००० | १०००००० | राष्ट्रपति रनिङ शिल्डको लागि खेलाडी छनोट |
| ४ | युवा क्लबलाई खेल सामग्री हस्तान्तरण | २००००० | १९८३३५ | |
| ५ | अन्तर वडा फुटबल प्रतियोगिता | ७००००० | ७००००० | हेम्जा युनाइटेड |
| ६ | पारा खेलकुद प्रतियोगिता | ५००००० | २०९६१७ | |
| ७ | रग्बी प्रतियोगिता | ५००००० | ४८८८९४ | नेपाल रग्बी संघ |
| ८ | पोखरा खेलकुद महोत्सव | ६००००० | ४००००० | कराते तथा मुवाथाइ संघ |
| ९ | पोखरा अन्तर्राष्ट्रिय म्याराथन | २६००००० | १५००००० | भूपू खेलाडी मञ्च |
| | **जम्मा** | **७१०००००** | **५०४६८४६** | |

पालिकले खेलकुद प्रतियोगिता सञ्चालन तथा सहायतामा बजेट विनियोजन र खर्च गरेको देखिए पनि टोल स्तरीय, विद्यालय स्तरीय, वडा स्तरीय, पालिका स्तरीय तथा अन्य खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धमा कार्यविधि र वार्षिक क्यालेण्डर समेत बनाएको छैन। पालिकाको शिक्षा महाशाखाबाट भएको खेलकुद सम्बन्धी खर्चकै प्रकृतिको खर्च ३३ वटै वडाहरुमा समेत भएको देखिँदा कार्यक्रम तथा खर्चमा दोहोरोपन हुन सक्ने र पालिकालाई वित्तीय व्ययभार

समेत बढीरहेको सन्दर्भमा खेलकुद विकास सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्दा कार्यविधि र वार्षिक क्यालेण्डर बनाई निश्चित विधि र प्रकृयाको आधारमा एकद्वार प्रणालीबाट पारदर्शी रुपमा सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

६६ **निशुःल्क पाठ्यपुस्तक अनुदानः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वियन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.४.६.२ – सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान अन्तर्गत स्थानीय तहले ईमिस अनुसारको सत्यापित विद्यार्थी संख्याको आधारमा आवश्यक पाठ्यपुस्तक निःशुल्क वितरणको लागि विद्यालयको खातामा रकम निकासा दिने, विद्यार्थीले शैक्षिक शत्रको सुरुवातमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको हुने र विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाई विद्यालयले स्थानीय तहमा पेश गर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निःशुल्क पाठ्यपुस्तक अनुदान बापत २०३ वटा विद्यालयलाई जम्मा रु. २ करोड २५ लाख ६२ हजार निकासा दिएको छ।

६७ **विभिन्न छात्रवृत्तिमा खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। तसर्थ बजेट विनियोजन तथा खर्च गर्दा आर्थिक तथा सामाजिक लाभ उच्च हुने उत्पादनमूलक प्रकृतिको कार्यक्रमहरुमा औचित्य पुष्टि हुने गरी पारदर्शी प्रकृया र कार्यविधि बमोजिम स्रोत परिचालन गर्नुपर्दछ। महानगरपालिकाले यस वर्ष विभिन्न प्रकारका छात्रवृत्ति बापत तपशिल बमोजिम रु. १६ लाख खर्च गरेको देखिन्छ।

| भौचर नं. | भुक्तानी पाउने पक्ष | रकम रु. | कैफियत |
|---|---|---|---|
| ३६ - ०८१।०९।२९ | मणिपाल एजुकेशन एण्ड मेडिकल ग्रुप प्रा.लि.. | १०००००० | छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय अनुसार सो संस्थामा MBBS अध्ययनरत विस्तृत दहाल (सहिद भिमसेन दहालका छोरा)को वार्षिक शुल्क बापत। |
| १४८ - ०८२।०३।२३ | जनप्रिय बहुमूखी क्याम्पस | ६००००० | छात्रवृत्तिमा पर्यटन विषय अध्ययनरत ४ जना विद्यार्थीको शुल्क बापत भुक्तानी। |
| | जम्मा | १६००००० | |

महानगरपालिकाले लक्षित विद्यार्थीको छात्रवृत्तिको लागि आर्थिक सहायता सम्बन्धमा कुनै पनि कार्यविधि तर्जुमा नगरी कार्यापालिका तथा छात्रवृत्ति व्यवस्थापन समितिको पटके निर्णयको आधारमा छात्रवृत्ति बापत रकम खर्च गरेको पाइयो भने यस्तै प्रवृत्तिको खर्च महानगरको वडा तहमा समेत हुने गरेको देखिन्छ। यसरी पटके निर्णयको आधारमा छात्रवृत्ति बापत आर्थिक सहायता उपलब्ध गराउँदा सम्भावित तथा लक्षित सबै लाभग्राहीले छनोटको समान अवसर प्राप्त गरेको सुनिश्चित नहुन सक्दछ। छात्रवृत्ति बापत आर्थिक सहायता एक पटक मात्र दिएर नहुने बरु निश्चित अवधिको कोर्सको लागि दिनुपर्ने हुँदा महानगरको वित्तीय व्ययभार बढेर जान्छ भने दीर्घकालीन रुपमा वित्तीय दायित्व वहन गर्ने स्रोतको व्यवस्था नहुँदा समयमा भुक्तानी गर्न नसकिने सम्भावना बढेर जान्छ। त्यसबाट छनोट भएका विद्यार्थीको अध्ययनमा समेत बाधा सिर्जना हुन सक्दछ। तसर्थ छात्रवृत्ति बापत प्रदान गरिने आर्थिक सहायतालाई एकद्वार प्रणालीबाट व्यवस्थापन र छात्रवृत्ति बापत वहन गर्नुपर्ने दीर्घकालीन वित्तीय दायित्वको लागि आवश्यक स्रोत सुनिश्चित गर्न कोषको व्यवस्था गर्ने गरी छात्रवृत्ति सम्बन्धमा स्पष्ट, पारदर्शी र एकीकृत कार्यविधि तर्जुमा गरेर खर्च गर्नुपर्दछ।

६८ **सामुदायिक विद्यालयहरुको सञ्चालन र व्यवस्थापन अनुदानः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (९) मा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने र सो अनुदान तोकिएको शर्त बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ। सोही व्यवस्था बमोजिम संघीय सरकारले स्थानीय तहलाई सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता तथा विद्यालय सञ्चालन र व्यवस्थापनको लागि सशर्त अनुदान प्रदान गर्दै आएको छ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन कार्यविधि, ०८१।८२ को क्रियाकलाप नं. २.२ (शिक्षकको तलब भत्ता तथा सेवा सुविधा विवरण) बमोजिम प्रधानाध्यापक भत्ता बापत सामुदायिक विद्यालयहरुमा प्रा.वि.को लागि रु. २००, नि.मा.वि.को लागि रु. ३०० र मा.वि.को लागि रु. ५०० प्रति महिनाको दरले संघीय सशर्त स्रोतबाट निकासा हुने गरेको छ। महानगरपालिकाले यस वर्ष सुमदायिक विद्यालयहरुको सञ्चालन तथा व्यवस्थापन अनुदान (प्रधानाध्यापक प्रोत्साहन भत्ता) शिर्षकमा राजस्व बाँडफाँट - स्थानीय स्रोतबाट रु. ७० लाख बजेट विनियोजन गरी प्रधानाध्यापक प्रोत्साहन बापत प्रा.वि.को लागि रु. १८००, नि.मा.वि.को लागि रु. २७०० र मा.वि.को लागि रु. ४५०० प्रति महिनाको दरले भत्ता निकासा गरी तपशिल बमोजिम रु. ६७५८१००.०० खर्च गरेको छ। यसले महानगरको वित्तीय व्ययभार बढेको छ भने निकासा भएको अनुदान खर्च गर्ने कार्यविधि सम्बन्धमा कुनै व्यवस्था भएको पाइएन। यसरी सामुदायिक विद्यालयमा प्रधानाध्यापक प्रोत्साहन भत्ता बापत निकासा भएको रकम प्रधानाध्यापकले मासिक परिश्रमिकमा थप आर्थिक सुविधाको रुपमा बुझ्ने हो वा अन्य विधिबाट खर्च गर्ने हो सो सम्बन्धमा स्पष्ट कार्यविधिगत व्यवस्था नगरी विद्यालयको खातामा रकम निकासा भएको नियमसम्मत नदेखिएको रु.

| सामुदायिक विद्यालयहरुको सञ्चालन र व्यवस्थापन अनुदान शिर्षकबाट भएको खर्च निकासा विवरण | | |
|---|---|---|
| भौचर नं. | निकासा रु. | कैफियत |
| २१ -०८१।०८।०९ | १७०१००० | राजस्व बाँडफाँट - स्थानीय स्रोतबाट आन्तरिक बजेटमा व्यवस्था गरी प्रधानाध्यापक प्रोत्साहन भत्ता बापत निकासा गरिएको। |
| ६५ -०८१।१२।१७ | १६९८३०० | |
| १०६ -०८२।०२।२८ | ३३५८८०० | |
| जम्मा | ६७५८१०० | |

| | |
|---|---|
| अनियमित भएको | ६७,५८,१०० |

६९ **फरक शीर्षकबाट खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने उल्लेख छ। पालिकाले यस वर्ष सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई नगर खेलकुद विकास समिति तर्फको कर्मचारी तथा पदाधिकारी तलब भत्ता, बैठक भत्ता, दैनिक भ्रमण तथा प्रशासनिक खर्च शीर्षकमा विनियोजित बजेट भलिबल तथा नेट खरिदमा खर्च गरी भौचर नं. १५४-०८२।०३।२४ बाट रु. ४८३६४.०० खर्च गरेको नियमसम्मत नदेखिँदा आगामी दिनमा सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्ने कार्य नदोहोरिने प्रतिबद्धता सहित सभाबाट अनुमोदन गराई नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४८,३६४ |

७० **प्रवेश शुल्क असुलीः**

नेपालको संविधानको धारा ६० को उपधारा(१) मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने उल्लेख छ भने धारा ११५ को उपधारा(१) मा कानुन बमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन भन्ने उल्लेख छ। महानगरपालिका अन्तर्गत छोरेपाटन माध्यमिक विद्यालय र विन्दवासिनी माध्यमिक विद्यालयले पर्याप्त कानुनी व्यवस्था नमिलाई पातले छँगो प्रवेश शुल्क तथा मनोकामना (सिक्का) बापत २०८१ श्रावणदेखि २०८१ पौष मसान्तसम्म रू. १,९९,६७,०४०.०० आम्दानी गरेको देखियो । उक्त अवधि पश्चात् हस्तान्तरण भई महानगरपालिकाले शुल्क उठाउन थालेको छोरेपाटन मा.वि.को च.नं.१६२ मिति २०८२/११/१० को पत्र र आ.व. ०८१/८२ को लेखापरीक्षण प्रतिवेदनबाट जानकारी प्राप्त भयो। यसै गरी महानगरपालिकाको शिक्षा महाशाखाबाट नियुक्त लेखापरीक्षकको आ.व. ०८१/८२ को विन्दवासिनी मा.वि.को लेखापरीक्षण प्रतिवेदन अनुसार महेन्द्र गुफा र चमेरे गुफामा प्रवेश शुल्क असुली गर्न रू. १८,९६,९०६.०८ खर्च भएकोमा रू. २,८०,६१,९४० आम्दानी गरेको पाइयो। यस प्रकृतिको शुल्क उठाउने सम्बन्धमा कानुनी व्यवस्था गरेको नदेखिँदा महानगरपालिका मार्फत शुल्क सङ्कलन गर्दा संविधानमा उल्लेख भए अनुसार हुने गरी कानुनी व्यवस्था हुनुपर्ने देखिन्छ।

७१ **छोरेपाटन माध्यमिक विद्यालय सशर्त अनुदानः**

पोखरा महानगरपालिकाको वडा नं. १७, छोरेपाटन स्थित श्री छोरेपाटन माध्यमिक विद्यालयले विगतमा सोही वडामा रहेको पातले छाँगो अर्थात् डेभिड फल्स क्षेत्रको संरक्षण र व्यवस्थापन गरी आम्दानी प्राप्त गर्ने र सो आम्दानी विद्यालयको व्यवस्थापन र सञ्चालनमा खर्च गर्दै आइरहेकोमा महानगरपालिका र विद्यालयबीच २०८०।०४।०१ मा भएको सम्झौतामा पाताले छाँगो क्षेत्रको संरक्षण र व्यवस्थापन महानगरले गर्ने, सो क्षेत्रको सम्पूर्ण आम्दानी महानगरपालिकाको सञ्चित कोषमा दाखिला हुने तथा महानगरले सो विद्यालयलाई वार्षिक रुपमा नगद अनुदान उपलब्ध गराउने उल्लेख छ। सम्झौता अनुसार हाल पातले छाँगो क्षेत्र महानगरपालिकाको स्वामित्वमा रहेको छ भने महानगरपालिकाले सो क्षेत्रमा सार्वजनिक निजी साझेदारी अवधारण अनुसार पर्यटकीय पूर्वाधार व्यवस्थापनको प्रक्रिया समेत अघि बढाएको देखिन्छ। श्री छोरेपाटन माध्यमिक विद्यालयले संघीय सशर्त अनुदान अन्तर्गत नियमानुसार प्राप्त गर्ने सबै अनुदान निकासा प्राप्त गरिरहेको अवस्थामा २०८०।०४।०१ को सम्झौता अनुसार उक्त विद्यालयलाई उपलब्ध गराउनुपर्ने नगद अनुदान रू. १ करोड ५० लाख ५० हजार निकासा दिएको देखियो। खर्च गर्ने शर्त बेगर यसरी दिएको रकम लेखापरीक्षणको अवधि २०८२ माघ मसान्त सम्म पनि खर्च भएको पाइएन। महानगरपालिकाले वार्षिक बजेटमा छोरेपाटन माध्यमिक विद्यालय सशर्त अनुदान शीर्षकमा रु. १ करोड ५० लाख ५० हजार विनियोजन गरेकोमा उक्त विद्यालयलाई भौचर नं. १६६ - ०८२।०३।२५ बाट रु. १ करोड र भौचर नं. १६८ - ०८२।०३।२५ बाट रु. ५० लाख ५० हजार समेत गरी विनियोजित रकम निकासा दिएको भए तापनि उक्त रकम विद्यालयको खातामा रोक्का राख्ने गरी २०८२।०३।२६ मा नेपाल बैङ्क लि. शाखा कार्यालय, तेर्सापट्टी - पोखरालाई पत्राचार गरेको देखिन्छ। महानगरले आन्तरिक स्रोत तर्फबाट सशर्त अनुदान शीर्षकमा रकम निकाशा दिई खर्च नभएको अवस्थामा बैङ्कमा जम्मा गरी राख्न पाउने व्यवस्था नभएकाले उक्त रकम नियमानुसार फर्ता गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,५०,००० |

७२ **सामाजिक विकास महाशाखा अन्तर्गतका बेहोराहरु**

**सामाजिक सुरक्षा तर्फः**

७२.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा दाखिला हुने व्यवस्था छ। पालिकामा आ.व. २०८१।८२ मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. १ अर्ब ३४ करोड ९ लाख ८८ हजार ४०० विनियोजन भएकोमा पालिका भित्रका ३४६०५ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण बापत तपशिल बमोजिम रु. १ अर्ब ३४ करोड २ लाख ५४ हजार ६८७ निकासा भए तापनि खुद खर्च भने रु. १ अर्ब ३३ करोड ९१ लाख ३८ हजार ३०५ भएको सम्बन्धी बेहोरा निम्नानुसार रहेको छ।

| वडा नं. | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | लाभग्राही संख्या [चौथो त्रैमासिक] | चौथो त्रैमासिक | वार्षिक जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ६५०३३९२ | ६८६०४४५ | ७२१८०४८ | ७०२ | ७४७६२१४ | २८०५८०९९ |
| २ | ३६७४०४८ | ३७४६१७० | ३७७३७०० | ३६५ | ३८५९४४४ | १५०५३३६२ |
| ३ | ४९३२८१५ | ५३४८९७० | ५५२१४०९ | ५४९ | ५६७०६७० | २१४७३८६४ |
| ४ | ३२७३२१६ | ३४१८३२९ | ३४८४०६२ | ३२८ | ३५४४६१४ | १३७२०२२१ |
| ५ | ४७३९४०० | ४८५७२९१ | ५०२७९८२ | ४९२ | ५१४३७९२ | १९७६८४६५ |
| ६ | ६२०७४५६ | ६८२५३३० | ७२०९१७५ | ७३७ | ७३६५०८९ | २७६०७०५० |
| ७ | ५८७१३१८ | ६१०६२२३ | ६३३४४२० | ६३२ | ६५०६८७४ | २४८१८८३५ |
| ८ | ८७६७४०१ | ९४०१५०४ | ९९९१३४३ | ९५६ | १०३३१६०४ | ३८४९१८५२ |
| ९ | ७०४२३१४ | ७५७१८९१ | ७८५१८१९ | ८१३ | ८१८९२९२ | ३०६५५३१६ |
| १० | ८९५८३३५ | ९६१२६३५ | १०१०४३३० | ९७१ | १०३९३३३० | ३९०६८६३० |
| ११ | ९६९१७५६ | ९८४५८७४ | ९९४४३४३ | ९९२ | १०१६९६०७ | ३९६५१५८० |
| १२ | ६३२७४५३ | ६७३३९८० | ७०२४४८० | ६६७ | ७२४९०३२ | २७३३४९४५ |
| १३ | १४९८१६३६ | १५५५५५७२ | १५७९६४४६ | १६१९ | १६०४०६४७ | ६२३७४३०१ |
| १४ | १००६२१२६ | १०३७०६०० | १०६१२५७५ | ११०७ | १०७६८९१५ | ४१८१४२१६ |
| १५ | १०७१८४३७ | ११०६१३७९ | ११५२४२५७ | ११९१ | ११८०३०२४ | ४५१०७०९७ |
| १६ | १८४८०१५२ | १९२२८०२४ | १९८७०९४६ | २०५९ | २०१७०३९४ | ७७७४९५१६ |
| १७ | १०७०५९०३ | ११२७९८१९ | ११५८८५९८ | ११४७ | ११६७९४३९ | ४५२५३७५९ |
| १८ | ९६८९४७४ | १००६०८८७ | १०११९१५६ | १०४९ | १०१८९६१९ | ४००५९१३६ |
| १९ | १२८२५६१२ | १२९५८२२१ | १३१७८५८१ | १३७९ | १३२८६५४२ | ५२२४८९५६ |
| २० | ८०६१२५१ | ८२०८९५८ | ८२२३५९१ | ८३६ | ८२९५५६२ | ३२७८९३६२ |
| २१ | १५९९८१९२ | १६५०७८०२ | १६७१३२४२ | १६८६ | १६९७९४४० | ६६१९८६७६ |
| २२ | १२६७३२१६ | १३२१५५३७ | १३३३६८६१ | १४०२ | १३५४४३६६ | ५२७६९९८० |
| २३ | ११६६५५१९ | ११८६१३२७ | ११९९१९१५ | १३१८ | १२११९४४६ | ४७६३८२०७ |
| २४ | १०३५०१९८ | १०५००७३८ | १०६४०६२४ | १०३५ | १०७०३९३२ | ४२१९५४९२ |
| २५ | १११४८७५८ | ११५०९८४७ | ११६५३५६४ | ११५९ | ११७९५३७८ | ४६१०७५४७ |
| २६ | ११९३०००९ | ११९५४०११ | ११९६०६१० | १२१३ | १२०५१८९३ | ४७८९६५२३ |
| २७ | १०६४७०४६ | १०७६१२१२ | १०७८८३९६ | १११० | १०९०६८१५ | ४३१०३४६९ |
| २८ | १०३९२८१३ | १०५६९७२३ | १०७७३१७७ | १०७६ | १०८८९२४९ | ४२६२४९६२ |
| २९ | १०१०३६८१ | १०२४०४५९ | १०३५०१९९ | १०९८ | १०४९३४५५ | ४११८७७९४ |
| ३० | १०६०५३६४ | १०८२३९२३ | १०९१४८७१ | १०७२ | ११०७०१८४ | ४३४१४३४२ |
| ३१ | १०६९२४६४ | १०७९०१५२ | १०८९२८९३ | ११४६ | १०९२३२९५ | ४३२९८८०४ |
| ३२ | ९२०८७९० | ९३७४३६५ | ९४६४९४५ | १०२८ | ९५६६८२५ | ३७६१४९२५ |
| ३३ | १५३१८८०३ | १५७८३७५६ | १५८७५८३९ | १६७१ | १६१२७००६ | ६३१०५४०४ |
| **जम्मा** | **३२२२४८३४८** | **३३२९४४९५४** | **३३९७५६३९७** | **३४६०५** | **३४५३०४९८८** | **१३४०२५४६८७** |
| | फिर्ता भएको रकम रु. | | | | | ११९६३८२ |
| | **सामाजिक सुरक्षा भत्ता बापत वितरण भएको खुद रकम रु.** | | | | | **१३३९१३८३०५** |

सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

**क) लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११(२) मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनुपर्ने र घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने साथै कुनै लाभग्राहीका प्रचलित कानून बमोजिमका सूचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै स्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लगत कट्टा गर्नुपर्ने र स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ। पालिकाको हकमा कार्याविधिमा भएको माथि उल्लेखित व्यवस्था अनुसार घटना दर्ता र लगत कट्टा नभएकोले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अद्यावधिक अभिलेख पालिकासँग नरहेको कारण लगत कट्टा भईसकेका लाभग्राहीको खातामा रकम निकासा हुने गरेको प्रवृत्ति देखिँदा समयमै घटना दर्ता तथा लगत कट्टा गराउने र अद्यावधिक लगतको आधारमा वास्तविक लाभग्राहीको खातामा मात्रै सामाजिक सुरक्षा भत्ता निकासा हुने सुनिश्चित गर्ने तर्फ स्थानीय बासिन्दा, सम्बन्धित लाभग्राही तथा हकवाला, स्थानीय जनप्रतिनिधि र कर्मचारी प्रशासनको समेत ध्यान जानुपर्ने देखिन्छ।

**ख) समीक्षा तथा सूचना प्रवाहः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा

खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। सोही कार्यविधिको दफा ३२ मा स्थानीय तहले भुक्तानी गरेको भत्ता रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहको कार्यालयको अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्ने प्रावधान भए पनि पालिकाले नियमित रुपमा लाभग्राहीहरुको नाम नामेसी वेबसाइटमा अद्यावधिक तथा स्थानीय तहको कार्यालय र वडा कार्यालयको सूचना पाटीमा सार्वजनिक गरेको पाइएन। कार्यक्रमको समीक्षा तथा सूचना प्रवाह सम्बन्धमा समाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको व्यवस्था पालना हुनुपर्दछ।

**ग) सार्वजनिक सुनुवाइः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ अनुसार स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा सामाजिक सुरक्षा भत्ता सम्बन्धी विषयलाई समेत समावेश गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफूले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझावहरु सम्बोधनका लागि स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित नियकायमा पठाउनु पर्ने व्यवस्था भएकोमा उल्लिखित कार्य भए गरेको पाइएन। कार्यविधिको पालना गरी नियमित रुपमा सार्वजनिक सुनुवाई गरी सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा छलफल तथा समयानुकूल सुधार गर्नुपर्दछ।

७२.२ **लगतकट्टा पश्चात् निकासाः** मृत्यु वा अन्य कारणले लगतबाट नाम हटाउनुपर्ने लाभग्राहीको नाम हटाई अद्यावधिक लगतको आधारमा वास्तविक लाभग्राहीलाई मात्र सामाजिक सुरक्षा भत्ता बापतको रकम निकासा हुनुपर्नेमा पालिकाले उपलब्ध गराएको सामाजिक सुरक्षा सम्बन्धी अभिलेखको परीक्षण गर्दा ३३ मध्ये ३० वडाका तपशिल बमोजिमका १६८ जना लाभग्राहीको खातामा लगतकट्टा पश्चत् पनि रु. १७१५६५३.०० निकासा भएको पाइयो। वडा कार्यालय, पञ्जीकरण शाखा र यस महाशाखाको अभिलेख भिडानमा समन्वय नभएको कारण लगत कट्टा पश्चात् भत्ता रकम निकासा भएको देखिँदा आगामी दिनमा सम्बन्धित इकाईहरु बीच समन्वय हुनुपर्ने र लगत कट्टा पश्चात् निकासा भएको देखिएको उल्लेखित रकम यकिन गरी सम्बन्धितको खातामा मौज्दात भए रोक्का गरी प्रचलित कानून बमोजिम असुल भएको प्रमाण पेस हुनुपर्ने रु.

| वडा नं. | लाभग्राही संख्या | बढी निकासा **रु.** | कैफियत |
|---|---|---|---|
| २ | ५ | ६०००० | |
| ४ | २ | १८७८३ | |
| ५ | ३ | १५१८२ | |
| ६ | ३ | ७५८१ | |
| ७ | २ | ४८१२३ | |
| ८ | ६ | ३४४१३ | |
| ९ | ४ | २२७१७ | |
| १० | १६ | २२०८७० | |
| ११ | १० | ४०६०९ | |
| १३ | ७ | २९९०२ | |
| १४ | ७ | ५२९०० | |
| १६ | ५ | ५०२६१ | |
| १७ | १ | २४००० | |
| १८ | ५ | ११०३८४ | |
| २० | ३ | ९१५२४ | |
| २२ | ४ | ५०५३७ | |
| २३ | १२ | १८१४३५ | |
| २४ | १ | ५३३० | |
| २५ | १ | ४५३२ | |
| २७ | १५ | १०६९८९ | |
| २८ | १० | ४९५६१ | |
| २९ | ४ | १३१७७ | |
| ३० | ६ | ११९८० | |
| ३२ | ८ | ४४३५७ | |
| ३३ | ९ | ६५७०८ | |
| जम्मा | १४९ | १३६०८५५ | |

द्रष्टव्यः यस दफामा २५ वटा वडा सँग सम्बन्धित विवरण मात्रै राखिएको र बाँकी ५ वटा वडा [वडा नं. १२, १९, २१, २६ र ३१] सँग सम्बन्धित विवरण सम्परीक्षणबाट थप भएको बेरुजु दफामा राखिएको छ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१९** को निर्णयले रू **८६,३६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१९** को निर्णयले रू **१८,६२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१९** को निर्णयले रू **१६,६५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१९** को निर्णयले रू **८६,३८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१९** को निर्णयले रू **२२७,५३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१९** को निर्णयले रू **१२३,२५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ७२.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,६०,८५५ |

७३ **सवारी मर्मत अभिलेखः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। महानगरको सामाजिक विकास महाशाखाबाट सवारी साधन मर्मत गरी निम्नानुसारको भौचरबाट भुक्तानी गर्दा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली “PAMS” मा मर्मत दाखिला तथा मर्मत सम्पन्न अभिलेख तयार नगरी मर्मतकर्तालाई सिधै भुक्तानी गरेको लेखापरीक्षणको क्रममा देखियो। प्रणालीमा मर्मत अभिलेख प्रविष्टि नहुँदा सवारीसाधनमा कुन कुन सामग्री फेरबदल गरियो सोको विवरण अद्यावधिक नहुने साथै कार्यालयमा खरिद, मर्मत तथा हस्तान्तरण भएका सम्पूर्ण जिन्सी सामग्रीहरू PAMS मा समावेश नहुँदा सम्पत्तिको दुरुपयोग, गलत प्रतिवेदन तथा सम्पत्तिको डिजिटल ट्र्याकिङ नहुने हुँदा कार्यालयले कानून बमोजिम सम्पूर्ण सवारी मर्मतको PAMS दाखिला अनिवार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ। यस सम्बन्धी केही प्रमुख उदाहरणहरू निम्न छन्।

| क्र.सं. | मिति/ गो.भौ.नं. | भुक्तानीप्राप्त कर्ता | रकम |
|---|---|---|---|
| १ | ५२-२०८२/०३/१५ | फोर ह्विल अटो सर्भिससेन्टर | ७१०७७ |
| २ | ३३-२०८१/११/९ | तनहुँ अटो इलेक्ट्रिकवर्कसप | २८५०० |
| | जम्मा | | ९९५७७ |

७४ **उपप्रमुखसँग महिला कार्यक्रमः**

महानगरपालिकाको उपप्रमुखसँग महिला कार्यक्रम कोष सञ्चालन निर्देशिका, २०७७ अनुसार विपन्न वर्ग, हिंसा/द्वन्द्व पिडित, आर्थिक अवस्था कमजोर भएका अपाङ्ग वा अशक्त, दलित तथा एकल, आमा समूह/महिला समूह तथा संघ सस्थालाई उपप्रमुखँग महिला कार्यक्रमको लागि छुट्याइएको कोषको ८५ प्रतिशत रकम कर्जा लगानी गर्न सक्ने व्यवस्था रहेको छ। बिना धितो लगानी गरिने कर्जा सहकारीको हकमा तीन प्रतिशत र अन्यको हकमा १ लाख भन्दा तलको रकम भएमा ३% र सो भन्दा माथिको रकममा ५% व्याजदरमा ३ वर्ष भित्र चुक्ता गरीसक्नु पर्ने व्यवस्था रहेको छ। सामाजिक विकास महाशाखाबाट प्राप्त विवरण अनुसार स्थलगत लेखापरीक्षणको अवधि २०८२ माघ मसान्त सम्म ४५३ लाभग्राही लाई रू. ७,८४,४४,४०२.०० कर्जा लगानी भएकोमा देहाय अनुसार १९३ जना ऋणीबाट कर्जाको अवधि समाप्त भइसक्दा समेत साँवा बाँकी रु. ३ करोड ३ लाख ६९ हजार तथा व्याज असुल हुन सकेको देखिएन। कोष सञ्चालन कार्यविधि, २०७४ मा प्रवाह भएको कर्जा असुली प्रकिया, दामासाहीमा परेमा के कसरी कर्जा असुली गर्ने सम्बन्धमा कानुनी व्यवस्था गरेको पाइएन। कर्जा असुल गर्ने स्पष्ट आधार बेगर लगानी गरिएको कारण सार्वजनिक रकम जोखिममा पर्नुका साथै कोषको उद्देश्य अनुसार पुनःपरिचालन हुन सकेको समेत देखिएन। कार्यविधिमा म्याद थप सम्बन्धी कुनै व्यवस्था नभएकोमा तोकिएको अवधिमा कर्जा चुक्ता गर्न नसकी बक्यौता रहेको कर्जालाई खराब कर्जा घोषणा गरी तत्काल असुली प्रकिया अघि बढाउनुपर्नेमा उप प्रमुखसँग महिला कार्यक्रम सञ्चालक समितिले २०८१ श्रावण २७ मा बैठक बसी म्याद नाघेका ऋणीहरुको कर्जाको म्याद २०८२ को असार मसान्त सम्म थप गर्ने निर्णय गरिएको देखियो। यस प्रकारको निर्णय स्वीकृत कार्यविधि विपरीत भएको र यसले कर्जा असुली प्रकियामा ढिलाइ हुनुका साथै सार्वजनिक कोष जोखिममा पारेको देखिँदा सम्बन्धित ऋणीबाट निर्देशिकाले तोके बमोजिम असुल हुँदाका बखत सम्मको व्याज र जरिबाना सहित भाखा नाघेको साँवा असुल गर्नुपर्ने रू.

| क्र.सं. | ऋणीको नामथर | लगानी मिति | भाखा नाघ्ने मिति | ०८१।८२ सम्ममा भाखा नाघेको रु. |
|---|---|---|---|---|
| १ | गोस्ते महिला विकास सहकारी संस्था | ०७६।०१।२९ | ०७९।०१।२८ | १३०००००० |
| २ | महिला सीप विकास समूह | ०७६।०१।२९ | ०७९।०१।२८ | १३०००००० |
| ३ | कमला देवी सुनार | ०७६।०१।२९ | ०७९।०१।२८ | ६७८७६ |
| ४ | नेपाल अपाङ्ग समाज सेवा संघ | ०७६।०१।२९ | ०७९।०१।२८ | ५०००००० |
| ५ | लगनशील कृषि महिला समूह | ०७६।०१।२९ | ०७९।०१।२८ | ६९५७२२ |
| ६ | एस एण्ड एस कार्की गारमेन्ट सोनिला कार्की | ०७६।०१।२९ | ०७९।०१।२८ | ११३४८ |
| ७ | सन्त कुमारी गुरुङ | ०७६।०१।२९ | ०७९।०१।२८ | १८८४०६ |
| ८ | काहुँ धरहरा प्रिमियम होमस्टे | ०७६।०१।२९ | ०७९।०१।२८ | २३७७९६ |
| ९ | तेजकुमारी परियार | ०७६।०१।२९ | ०७९।०१।२८ | १४३५४१ |
| १० | अनु परियार | ०७६।०१।२९ | ०७९।०१।२८ | १४८९५० |
| ११ | राधा देवी पहारी | ०७६।०१।२९ | ०७९।०१।२८ | ४३३५८ |
| १२ | लक्ष्मी कामी | ०७६।०१।२९ | ०७९।०१।२८ | ४९८७५ |
| १३ | सन्जु वि.क. | ०७६।०१।२९ | ०७९।०१।२८ | १५५६३५ |
| १४ | कमला देवी सार्की | ०७६।०१।२९ | ०७९।०१।२८ | ४१८२८ |
| १५ | ईन्द्रमाया वि.क. | ०७६।०१।२९ | ०७९।०१।२८ | ८७३७ |
| १६ | रुपा रुचाल नेपाली | ०७६।०१।२९ | ०७९।०१।२८ | ४८५९७ |
| १७ | धनमाया सार्की | ०७६।०१।२९ | ०७९।०१।२८ | ४३११४ |
| १८ | पशुपती गुरुङ | ०७६।०१।२९ | ०७९।०१।२८ | ७९४०० |
| १९ | सीता बास्तोला | ०७६।१२।०३ | ०७९।१२।०२ | ३०००००० |
| २० | हिरु पुन | ०७६।१२।०३ | ०७९।१२।०२ | २०००००० |
| २१ | शर्मिला वि.क. | ०७६।१२।०३ | ०७९।१२।०२ | ८३५७५ |
| २२ | कल्पना नेपाली | ०७६।१२।०३ | ०७९।१२।०२ | १०००००० |
| २३ | जमुना शर्मा घिमिरे | ०७६।१२।०३ | ०७९।१२।०२ | १८६७१९ |
| २४ | शान्ति तामाङ | ०७६।१२।०३ | ०७९।१२।०२ | १०००००० |
| २५ | तनमाया गुरुङ | ०७६।१२।०३ | ०७९।१२।०२ | २०००००० |
| २६ | अमृता सुनार | ०७६।१२।०३ | ०७९।१२।०२ | १५०००० |
| २७ | नन्दकला नेपाली | ०७६।१२।०३ | ०७९।१२।०२ | ४०००००० |
| २८ | शोभा अधिकारी वि.क. | ०७६।१२।०३ | ०७९।१२।०२ | १६३७४१ |
| २९ | बेलमाया गुरुङ | ०७६।१२।०३ | ०७९।१२।०२ | ९५२४५ |
| ३० | तेजकुमारी परियार | ०७६।१२।०३ | ०७९।१२।०२ | १५०००० |
| ३१ | सरस्वती परियार | ०७६।१२।०३ | ०७९।१२।०२ | ५०००० |
| ३२ | सत्यदेवी परियार | ०७६।१२।०३ | ०७९।१२।०२ | ४०००००० |
| ३३ | सीता परियार | ०७६।१२।०३ | ०७९।१२।०२ | १६९६२४ |
| ३४ | तिर्था परियार | ०७६।१२।०३ | ०७९।१२।०२ | १९२५५० |
| ३५ | गंगा वि.क. | ०७६।१२।०३ | ०७९।१२।०२ | १०००००० |
| ३६ | तारा गायक | ०७६।१२।०३ | ०७९।१२।०२ | १०००००० |
| ३७ | फुलमाया सुनार | ०७६।१२।०३ | ०७९।१२।०२ | १०००००० |
| ३८ | दिलमाया परियार दमै | ०७६।१२।०३ | ०७९।१२।०२ | १०००००० |

| | | | | |
|---|---|---|---|---|
( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **३३,२१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **६,९७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२१,६८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **३,९९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **३७,८२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२१,६६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **९५,१०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **७१,३९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२८,६६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,७४,४७४ |

९२.५ **किस्ता नियमित नतिरेकोः** सामूहिक साझेदारी विकास कोष सञ्चालन निर्देशिका, २०८० ले आवास तथा आय आर्जन प्रयोजनको लागि तोकिए अनुसार कर्जा लगानी गर्न सक्ने व्यवस्था गरेको छ। विना धितो लगानी गरिने यस प्रकारको कर्जा आवास निर्माणको हकमा ७ वर्ष र आय आर्जनको हकमा ४ वर्ष भित्र तिरी सक्नु पर्ने गरी ऋणी सँग सम्झौता गरेको पाइयो। सम्झौता अनुसार आयआर्जन तर्फका ऋणीले नियमित तोकिए अनुसार ऋणको किस्ता र ब्याज रकम दाखिला गरीराख्नु पर्नेमा केही ऋणीहरुले नियमित किस्ता तिरेको देखिएन। नियमित रुपमा किस्ता नतिर्दा लगानी भएको साँवा र आम्दानी हुनु पर्ने ब्याज रकम जोखिममा पर्ने भएकोले सोको सुरक्षा गर्ने तर्फ पालिकाले विशेष ध्यान दिनु पर्ने देखिन्छ। साझेदारी कोषबाट लगानी गरिएका मध्ये प्राप्त विवरण अनुसार देहायका ऋणीले यस आर्थिक वर्षमा साँवा र व्याज भुक्तानी गरेको नदेखिएकोले सम्बन्धित ऋणीबाट नियमावलीले तोके बमोजिम असुल भएको मिति सम्मको वार्षिक ४ प्रतिशत व्याज र जरिवाना रकम असुल गरी किस्ता नियमित गराउनु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ९२.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९३ **१ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

**कारोबार रकम र लेखापरीक्षण सम्बन्धमाः**

पोखरा महानगरपालिका अन्तर्गतको १ नं. वडा कार्यालयको खर्च विवरण र लेखापरीक्षण अङ्क निम्न अनुसार रहेको छ।

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| खर्च | ३६९५९६७ | १०४६४४०९ | १४१६०३७६ |

[द्रष्टव्यः पालिकाले २०८२ भाद्र २४ को घटनाको कारण यस वडा कार्यालय अन्तर्गतका सम्पूर्ण स्रेस्ता तथा कागजात जलेर नष्ट भएकोले लेखापरीक्षण गराउन नसकिने जानकारी गराएको हुँदा यस खर्च केन्द्र अन्तर्गतको कुनै पनि स्रेस्ताको लेखापरीक्षण गरिएको छैन भने क्षति भएका जिन्सी सम्पत्ति तथा स्रेस्ता अभिलेख आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ बमोजिम मिनाहाको प्रक्रियामा रहेको मौखिक जानकारी पालिकाले गराएको भए तापनि नियमानुसार मिनाहा भएको सम्बन्धमा स्थलगत लेखापरीक्षणको अवधि २०८२ माघ मसान्त सम्म कुनै प्रमाण पेश भएको छैन।]

९४ **२ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

९४.१ **कारोबार रकम र लेखापरीक्षण सम्बन्धमाः** पोखरा महानगरपालिका अन्तर्गतको २ नं. वडा कार्यालयको खर्च विवरण र लेखापरीक्षण अङ्क निम्न अनुसार रहेको छ।

| विवरण | चालु तर्फ | | पुँजीगत तर्फ | | जम्मा चालु र पुँजीगत | |
|---|---|---|---|---|---|---|
| | भौचर संख्या | खर्च रु. | भौचर संख्या | खर्च रु. | भौचर संख्या | खर्च रु. |
| जम्मा स्रेस्ता | १४५ | ४२४७३९८ | ९४ | २१३४४९३४ | २३९ | २५५९२३३२ |
| कागजात नष्ट भएको स्रेस्ता | ४९ | २५१२२०६ | १६ | ८०३९४४८ | ६५ | १०५५१६५४ |
| कागजात सुरक्षित रहेको स्रेस्ता | ९६ | १७३५१९२ | ७८ | १३३०५४८६ | १७४ | १५०४०६७८ |

[द्रष्टव्यः यस वर्ष २ नं. वडा कार्यालय अन्तर्गत जम्मा २३९ वटा भौचरबाट रु. २५५९२३३२.०० खर्च लेखिएको मध्ये २०८२ भाद्र २४ को घटनाबाट स्रेस्ता तथा कागजात नष्ट भएका ६५ वटा भौचरबाट रु. १०५५१६५४.०० खर्च लेखिएको स्रेस्ताको लेखापरीक्षण गरिएको छैन। कागजात सुरक्षित रहेका १७४ वटा भौचरबाट खर्च लेखिएको रु. १५०४०६७८.०० को मात्रै लेखापरीक्षण गरिएको छ। क्षति भएका जिन्सी सम्पत्ति तथा स्रेस्ता अभिलेख आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ बमोजिम मिनाहाको प्रक्रियामा रहेको मौखिक जानकारी पालिकाले गराएको भए तापनि नियमानुसार मिनाहा भएको सम्बन्धमा स्थलगत लेखापरीक्षणको अवधि २०८२ माघ मसान्त सम्म कुनै प्रमाण पेश भएको छैन।]

**(विस्तृत विवरण बेरूजु दफा ९४.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९४.२ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ।

सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। पालिकाले आफ्नै स्वामित्वमा जग्गा नभएका गैर सरकारी प्रकृतिका निकायलाई सार्वजनिक जग्गामा भवन तथा अन्य संरचना निर्माण तथा मर्मतको लागि भुक्तानी गरी वडा नं. २ अन्तर्गत यस वर्ष मिरुवा तमु समाज भवन निर्माणको लागि रु. १५००००.०० खर्च गरेको छ। पालिकाले भवन तथा अन्य भौतिक संरचनाको निर्माण तथा मर्मतको लागि भुक्तानी गरेका संस्थाले आफ्नो स्वामित्वमा जग्गा रहेको वा सार्वजनिक जग्गाको प्रयोग गर्ने गरी सम्बन्धित निकायबाट भोगाधिकार लिएको प्रमाण पेश गरेको नदेखिँदा मुलुकमा प्रचलित कानुनी व्यवस्थाको विपरीत सार्वजनिक जग्गाको प्रयोग गर्ने गरी गैर सरकारी निकायको लागि पुँजीगत बजेट विनियोजन तथा खर्च गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,५०,००० |

९४.३ **निर्माण स्थलमा रहेको ढुङ्गाको प्रयोगः** यस वडा कार्यालयले नेवा छैं जाने बाटो स्तरोन्नति कार्यको लागि सो स्थानमा ढुङ्गा रहेकोले कुल सोलिङ्गमा लाग्ने ढुङ्गाको परिमाणको ५० प्रतिशत मात्र ढुङ्गा बाहिरबाट ल्याउनु पर्ने र बाँकी ५० प्रतिशत ढुङ्गा सोही स्थानमा रहेको ढुङ्गा प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरेको पाइयो। ढुङ्गाको कुल परिमाणमा ५० प्रतिशत पुरानै ढुङ्गाको प्रयोग गर्ने गरी लागत अनुमान बनाउँदा ४९.४ मिटर लम्बाईमा ७.२ मिटर चौडाई र ०.१२५ मिटर मोटाइका दरले सोलिङ्ग गर्दा लाग्ने कुल परिमाण ४४.४६ घ.मी. को ५० प्रतिशत २२.२३ घनमिटरको मात्र भुक्तानी गर्ने र बाँकी परिमाणको

लागि ढुङ्गा सो स्थानमा नै उपलब्ध हुने भएकोले लागत नपर्ने गरी लागत अनुमान गरेकोमा वडा कार्यालयले पुनः अर्को लागत अनुमान बनाई ४७.१ मिटर लम्बाईमा ७.०५ मिटर चौडाई र ०.१२५ मिटर मोटाइका दरले सोलिङ्ग गर्दा लाग्ने ४१.५१ घनमिटर परिमाण ढुङ्गा लाग्ने गरी लागत अनुमान संसोधन गरेको पाइयो। लागत अनुमान संसोधनको कुनै प्राविधिक पुष्ट्याईं नराखे पनि पुरानो ढुङ्गामा सिमेन्टको गारो लागेको हुँदा सफा गर्न नसकेको कारण सबै ढुङ्गा बाहिरबाट ल्याउनु परेकोले लागत अनुमान संसोधन गरेको भनी प्राविधिक रुपमा पुष्टि हुन नसक्ने किसिमको मौखिक जानकारी कार्यालयले गराएको छ। निर्माण स्थलमै उपलब्ध ढुङ्गा सिमेन्टको गारो लागेको कारण ले मात्र प्रयोग गर्न नसकिने र पुरै ढुङ्गा नयाँ ल्याई निर्माण गरेको भन्न सकिने नदेखिँदा नापी किताबमा चढाएको ४६.६ मिटर लम्बाई ६.०३ मिटर चौडाइ र ०.१२५ मिटर मोटाइका साथै साईड ड्रेन समेतको कुल ४०.४१ घनिमिटरको ५० प्रतिशतले हुने २०.२०५ घनमिटरको प्रति घनमिटर रु. ४२८५.६१ का दरले लागत अनुमान भन्दा बढी हुने गरी भुक्तानी गरेको देखिन्छ। निर्माण स्थलमै उपलब्ध ढुङ्गा सिमेन्टको गारो लागेको कारण ले मात्र प्रयोग गर्न नसकिने भनी ५० प्रतिशत ढुङ्गा नघटाई पुरै परिमाणको भुक्तानी गरेको देखिँदा स्वीकृत लागत अनुमान अनुसार हुने २०.२०५ घनमिटरको प्रति घनमिटर रु. ४२८५.६१ का दरले हुने रु. ८६५९०.७५ बढी भुक्तानी भएको पाइयो। स्वीकृत लागत अनुमान अनुसार कुल लागतको १५ प्रतिशत उपभोक्ताको जनसहभागिता रहेकोले बढी गणना गरेको रकमको १५ प्रतिशत कट्टी गरी बाँकी रहेको रु. ७३६०२.०० गो.भौ.नं. १२ मिति २०८२।०२।०२ बाट बढी भुक्तानी भएको हुँदा सम्बन्धित निर्माण उपभोक्ता समितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,६०२ |

९४.४ **घटी मोटाइमा सडक ढलानः** सडकको स्पेसिफिकेशन बमोजिम सव बेसको परिमाणको भुक्तानी गर्नुपर्दछ। वडा भित्रका विभिन्न सडक ढलान शिर्षकको आयोजना निर्माण कार्यमा स्पेसिफिकेशन र लागत अनुमान अनुसार समेत १५ से.मि. मोटाइमा ढलान कार्य गर्नु पर्नेमा सो भन्दा घटी मोटाइ हुने गरी कार्य गराई भुक्तानी गरेको देखिन्छ। औसत मोटाइ ०.१११ मिटरको भुक्तानी गर्ने गरी नापी किताबमा चढाए तापनि निर्माण कार्यको कोर कटिङ्ग रिपोर्ट अनुसार ७ स्थानको कोर कटिङ्ग गरिए तापनि ३ स्थानमा ०.१११ मिटर भन्दा घटी मोटाइमा ढलान गरेको पाइयो। ढलान कार्य तोकिएको भन्दा घटी मोटाइमा गराई सो कार्यलाई स्वीकार गरी भुक्तानीका लागि सिफारिस गरेको देखिँदा सडकको स्पेसिफिकेसन बमोजिम पेभमेण्टको भार वहन क्षमता र सोको दिगोपनामा असर पर्ने हुँदा स्पेशिफिकेशन बमोजिमको गुणस्तर सुनिश्चित हुने प्राविधिक पुष्ट्याईं बेगर घटी मोटाइमा कार्य स्वीकार गरिएको मनासिब नदेखिँदा तोकिएको मोटाइ नपुर्‍याई ढलान कार्य बापत ६९.३५ घ.मि. को प्रति घन मिटर ११५८३.५३ को दरले हुने रु. ८०३३१७.८१ भुक्तानीको प्राविधिक पुष्ट्याईं सहित नियमित हुनु पर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ८,०३,३१८ |

९५ **वडा नं ३**

वडा नं ३ सँग सम्बन्धित बेहोरा देहाय अनुसार रहेका छन ।

९५.१ **शीर्षक फरक पारी खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) अनुसार सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्दछ। यस वर्ष ३ नं. वडा कार्यालयले पानी तथा विजुली शिर्षकमा विनियोजित बजेट वडा कार्यालयमा इन्टरनेट जडानमा खर्च गरी स्याङ्जा मिडिया प्रा.लि..लाई भौचर नं. ५० - ०८१।१०।२४ बाट रु. २००००.० भुक्तानी गरेको देखिँदा नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २०,००० |

९५.२ **महसुलमा जरिवानाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। समयमै महशुल भुक्तानी गरी छुट समेत लिन सकिने व्यवस्था भएकोमा कार्यालयले विद्युत महशुल भुक्तानीमा ढिलाइ गरेको कारण नेपाल विद्युत प्राधिकरण पोखरा वितरण केन्द्रलाई विद्युत महसुल बापत गो.भौ.नं. ५० – ०८१।१०।२४ बाट भुक्तानी गर्दा रु. १२५८ जरिवाना लागेको देखिन्छ। कार्यालयले तिर्नुपर्ने महसुल समयमै नतिर्दा जरिवाना बापत थप व्ययभार परेको नियमसम्मत नदेखिएकोले आगामी दिनमा विद्युत महशुल समयमै भुक्तानी हुने र जरिवाना तिर्नु नपर्ने सुनिश्चितता हुने प्रतिबद्धता सहित नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२५८ |

९५.३ **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य बापतको भुक्तानी गर्दा लागत अनुमानमा रहेको जनसहभागिताको अंश कट्टि गरेर मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ। यस वडा कार्यालयको तुलसी घाट संरक्षण कार्यमा लागत अनुमान बनाउँदा कुल निर्माण कार्यमा १७.७४ प्रतिशत योगदान सम्बन्धित उपभोक्ता समितिको रहने गरी अनुमान तथा सम्झौता गरेकोमा सो निर्माण कार्यको निर्माण सम्पन्न पश्चात् भुक्तानी गर्दा सो अनुसारको योगदान कट्टी नगरी भुक्तानी गरेको पाइयो। निर्माण उपभोक्ता समितिले रु. ११,५६,४५८.६५ को कार्य गरेको प्राविधिक बिल उठेकोमा सोको १७.७४ प्रतिशतले हुने रु. २११४५३.०० जनसहभागिताको अंश कट्टी गरी रु. ९,४५,०९५.०० मात्र खर्च लेख्नु पर्नेमा रु.

९,७४,०००.०० भुक्तानी दिएको पाइयो। सम्झौता अनुसारको उपभोक्ता समितिको जनसहभागिता कट्टी गरी वास्तविक बाँकी रकम मात्र भुक्तानी गर्नु पर्नेमा सो भन्दा रु. २८,९०५.०० बढी हुने गरी भुक्तानी गरेको देखिदाँ बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,९०५ |

९५.४ **उ.स. मार्फत वस्तु खरिदः** सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ९७ मा एक करोड सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सँग सम्बन्धित सेवा सो स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा सेवा प्राप्त गर्न सकिने व्यवस्था गरिएको भए तापनि वस्तु खरिद गर्न सकिने सम्बन्धमा स्पष्ट व्यवस्था उल्लेख छैन। यस वडा अन्तर्गत नेवा छैँ संग्रहालय स्तरोन्नति कार्यको लागि नियमावली विपरीत सामग्री खरिद गर्ने गरी सम्झौता गरेको पाइयो। नियमावलीमा स्पष्ट रुपमा निर्माण कार्य र सो निर्माण कार्य सँग सम्बन्धित सेवा लिनु परेमा सो उपभोग गर्ने उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था गरेकोमा समेत वडा कार्यालयले उपभोक्ता समितिबाट ७० थान प्लाष्टिक कुर्ची खरिद गराई गो.भौ.नं. ६ - ०८१।१०।०६ बाट रु. १८३४९०.०० भुक्तानी गरेको पाइयो। सामग्री खरिदको लागि मात्र लागत अनुमान र स्पेसिफिकेसन बिना प्लाष्टिक कुर्सी खरिद बापत प्रति कुर्सी रु. ३०००.०० का दरले ७० वटा कुर्सीको कुल रु. २१००००.०० सो को मूल्य अभिवृद्धि कर समेत रु. २३७३००.०० मा जनसहभागिता कट्टी गरी रु. १८३४९०.०० भुक्तानी गरेको छ। नियमावली विपरीत हुने गरी उपभोक्ता समितिबाट लागत अनुमान र स्फेसिफिकेसन विना नै सामग्री खरिद गरी भुक्तानी गरेको रु. १८३४९०.०० नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १८,४९० |

९५.५ **सोलिङ्ग नभएको स्थानमा ढलानः** निर्माण कार्यको भुक्तानी गर्दा नापी किताबमा चढेको वास्तविक निर्माण कार्यको नापी अनुसारको रकम मात्र भुक्तानी गर्नुपर्दछ। उपभोक्ता समितिले निलगिरी टोल बाटो तथा नाला स्तरोन्नति कार्यको लागि ६.१ मिटर लम्बाईमा सोलिङ्ग नगरेको अवस्थामा समेत आरसिसि ढलान गरेको भनी भुक्तानी गरेको देखियो। अन्य सबै चेनेजमा सोलिङ्ग गरेर मात्र सो माथि ढलान कार्य गरेकोमा यस ६.१ मिटर लम्बाईमा सोलिङ्ग नै नगरी ढलान गरेको भनी नापी गरेको पाइयो। सो चेनेजमा सुरुमा खनेको नापी राखेको हुँदा ढलान पहिलेनै गरेको भनेर भन्न समेत नसकिने अवस्था देखिन्छ। खनी सकेको स्थानमा अन्य सबै स्थानमा सोलिङ्ग गरी ढलान गरेको तर यहि खण्डमा मात्र सोलिङ्ग बिना नै ढलान गरेको भन्न सकिने अवस्था नदेखिँदा प्राविधिक पुष्ट्याईँ बिना सोलिङ्ग बिना ढलान गरेको भनी भुक्तानी भएको देहाय अनुसारको रकम सम्बन्धित निर्माण उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | कामको विवरण | परिमाण को गणना | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| १ | पीसीसी कार्य | ६*३.२*०.१५ | २.९२ | ११५०० | ३३५८० |
| २ | डण्डी | ४१*३.२*०.८९ | २३६.१९ | १३२.४१ | ३१२७४ |
| | | २२*६.१*०.८९ | | | |
| जम्मा | | | | | ६४८५४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,८५४ |

९५.६ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। त्यस्तै सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । पालिकाले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | नेवा ज्छे संग्राहलय स्तरोन्नति | १९०००० | १८३४९० |
| २ | छन्याल समाज स्तरोन्नति | १५०००० | १३९४५५ |
| ३ | सत्यसाई केन्द्र स्तरोन्नति | १००००० | ९६५७२ |
| ४ | पुन समाज घाट निर्माण तथा स्तरोन्नति | १६०००० | १५४३०८ |
| कुल जम्मा | | ६००००० | ५७३८२५ |

९६ **४ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

**कारोबार रकम र लेखापरीक्षण सम्बन्धमाः**

पोखरा महानगरपालिका अन्तर्गतको ४ नं. वडा कार्यालयको खर्च विवरण र लेखापरीक्षण अङ्क निम्न अनुसार रहेको छ।

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| खर्च | ५६०४९५३ | १४२६२१४९ | १९८६७१०२ |

[द्रष्टव्यः पालिकाले २०८२ भाद्र २४ को घटनाको कारण यस वडा कार्यालय अन्तर्गतका सम्पूर्ण स्रेस्ता तथा कागजात जलेर नष्ट भएकोले लेखापरीक्षण गराउन नसकिने जानकारी गराएको हुँदा यस खर्च केन्द्र अन्तर्गतको कुनै पनि स्रेस्ताको लेखापरीक्षण गरिएको छैन भने क्षति भएका जिन्सी सम्पत्ति तथा स्रेस्ता अभिलेख आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ बमोजिम मिनाहाको प्रक्रियामा रहेको मौखिक जानकारी पालिकाले गराएको भए तापनि नियमानुसार मिनाहा भएको सम्बन्धमा स्थलगत लेखापरीक्षणको अवधि २०८२ माघ मसान्त सम्म कुनै प्रमाण पेश भएको छैन।]

९७ **५ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

**कारोबार रकम र लेखापरीक्षण सम्बन्धमाः**

पोखरा महानगरपालिका अन्तर्गतको ५ नं. वडा कार्यालयको खर्च विवरण र लेखापरीक्षण अङ्क निम्न अनुसार रहेको छ।

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| खर्च | ४९६७४३६ | २१४७८३८५ | २६४४५८२१ |

[द्रष्टव्यः पालिकाले २०८२ भाद्र २४ को घटनाको कारणयस वडा कार्यालय अन्तर्गतका सम्पूर्ण स्रेस्ता तथा कागजात जलेर नष्ट भएकोले लेखापरीक्षण गराउन नसकिने जानकारी गराएको हुँदा यस खर्च केन्द्र अन्तर्गतको कुनै पनि स्रेस्ताको लेखापरीक्षण गरिएको छैन भने क्षति भएका जिन्सी सम्पत्ति तथा स्रेस्ता अभिलेख आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ बमोजिम मिनाहाको प्रक्रियामा रहेको मौखिक जानकारी पालिकाले गराएको भए तापनि नियमानुसार मिनाहा भएको सम्बन्धमा स्थलगत लेखापरीक्षणको अवधि २०८२ माघ मसान्त सम्म कुनै प्रमाण पेश भएको छैन।]

९८ **६ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

९८.१ **लैङ्गिक हिंसा सम्बन्धी सचेतना कार्यक्रमः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। उक्त व्यवस्था अनुसार विनियोजित रकम सोही शिर्षक र प्रयोजनमा मात्र खर्च गर्नुपर्दछ। वडा कार्यालयको लागि लैङ्गिक हिंसा सम्बन्धी सचेतना कार्यक्रम शिर्षकमा रू. ५० हजार बजेट विनियोजन भएकोमा कार्यालयले न्यायिक समितिका सदस्य, महिला तथा बालबालिका शाखाका कर्मचारी वा प्रशिक्षित सामाजिक परिचालकसँगको सहकारितामा वडा भित्रका लक्षित वर्गको पहिचान गरी सहभागितामूलक ढङ्गले सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा वडा समितिको २०८१ मंसिर १६ गते बसेको बैठकबाट लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान तालिम सञ्चालन गर्न महिला पर्यटन व्यवसायी मञ्च (wotf) लाई रू. २५००० र मनोसामाजिक अपांगता स्वास्थ्य सचेतना कार्यक्रम गर्न कोपिला नेपाल संस्थालाई रू. २५००० दिने निर्णय गरी सोही अनुसार भुक्तानी दिएको पाइयो। महिला पर्यटन व्यवसायी मञ्चले भुक्तानीको लागि सोधभर्ना माग गर्दा तालिम सञ्चालन गरेको प्रमाण पेश गरेको छैन भने मनोसामाजिक अपांगता स्वास्थ्य सचेतना कार्यक्रममा वडा भित्रका सवै लक्षित वर्ग लाभाच्वित भए नभएको यकिन गर्न सकिएन। वडा भित्र लैङ्गिक हिंसा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी सबै वडा बासीलाई लैंगिक हिंसा सम्बन्धी सुसूचित पार्ने गरी कार्यक्रम सञ्चालन हुनुपर्नेमा वडा समितिबाट निर्णय गरी गैरसरकारी संस्थालाई कार्यक्रम सञ्चालन गर्न दिनु उपयुक्त देखिएन। कार्यक्रम सञ्चालन गर्न कार्यादेश दिइएका संस्थाले सो कार्यक्रमको उद्देश्य अनुसार कार्यक्रम सञ्चालन गरे नगरेको सम्बन्धमा अनुगमन नगरी माग गरे अनुसार भुक्तानी दिने कार्यले सो खर्चको अपेक्षित लाभ प्राप्त भएको भन्न सकिने अवस्था नदेखिँदा लैंगिक हिंसा सम्बन्धी सचेतना कार्यक्रमका लागि भएको खर्च रु. ५०,०००.०० नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

९८.२ **प्राविधिक निरीक्षण प्रतिवेदनः** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ११५ मा (१) सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था गरिएको छ। वडा कार्यालयले पाण्डे कम्प्युटर प्रशिक्षण तथा मर्मत सेन्टरबाट ३ थान डेल ब्रान्डेड कम्प्युटर, २ थान डेल कोर आ.इ. ५ र १ थान फोटोकपी स्क्यानर खरिद गरी गो.भौ.नं. ३८ - ०८१।०७।३० बाट रू. ५०००००.०० भुक्तानी दिएकोमा प्राविधिक निरीक्षण प्रतिवेदन पेश गरिएको पाइएन। खरिद तथा जडान गरिएको कम्प्युटर तथा स्क्यानर तोकिएको स्पेशिफिकेशन र गुणस्तर अनुसार भए नभएको यकिन हुन नसकिएकाले प्राविधिक पुष्ट्याईं सहितको निरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

९८.३ **संघीय कार्यालय अनुदानः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघ सरकारले प्रदेश र स्थानीय सरकारलाई तथा प्रदेश सरकारले स्थानीय सरकारलाई समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानका साथै राजस्व बाँडफाँट मार्फत वित्तीय हस्तान्तरण गर्ने व्यवस्था भए तापनि मुलुकमा विद्यमान कुनै पनि कानूनले स्थानीय सरकारले प्रादेशिक तथा संघीय सरकारलाई अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था उल्लेख गरेको छैन। स्पष्ट कानुनी आधार बेगर यस वर्ष पालिकाले आफ्नो छुट्टै बजेट तथा संगठन संरचना अनुसार सञ्चालन हुने संघीय सरकार अन्तर्गतको वडा प्रहरी कार्यालय बैदामको लागि फर्निचर खरिद बापत फर्निचर आपूर्तिकर्ता कमल स्टिल फर्निचरलाई भौचर नं. ३ - ०८१।०९।०३ बाट रु. १०००००.०० भुक्तानी गरी खर्च लेखेको नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

९८.४ **वडाभित्र सडक बत्ती मर्मतः** सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ बमोजिम सो सम्बन्धी स्पेशिफिकेसन, योजना, विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गरी दफा ५ मा तोकिए बमोजिम लागत अनुमान तयारी तथा स्वीकृत गर्नुपर्दछ। त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(१) मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक नियकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्दछ। कार्यालयले वडाका मुख्य-मुख्य सडकमा सडक बत्ती जडान गरेको बेहोरा उल्लेख गरी लागत अनुमान तयारी, स्वीकृति तथा कार्यस्वीकार प्रतिवेदन बेगर तपशिल बमोजिम रु. १९४८८०.०० खर्च लेखेको छ। यसरी सडक बत्ती जडान बापत भुक्तानी दिनु अघि सोको स्पेशिफिकेसन तथा लागत अनुमान तयार गरी स्वीकृत गरेको तथा सडक बत्ती जडान गरेको प्राविधिक पुष्ट्याईं सहित कार्य स्वीकार गरेको नदेखिँदा सार्वजनिक खरिद कानूनमा उल्लेखित व्यवस्था विपरीत भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| क्र. सं. | भुक्तानी पाउने | खर्च रु. | कैफियत |
|---|---|---|---|
| १ | समृद्धि ईलेक्ट्रोनिक्स प्रा.लि.. | ९५३३२ | सडक बत्ती, होल्डर , स्वीच लगायतका विद्युतीय सामग्री खरिद बापत भुक्तानी। |
| | [पुँजीगतः ४५ - ०८२।०३।२५ ] | | |
| २ | सुदिप न्यौपाने | ९९५४८ | सडक बत्ती जडान तथा मर्मत बापत ज्याला भुक्तानी। |
| | [पुँजीगतः ३७ - ०८२।०३।२४ ] | | |
| | जम्मा | १९४८८० | |

| | |
|---|---|
| अनियमित भएको | १,९४,८८० |

९८.५ **ठेक्का फाइल प्राप्त नभएकोः** यस वडा कार्यालय अन्तर्गतका कार्यक्रम सँग सम्बन्धित विद्युतीय खरिद विधिबाट खरिद प्रक्रिया अघि बढाइएका खरिद फाइल महानगरपालिकाको खरिद शाखामा रहेकोमा २०८२ भाद्र २४ को घटनाको कारण तपशिल बमोजिमको कार्यक्रम सँग सम्बन्धित सम्पूर्ण स्रेस्ता तथा कागजात जलेर नष्ट भएको उल्लेख गरी लेखापरीक्षणको क्रममा फाइल पेश नभएकोले लेखापरीक्षण गरिएको छैन।

| ठेक्का नं. | आयोजनाको नाम | निर्माण व्यवसायी | सम्झौता मूल्य | मूल्याङ्कन रु. | भुक्तानी रु. |
|---|---|---|---|---|---|
| 37/PMC/NCB/W/Purbadhar/081-82 | १० आयोजनाको प्याकेज | अमृतमान कन्सट्रक्शन | २७२४३०८.५५ | २४९४२३३.४० | २४९४२३३.४० |
| 38/PMC-Re/NCB/W/Purbadhar/081-82 | वडा भित्रका बाटो पिच, प्याचिङ तथा रिसोलिङ | मनोज निर्माण सेवा | ३१५३७१०.७२ | ३१५१७२४.२३ | ३१५१७२४.२३ |
| 88/PMC/SQ/W/Purbadhar/081-82 | कोमागाने केदारेश्वर मन्दिर पार्क दुर्गा मुर्ती व्यवस्थापन | चन्द्र विष्णु कन्सट्रक्शन | १५८४१६३.१७ | १५८१६१५.०० | १५८१६१५.०० |
| - | **जम्मा** | | **७४६२१८२.४४** | **७२२७५७२.६३** | **७२२७५७२.६३** |

९९ **७ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

९९.१ **डिजिटल बोर्डः**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गर्नुपर्ने साथै सोही ऐनको दफा ११५(१) बमोजिम सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ। वडा कार्यालयले वडा कार्यालयमा डिजिटल बोर्ड जडान गर्दा स्पेशिफिकेशन तयारी एवम् स्वीकृत नगरी पावर हाउस ईन्टरप्राइजेजबाट खरिद तथा जडान गरी गो.भौ.नं. ९१ - ०८२।०३।०४ बाट रु. ९५०१०.०० भुक्तानी गरेको पाइयो भने सामग्रीको जडान पश्चात् प्राविधिक पुष्ट्याईँ देखिने कागजात समेत संलग्न भएको देखिएन। खरिद तथा जडान गरिएको डिजिटल बोर्ड तोकिएको स्पेशिफिकेशन र गुणस्तर अनुसार भए नभएको यकिन हुन नसकिएकाले प्राविधिक पुष्ट्याईँ सहितको निरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९५,०१० |

९९.२ **जिन्सी दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले ज्येष्ठ नागरिक दिवा सेवा कार्यक्रम अन्तर्गत टि.भि. १ थान, दराज १ थान, कुर्ची ३ थान, ग्यास स्टोभ २ थान, सिलिण्डर १ थान तथा मादल, खैँजडी, मुजुरा, डिस्पेन्सर, कित्ली (१/१ थान) लगायतका सामग्री भैरव ट्रेड सप्लायर्सबाट रू. १९९२३६.०० मा खरिद गरी ज्येष्ठ नागरिक मिलन केन्द्रलाई हस्तान्तरण गरेकोमा स्रेस्तामा सम्बन्धित सेवा केन्द्रले आफ्नो जिन्सी खातामा सहायताका सामग्रीहरू दाखिला गरेको प्रमाण संलग्न भएको पाइएन। पुँजीगत सामग्रीहरु जिन्सी खातामा दाखिला भएको प्रमाण पेश नहुँदा सम्पत्तिको स्वामित्व स्पष्ट नहुनाले सम्बन्धितबाट जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९९,२३६ |

९९.३ **जिन्सी दाखिला प्रतिवेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले विपद् व्यवस्थापन कार्यक्रम अन्तर्गत तल उल्लेखित विपद् व्यवस्थापन उद्वार सामग्रीहरू गौतम मेसिनरी टुल्सबाट रू. ९८०७७.०० मा खरिद गरी प्रहरी कार्यालय, बैदाम कास्कीलाई हस्तान्तरण गरेकोमा स्रेस्तामा सम्बन्धित प्रहरी कार्यालयले आफ्नो जिन्सी खातामा सहायताका सामग्रीहरू दाखिला गरेको प्रमाण संलग्न भएको पाइएन। पुँजीगत सामग्रीहरु जिन्सी खातामा दाखिला भएको प्रमाण पेश नहुँदा सम्पत्तिको स्वामित्व स्पष्ट नहुनाले सम्बन्धित प्रहरी कार्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रू.

| क्र.सं. | सामग्रीकोविवरण | थान | क्र.सं | सामग्रीकोविवरण | थान |
|---|---|---|---|---|---|
| १ | Pick Axe with handle | १० | ६ | Saftey & helmet | १० |
| २ | Shoval Round/metal handle | १० | ७ | Normal Gumboot | १७ |
| ३ | Gal 32 mm | ५ | ८ | Bancharo | २ |
| ४ | Gasoline Chain saw | १ | ९ | Tarpaulin | ६ |
| ५ | Cotton Rubber coated gloves heavy | २० | | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९८,०७७ |

९९.४ **तालिम तथा कार्यक्रमः**तालिम तथा कार्यक्रम सञ्चालन गर्दा तोकिएको लक्ष्य तथा उद्देश्य हासिल हुने गरी सञ्चालन गर्नुपर्दछ। वडा कार्यालयले यस वर्ष विभिन्न प्रकारका सिपमुलक तथा आयआर्जनमुलक तालिम सञ्चालन गरेको छ। तालिम सञ्चालन गर्दा पारदर्शिता कायम गरीनुपर्ने, सूचना प्रकाशन गरी सबै सरोकारवालाको पहुँच सुनिश्चित गर्नुपर्ने व्यवस्था भएतापनि कार्यालयले सञ्चालन गरेको तालिममा प्रशिक्षार्थी छनोटका आधार तथा प्रशिक्षकको योग्यता, अनुभव तथा प्रमाणित कागजातहरू स्पष्ट रूपमा उल्लेख नगरेकाले छनोट प्रकिया पारदर्शी भएको तथा तालिमको गुणस्तर सुनिश्चित भएको यकिन गर्न सकिएन। तालिम सञ्चालन पश्चात् प्रशिक्षार्थीहरु स्वरोजगार तथा आत्मनिर्भर भए नभएको सम्बन्धमा कार्यालयले नियमित अनुगमन गरी तालिमको लक्ष्य पूरा हुने गरी तालिम सञ्चालन गर्नुपर्दछ। तालिम तथा कार्याक्रम सञ्चालन सम्बन्धमा लेखापरीक्षणको क्रममा देखिएका केही उदाहरणहरू निम्न छन्।

| क.सं. | गो.भौ.नं. | तालिमको विवरण | तालिम प्रदायक | खर्च रू. |
|---|---|---|---|---|
| १ | ५५-०८२/०२/०७ | साबुन बनाउने तालिम | वडा कार्यालय | ९७५०० |
| २ | ६३-०८२/०२/२१ | दुवोको माला बनाउनेतालिम | वडा कार्यालय | ८८००० |
| ३ | ७३-०८२/०३/१६ | अचार बनाउने तालिम | एस. & टु.एस. खाद्यउद्योग | १००००० |
| ४ | ८५-०८२/०३/१८ | वेभपेज डिजाइन & डेभलपमेन्ट तालिम | निति एकेडेमी | १००००० |
| | - | **जम्मा** | - | **३८५५००** |

९९.५ **बढी दरले भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) को प्रतिबन्धात्मक वाक्यांशमा हेभी मेसिनको प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्यमा सम्बन्धित प्राविधिकको सिफारिसमा सम्बन्धित निकायको सिफारिस लिई मेसिन प्रयोग गर्न सकिने व्यवस्था रहेको छ। यस वडा कार्यालयको बुलौदिखोला तटबन्ध तथा फुटपाथ निर्माण कार्यमा म्यानुअल दर प्रति घन मिटर रु. ६१४.२९ राखी लागत अनुमान स्वीकृत गरिएकोमा सो निर्माण कार्यमा एक्साभेटर प्रयोग गरी खनेको पाइयो भने भुक्तानी गर्दा म्यानुअल दर अनुसार नै भुक्तानी गरेको पाइयो। वडा कार्यालयको दर रेट विश्लेषण अनुसार मेसिन प्रयोग गरी खन्दा प्रति घ.मि. रु. ८२.०० लागत लाग्ने अवस्थामा कुल ७५.६७ घनमिटर खन्ने कार्य मेसिन प्रयोग गरी खनेकोमा जम्मा रु. ६२०४.९४ मात्र भुक्तानीको लागि सिफारिस गर्नु पर्नेमा म्यानुअल दर प्रति घन मिटर रु. ६१४.२९ का दरले जम्मा रु. ४६४८३.३२ भुक्तानी गरेको देखिँदा रु. ४०२७८.३८ बढी भुक्तानी गरेको पाइयो। यसरी बढी भुक्तानी भएको सो रकममा उपभोक्ता समितिको योगदान बापत १५ प्रतिशतले हुने रकम कट्टि गरी बाँकी रहेको रु. ३४२३७.०० वास्तविक रुपमा बढी भुक्तानी भएको देखिएकोले सम्बन्धित निर्माण उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,२३७ |

९९.६ **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य बापतको भुक्तानी गर्दा लागत अनुमानमा रहेको जनसहभागिताको अंश कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्ने उल्लेख छ। यस वडाको बुलौदिखोला तटबन्ध तथा फुटपाथ निर्माण कार्यमा लागत अनुमान बनाउँदा कुल निर्माण कार्यमा १५ प्रतिशत योगदान सम्बन्धित उपभोक्ता समितिको रहने गरी अनुमान गरेकोमा सो निर्माण कार्यको निर्माण सम्पन्न पश्चात् भुक्तानी गर्दा सो अनुसारको योगदान कट्टी नगरी भुक्तानी गरेको पाइयो। निर्माण उपभोक्ता समितिले रु. ९,७४,४०४.२८ को कार्य गरेको प्राविधिक बिल उठेकोमा सोको १५ प्रतिशतले हुने रु. १४६१६०.६४ जनसहभागिताको अंश कट्टी गरी रु. ८,२८,२४३.६४ मात्र भुक्तानी दिनु पर्नेमा रु. ९,१४,१४०.०० (कन्टिन्जेन्सी रु. ३०,९८३.०० बाहेक) भुक्तानी दिएको पाइयो। उपभोक्ता समितिको जनसहभागिता बापतको रकम कट्टी गरी बाँकी मात्र भुक्तानी गर्नुपर्नेमा वास्तविक भुक्तानी हुनुपर्ने भन्दा रु. ८५,८९६.०० बढी हुने गरी भुक्तानी गरेको देखिँदा बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५,८९६ |

१०० **८ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

**कारोबार रकम र लेखापरीक्षण सम्बन्धमाः**

पोखरा महानगरपालिका अन्तर्गतको ८ नं. वडा कार्यालयको खर्च विवरण र लेखापरीक्षण अङ्क निम्न अनुसार रहेको छ।

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| **खर्च** | ८०७००२९ | १५३४३५८३ | २३४१३६१२ |

[द्रष्टव्यः पालिकाले २०८२ भाद्र २४ को घटनाको कारण यस वडा कार्यालय अन्तर्गतका सम्पूर्ण स्रेस्ता तथा कागजात जलेर नष्ट भएकोले लेखापरीक्षण गराउन नसकिने जानकारी गराएको हुँदा यस खर्च केन्द्र अन्तर्गतको कुनै पनि स्रेस्ताको लेखापरीक्षण गरिएको छैन भने क्षति भएका जिन्सी सम्पत्ति तथा स्रेस्ता अभिलेख आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ बमोजिम मिनाहाको प्रक्रियामा रहेको मौखिक जानकारी पालिकाले गराएको भए तापनि नियमानुसार मिनाहा भएको सम्बन्धमा स्थलगत लेखापरीक्षणको अवधि २०८२ माघ मसान्त सम्म कुनै प्रमाण पेश भएको छैन।]

१०१ **९ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

९ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु देहाय अनुसार रहेका छन्।

१०१.१ **ज्याकेट खरिदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ। कार्यालयले कन्टिन्जेन्सी अन्तर्गत ६५ थान हाफ ज्याकेट खरिद गरी भौचर नं. ७ - ०८१।१२।२१ बाट रु. ४५५००.०० खर्च लेखेकोमा खरिद गर्नु अघि आवश्यकताको पहिचान गरेको पाइएन भने खरिद गरिएको सामग्रीको उपयोग सम्बन्धमा कुनै पनि अभिलेख

प्रमाण स्रेस्ताको साथमा संलग्न गरेको नदेखिँदा खर्चको उपयोग पुष्टि हुने प्रमाण बेगर खर्च गरेको नियम सम्मत नदेखिएकोले खर्च पुष्टि हुने प्रमाण सहित नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४५,५०० |

१०१.२ **संघीय कार्यालय अनुदानः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघ सरकारले प्रदेश र स्थानीय सरकारलाई तथा प्रदेश सरकारले स्थानीय सरकारलाई समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानका साथै राजस्व बाँडफाँट मार्फत वित्तीय हस्तान्तरण गर्ने व्यवस्था भए तापनि मुलुकमा विद्यमान कुनै पनि कानूनले स्थानीय सरकारले प्रादेशिक तथा संघीय सरकारलाई अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था उल्लेख गरेको छैन। स्पष्ट कानुनी आधार बेगर यस वर्ष पालिकाले आफ्नो छुट्टै बजेट तथा संगठन संरचना अनुसार सञ्चालन हुने संघीय सरकार अन्तर्गतको सामुदायिक प्रहरी सेवा केन्द्र, पृथ्वीचोकको लागि प्रिन्टर तथा कार्जेज खरिद बापत भौचर नं. ५२ - ०८२।०३।२३ बाट रु. ५२०००.०० भुक्तानी गरी खर्च लेखेको नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ५२,००० |

१०१.३ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र. सं . | सम्बन्धित निकाय | भुक्तानी प्रयोजन | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | नागढुङ्गा आमा समूह भवन | फर्निचर तथा फर्निसिङ | २४८८९३ | १९-०८२।०३।२३ |
| २ | चण्डीमाई सेवा समिति | भवन निर्माण | ७४८८६० | २१-०८२।०३।२३ |
| | जम्मा | | ९९७७५३ | |

१०१.४ **अधुरो अवस्थामा कार्य स्वीकारः** सम्झौताका शर्त बमोजिम सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको सुनिश्चित भए पछि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कार्य स्वीकार गरी नियम १२४ बमोजिम अन्तिम भुक्तानी गर्नुपर्दछ। खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गराउन निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून र सम्झौताका शर्त बमोजिम जिम्मेवार बनाउनुपर्दछ। निर्माण कार्य अगाडि बढाउन नसकिने काबु बाहिरको परिस्थिति रहेको प्राविधिक पुष्ट्याईँ बेगर अधुरो निर्माण कार्य स्वीकार गर्न नमिल्नेमा कार्यालयले सम्झौता भन्दा घटी कार्य सम्पन्न भएको आयोजनाको समेत कार्य स्वीकार गरेको देखिन्छ। निर्माण आयोजनाको लागि निर्माण उपभोक्ता समितिसँग सम्झौता भएको भन्दा १०% देखि ४१% सम्म काम बाँकी छँदै अधुरो अवस्थामा कार्य स्वीकार गरी तपशिल बमोजिम उपभोक्ता समितिलाई रु. ११५१२६९.०० भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| आयोजनाको नाम | सम्झौता तथा मूल्याङ्कन अनुसार कार्यसम्पन्न | | | | खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | हुनुपर्ने | भएको | घटी | घटी % | | |
| भूपू पछाडि नाला निर्माण | ११७६७८६ | ८१३३८५ | ३६३४०१ | ३१% | ६३६५९८ | ११-०८२।०३।०५ |
| शान्तिघाट विकास समिति भवन | ११८६०७७ | ७००७४९ | ४८५३२८ | ४१% | ५१४६७१ | १०-०८२।०३।०५ |
| **जम्मा** | **२३६२८६३** | **१५१४१३४** | **८४८७२९** | **३६%** | **११५१२६९** | |

| | |
|---|---|
| अनियमित भएको | ११,५१,२६९ |

१०१.५ **सवारी साधन मर्मतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(१) मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नु पर्ने भए निकायको प्रमुखलाई सोको लिखित जानकारी गराई नियम १३(५) बमोजिम लागत अनुमान तयारी तथा स्वीकृति पश्चात् मर्मत सम्भार गर्नुपर्ने उल्लेख छ। कार्यालयका कर्मचारीलाई दुई पाङ्ग्रे सवारी साधन मर्मत बापत भौचर नं. ४० - ०८२।०३।१६ बाट रु. ४००००.०० र ४१ - ०८२।०३।१६ बाट रु. २००००.०० समेत रु. ६००००.०० सोधभर्ना भुक्तानी गरिएकोमा नियमावली बमोजिम लागत अनुमान तयारी तथा स्वीकृत गराएको र मर्मत सम्पन्न प्रतिवेदन संलग्न गरेको नदेखिँदा नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ६०,००० |

१०२ **१० नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

१०२.१ **संघीय कार्यालय अनुदानः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघ सरकारले प्रदेश र स्थानीय सरकारलाई तथा प्रदेश सरकारले स्थानीय सरकारलाई समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानका साथै राजस्व बाँडफाँट मार्फत वित्तीय हस्तान्तरण गर्ने व्यवस्था भए तापनि मुलुकमा विद्यमान कुनै पनि कानूनले स्थानीय सरकारले प्रादेशिक तथा संघीय सरकारलाई अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था उल्लेख गरेको छैन। स्पष्ट कानुनी आधार बेगर यस वर्ष पालिकाले आफ्नो छुट्टै बजेट तथा संगठन संरचना अनुसार सञ्चालन हुने संघीय सरकार अन्तर्गतको अस्थायी प्रहरी कार्यालय भवन मर्मत तथा रङ्गरोगनको लागि भौचर नं. ३ - ०८१।०९।०७ बाट रु. १२१५६०.०० भुक्तानी गरी खर्च लेखेको नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,२१,५६० |

१०२.२ **काजीपोखरी सुनकोशी टोल नहरमार्गः** सार्वजनिक सम्पत्तिमा क्षति पुर्याएकोमा सो क्षति पुर्याउने पक्षबाट पुनर्निर्माण गर्न लाग्ने रकम असुल गरी पुन: निर्माण गरिनुपर्दछ। काजीपोखरी सुनकोशी टोलमा खानेपानी उपभोक्ता समितिले खानेपानीको पाईप बिछ्याउन सडक खनी क्षति पुर्याएकोमा सोको पुनर्निर्माण गर्न यस वडाबाट भुक्तानी गरेको पाइयो। खानेपानी उपभोक्ता समितिले जति सडकमा क्षति पुर्याई खानेपानीको पाईप राख्नु पर्नेहो सो बराबरको रकम सम्बन्धित निकायमा जम्मा गर्न लगाई सो रकमबाट पुनर्निर्माण कार्य गर्नु पर्नेमा त्यसो नगरी क्षति पुगेको सडक पुनर्निर्माण कार्य बापत कार्यालयले भौचर नं. ९ - ०८२। ०१।१० बाट काजीपोखरी सुनकोशी टोल नहरमार्ग निर्माण उपभोक्ता समितिलाई भुक्तानी गरी रू. १४६४६६.०० खर्च लेखेको पाइयो। सो सडकमा खानेपानी उ.स.ले सडक खनी क्षति पुर्याएको र सोको निर्माण सो उ.स.ले नगरेको कारण स्थानीय बासिन्दा समस्यामा परेकोले सो निर्माण कार्य पश्चात् सहज भएको भनी स्थलगत अनुगमन प्रतिवेदन समेत पेश गरेको पाइयो। सार्वजनिक सम्पत्तिमा क्षति पुर्याउने पक्षबाट नै सो क्षतिको सोधभर्ना लिई निर्माण गर्नुपर्नेमा सो नगरी सम्पूर्ण खर्च यसै वडाबाट गरेको देखिँदा यसरी भएको खर्च रू. १४६४६६.०० सडकमा क्षति पुर्याउने सम्बन्धित खानेपानी उपभोक्ता समितिबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४६,४६६ |

१०३ **११ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

१०३.१ **लागत अनुमानः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गर्नुपर्ने साथै दफा ५ मा कुनै पनि खरिदको लागि तोकिएबमोजिमको लागत अनुमान तयार गर्नुपर्ने र दफा ५(क) मा लागत अनुमान तोकिएबमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले यस आ.व.मा विभिन्न आपूर्तकबाट सामग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन बमोजिम लागत अनुमान तयार र स्वीकृत नगरी कोटेशन बाट सीधै खरिद गरी खर्च गरेको छ। कार्यालयले खरिद प्रकियामा खर्चलाई नियन्त्रण गर्न, सामग्रीको उचित मूल्य निर्धारण गर्न र जोखिमलाई न्यूनीकरण गर्न ऐन बमोजिम सामग्रीको खरिद पूर्व लागत अनुमान बनाई तोकिए बमोजिम स्वीकृत गर्नुपर्छ। लागत अनुमान तयार नगरी खरिद गरेको केही उदाहरण निम्न छन्।

| क्र.सं. | गो.भौ.नं./ मिति | आपूर्तिकर्ता | सामग्रीकोबेहोरा | खर्चरकम |
|---|---|---|---|---|
| १ | ५१-२०८१/ ११/ २१ | गोल्डेननर्सरी | बिरूवाखरिद | १२५५०० |
| २ | ५५-२०८१/ १२/ ०७ | सिद्धार्थपाण्डे कम्प्युटर | ३ थानकम्प्युटर | २२५००० |
| | - | **जम्मा** | - | **३५०५००** |

१०३.२ **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य बापतको भुक्तानी गर्दा लागत अनुमानमा रहेको जनसहभागिताको अंश कट्टि गरेर मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ। यस वडा कार्यालयको रानीपौवा चोकदेखि आत्मज्ञान जाने सडक स्तरोन्नति कार्यमा लागत अनुमान बनाउँदा विद्युत पोल सारेको रु. ११७२६५.४४ लाग्ने गरी लागत अनुमान गरेकोमा नेपाल विद्युत प्राधिकरण पोखरा शाखाले कुल रु. ९९४६८.५४

मात्र खर्च लागेकोले बाँकी रु. १७७९६.९० फिर्ता गर्ने भनी बिल पेश गरेको पाइयो। नापी किताबमा नेपाल विद्युत प्राधिकरणलाई उपभोक्ता समितिले वास्तविक तिरेको खर्च रकम मात्र चढाउनु पर्नेमा सुरुमा जम्मा गरेको रु. ११७२६५.४४ नै राखी बिल बनाएको पाइयो। विद्युत पोल सार्न लागेको वास्तविक खर्च भन्दा रु. १७७९६.९० बढी हुने गरी उपभोक्ता समितिको बिलमा चढाई भुक्तानी गरेको देखिँदा सो बढी भुक्तानी रकम सम्बन्धित निर्माण उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १७,७९७ |
|---|---|

१०३.३ **तालिम सञ्चालनः** तालिम तथा कार्यक्रम सञ्चालन गर्दा तोकिएको लक्ष्य तथा उद्देश्य हासिल हुने गरी सञ्चालन गर्नुपर्दछ। वडा कार्यालयले यस वर्ष विभिन्न प्रकारका सीपमूलक तथा आयआर्जनमुलक तालिम सञ्चालन गरेको छ। तालिम सञ्चालन गर्दा पारदर्शिता कायम गरीनुपर्ने, सूचना प्रकाशन गरी सबै सरोकारवालाको पहुँच सुनिश्चित गर्नुपर्ने व्यवस्था भएतापनि कार्यालयले सञ्चालन गरेको तालिममा प्रशिक्षार्थी छनोटका आधार तथा प्रशिक्षकको योग्यता, अनुभव तथा प्रमाणित कागजातहरू स्पष्ट रूपमा उल्लेख नगरेकाले छनोट प्रकिया पारदर्शी भएको तथा तालिमको गुणस्तर सुनिश्चित भएको सम्बन्धमा यकिन गर्न सकिएन। तालिम सञ्चालन पश्चात् प्रशिक्षार्थीहरु स्वरोजगार तथा आत्मनिर्भर भए नभएको सम्बन्धमा कार्यालयले नियमित अनुगमन गरी तालिमको लक्ष्य पूरा हुने गरी तालिम सञ्चालन गर्नुपर्दछ। तालिम तथा कार्यक्रम सम्बन्धमा लेखापरीक्षणको क्रममा देखिएका केही उदाहरणहरू निम्न छन्।

| क्र.सं. | गो.भौ.नं./ मिति | तालिमकोबेहोरा | खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | ६९-०८२/ ०१/ १० | अचारबनाउने तालिम | १९६००० | ५ दिन ६६प्रशिक्षार्थी |
| २ | ११०-०८२/ ०३/ २३ | वेब पेजडिजाइन ऐण्ड डेभलपमेन्ट | ९५००० | १५ दिन १५प्रशिक्षार्थी |
| | - | **जम्मा** | **२९१०००** | |

१०३.४ **विद्युत महशुलमा जरिवानाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। समयमै महशुल भुक्तानी गरी छुट समेत लिन सकिने व्यवस्था भएकोमा कार्यालयले विद्युत महशुल भुक्तानीमा ढिलाइ गरेको कारण भौचर नं. ६७ - ०८२।०१।१० बाट विद्युत महशुल भुक्तानी गरेकोमा विलम्ब शुल्क बापत रु. ११२००.०० जरिवाना तिर्नुपर्दा सरकारी कोषमा अतिरिक्त व्ययभार परेको नियमसम्मत नदेखिएकोले आगामी दिनमा विद्युत महशुल समयमै भुक्तानी हुने र जरिवाना तिर्नु नपर्ने सुनिश्चितता हुने प्रतिबद्धता सहित नियमित हुनुपर्ने रु.

| अनियमित भएको | ११,२०० |
|---|---|

१०३.५ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। त्यस्तै सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/ नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क.सं. | कार्यक्रम/ आयोजना/ क्रियाकलापकोनाम | विनियोजन | खर्च |
|---|---|---|---|
| पोखरामहानगरपालिकावडा नं.११ | | | |
| १ | सर्वेश्वरमिलिजुली मानव सेवा समितिको भवन स्तरोन्नति | ४००००० | ३८१४५६ |
| २ | काहुँ दलितसामुदायिक भवन मर्मत सम्भार तथा सिँढी बाटो निर्माण | ४००००० | ३२११४८ |
| ३ | क्षयरोगनिवारण संघको भवन मर्मत तथा स्तरोन्नति | ८००००० | ७८८५३५ |
| पोखरा महानगरपालिका- पूर्वाधार- सडक | | | |
| ४ | तुलसिघाटगुरुङ सेन्टर संरक्षण वडा नं. ११ | १५००००० | १४३०५६५ |
| **जम्मा** | | **३१०००००** | **२९२१७०४** |

१०३.६ **घटी मोटाइमा ढलानः** सडकको स्पेसिफिकेशन बमोजिम सबबेसको परिमाणको भुक्तानी गर्नुपर्दछ। यस वडा भित्रका विभिन्न सडक ढलान सम्बन्धी निर्माण कार्यमा स्पेसिफिकेशन बमोजिम र लागत अनुमान अनुसार समेत १२ से.मि. मोटाइमा ढलान कार्य गर्नुपर्नेमा सो भन्दा घटी मोटाइ हुने गरी कार्य गराई भुक्तानी गरेको देखिन्छ। औसत मोटाइ ०.१० मिटर सम्म देखिए तापनि निर्माण कार्यको कोर कटिङ्ग रिपोर्ट अनुसार ०.०६१४४ मिटर देखि ०.११ मिटर सम्मको मोटाइमा ढलान गरेको पाइयो। ढलान कार्य तोकिएको भन्दा घटी मोटाइमा भएकोमा सो कार्यलाई स्वीकार गरी भुक्तानीका लागि सिफारिस गरेको देखिँदा सडकको स्पेसिफिकेसन बमोजिम पेभमेण्टको भार वहन क्षमता र सोको दिगोपनामा असर पर्ने हुँदा गुणस्तरमा आश्वस्त हुने प्राविधिक पुष्ट्याईँ बेगर घटी मोटाइको ढलान कार्य स्वीकार गरिएको मनासिब नदेखिँदा देहाय अनुसारको निर्माण कार्यमा भएको भुक्तानीको प्राविधिक पुष्ट्याइँ सहित नियमित हुनुपर्ने रु.

| योजनाको नाम | इस्टिमेट अनुसार हुनु पर्ने मोटाइ | भुक्तानी भएको मोटाइ | ढलानको परिमाण | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ओडारे मार्ग धरहरा मार्ग विनायक मार्ग स्तुपा मार्ग | ०.१२ | ०.०९ देखि ०.११ | ९२.०२ | १००७५.२५ | ९२७१२४.५१ | भुक्तानी गरेको मोटाइ औसतमा राखेको भए तापनि कोर कटिङ्ग प्रतिवेदनमा ०.०६१ देखि ०.११ सम्मको मोटाइमा ढलान गरेको देखिएको। |
| काहुकोट देउराली मन्दिर तथा धरहरा संरक्षण समिति | ०.१२ | ०.१ | २२.७८ | १००७५.२५ | २२९५१४.२० | |
| काहु भञ्याङ्ग तिलाहार जाने बाटो तथा सिँढी स्तरोन्नति | ०.१२ | ०.१ | २५.६५ | १२९९५ | ३३३३२१.७५ | |
| घिमिरे चोक उपल्लो बस्यारीमा नाला तथा सडक स्तरोन्नति | ०.१२ | ०.०८९ | ५२.२८ | १००७५.२५ | ५२६७३४.०७ | |
| **जम्मा** | | | | | **२०१६६९४.५२** | |

| अनियमित भएको | २०,१६,६९५ |
|---|---|

१०३.७ **रेडिमिक्स प्रयोगबाट थप व्ययभारः** सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार निर्माण गरिने संरचना मितव्ययी तथा दिगो हुनु पर्दछ। यस वडा कार्यालयले काहुँ भञ्ज्याङ्ग तिलाहार जाने बाटो तथा सिँढी स्तरोन्नति कार्यमा ढलान गर्न रेडिमिक्सबाट बनेको कंक्रिट राखी ढलान गर्ने गरी लागत अनुमान बनाई उपभोक्ता समिति सँग सम्झौता गरेको पाइयो। रेडिमिक्सबाट कंक्रिट नराखी साधारण मिक्स्चरबाट बनाउने गरी कंक्रिट राख्दा M15 कंक्रिटको एक घनमिटरको रु. १००७५.२५ पर्ने गरी महानगर भरी निर्माण हुने योजनामा प्रयोग गरेको अवस्थामा यस योजनामा रेडिमिक्सबाट बनेको कंक्रिट प्रयोग गरी सोही स्तरको कंक्रिट प्रति घनमिटर रु. १२९९५.०० का दरले भुक्तानी गरेको पाइयो। एउटै गुणस्तरको कंक्रिट प्रयोग गर्दा अन्य योजनामा भन्दा यस योजनामा प्रति घन मिटर रु. २९१९.७५ का दरले थप व्ययभार परेको पाइयो। यस निर्माण कार्यमा कुल २५.६५ घन मिटर कंक्रिट प्रयोग भएको हुँदा कुल रु. ७१८९१.५९ ले थप व्ययभार परेको देखियो। ढलान गर्न साधारण मिक्स्चर प्रयोग गरी बनाइएको कंक्रिट र रेडिमिक्सको कंक्रिट प्रयोग गर्दा एउटै गुणस्तरको कंक्रिटको लागि रु. ७१८९१.५९ बढी हुने गरी भुक्तानी गर्नु परेकोले यस वडा कार्यालयलाई थप व्ययभार परेको देखिँदा यसरी एउटै प्रकारको गुणस्तरको कार्यमा बढी व्ययभार पर्ने गरी भुक्तानी भएको रकम रु. ७१८९१.५९ निमय सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| अनियमित भएको | ७१,८९२ |
|---|---|

१०३.८ **बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ। कार्यालयले पावर अल्टरनेटिभ पोखरालाई स्ट्रिट लाईट जडानको स्वीकृत प्राविधिक मूल्याङ्कन प्रतिवेदन अनुसार रू. ७५९४९.०० भुक्तानी दिनुपर्नेमा गो.भौ.नं. ११३ - २०८२।०३।२३ बाट रू. ८२९६०.०० भुक्तानी गरेको देखिँदा रु. ७०१०.०० बढी भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ७,०१० |
|---|---|

१०४ **१२ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

१०४.१ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ।सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | सम्बन्धित निकाय | भुक्तानी प्रयोजन | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | याङ्जाकोट तमु समाज | भवन अगाडि स्लाब मर्मत | १६३००० | २०-०८२।०१।०८ |
| ४ | सितला देवी सामुदायिक भवन | भवन निर्माण | ७७१४९१ | ३४-०८२।०३।१६ |
| | | **जम्मा** | **९३४४९१** | |

१०४.२ **गैरसरकारी संस्थाबाट निर्माण कार्यः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ ले जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सकिने व्यवस्था गरेको छ। खरिद ऐनमा गैरसरकारी क्षेत्रबाट कुनै पनि निर्माण कार्य गर्न लगाउने सम्बन्धमा व्यवस्था नरहेकोमा यस वडा कार्यालयबाट श्री सत्य हरिशचन्द्र सिर्जनशील मञ्चलाई भवन तथा ट्याङ्की निर्माण गर्न लगाई गो.भौ.नं. १७ - ०८१।१२।२७ बाट रू. ४७४२०८.०० भुक्तानी गरेको पाइयो। खरिद ऐनमा भएको व्यावस्था विपरीत गैरसरकारी संस्था मार्फत गरिएको निर्माण खर्च नियम सम्मत नदेखिएको रू.

| अनियमित भएको | ४,७४,२०८ |
|---|---|

१०५ **१३ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

**कारोबार रकम र लेखापरीक्षण सम्बन्धमाः**

पोखरा महानगरपालिका अन्तर्गतको १३ नं. वडा कार्यालयको खर्च विवरण र लेखापरीक्षण अङ्क निम्न अनुसार रहेको छ।

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| **खर्च** | ६२१७०९० | ४२६६८२१७ | ४८८८५३०७ |

[द्रष्टव्यः पालिकाले २०८२ भाद्र २४ को घटनाको कारण यस वडा कार्यालय अन्तर्गतका सम्पूर्ण स्रेस्ता तथा कागजात जलेर नष्ट भएकोले लेखापरीक्षण गराउन नसकिने जानकारी गराएको हुँदा यस खर्च केन्द्र अन्तर्गतको कुनै पनि स्रेस्ताको लेखापरीक्षण गरिएको छैन भने क्षति भएका जिन्सी सम्पत्ति तथा स्रेस्ता अभिलेख आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ बमोजिम मिनाहाको प्रक्रियामा रहेको मौखिक जानकारी पालिकाले गराएको भए तापनि नियमानुसार मिनाहा भएको सम्बन्धमा स्थलगत लेखापरीक्षणको अवधि २०८२ माघ मसान्त सम्म कुनै प्रमाण पेश भएको छैन।]

१०६ **१४ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

१०६.१ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न

उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र. सं . | सम्बन्धित निकाय | भुक्तानी प्रयोजन | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | गस्तीमा समाजघर | भवन निर्माण | १५०००० | ३०-०८२।०३।०९ |
| २ | ह्योल्मो सांस्कृतिक संग्रहालय | भवन निर्माण | ४९५७५२ | २८-०८२।०३।०४ |
| ३ | विश्वकर्मा समाजघर | भवन निर्माण | ३९९५०० | २०-०८२।०२।०५ |
| ४ | समिन्तरा समाजघर | भवन मर्मत | ९५७८० | ४८-०८२।०३।२३ |
| ५ | शिवमार्ग टोल सामुदायिक भवन | अधुरो भवन निर्माण | ९९८८५२ | ३७-०८२।०३।१८ |
| ६ | गैरीगाउँ समाजघर | भवन मर्मत | ९९६१७ | ५५-०८२।०३।२३ |
| ७ | सुशेली आमा समूह | भवन मर्मत | ८९४२८ | ५४-०८२।०३।२३ |
| ८ | धिताल खत्रीगाउँ भवन | कम्पाउण्ड निर्माण | १९८२२५ | ५२-०८२।०३।२३ |
| ९ | समावेशी समाजघर | भवन मर्मत | ४९४७१४ | ५१-०८२।०३।२३ |
| १० | चाँदनी समाजघर | भवन निर्माण | ३७८००० | ४१-०८२।०१।०७ |
| ११ | उपल्लो शान्तिटोल भवन | भवन मर्मत | ९६०९४ | २९-०८२।०१।२८ |
| १२ | रामेश्वरी आमा समूह | अधुरो भवन निर्माण | १९६९७० | ४८-०८२।०१।२८ |
| १३ | प्रगतिटोल समाजघर | भवन मर्मत | १९९३०३ | ९३-०८२।०३।२५ |
| १४ | सूर्यमूखी आमा समूह | पर्खाल निर्माण | २४४९६५ | ५४-०८२।०२।१२ |
| १५ | सुन्दरटोल समाजघर | भवन मर्मत | २९८२८५ | ८९-०८२।०३।२३ |
| | जम्मा | | ४४३५४८५ | |

१०६.२ **अध्यक्षसँग योग कार्यक्रमः** सार्वजनिक खरिद प्रकियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को व्यवस्था गरिएको छ। सोही ऐनको दफा ५ अनुसार १ लाख रुपैयाँभन्दा बढीको कुनै पनि खरिदको लागि लागत अनुमान बनाउनुपर्ने र दफा ५(क) मा तोकिए बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले अध्यक्षसँग योग कार्यक्रम अन्तर्गत सिटिजन फर्निचरबाट एकै किसिमको स्पेसिफिकेशन भएको योगा म्याट लागत अनुमान बेगर खरिदलाई टुक्राएर गो.भौ.नं. ७० बाट ९९ थान र गो.भौ.नं. ९५ बाट १८१ थान गरी जम्मा रू. १७५४८२.०० (भ्याट सहित) मा निम्न बमोजिम खरिद गरी विभिन्न समूह तथा टोल विकास संस्थालाई हस्तान्तरण गरेको पाइयो।

| **योगा म्याट खरिद सम्बन्धी विवरण** | | | | | | |
|---|---|---|---|---|---|---|
| गो.भौ.नं. | सामग्रीको विवरण | बीजक नं. | परिमाण | दर रु. | जम्मा मूल्य | कैफियत |
| ७०-०८२।०१।०३ | योगा म्याट (२*६) | १२०१ | ९९ | ८८४ | ८७५१६ | ०८२।०१।०३ |
| ९५-०८२।०३।२४ | योगा म्याट (२*६) | ११९१ | १८१ | ४८६ | ८७९६६ | ०८१।१२।२९ |
| | **जम्मा** | **-** | **२८०** | **३९८** | **१७५४८२** | **भ्याट सहित** |

एउटै फर्मबाट एउटै स्पेशिफिकेशन रहेको सामग्री खरिद गर्दा अघिल्लो बीजकमा भन्दा पछिल्लो बीजकमा बढी दरमा खरिद गरी रू. ३९,४०२.०० [९९×(८८४-४८६] बढी भुक्तानी गरेको देखिँदा सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ३९,४०२ |
|---|---|

१०६.३ **अनुपातिक कट्टीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम बापत भुक्तानी दिँदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख गरिएको छ। पोखरा महानगरपालिकाको विनियोजन ऐन, २०८१ को दफा ४(घ) अनुसार उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा कम्तिमा १५% जनसहभागिता जुटाउनुपर्ने व्यवस्था छ। तसर्थ अन्तिम भुक्तानी दिँदा कार्यालय र उपभोक्ता समितिबीच भएको सम्झौता अनुसार सम्झौता भन्दा घटी परिमाणमा कार्यसम्पन्न भएमा कार्यसम्पन्न भएबमोजिम लागत अनुमान र मूल्याङ्कन अनुसार जनसहभागिता बापतको रकम अनुपातिक कट्टी गरेर मात्र भुक्तानी दिनुपर्दछ। कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्यान्वयन गराएको आयोजना मध्ये नमुना छनोटको आधारमा परीक्षण गर्दा भोटे चौतारा पार्क निर्माण आयोजनाको उपभोक्ता समितिलाई अनुपात भन्दा बढी हुने गरी रु. ७०७३८.०० भुक्तानी गरेको देखिँदा बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| क.सं. | आयोजनाको नाम | प्राविधिक मूल्याङ्कन बमोजिम | | | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | जम्मा कार्य | भुक्तानी पाउने | भुक्तानी रु. | | |
| १ | भोटे चौतारा पार्क निर्माण | ४८१०६३ | ४१८३१६ | ४८९०५४ | ७०७३८ | महानगरको आर्थिक ऐन, २०८१ अनुसार न्यूनतम १५% जनसहभागिता कट्टी नभएको। |
| | **जम्मा** | **४८१०६३** | **४१८३१६** | **४८९०५४** | **७०७३८** | |

| असुल गर्नुपर्ने | ७०,७३८ |
|---|---|

१०६.४ **कार्यसम्पन्न प्रतिवेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ। कार्यालयले बालमञ्च तथा बालबालिका कार्यक्रम अन्तर्गत २०८१/०७/२० मा १ दिने सांस्कृतिक भैलो कार्यक्रम सञ्चालन गर्न मेलमिलाप युवा क्लब, पोखरा सँग गरेको सम्झौताको बुँदा (छ) अनुसार कार्यसम्पन्न भएपछि खर्चको फाँटवारी र कार्यक्रम सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात् मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ। कार्यालयले मिति २०८१/०८/१६ मा उक्त शर्तको पालना नगरी कार्यसम्पन्न प्रतिवेदन तथा खर्चको फाँटवारी बेगर गो.भौ.नं. २३ बाट गौतम दीप फोटो एण्ड फोटोकपी सर्भिसलाई खर्च सोधभर्ना बापत रू. १०,०००.०० भुक्तानी गरेको देखिएकोले सम्बन्धित क्लबबाट सम्पन्न भएको कार्य सम्बन्धमा प्रमाण पेश हुनुपर्ने रू.

| प्रमाण पेश नगरेको | १०,००० |
|---|---|

१०६.५ **युवा तथा खेलकुद कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ। स्रेस्ता परीक्षणको क्रममा यस कार्यालयले वडा अध्यक्षकप अन्तर वडास्तरीय पुरुष भलिबल प्रतियोगिता सञ्चालन खर्च बापत खेलकुद विकास समिति, पोखरालाई विभिन्न ४ थान विल तथा सवारी भाडा भर्पाइको आधारमा गो.भौ.नं. ६६ - ०८१।१२।२६ बाट रू. ३८३,५००.०० भुक्तानी गरेकोमा वडा कार्यालय र खेलकुद विकास समिति बीच उक्त कार्यक्रम सञ्चालन सम्बन्धी कुनै सम्झौता भएको तथा कार्यादेश जारी गरिएको प्रमाण स्रेस्ताको साथ संलग्न भएको पाइएन। साथै उक्त प्रतियोगितामा विजेता टोलीले नगद पुरस्कार बुझीलिएको भर्पाई साथै विजेता टोलीको विवरण समेत संलग्न नभएकाले विजेता टोली यकिन हुन सकेन। सम्झौता, कार्यादेश तथा आवश्यक प्रमाण कागजात बेगर गरिएको भुक्तानी नियमसम्मत नदेखिएकाले नियमित हुनुपर्ने रू.

| अनियमित भएको | ३,८३,५०० |
|---|---|

१०६.६ **खुला व्यायामशाला निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(१) बमोजिम खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्दछ। कार्यालयले राधाकृष्ण पार्क र चिल्ड्रेन पार्कमा खुला व्यायामशाला स्थापनार्थ आवश्यक सामग्री खरिद तथा जडानको लागि दरभाउ माग गरेकोमा न्यूनतम रकम कोबल गर्ने एसपीएन साझा इम्पेक्सलाई ५ किसिमका २० थान सामग्री आपूर्ति बापत भौचर नं. ५ - ०८२।०३।१५ बाट रु. ३०००००.०० र भौचर नं. ५६ - ०८२।०३।२४ बाट रु. ८०००००.०० समेत जम्मा रु. ११०००००.०० भुक्तानी गरे तापनि सामग्री खरिद तथा जडानको लागि दरभाउ माग गर्नु अघि लागत अनुमान तयारी र स्वीकृत गरेको छैन भने अन्तिम भुक्तानी गर्नु अघि खरिद गरिएका सामग्री जडान भएको प्राविधिक पुष्ट्याईं सहित कार्यस्वीकार गरेको देखिएन। लागत अनुमान तयारी र स्वीकृत नगरी खरिद प्रक्रिया अघि बढाई सामग्री जडान तथा खुला व्यायामशाला स्थापना भएको प्राविधिक पुष्ट्याईं सहितको कार्यस्वीकार प्रतिवेदन बेगर सामग्री खरिद र जडान बापत भएको भुक्तानी नियम सम्मत नदेखिएकोले प्रमाण सहित नियमित हुनुपर्ने रु.

| अनियमित भएको | ११,००,००० |
|---|---|

१०६.७ **अधुरो अवस्थामा कार्य स्वीकारः** सम्झौताका शर्त बमोजिम सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको सुनिश्चित भए पछि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भई आयोजनाको उद्देश्य अनुरुप समान्य सञ्चालनमा आएको अवस्थामा कार्य स्वीकार गरी नियम १२४ बमोजिम अन्तिम भुक्तानी गर्नुपर्दछ। खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गराउन निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून र सम्झौताका शर्त बमोजिम जिम्मेवार बनाउनुपर्दछ। निर्माण कार्य अगाडि बढाउन नसकिने काबु बाहिरको परिस्थिति रहेको प्राविधिक पुष्ट्याईँ बेगर अधुरो निर्माण कार्य स्वीकार गर्न नमिल्नेमा कार्यालयले सम्झौता भन्दा १५.५३% प्रतिशत घटी कार्य सम्पन्न भएको आयोजनाको समेत कार्य स्वीकार गरेको देखिन्छ। सुन्दरटोल मार्ग ढलान आयोजनाको लागि निर्माण उपभोक्ता समितिसँग रु. ११७८७४९.१८ मा सम्झौता भएको तर रु. ९९५७१९.१३ को मात्र कार्य सम्पन्न भएकोमा रु. १८३०३०.०५ (१५.५३%) को काम बाँकी छँदै अधुरो अवस्थामा कार्य स्वीकार गरी भौचर नं. ६३ - ०८२।०३।२५ बाट उपभोक्ता समितिलाई रु. ८१६९७०.०० भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| अनियमित भएको | ८,१६,९७० |
|---|---|

१०६.८ **बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ। तालिम तथा कार्यक्रम सञ्चालन गर्दा तोकिएको लक्ष्य तथा उद्देश्य हासिल हुने गरी सञ्चालन गर्नुपर्दछ। विधाता हस्तकला तथा प्राविधिक तालिम केन्द्र प्रा.लि.ले वडा कार्यालयलाई हस्तकला सीप हस्तान्तरण (झोला बनाउने) तालिमको लागि कार्यक्रम प्रस्ताव गर्दा ६० जना महिलालाई दैनिक ४ घण्टाका दरले २ जना प्रशिक्षक राखी २१ दिनको तालिम सञ्चालन गर्ने गरी रू. ३३५०००.०० को कार्यक्रम प्रस्ताव गरेकोमा वडा कार्यालयले सोही अनुसार तालिम सञ्चालन गर्न स्वीकृति दिएको पाइयो। कार्यसम्पन्न प्रतिवेदन तथा हाजिरीको विवरण अध्ययन गर्दा ५८ जना प्रशिक्षार्थीहरुलाई २ वटा समूहमा बाँडी २०८२ असार १ देखि १५ सम्म (२ दिन शनिवार बिदा बाहेक) १३ दिन मात्र तालिम सञ्चालन गरेको पाइयो। कार्यालयबाट २१ दिनको लागि सम्झौता गरेकोमा १३ दिनमा सकिएको देखिँदा उद्देश्य अनुसार खर्च नभएको रकम समेत भुक्तानी गरेको साथै प्रस्तावित रकम भन्दा बढी रकम सोधभर्ना माग गरेको तथा सोही अनुसार कार्यालयबाट भुक्तानी गरेको पाइएकाले तालिम सञ्चालन गर्दा वास्तविक हाजिरी र कार्यक्रम अवधिको आधारमा मात्र भुक्तानी हुने सुनिश्चितता गरी बढी अवधिको भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रू.

| बढीभुक्तानीको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | प्रस्तावित खर्च शिर्षक | सोधभर्ना भएको | भुक्तानी हुनुपर्ने (१३ दिनको) | बढी भुक्तानी | कैफियत |
| १ | विभिन्न कपडा | १८२७३२.३० | १५०००० | ३२७३२.३० | २ जना प्रशिक्षकको ८ दिनको प्रशिक्षक भत्ता बढी सोधभर्ना माग भएको |
| २ | प्रशिक्षक भत्ता (कर बाहेक) | ५३५५०.०० | ३३१५० | २०४००.०० | |
| | जम्मा | | | ५३१३२.०० | |

| असुल गर्नुपर्ने | ५३,१३२ |
|---|---|

१०७ **१५ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

**कारोबार रकम र लेखापरीक्षण सम्बन्धमाः**

पोखरा महानगरपालिका अन्तर्गतको १५ नं. वडा कार्यालयको खर्च विवरण र लेखापरीक्षण अङ्क निम्न अनुसार रहेको छ।

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| खर्च | ६७३३९८२ | २५६९४८९० | ३२४२८८७२ |

[द्रष्टव्यः पालिकाले २०८२ भाद्र २४ को घटनाको कारण यस वडा कार्यालय अन्तर्गतका सम्पूर्ण स्रेस्ता तथा कागजात जलेर नष्ट भएकोले लेखापरीक्षण गराउन नसकिने जानकारी गराएको हुँदा यस खर्च केन्द्र अन्तर्गतको कुनै पनि स्रेस्ताको लेखापरीक्षण गरिएको छैन भने क्षति भएका जिन्सी सम्पत्ति तथा स्रेस्ता अभिलेख आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ बमोजिम मिनाहाको प्रक्रियामा रहेको मौखिक जानकारी पालिकाले गराएको भए तापनि नियमानुसार मिनाहा भएको सम्बन्धमा स्थलगत लेखापरीक्षणको अवधि २०८२ माघ मसान्त सम्म कुनै प्रमाण पेश भएको छैन।]

१०८ **१६ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

**कारोबार रकम र लेखापरीक्षण सम्बन्धमाः**

पोखरा महानगरपालिका अन्तर्गतको १६ नं. वडा कार्यालयको खर्च विवरण र लेखापरीक्षण अङ्क निम्न अनुसार रहेको छ।

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| खर्च | ५३४२३७९ | ४४२५०००८ | ४९५९२३८७ |

[द्रष्टव्यः पालिकाले २०८२ भाद्र २४ को घटनाको कारण यस वडा कार्यालय अन्तर्गतका सम्पूर्ण स्रेस्ता तथा कागजात जलेर नष्ट भएकोले लेखापरीक्षण गराउन नसकिने जानकारी गराएको हुँदा यस खर्च केन्द्र अन्तर्गतको कुनै पनि स्रेस्ताको लेखापरीक्षण गरिएको छैन भने क्षति भएका जिन्सी सम्पत्ति तथा स्रेस्ता अभिलेख आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ बमोजिम मिनाहाको प्रक्रियामा रहेको मौखिक जानकारी पालिकाले गराएको भए तापनि नियमानुसार मिनाहा भएको सम्बन्धमा स्थलगत लेखापरीक्षणको अवधि २०८२ माघ मसान्त सम्म कुनै प्रमाण पेश भएको छैन।]

१०९ **१७ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

**कारोबार रकम र लेखापरीक्षण सम्बन्धमाः**

पोखरा महानगरपालिका अन्तर्गतको १७ नं. वडा कार्यालयको खर्च विवरण र लेखापरीक्षण अङ्क निम्न अनुसार रहेको छ।

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| खर्च | ८०५६३७१ | ४२८९२०४१ | ५०९४८४१२ |

[द्रष्टव्यः पालिकाले २०८२ भाद्र २४ को घटनाको कारण यस वडा कार्यालय अन्तर्गतका सम्पूर्ण स्रेस्ता तथा कागजात जलेर नष्ट भएकोले लेखापरीक्षण गराउन नसकिने जानकारी गराएको हुँदा यस खर्च केन्द्र अन्तर्गतको कुनै पनि स्रेस्ताको लेखापरीक्षण गरिएको छैन भने क्षति भएका जिन्सी सम्पत्ति तथा स्रेस्ता अभिलेख आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ बमोजिम मिनाहाको प्रक्रियामा रहेको मौखिक जानकारी पालिकाले गराएको भए तापनि नियमानुसार मिनाहा भएको सम्बन्धमा स्थलगत लेखापरीक्षणको अवधि २०८२ माघ मसान्त सम्म कुनै प्रमाण पेश भएको छैन।]

११० **१८ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

११०.१ **जिन्सी दाखिला प्रतिवेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ। कार्यालयले युवा लक्षित तथा मेला महोत्सव कार्यक्रम अन्तर्गत २०८१ सालको फुलपातिको दिनमा साराङ्गखेल प्रदर्शनका निमित्त आवश्यक सारङ्गखेलको २२ जोर पोसाक खरिद गरी भौचर नं. ४५ - ०८१।०८।२७ बाट श्री नन्द ईम्पोरियमलाई रू. ५०००० भुक्तानी गरी खर्च लेखेको छ। खरिद गरिएको पोसाक साराङ्ग खेल तथा संरक्षण प्रवर्धन समितिलाई हस्तान्तरण गरेकोमा सम्बन्धित समितिले आफ्नो जिन्सी खातामा सोको अभिलेख राखेको प्रमाण प्राप्त हुन सकेन। हस्तान्तरण गरिएका सामग्रीहरु जिन्सी खातामा दाखिला भएको प्रमाण पेश नहुँदा सम्पत्तिको स्वामित्व स्पष्ट नहुनाले सम्बन्धित समितिको जिन्सी खातामा सामग्री दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

११०.२ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र. सं . | सम्बन्धित निकाय | भुक्तानी प्रयोजन | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | नव आदर्श आमा समूह भवन | शौचालय निर्माण | ९७५२९ | ७०- ०८२।०३।२३ |
| २ | भूमे कालिका आमा समूह भवन | भवन स्तरोन्नति | १९९३८६ | ५३- ०८२।०३।११ |
| ३ | शुभ बिहानी आमा समूह भवन | कम्पाउण्ड तारबार | १९१४९२ | ४८- ०८२।०३।०१ |
| ४ | मगर समाज सामुदायिक भवन | भवन मर्मत | ९९३२७ | ४७- ०८२।०३।०१ |
| ५ | गोठादी सामुदायिक भवन | ट्रस निर्माण | २४९२०० | ३१- ०८१।१२।०६ |
| ६ | ग्यारजाती बहुउद्देश्यीय सामुदायिक भवन | पर्खाल तथा तारजाली | ५८९५०० | ४०- ०८२।०१।२५ |
| | जम्मा | | १४२६४३४ | |

११०.३ **सराङ्कोट लाइब्रेरी व्यायामशाला निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(१) बमोजिम खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्दछ। कार्यालयले सराङ्कोट लाइब्रेरीमा व्यायामशाला स्थापनार्थ आवश्यक सामग्री खरिद तथा जडानको लागि दरभाउ माग गरेकोमा न्यूनतम रकम कोबल गर्ने एसपीएन साझा इम्पेक्सलाई ८ थान सामग्री आपूर्ति बापत भौचर नं. ०५ - ०८२।०३।०१ बाट रु. ४९४९९०.०० भुक्तानी गरे तापनि सामग्री खरिद तथा जडानको लागि दरभाउ माग गर्नु अघि लागत अनुमान तयारी र स्वीकृत गरेको छैन भने अन्तिम भुक्तानी गर्नु अघि खरिद गरिएका सामग्री जडान भएको प्राविधिक पुष्ट्याईँ सहित कार्यस्वीकार गरेको देखिएन। लागत अनुमान तयारी र स्वीकृत नगरी खरिद प्रक्रिया अघि बढाई सामग्री जडान तथा व्यायामशाला स्थापना भएको प्राविधिक पुष्ट्याईँ सहितको कार्यस्वीकार प्रतिवेदन बेगर सामग्री खरिद र जडान बापत भएको भुक्तानी नियम सम्मत नदेखिएकोले प्रमाण सहित नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९४,९९० |

११०.४ **अधुरो अवस्थामा कार्य स्वीकारः** सम्झौताका शर्त बमोजिम सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको सुनिश्चित भए पछि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भई आयोजनाको उद्देश्य अनुरुप समान्य सञ्चालनमा आएको अवस्थामा कार्य स्वीकार गरी नियम १२४ बमोजिम अन्तिम भुक्तानी गर्नुपर्दछ । खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गराउन निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून र सम्झौताका शर्त बमोजिम जिम्मेवार बनाउनुपर्दछ। निर्माण कार्य अगाडि बढाउन नसकिने काबु बाहिरको परिस्थिति रहेको प्राविधिक पुष्ट्याईँ बेगर अधुरो निर्माण कार्य स्वीकार गर्न नमिल्नेमा कार्यालयले सम्झौता भन्दा घटी कार्य सम्पन्न भएको आयोजनाको समेत कार्य स्वीकार गरेको देखिन्छ। निर्माण आयोजनाको लागि निर्माण उपभोक्ता समितिसँग सम्झौता भएको भन्दा ११% देखि २३% सम्म काम बाँकी छँदै अधुरो अवस्थामा कार्य स्वीकार गरी तपशिल बमोजिम उपभोक्ता समितिलाई रु. ७९९०६६५.०० भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| आयोजनाको नाम | सम्झौता तथा मूल्याङ्कन अनुसार कार्यसम्पन्न | | | | खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | हुनुपर्ने | भएको | घटी | घटी % | | |
| कृषि सडक हरेडाँडा बतास मार्ग निर्माण | १७६४७८८ | १४७७८८४ | २८६९०४ | १६% | १२५६००० | १०-०८१।१२।२० |
| बानियाँघर हुँदै हरेडाँडा मोटरबाटो निर्माण | १७६४७५७ | १५००८८१ | २६३८७६ | १५% | १२७५७१२ | ३०-०८२।०३।२३ |
| सोदी लम्बोडी ग्यारजाती वडा कार्यालय सडक | ११७८१४३ | १००८०८२ | १७००६१ | १४% | ८५५६५३ | १४-०८२।०३।०१ |
| बालसुधार गृह पहिरो संरक्षण | ३५२९५३९ | ३१५३९६६ | ३७५५७३ | ११% | २६८०६०० | २४-०८१।११।१५ |
| सराङकोटदेखि भ्युटावर जाने सिँढी निर्माण | २९४२४५७ | २२६३०३० | ६७९४२७ | २३% | १९२२७०० | २९-०८१।११।२७ |
| जम्मा | १११७९६८४ | ९४०३८४३ | १७७५८४१ | १६% | ७९९०६६५ | - |

| | |
|---|---|
| अनियमित भएको | ७९,९०,६६५ |

## १११ १९ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु

१११.१ **संघीय कार्यालयलाई अनुदानः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघ सरकारले प्रदेश र स्थानीय सरकारलाई तथा प्रदेश सरकारले स्थानीय सरकारलाई समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानका साथै राजस्व बाँडफाँट मार्फत वित्तीय हस्तान्तरण गर्ने व्यवस्था भए तापनि मुलुकमा विद्यमान कुनै पनि कानूनले स्थानीय सरकारले प्रादेशिक तथा संघीय सरकारलाई अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था उल्लेख गरेको छैन। स्पष्ट कानुनी आधार बेगर यस वर्ष यस वडा कार्यालयले आफ्नो छुट्टै बजेट तथा संगठन संरचना अनुसार सञ्चालन हुने संघीय सरकार अन्तर्गतका निम्न कार्यालयको खर्च बापत भुक्तानी दिइ खर्च लेखेको रु. ५००००.०० नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| गो.भौ.नं./मिति | बेहोरा | संघिय कार्यालय | खर्च रकम |
|---|---|---|---|
| ४-०८१/०६/२१ | मोटरसाईकल मर्मत बापत | सर्दिखोला प्रहरी चौकी , कास्की | १५००० |
| ८-०८१/०६/२१ | डिजेल खरिद बापत | C.R.B. लामाचौर | २५००० |
| ११३-०८२/०२/०१ | मोटरसाईकल मर्मत बापत | प्रहरी चौकी , सर्दिखोला कास्की | १०००० |
| | जम्मा | | ५०००० |

| अनियमित भएको | ५०,००० |
|---|---|

१११.२ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र. सं . | सम्बन्धित निकाय | भुक्तानी प्रयोजन | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | आदर्श तमु समाज भवन | भवन मर्मत | १००००० | ५३- ०८१।१२।०४ |
| २ | सामुदायिक बहुउद्देश्यीय भवन | भवन मर्मत | २००००० | ११७- ०८२।०३।११ |
| ३ | जनप्रिय तमु समाज गैरीखोर | भवन मर्मत | १००००० | ६६- ०८२।०१।०८ |
| | जम्मा | | ४००००० | |

११२ **२० नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

११२.१ **स्वीकृत सीमाभन्दा बढी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। उक्त व्यवस्था अनुसार विनियोजित रकमको सीमा भित्र रहेर मात्र खर्च गर्नुपर्दछ। वडा कार्यालयले नगरसभाबाट स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही खर्च गर्नुपर्नेमा यस वर्ष वडा स्तरीय तिज गीत प्रतियोगिताको लागि रू.२००००० बजेट विनियोजन भएकोमा मिति २०८१ भदौ १३ मा बसेको वडा समितिको बैठकले तिज गीत प्रतियोगिताकोलागि "विविध सस्कृति संरक्षण कार्यक्रम" शिर्षकबाट रू. ४९००० थप गरी जम्मा रू.२४९०००.०० खर्च गर्ने निर्णय भएको पाइयो। सोही अनुसार कार्यालयले गो.भो.नं. ५-०८१/०६/०९ र ८-०८१/०६/१४ बाट उक्त तिज गीत प्रतियोगिताको लागि जम्मा रू. २,८१,२०३.०० खर्च गरेको देखियो। नगरसभाबाट तिज गीत प्रतियोगिताको लागि स्वीकृत सीमा भन्दा बढी रू. ८१२०३.०० फरक शीर्षकबाट खर्च गरेको नियमसम्मत नदेखिएको रू.

| अनियमित भएको | ८१,२०३ |
|---|---|

११२.२ **क्रिष्टल बनाउने तालिमः** तालिम तथा कार्यक्रम सञ्चालन गर्दा तोकिएको लक्ष्य तथा उद्देश्य हासिल हुने गरी सञ्चालन गर्नुपर्दछ। वडा कार्यालयले यस वर्ष भलाम सामुदायिक सिकाई केन्द्र सगँको समन्वयमा सिपमुलक तथा आयआर्जनमुलक तालिम सञ्चालन गर्ने उद्देश्यले १० दिनको लागि २२ जनालाई क्रिष्टल बनाउने तामिल सञ्चालन गरी रू. ७५००० भुक्तानी गरेको छ। तालिम सञ्चालन गर्दा पारदर्शिताको लागि सूचना प्रकाशन गरी सबै सरोकारवालाको पहुँच सुनिश्चित गर्नुपर्ने व्यवस्था भए तापनि कार्यालयले सञ्चालन गरेको तालिममा प्रशिक्षार्थी छनोटका आधार तथा प्रशिक्षकको योग्यता,अनुभव तथा प्रमाणित कागजातहरू स्पष्ट रूपमा उल्लेख नगरेकाले छनोट प्रकिया पारदर्शी भएको तथा तालिमको गुणस्तर सुनिश्चित भएको यकिन गर्न सकिएन। तालिम सञ्चालन

पश्चात् प्रशिक्षार्थीहरु स्वरोजगार तथा आत्मनिर्भर भए नभएको सम्बन्धमा कार्यालयले नियमित अनुगमन गरी तालिमको लक्ष्य पूरा हुने गरी तालिम सञ्चालन गर्नुपर्दछ।

११२.३ **फरक शीर्षकः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। उक्त व्यवस्था अनुसार विनियोजित रकम सोही शीर्षक र प्रयोजनमा मात्र खर्च गर्नुपर्दछ। वडा कार्यालयले नगरसभाबाट स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही खर्च गर्नुपर्नेमा यस वर्ष "कृषक प्रोत्साहनको लागि सामग्री वितरण कार्यक्रम" शीर्षकबाट जैविक पदार्थबाट मल उत्पादन तालिम सञ्चालन गरी गो.भौ.नं. १०७-०८२/०३/१५ बाट रू. ४७००० खर्च गरेको पाइयो। ऐनको व्यवस्था विपरीत स्वीकृत शीर्षक भन्दा फरक शीर्षकमा खर्च गरेको रु. ४७०००.०० नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | ४७,००० |

११२.४ **सडक बत्ती खरिद तथा जडानः** सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अधि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ बमोजिम सो सम्बन्धी स्पेशिफिकेसन, योजना, विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गरी दफा ५ मा तोकिए बमोजिम लागत अनुमान तयारी तथा स्वीकृत गर्नुपर्दछ। त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(१) मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक नियकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्दछ। कार्यालयले वडाका मुख्य-मुख्य सडकमा सडक बत्ती जडान गरेको बेहोरा उल्लेख गरी लागत अनुमान तयारी, स्वीकृति तथा कार्यस्वीकार प्रतिवेदन बेगर तपशिल बमोजिम रु. २७५४५९.०० खर्च लेखेको छ। यसरी सडक बत्ती जडान बापत भुक्तानी दिनु अघि सोको स्पेशिफिकेसन तथा लागत अनुमान तयार गरी स्वीकृत गरेको तथा सडक बत्ती जडान गरेको प्राविधिक पुष्ट्याईँ सहित कार्य स्वीकार गरेको नदेखिँदा सार्वजनिक खरिद कानूनमा उल्लेखित व्यवस्था विपरीत भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले प्रमाण सहित नियमित हुनुपर्ने रु.

| क्र. सं. | भुक्तानी पाउने | खर्च रु. | कैफियत |
|---|---|---|---|
| १ | सांग्रिला सप्लायर्स | २५२४५९ | स्मार्ट पोल लाईट, पोल स्ट्यान्ट , ए.बि.सी. केवल , बल्ब लगायत खरिद। |
| | [पुँजीगतः १२ - ०८१।०८।१३ ] | | |
| २ | सांग्रिला सप्लायर्स | २३००० | विभिन्न विद्युतीय सामग्री खरिद। |
| | [पुँजीगतः २७ - ०८२।०१।०८ ] | | |
| | जम्मा | २७५४५९ | |

| | |
|---|---|
| अनियमित भएको | २,७५,४५९ |

११२.५ **अधुरो अवस्थामा कार्य स्वीकारः** सम्झौताका शर्त बमोजिम सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको सुनिश्चित भए पछि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कार्य स्वीकार गरी नियम १२४ बमोजिम अन्तिम भुक्तानी गर्नुपर्दछ। खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गराउन निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून र सम्झौताका शर्त बमोजिम जिम्मेवार बनाउनुपर्दछ। निर्माण कार्य अगाडि बढाउन नसकिने काबु बाहिरको परिस्थिति रहेको प्राविधिक पुष्ट्याईँ बेगर अधुरो निर्माण कार्य स्वीकार गर्न नमिल्नेमा कार्यालयले सम्झौता भन्दा घटी कार्य सम्पन्न भएको आयोजनाको समेत कार्य स्वीकार गरेको देखिन्छ। निर्माण आयोजनाको लागि निर्माण उपभोक्ता समितिसँग सम्झौता भएको भन्दा १५% देखि ४६% सम्म काम बाँकी छँदै अधुरो अवस्थामा कार्य स्वीकार गरी तपशिल बमोजिम उपभोक्ता समितिलाई रु. २८३४१००.०० भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| आयोजनाको नाम | सम्झौता तथा मूल्याङ्कन अनुसार कार्यसम्पन्न | | | | खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | हुनुपर्ने | भएको | घटी | घटी % | | |
| खुमिनिर घुम्ती सडक | ११७६६१७ | ६३९७१४ | ५३६९०३ | ४६% | ४६३००० | २०-०८२।०३।२५ |
| घारी आयटारी सडक स्तरोन्नति | १७६५०२३ | ९९२३१८ | ७७२७०५ | ४४% | ७२७२०० | १८-०८२।०३।२५ |
| बाहे खोला बस्ती संरक्षण | २३५२९४१ | १९९६९१३ | ३५६०२८ | १५% | १६४३९०० | १६-०८२।०३।२५ |
| **जम्मा** | **५२९४५८१** | **३६२८९४५** | **१६६५६३६** | **३१%** | **२८३४१००** | |

| | |
|---|---|
| अनियमित भएको | २८,३४,१०० |

११२.६ **पाइप तथा फिटिङ्गस् खरिदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ। कार्यालयले विपद व्यवस्थापन शिर्षकबाट पाइप तथा फिटिङ्गस् सम्बन्धी विभिन्न आठ आइटम सामग्री खरिद बापत बी एण्ड बी हार्डवेयर एण्ड पेन्ट्सलाई भौचर नं. ९ - ०८१।०६।२१ बाट रु. ७७९४५.०० भुक्तानी गरेकोमा खरिद गरिएको सामग्री

भलाम खानेपानी उपभोक्ता समितिलाई हस्तान्तरण गरेको मौखिक जानकारी प्राप्त भए तापनि हस्तान्तरण तथा जडान भएको प्रमाण स्रेस्तासाथ संलग्न गरेको नदेखिएकोले खरिद गरिएको पाइप तथा फिटिङ्गस् हस्तान्तरण तथा जडान भएको प्राविधिक पुष्ट्याइँ सहितको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७७,९४५ |

## ११३ २१ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु

११३.१ **महिलाको क्षमता विकास र अन्य तालिमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्नेछ भनेर उल्लेख गरिएको छ। तसर्थ बजेट विनियोजन तथा खर्च गर्दा आर्थिक तथा सामाजिक लाभ उच्च हुने उत्पादनमूलक प्रकृतिको कार्यक्रमहरुमा औचित्य पुष्टी हुने गरी स्रोत परिचालन गर्नुपर्दछ। यस वर्ष कार्यालय मार्फत कार्यान्वयन हुने गरी महिलाको क्षमता विकास र अन्य तालिम शिर्षकमा विनियोजित बजेट तिज गीत प्रतियोगिता र मादल बजाउने तालिम जस्ता कार्यक्रमको लागि भुक्तानी गरी रु. १८३२८४.०० खर्च गरेको पाइयो। तिज गीत प्रतियोगिता र मादल बजाउने तालिम जस्ता अनुत्पादक कार्यक्रममा भएको खर्चबाट महिलाको क्षमता विकासमा सामाजिक र आर्थिक हिसाबले प्रत्यक्ष लाभ पुग्ने देखिँदैन। महिलाको क्षमता विकास शिर्षकमा विनियोजित बजेट अनुत्पादक कार्यक्रममा खर्च गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| भौचर नं. | विनियोजित शिर्षक | भुक्तानी प्रयोजन | खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| १२ -०८१।०६।१२ | महिलाको क्षमता विकास र अन्य तालिम | तिज गीत प्रतियोगिता | ४०००० | मूल वन उपभोक्ता समिति |
| २७ -०८१।०८।०२ | | तीज उत्सव | १३३३४ | मट्टीखान जेन्टलमेन क्लब |
| ९४ -०८२।०२।०६ | | मादल बजाउने तालिम ५० जनालाई १५ दिन | १२९९५० | वडास्तरीय महिला सञ्जाल |
| | **जम्मा** | | **१८३२८४** | |

| | |
|---|---|
| अनियमित भएको | १,८३,२८४ |

११३.२ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र. सं. | सम्बन्धित निकाय | भुक्तानी प्रयोजन | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | तिलाहार सामुदायिक भवन | भवन निर्माण/ मर्मत | २४९९०० | २४- ०८१।१०।२३ |
| २ | प्रगतिशील आमा समूह भवन | भवन निर्माण/ मर्मत | ४८०५९८ | १५- ०८२।०३।२५ |
| | जम्मा | | ७३०४९८ | |

११३.३ **घटी मोटाइमा ढलानः** सडकको स्पेसिफिकेशन बमोजिम सबबेसको परिमाणको भुक्तानी गर्नुपर्दछ। वडा भित्रका विभिन्न सडक ढलान सम्बन्धी निर्माण कार्यमा स्पेसिफिकेशन बमोजिम र लागत अनुमान अनुसार १२.५ से.मि. मोटाइमा ढलान कार्य गर्नुपर्नेमा सो भन्दा घटी मोटाइ हुने गरी कार्य गराई भुक्तानी गरेको देखिन्छ। औसत मोटाइ ०.१०५ मिटर देखिए तापनि निर्माण कार्यको कोर कटिङ्ग रिपोर्ट अनुसार ०.०८९ मिटर देखि ०.१०८८ मिटर सम्मको मोटाइमा गरेको पाइयो। ढलान कार्य तोकिएको भन्दा घटी मोटाइमा गराई सो कार्यलाई स्वीकार गरी भुक्तानीका लागि सिफारिस गरेको देखिँदा सडकको

स्पेसिफिकेसन बमोजिम पेभमेण्टको भार वहन क्षमता र सोको दिगोपनामा असर पर्ने हुँदा गुणस्तर सुनिश्चितताको प्राविधिक पुष्ट्याईँ बेगर घटी मोटाइमा ढलानको कार्य स्वीकार गरिएको मनासिब नदेखिँदा देहाय अनुसारको निर्माण कार्यमा भएको भुक्तानीको प्राविधिक पुष्ट्याईँ सहित नियमित हुनुपर्ने रु.

| क्र.सं. | योजनाको नाम | इस्टिमेट अनुसार हुनुपर्ने मोटाइ | भुक्तानी भएको मोटाइ | ढलानको परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|
| १ | सनसरी भिर पँधेरा घर गैरी स्वारा सडक स्तरोन्नति | ०.१२५ | ०.१०५ | १२०.४४ | १००७५.२५ | १२१३४६३.११ |
| २ | दोपहरे पहरा हुदै मुल सडक स्तरोन्नति | ०.१२५ | ०.०८९ | ३३.५२ | १००७५.२५ | ३३७७२२.३८ |
| जम्मा | | | | | | १५५११८५.४९ |

| अनियमित भएको | १५,५१,१८५ |
|---|---|

११३.४ **सबबेस बेगर ढलानः** निर्माण कार्यको भुक्तानी गर्दा नापी किताबमा चढेको वास्तविक निर्माण कार्यको नापी अनुसारको रकम मात्र भुक्तानी गर्नुपर्दछ। उपभोक्ता समितिले दुवार दुलेगौँडा हुँदै कस्यारघाट जाने मोटरबाटो स्तरोन्नति कार्यको लागि चेनेज नं. ०+०५५ देखि ०+०६२ सम्मको ७ मिटर लम्बाइमा सवबेस १०.७५ मिटर चौडाइमा मात्र राखेको भनी नापी गरेकोमा ढलान गर्ने बेला ५ मिटर लम्बाइमा ८.५ मिटर चौडाइमा गरेको र बाँकी २ मिटर लम्बाइमा १३ मिटर चौडाइमा गरेको भनी नापी गरी भुक्तानी गरेको पाइयो। अन्य सबै चेनेजमा सबबेस गरे पश्चात् मात्र ढलान गरिएको र यस चेनेजमा समेत सबबेस गरेर मात्र ढलान गरिएकोमा २ मिटर लम्बाइमा सवबेस राखेको चौडाई भन्दा २.२५ मिटर बढी चौडाईमा ढलान गरेको देखियो। ढलान कार्यको लागि सबै स्थानमा सबबेस गरेर मात्र ढलान गरेको तर यही खण्डमा मात्र सबबेस बिना नै ढलान गरेको भन्न सकिने अवस्था छैन। प्राविधिक पुष्ट्याईँ बिना सवबेस बेगर ढलान गरेको भनी २*२.२५*०.१२५= ०.५६३५ घनमिटरको प्रतिघनमिटर रु. ११५८७.५२ का दरले हुने रु. ६५१८.०० मा १५ प्रतिशत उपभोक्ता समितिको अंशले हुने रकम कट्टि गरी बाँकी रहेको रु. ५५४०.०० बढी भुक्तानी भएको देखिँदा सो रकम सम्बन्धित निर्माण उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ५,५४० |
|---|---|

११४ **२२ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

११४.१ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र. सं . | सम्बन्धित निकाय | भुक्तानी प्रयोजन | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सिर्जनशील आमा समूह भवन | भवन निर्माण/ मर्मत | ४८९९१० | ४५- ०८२।०३।२४ |
| २ | अर्चलबोट आमा समूह भवन | शौचालय निर्माण | ३९५७४२ | १६- ०८१।१२।२५ |
| ३ | उल्लेरी आमा समूह भवन | भवन स्तरोन्नति | ९९१७८० | २६- ०८२।०२।२९ |
| | जम्मा | | १८७७४३२ | |

११४.२ **विद्युतीय चुलो कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ। वडा कार्यालयको ४० प्रतिशत र रोटरी क्लब पोखरा, न्युरोड बाट ६० प्रतिशत खर्च व्यहोर्ने गरी वडाबासीलाई विद्युतीय चुलो वितरण कार्यक्रमको लागि वडा कार्यालय र रोटरी क्लब पोखरा, न्युरोड बीच २०८२/०२/१२ मा सम्झौता भएको

पाइयो। सम्झौता अनुसार रोटरी क्लबले प्रस्ताव गरेको रू. ३५०,०००.०० को यस वडा कार्यालयले ४०% अर्थात् रू. १४००००.०० गो.भौ.नं. १०३ मिति २०८२/०३/१२ बाट रोटरी क्लब पोखरा लाई भुक्तानी दिएको देखियो। क्लबले कार्यक्रम सम्पन्न भएको भनी भर्पाई तथा प्राप्त गर्ने लाभग्राहीको सूची पेश गरे तापनि “पि एण्ड पि किचन सप्लायर्स” को बिजक नं. १५०२ बाट रू.१४००००.०० को मात्र विद्युतीय चुलो खरिद गरेको भनी बिल पेश गरेको देखिँदा सम्झौता अनुसारको रु. ३५००००.०० कै सामान खरिद गरी कार्यक्रम सञ्चालन गरेको सम्बन्धमा विश्वस्त हुन सकिएन। क्लबले सम्झौता अनुसारको रु. ३५००००.०० को नै विद्युतीय चुलो खरिद गरी वितरण गरेको प्रमाणका आधारमा सो बिलको ४० प्रतिशतले हुने रु. १४००००.०० मात्र सोध भर्ना माग गर्नु पर्नेमा केवल रु. १४००००.०० को मात्र बिल पेश गरेको देखिँदा सम्झौता अनुसारको सामान खरिद गरी सम्बन्धित वडाबासीलाई वितरण गरेको यकिन हुने बिल भर्पाई पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | २,१०,००० |
|---|---|

११४.३ **अनुपातिक कट्टीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम बापत भुक्तानी दिँदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख गरिएको छ। पोखरा महानगरपालिकाको विनियोजन ऐन, २०८१ को दफा ४(घ) अनुसार उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा कम्तीमा १५% जनसहभागिता जुटाउनुपर्ने व्यवस्था छ। तसर्थ अन्तिम भुक्तानी दिँदा कार्यालय र उपभोक्ता समितिबीच भएको सम्झौता अनुसार सम्झौता भन्दा घटी परिमाणमा कार्यसम्पन्न भएमा कार्यसम्पन्न भएबमोजिम लागत अनुमान र मूल्याङ्कन अनुसार जनसहभागिता बापतको रकम अनुपातिक कट्टी गरेर मात्र भुक्तानी दिनुपर्दछ। कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्यान्वयन गराएको आयोजना मध्ये नमुना छनोटको आधारमा परीक्षण गर्दा दुर्गा मन्दिर हुँदै सुईदारको तगारो मोटरबाटो निर्माण आयोजनाको उपभोक्ता समितिलाई अनुपात भन्दा बढी हुने गरी रु. १६८४६.०० भुक्तानी गरेको देखिँदा बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| क.सं. | आयोजनाको नाम | प्राविधिक मूल्याङ्कन बमोजिम | | | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | जम्मा कार्य | भुक्तानी पाउने | भुक्तानी भएको | | |
| १ | दुर्गा मन्दिर हुँदै सुईदारको तगारो मोटरबाटो निर्माण | ११३०६२७ | ९८३१५४ | १०००००० | १६८४६ | महानगरको आर्थिक ऐन, २०८१ अनुसार न्यूनतम १५% जनसहभागिता कट्टी नभएको। |
| | **जम्मा** | **११३०६२७** | **९८३१५४** | **१००००००** | **१६८४६** | |

| असुल गर्नुपर्ने | १६,८४६ |
|---|---|

११४.४ **अधुरो अवस्थामा कार्य स्वीकारः** सम्झौताका शर्त बमोजिम सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको सुनिश्चित भए पछि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भई आयोजनाको उद्देश्य अनुरुप समान्य सञ्चालनमा आएको अवस्थामा कार्य स्वीकार गरी नियम १२४ बमोजिम अन्तिम भुक्तानी गर्नुपर्दछ। खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गराउन निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून र सम्झौताका शर्त बमोजिम जिम्मेवार बनाउनुपर्दछ। निर्माण कार्य अगाडि बढाउन नसकिने काबु बाहिरको परिस्थिति रहेको प्राविधिक पुष्ट्याईँ बेगर अधुरो निर्माण कार्य स्वीकार गर्न नमिल्नेमा कार्यालयले सम्झौता भन्दा घटी कार्य सम्पन्न भएको आयोजनाको समेत कार्य स्वीकार गरेको देखिन्छ। निर्माण आयोजनाको लागि निर्माण उपभोक्ता समितिसँग सम्झौता भएको भन्दा २६% देखि ३४% सम्म काम बाँकी छँदै अधुरो अवस्थामा कार्य स्वीकार गरी तपशिल बमोजिम उपभोक्ता समितिलाई रु. ८७८०३८.०० भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| आयोजनाको नाम | सम्झौता तथा मूल्याङ्कन अनुसार कार्यसम्पन्न | | | | खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | हुनुपर्ने | भएको | घटी | घटी % | | |
| कालिका मन्दिर स्तरोन्नति | ३५२९६५ | २३३९७६ | ११८९८९ | ३४% | १८१०१८ | ०८-०८२।०३।१५ |
| जामुनडाँडा चौताराडाँडा सिँढी बाटो निर्माण | ११७६५४४ | ८७३५६५ | ३०२९७९ | २६% | ६९७०२० | २१-०८२।०२।०४ |
| **जम्मा** | **१५२९५०९** | **११०७५४१** | **४२१९६८** | **२८%** | **८७८०३८** | |

| अनियमित भएको | ८,७८,०३८ |
|---|---|

११५ **२३ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

११५.१ **लागत अनुमानः** सार्वजनिक खरिद प्रकियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को व्यवस्था गरिएको छ। सोही ऐनको दफा ५ अनुसार १ लाख रुपैयाँ भन्दा बढीको कुनै पनि खरिदको लागि लागत अनुमान बनाउनुपर्ने र दफा ५(क) मा तोकिए बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले न्यून आयस्तर भएका तथा सिलाई तालिम लिएका महिलाहरूलाई सिपसिकाईका लागि सिलाई मेशिन वितरण कार्यक्रम (१५% लागत

साझेदारी) अन्तर्गत गोशली डिपार्टमेन्टल स्टोर्सबाट ३४ थान सिलाई मेशिन दुई पटक खरिद गरी गो.भौ.नं. ३-२०८१/०६/२ बाट रू. ४००००० र गो.भौ.नं. १४९-२०८२/०३/२३ बाट रू. ७५००० समेत जम्मा रु. ४७५०००.०० खर्च गरेको पाइयो। तर यसरी सिलाई मेशिन खरिद गर्दा लागत अनुमान तयारी एवम् स्वीकृत नगरी सिधै कोटेशनबाट खरिद भएको देखिन्छ। कार्यालयले खरिद प्रकियामा खर्चलाई नियन्त्रण गर्न, सामग्रीको उचित मूल्य निर्धारण गर्न र जोखिमलाई न्यूनीकरण गर्न ऐन बमोजिम सामग्रीको खरिद पूर्व लागत अनुमान बनाई तोकिएबमोजिम स्वीकृत गर्नुपर्दछ।

११५.२ **तालिम तथा कार्यक्रमः** तालिम तथा कार्यक्रम सञ्चालन गर्दा तोकिएको लक्ष्य तथा उद्देश्य हासिल हुने गरी सञ्चालन गर्नुपर्दछ। वडा कार्यालयले यस वर्ष विभिन्न प्रकारका सिपमुलक तथा आयआर्जनमुलक तालिम सञ्चालन गरेको छ। तालिम सञ्चालन गर्दा पारदर्शिताको लागि सूचना प्रकाशन गरी सबै सरोकारवालाको पहुँच सुनिश्चित गर्नुपर्ने व्यवस्था भएतापनि कार्यालयले सञ्चालन गरेको तालिममा प्रशिक्षार्थी छनोटका आधार तथा प्रशिक्षकको योग्यता, अनुभव तथा प्रमाणित कागजातहरू स्पष्ट रूपमा उल्लेख नगरेकाले छनोट प्रकिया पारदर्शी भएको तथा तालिमको गुणस्तर सुनिश्चित भएको सम्बन्धमा यकिन हुन सकिएन। तालिम सञ्चालन पश्चात् प्रशिक्षार्थीहरु स्वरोजगार तथा आत्मनिर्भर भए नभएको सम्बन्धमा कार्यालयले नियमित अनुगमन गरी तालिमको लक्ष्य पूरा हुने गरी तालिम सञ्चालन गर्नुपर्दछ। तालिम तथा कार्यक्रम सम्बन्धमा लेखापरीक्षणको क्रममा देखिएको उदाहरण तलको तालिकामा उल्लेख छ।

| क्र.सं. | गो.भौ.नं./मिति | तालिमको विवरण | तालिम प्रदायक | खर्च रू. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ११९-०८२/०२/२० | जीवन उपयोगी तथा नेतृत्व विकास तालिम | पोखरा उद्योग वाणिज्य संघ | ९१६०० | प्रशिक्षकको योग्यता नखुलेको |
| | - | जम्मा | - | ९१६०० | |

११५.३ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ।वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र. सं . | सम्बन्धित निकाय | भुक्तानी प्रयोजन | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ऐँसेलुचौर आमा समूह | भवन स्तरोन्नति | १९७३४० | ४३- ०८२।०३।१९ |
| २ | शिवशक्ति आमा समूह | भवन स्तरोन्नति | १९३७०० | ३७- ०८२।०३।१५ |
| ३ | मार्गी दलित समाजघर | भवन स्तरोन्नति | १८७५४६ | ५१- ०८२।०३।२५ |
| ४ | तल्लो सिदाने भवन | स्तरोन्नति | १९९६०० | १२- ०८१।११।१९ |
| ५ | रैकर एकता आमा समूह | भवन स्तरोन्नति | १६२५०८ | ५८- ०८२।०३।२५ |
| | जम्मा | | ९४०६९४ | |

११५.४ **अधुरो अवस्थामा कार्य स्वीकारः** सम्झौताका शर्त बमोजिम सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको सुनिश्चित भए पछि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७अनुसार कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भई आयोजनाको उद्देश्य अनुरुप समान्य सञ्चालनमा आएको अवस्थामा कार्य स्वीकार गरी नियम १२४ बमोजिम अन्तिम भुक्तानी गर्नुपर्दछ। खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गराउन निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून र सम्झौताका शर्त बमोजिम जिम्मेवार बनाउनुपर्दछ। निर्माण कार्य अगाडि बढाउन नसकिने काबु बाहिरको परिस्थिति रहेको प्राविधिक पुष्ट्याईँ बेगर अधुरो निर्माण कार्य स्वीकार गर्न नमिल्नेमा कार्यालयले सम्झौता भन्दा घटी कार्य सम्पन्न भएको आयोजनाको समेत कार्य स्वीकार

गरेको देखिन्छ। निर्माण आयोजनाको लागि निर्माण उपभोक्ता समितिसँग सम्झौता भएको भन्दा १६% देखि ४९% सम्म काम बाँकी छँदै अधुरो अवस्थामा कार्य स्वीकार गरी तपशिल बमोजिम उपभोक्ता समितिलाई रु. ५७८७५०१.०० भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| आयोजनाको नाम | सम्झौता तथा मूल्याङ्कन अनुसार कार्यसम्पन्न | | | | खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | हुनुपर्ने | भएको | घटी | घटी % | | |
| सिद्ध वराह हनुमान मूर्ति निर्माण | ११७७४९८ | ८९२८२३ | २८४६७५ | २४% | ७५८२०० | १६-०८२।०३।२३ |
| कयरबारी चोक प्रतिक्षालय र भालुखोला रातमाटे सडक स्तरोन्नति | ११७६७२६ | ९८३६६२ | १९३०६४ | १६% | ८३५९३१ | १३-०८२।०३।२५ |
| तामागी राम्चे मोटरबाटो स्तरोन्नति | २९४१७०१ | १४८६५८२ | १४५५११९ | ४९% | १२६३३७० | १४-०८२।०३।२५ |
| हर्पत तामागी भ्यु पोइन्ट सडक स्तरोन्नति | ५८८६९५० | ३८१२५४३ | २०७४४०७ | ३५% | २९३०००० | १७-०८२।०३।२५ |
| **जम्मा** | **१११८२८७५** | **७१७५६१०** | **४००७२६५** | **३६%** | **५७८७५०१** | - |

| अनियमित भएको | ५७,८७,५०१ |
|---|---|

११६ **२४ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

११६.१ **जमाको स्वमित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र. सं. | सम्बन्धित निकाय | भुक्तानी प्रयोजन | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | दोपरे आमा समूह | भवन निर्माण | २९९२१० | ८-०८१।१२।१७ |
| २ | गुण्टेचौर महिला समूह | भवन निर्माण | ६९७२५६ | ३५-०८२।०३।२२ |
| ३ | ओम शान्ति आमा समूह | भवन स्तरोन्नति | १८८१६१ | ६४-०८२।०३।२३ |
| ४ | हाम्रो कास्कीकोट युवा सञ्चाल | भवन स्तरोन्नति | २९८४६० | ६०-०८२।०३।२२ |
| ५ | गुण्टेचौर रैकर ज्योति आमा समूह | भवन स्तरोन्नति | ९४९४२ | ५१-०८२।०३।२३ |
| ६ | अस्कुना आमा समूह | भवन स्तरोन्नति | १५०००० | ४२-०८२।०२।२६ |
| ७ | एकता समाज भवन | शौचालय र कम्पाउण्ड | ९८९२९ | ४९-०८२।०३।१२ |
| ८ | चिसापानी सामुदायिक भवन | रङ्गरोगन | ७०००० | ३४-०८२।०१।०९ |
| ९ | माझथुम कार्की तगारा आमा समूह | ट्रस निर्माण र रङ्गरोगन | ५६६१० | ५८-०८२।०३।२० |
| १० | छिपछिपेपानी सामुदायिक भवन | शौचालय र कम्पाउण्ड | ४९४९८९ | २२-०८१।१०।२५ |
| | जम्मा | | २४४८५५७ | |

११६.२ **अधुरो अवस्थामा कार्य स्वीकारः** सम्झौताका शर्त बमोजिम सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको सुनिश्चित भए पछि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भई आयोजनाको उद्देश्य अनुरुप समान्य सञ्चालनमा आएको अवस्थामा कार्य स्वीकार गरी नियम

१२४ बमोजिम अन्तिम भुक्तानी गर्नुपर्दछ। खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गराउन निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून र सम्झौताका शर्त बमोजिम जिम्मेवार बनाउनुपर्दछ। निर्माण कार्य अगाडि बढाउन नसकिने काबु बाहिरको परिस्थिति रहेको प्राविधिक पुष्ट्याईँ बेगर अधुरो निर्माण कार्य स्वीकार गर्न नमिल्नेमा कार्यालयले सम्झौता भन्दा घटी कार्य सम्पन्न भएको आयोजनाको समेत कार्य स्वीकार गरेको देखिन्छ। निर्माण आयोजनाको लागि निर्माण उपभोक्ता समितिसँग सम्झौता भएको भन्दा ११% देखि ३५% सम्म काम बाँकी छँदै अधुरो अवस्थामा कार्य स्वीकार गरी तपशिल बमोजिम उपभोक्ता समितिलाई रु. ५७२६९५६.०० भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| आयोजनाको नाम | सम्झौता तथा मूल्याङ्कन अनुसार कार्यसम्पन्न | | | | खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | हुनुपर्ने | भएको | घटी | घटी % | | |
| वृन्दावन धाम धार्मिक पर्यटन पूर्वाधार निर्माण | ११७६७५७ | ९३०८३० | २४५९२७ | २१% | ७९१०१३ | ५-०८२।०३।२३ |
| देउराली देखि डाँडापारी मोटरबाटो निर्माण | ११७६९०० | १०३२६३७ | १४४२६३ | १२% | ८७७४२१ | १६-०८२।०२।०४ |
| हुलाकघर नेपालीटोल मुड्केपोखरी बाहुनकुला मोटरबाटो | ११७६६८० | ८०२३०९ | ३७४३७१ | ३२% | ६८०६८५ | ४३-०८२।०३।२४ |
| गुण्टेचौर ढोका मुलबाटो निर्माण | २३५३०४३ | २०२६४८९ | ३२६५५४ | १४% | १७२२४४० | ५५-०८२।०३।२५ |
| लौरुक तातोपानी बाँगकाँटी गैराबारी मोटरबाटो निर्माण | २३५४४७३ | १५२८३४० | ८२६१३३ | ३५% | १२९८४१४ | ५३-०८२।०३।२५ |
| मान्द्रेढुँगा मेडिकल हुँदै डेडस्वाँरा मोटरबाटो | ४७०५४९ | ४१९९८६ | ५०५६३ | ११% | ३५६९८३ | ५७-०८२।०३।१६ |
| जम्मा | ८७०८४०२ | ६७४०५९१ | १९६७८११ | २३% | ५७२६९५६ | - |

| | |
|---|---|
| अनियमित भएको | ५७,२६,९५६ |

## ११७ २५ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु

११७.१ **जग्गाको स्वमित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। त्यस्तै सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/ नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| ८०४३९२०१२२५ पोखरा महानगरपालिकावडा नं.२५ | | | |
| १ | सिद्धेश्वर सामुदायिक विकास संस्था ट्रस | १५०००० | १४९६१२ |
| ८०४३९२०१३५३ पोखरा महानगरपालिका- पूर्वाधार- भवन | | | |
| १ | दुर्लुङ तमु समाज घर , वडा नं. २५ | ३५०००० | ३३६०६२ |
| २ | विष्णुपादुका बहुउद्देश्यीय भवन , वडा नं. २५ | १५००००० | १४८८१४६ |
| ३ | वास्कोट सामुदायिक भवन , वडा नं. २५ | ३००००० | २८७९८७ |
| ४ | दहाल सेवा समाज भवन , वडा नं. २५ | ५००००० | ४९७४६९ |
| कुल जम्मा | | २८००००० | २७५९२७६ |

११७.२

**पूर्व निर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाइको कारण खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक नियकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था सहित खरिद सम्झौता गर्न सकिने उल्लेख छ। वडा कार्यालयले उज्यालो वडा कार्यक्रम अन्तर्गत रु. १३२५०००.०० को लागत अनुमान बनाई बोलपत्र आह्वान गरेकोमा रु. ७९६६५०.०० कवोल गर्ने आपूर्तिकर्ता श्री सौर्य विद्युत विकास प्रा.लि. को वोलपत्र स्वीकृत भएको पाइयो। मिति २०८२।०२।१० भित्र आपूर्ति गरी जडान समेत गरी सक्ने गरी सम्झौता गरेकोमा आपूर्ति कर्ताले कार्य सम्पन्न गरेको गरेको भनी २०८२।०१।१४ मा निवेदन पेश गरेकोमा वडा कार्यालयमा २०८२।०३।२३ मा मात्र दर्ता भएको पाइयो। लागत अनुमान प्रति बत्ती रु. ५३००.०० रहेकोमा आपूर्ति कर्ताले रु. ३१८७.०० मा कवोल गरेको देखिँदा कार्यालयले माग गरेको गुणस्तरको भए नभएको सम्बन्धमा कार्यालयले नै यकिन गर्नुपर्ने हुन्छ। प्राप्त बत्ती विभिन्न ३३ वटा टोल विकास संस्थालाई वितरण गरी जडान गरेको भनिए पनि तोकिएको मितिमा जडान कार्य सम्पन्न भएको देखिएन। आपूर्तिकर्ताले पहिले नै सम्पन्न भएको कार्य कार्यालयले २०८२।०३।२३ मा मात्र सम्पन्न गरेको भनी दर्ता गरेको देखिँदा तोकिएको भन्दा ४४ दिन ढिला गरी कार्य सम्पन्न भएको पाइयो। तोकिएको मिति भन्दा ४४ दिन ढिला गरी कार्य सम्पन्न गरेको देखिएकोले सम्झौता रकम रु. ७०५०००.०० (मूल्य अभिवृद्धि कर बाहेक) को दैनिकि ०.०५ प्रतिशतका दरले हुने रु. ३५२.५० का दरले ४४ दिनको हुने रु. १५५१०.०० पूर्वनिर्धारित क्षतिपूर्ति बापत सम्बन्धित आपूर्तिकर्ताबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,५१० |

११७.३ **सिमबोट मेलबोट सडकः** उपभोक्ता समितिको जनसहभागिता सहित रु. ५८८३८८५.१२ को लागत अनुमान बनाई यस वडा कार्यालयबाट रु. ५० लाख व्यहोर्ने गरी सम्झौता भएको यस निर्माण कार्यको सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार रहेका छन्।

**सिमबोट मेलबोट सडक - डण्डीको परिमाणः** सडक विभागबाट जारी Rigid Pavement Design Guideline अनुसार ढलानमा डण्डी राख्दा सडक Axle Load, सडको डिजाईन अवधि, सडकको लेन तथा सो सडकको ट्राफिकलाई आधार मानी ढलानको डिजाईन गर्नुपर्ने र सो अनुसारनै कुन साईजको डण्डी राख्ने यकिन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले लागत अनुमान गर्दा ६ ठाउँमा २७० मिटर लम्बाईका १०mm मोटाइको डण्डी प्रयोग गर्ने गरी अनुमान गरेकोमा उपभोक्ता समितिले निर्माण पश्चात् पेश गरेको बिलमा १२mm मोटाइको डण्डी प्रयोग गरेको भनी नापी गरेको पाइयो। कार्यालयले १०mm को डण्डी राख्ने गरी निर्देशन दिएको अवस्थामा सो भन्दा बढी मोटाइको डण्डी राखेको भनी भुक्तानी माग गर्नु प्राविधिक रुपमा उपयुक्त देखिएन। उपभोक्ता समितिले ६ स्थानमा १३८ मिटर लम्बाईको १०mm ले राख्दा ५१३.३६ किलोग्राम हुनु पर्नेमा १२mm को डण्डी राखेको भनी ७२८.६४ किलोग्रमाको प्रति कि.ग्रा. को दरले भुक्तानी गरेको पाइयो। कार्यालयले इस्टिमेट गरेको भन्दा बढी मोटाइको डण्डी राख्दा प्राविधिक पुष्ट्याईं सहित स्वीकृति दिए पश्चात् मात्र राख्न सकिने अवस्थामा समेत सो निर्देशन विना बढी मोटाइको डण्डी राखेको भनी २१५.२८ कि.ग्रा.को प्रति कि.ग्रा. रु. १३३.३६ का दरले रु. २८७०९.७४ बढी हुने गरी भुक्तानीका लागि सिफारिस गरेको पाइयो। तोकिएको भन्दा बढी मोटाइको डण्डी राखेको भनी बढी हुने गरी भुक्तानी सिफारिस गरेको रु. २८७१०.०० मा जनसहभागिता बापत १५ प्रतिशतले हुने रकम कट्टी गरी बाँकी रहेको रु. २४४०४.०० भुक्तानी गर्ने गर्ने आधार नदेखिएकोले सो बापतको रकम सम्बन्धित निर्माण उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,४०४ |

११७.४ **सिमबोट मेलबोट सडक - ग्राभेलिङ्ग कार्यः** यस सिमबोट मेलबोट सडक निर्माण कार्यको २३७ मिटर लम्बाई र ७ मिटर चौडाईमा ०.१ मिटर मोटाइका दरले कुल १६५.९० घ.मि. ग्राभेल बिछ्याएको पाइयो। यस निर्माण कार्यमा ग्राभेल बिछ्याउँदा River Bed Material बिछ्याइएको र सोको मूल्य यस महानगरपालिका भित्र प्रति घनमिटर रु. १३३७.९२ रहेको अवस्थामा समेत यस योजनामा प्रति घनमिटर रु. २०८१.७९ का दरले बिछ्याइएको पाइयो। यही महानगरपालिका वडा नं. ३३ को डाडागाउँ आँपकोबोट देउराली सडक निर्माण कार्यमा River Bed Material ग्राभेल बिछ्याउने कार्य बापत प्रति घ.मि. रु. १३३७.९२ को दरले नै भुक्तानी गरिएको छ। महानगरपालिकाको वडागत दर फरक पर्ने एउटा कारण ढुवानी भएको अवस्थामा समेत एक घन मिटरमा ७४३.८७ का दरले ढुवानीकै कारण फरक पर्ने अवस्था समेत नदेखिँदा सो दरले बढी भुक्तानी भएको अवस्था देखियो। एउटै निकायमा ग्राभेल राख्दा फरक फरक दरमा भुक्तानी दिनु प्राविधिक र व्यवहारिक रुपमा समेत उपयुक्त नदेखिँदा यस योजनामा बिछ्याइएको १६५.९० घ.मि. ग्राभेल बापत प्रति घ.मि. रु. ७४३.८७ का दरले हुने रु. १२३४०८.०३ बढी भुक्तानी भएको देखिँदा सो रकम सम्बन्धित निर्माण उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२३,४०८ |

११७.५ **सिमबोट मेलबोट सडक - तोकिएको भन्दा फरक निर्माण कार्यः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको चरणमा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था गरिएको छ। यस सिमबोट मेलबोट सडक निर्माण कार्यको लागि सुरु लागत अनुमानमा नराखेको निर्माण कार्य कार्यालयको स्वीकृति बिना गरेको अवस्थामा समेत कार्य स्वीकार गरी भुक्तानी गरेको पाइयो। तोकिएको अवस्था भन्दा फरक हुने निर्माण कार्य गर्नुपरेमा भेरिएसन आदेश जारी गरी सोको स्वीकृति गरी निर्माण कार्यको आदेश पश्चात् मात्र निर्माण गराउनु पर्नेमा निर्माण कार्य गर्न निर्देशन गरे भन्दा फरक हुने गरी निर्माण गरेको अवस्थामा समेत सो निर्माण कार्य स्वीकार गरी भुक्तानी गरेको देखिन्छ। पूर्व स्वीकृति र प्राविधिक पुष्ट्याईं बिना निर्माण गरेको देहाय अनुसरका कार्य स्वीकार गरी भुक्तानी गर्ने आधार नदेखिँदा सो बापत

भएको भुक्तानी रु. १२७१८७९.७० नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| क्र.सं. | कामको विवरण | परिमाण | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | MS Steel work | १३८१.८५ | १८०.६ | २४९५६२.११ | Graveling कार्यको दर रु. २०८१.७९ रहेकोमा १३३७.९२ भन्दा बढी दर छुट्टै दफामा लगति कायम गरिएकोले १३३७.९२ का दरले मात्र लगत कायम गरिएको। |
| २ | Form Work | ६९ | ६९९.५४ | ४८२६८.२६ | |
| ३ | graveling Work | १६५.९ | १३३७.९२ | २२१९६०.९२८ | |
| ४ | **Rigid Pavement** | | | | |
| | 1) E/W Excavation | २३३.४ | ७९.३८ | १८५२७.२९२ | |
| | 2) Soling | ५०.७२५ | ४४१०.३६ | २२३७१५.५११ | |
| | 3) PCC | ५०.७२५ | १००५१.१७ | ५०९८४५.५९८३ | |
| **जम्मा** | | | | १२७१८७९.७० | |

| अनियमित भएको | १२,७१,८८० |
|---|---|

**११८ २६ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

११८.१ **युवा प्रोत्साहन कार्यक्रमः** कार्यालयले बजेट विनियोजन गर्दा कार्यालयद्वारा सञ्चालन गरिने कार्यक्रमको लागि आवश्यक पर्ने बजेटको अनुमान गरी बजेट विनियोजन गर्ने र विनियोजित बजेट नगरसभाबाट स्वीकृत भए बमोजिम सुत्र प्रणालीमा प्रविष्ट गर्नुपर्दछ। कार्यालयले तय गरेका कार्यक्रमको लागि स्वीकृत विनियोजित बजेट खर्च गर्दा खर्च गर्ने अख्तियारी, बिल, भर्पाई साथै आवश्यक प्रमाण कागजात संलग्न गरी तोकिएको उद्देश्य पूरा हुने गरी खर्च गर्नुपर्दछ। वडा कार्यालयले “सगरमाथाको सफल आरोहण गर्ने वडा रत्न स्व. विनोदबाबु बास्ताकोटीको स्मरणमा वडा युवा प्रोत्साहन कार्यक्रम” शीर्षकमा बजेट विनियोजन गरी श्री लक्ष्मी मा.वि. का गरिब तथा जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन रु. ५०,०००.०० रामबाबु बास्ताकोटीको माग बमोजिम भुक्तानी गरेको पाइयो। रामबाबु बास्ताकोटीले आफ्नो भाई स्व. विनोदबाबु बास्ताकोटीको सम्झनामा विद्यार्थीलाई छात्रबृति दिने प्रयोजनको लागि वडामा बजेट माग गर्ने र वडाले सो माग अनुसारनै बजेट विनियोजन गरी भुक्तानी गर्ने कार्यले बजेटमा विनियोजन कुशलता देखिएन। परिवारका सदस्यको सम्झनामा छात्रवृत्ति दिने कार्य व्यक्ति स्वयमले गर्नु पर्नेमा वडा कार्यालय सँग बजेट माग गर्ने र वडाले समेत बजेटमै व्यवस्था गरी व्यक्तिगत प्रयोजनको लागि बजेटको खर्च गर्ने कार्यले खर्चमा नियमितता रहेको भनी विश्वस्त हुन सकिएन। यसरी नगरसभाको स्वीकृति बेगर वडा समितिको २०८१/०८/२८ को बैठकले व्यक्तिगत मागका आधारमा सार्वजनिक स्रोतबाट रकम उपलब्ध गराउने गरी भएको निर्णयका आधारमा गो.भौ.नं. २९-०८१/०९/५ बाट भुक्तानी दिएको रु. ५०,०००.०० नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रू.

| अनियमित भएको | ५०,००० |
|---|---|

११८.२ **तालिम तथा कार्यक्रमः** तालिम तथा कार्यक्रम सञ्चालन गर्दा तोकिएको लक्ष्य तथा उद्देश्य हासिल हुने गरी सञ्चालन गर्नुपर्दछ। यस वडा कार्यालयले यस आर्थिक वर्ष विभिन्न प्रकारका सिपमुलक तथा आयआर्जनमुलक तालिम सञ्चालन गरेको छ। तालिम सञ्चालन गर्दा पारदर्शिताको लागि सूचना प्रकाशन गरी सबै सरोकारवालाको पहुँच सुनिश्चित गर्नुपर्ने व्यवस्था भएतापनि कार्यालयले सञ्चालन गरेको तालिममा प्रशिक्षार्थी छनोटका आधार तथा प्रशिक्षकको योग्यता, अनुभव तथा प्रमाणित कागजातहरू स्पष्ट रूपमा उल्लेख नगरेकाले छनोट प्रकिया पारदर्शी भएको तथा तालिमको गुणस्तर सुनिश्चित भएको यकिन गर्न सकिएन। तालिम सञ्चालन पश्चात् प्रशिक्षार्थीहरु स्वरोजगार तथा आत्मनिर्भर भए नभएको सम्बन्धमा कार्यालयले नियमित अनुगमन गरी तालिमको लक्ष्य पूरा हुने गरी तालिम सञ्चालन गर्नुपर्दछ। तालिम तथा कार्यक्रम सम्बन्धी लेखापरीक्षणको क्रममा देखिएका केही उदाहरणहरू निम्न छन्।

| क्र.सं. | गो.भौ.नं./मिति | तालिमको विवरण | तालिम प्रदायक | खर्च रू. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६५-०८१/११/२६ | जीवनोपयोगी सीप तालिम | बालबालिका स्वास्थ्य र प्रकृतिका लागि ज्ञान तथा विकास सञ्जाल | ५३२५४ | प्रशिक्षार्थी छनोटको आधार तथा प्रशिक्षकको योग्यता नखुलेको |
| २ | १०४-०८२/२/२९ | ग्राफिक डिजाइन तालिम | वि.एण्ड.वि. इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड सर्भिसिङ हाउस | ९९२०० | |
| ३ | १०५-०८२/२/२९ | रोवोटिक्स एण्ड प्रोग्रामिङ | टेक इन इन्टरप्राइजेज | ९९५०० | |
| ४ | १०६-०८२/२/२९ | भिडियो ईडिटिङ एण्ड कन्टेण्ट क्रिएशन | दिप ब्रदर्श टेक्नोलोजी | ९९३०० | |
| ५ | १०७-२०८२/२/२९ | पर्सनालिटि डेभलपमेन्ट एण्ड पब्लिक स्पिकिङ्ग तालिम | लेभल अप इन्टरनेशनल एजुकेशन प्रा.लि. | ९९५०० | |
| | - | **जम्मा** | | **४५०७५४** | - |

११८.३ **भर्पाई पेश नभएकोः** कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। कार्यालयले वडामा रहेका टोल सुधार समिति तथा विद्यालयलाई वितरण गर्नको लागि ५० थान डस्टबिन, १० थान मोप, १२ थान रुमाल मोप, १०० थान पञ्जा तथा २ थान डस्टप्यान खरिद गरी आपूर्तिकर्ता आर एण्ड ट्रेडर्सलाई गो.भौ.नं.

१६१-२०८२/०३/२३ बाट रू. ६०,६००.०० भुक्तानी गरेकोमा लेखापरीक्षण अवधिसम्म ती सामग्रीहरु वितरण गरेको नदेखिएकोले खरिद गरिएका सामग्री सम्बन्धित टोल सुधार समिति र विद्यालयहरुलाई हस्तान्तरण गरेको प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,६०० |

११८.४ **जग्गाको स्वमित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं . | सम्बन्धित निकाय | भुक्तानी प्रयोजन | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सक्नेरी आमा समूह | भवन निर्माण | ४८५०२७ | ३७-०८२।०२।१३ |
| २ | नेपाल मगर संघ बुढीबजार एकाई | कम्पाउण्ड जाली | ७००००० | ४-०८१।०९।२३ |
| ३ | नमुना आमा समूह | भवन निर्माण | २९१६८७ | २२-०८२।०१।०४ |
| ४ | हिमचुली महिला समूह | भवन मर्मत | २००००० | १७-०८१।१२।१२ |
| ५ | नमुना कृषक आमा समूह पैते | दिवा सेवा केन्द्र निर्माण | ११९६६९४ | २५-०८२।०१।१६ |
| ६ | ओम शान्ति ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र, कालिका चोक | भवन निर्माण | १५००००० | २४-०८२।०१।१६<br>३३-०८२।०२।०६ |
| ७ | जलधारे बहुउद्देश्यीय भवन | मर्मत/ कम्पाउण्ड वाल | ११६८५१९ | ६३-०८२।०३।२३ |
| ८ | स्वर्णिम आमा समूह | भवन/ ट्रस निर्माण | ११००५७ | २६-०८२।०३।२४ |
| | जम्मा | | ५६५१९८४ | |

११८.५ **खुला व्यायामशाला निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(१) बमोजिम खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्दछ। कार्यालयले वडाभित्र खुला व्यायामशाला स्थापनार्थ आवश्यक सामग्री खरिदको लागि भ्याट सहित रु. ९८३४३९.०० को लागत अनुमान तयार गरी दरभाउ माग गरेकोमा न्यूनतम रकम कोबल गर्ने अल टेक प्रा.लि.लाई १३ किसिमका २४ थान सामग्री आपूर्ति बापत भौचर नं. ६५ - ०८२।०३।२४ बाट रु. ९५२५९०.०० भुक्तानी गरे तापनि खरिद गरिएका सामग्री जडान भएको प्राविधिक पुष्ट्याईँ सहित कार्यस्वीकार प्रातिवेदन संलग्न गरेको देखिएन। खरिद भएको सामग्री जडान तथा व्यायामशाला स्थापना भएको प्राविधिक पुष्ट्याईँ सहित कार्यस्वीकार गरेको नदेखिँदा खुला व्यायामशाला स्थापनार्थ खरिद भएको सामग्री जडान गरी व्यायामशाला स्थापना भएको प्राविधिक पुष्ट्याईँ सहितको कार्य स्वीकार प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,५२,५९० |

११८.६ **मेसिनको प्रयोगः** उपभोक्ता समितिले सम्झौता बमोजिम कार्य सम्पन्न गरेपछि निर्माण कार्य बापत अन्तिम भुक्तानी दिनुपर्दछ। कार्यालयले काप्रेभीर तारजाली उपभोक्ता समितिलाई काप्रेभीरमा तारजालीको कार्य बापत भौचर नं. १२ - ०८१।११।१८ बाट रु. ९६८३२८.०० भुक्तानी गरेकोमा फाउण्डेशनमा माटो खन्ने कामको लागि म्यानुअल श्रमको ज्याला दर राखी लागत अनुमान तयार भएको र सोही बमोजिम मूल्याङ्कन समेत गरी भुक्तानी भए तापनि स्रेस्तामा

जेसिबीको बिल संलग्न गरेको देखिँदा सो कामको म्यानुअल श्रमको ज्याला भन्दा जेसीबी (एक्साभेटर) प्रयोग बापतको खर्च रु. २९३१२.६५ ले घटी हुने भएकोले बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| फाउण्डेशनमा माटो खन्ने कामको खर्च विवरण | | | | |
|---|---|---|---|---|
| कामको विधि | परिमाण | प्रति घ. मि . दर | रकम रु. | कैफियत |
| म्यानुअल श्रम | ४७. ८३ घ. मि . | ८०३ | ३८४०७.४९ | |
| जेसिबी प्रयोग | ४७. ८३ घ. मि . | ८२ | ३९२२.०६ | |
| जेसिबी प्रयोग गर्दा घटी हुने खर्च रु. | | | ३४४८५.४३ | |
| जनसहभागिता बापतको १५ % | | | ५१७२.८१ | |
| बढी भुक्तानी भएको रु. | | | २९३१२.६५ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,३१२ |

११८.७ **अधुरो अवस्थामा कार्य स्वीकारः** सम्झौताका शर्त बमोजिम सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको सुनिश्चित भए पछि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भई आयोजनाको उद्देश्य अनुरुप समान्य सञ्चालनमा आएको अवस्थामा कार्य स्वीकार गरी नियम १२४ बमोजिम अन्तिम भुक्तानी गर्नुपर्दछ। खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गराउन निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून र सम्झौताका शर्त बमोजिम जिम्मेवार बनाउनुपर्दछ। निर्माण कार्य अगाडि बढाउन नसकिने काबु बाहिरको परिस्थिति रहेको प्राविधिक पुष्ट्याइँ बेगर अधुरो निर्माण कार्य स्वीकार गर्न नमिल्नेमा कार्यालयले सम्झौता भन्दा २७.३३% प्रतिशत घटी कार्य सम्पन्न भएको आयोजनाको समेत कार्य स्वीकार गरेको देखिन्छ। न्यौपानेको बारी झाँक्रीको थान हुँदै सोतोचोक बाटो निर्माण आयोजनाको लागि निर्माण उपभोक्ता समितिसँग रु. १७६५२०६.७६ मा सम्झौता भएको तर रु. १२८२७१०.२२ को मात्र कार्य सम्पन्न भएकोमा रु. ४८२४९६.५४ (२७.३३%) को काम बाँकी छँदै अधुरो अवस्थामा कार्य स्वीकार गरी भौचर नं. १८ - ०८१।१२।१२ बाट उपभोक्ता समितिलाई रु. १०१७७१०.०० भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १०,१७,७१० |

११९ **वडा नं २७**

वडा नं २७ सँग सम्बन्धित बेहोरा देहाय अनुसार रहेका छन ।

११९.१ **स्वीकृत सीमा र शीर्षक बाहिरको खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७)मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने उल्लेख छ। कार्यालयले यस वर्ष सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई ज्येष्ठ नागरिक सशक्तीकरण कार्यक्रम शीर्षकमा विनियोजित बजेट फरक कृयाकलापमा खर्च गरी तपशिल बमोजिम रु. ११९४७१.०० भुक्तानी गरेको नियमसम्मत नदेखिँदा आगामी दिनमा सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्ने कार्य नदोहोरिने प्रतिबद्धता सहित नियमित हुनुपर्ने रु.

| गो.भौ.नं. | खर्च विवरण | भुक्तानी पाउने | भुक्तानी रु. |
|---|---|---|---|
| १६५-०८२।०१।०३ | कार्यालयमा डिजिटल LED Board जडान | नोभा डिजिटल टेक | ७५३७१ |
| १६८-०८२।०१।०४ | फर्निचर मर्मत | रवि स्टिल फर्निचर उद्योग | ४४१०० |
| जम्मा | | | ११९४७१ |

| | |
|---|---|
| अनियमित भएको | १,१९,४७१ |

११९.२ **घटी मोटाइमा ढलानः** सडकको स्पेसिफिकेशन बमोजिम सवबेसको परिमाणको भुक्तानी गर्नुपर्दछ। यस वडा भित्रका विभिन्न सडक ढलान सम्बन्धी निर्माण कार्यमा स्पेसिफिकेशन बमोजिम र लागत अनुमान अनुसार १२ से.मि. मोटाइमा ढलान कार्य गर्नु पर्नेमा सो भन्दा घटी मोटाइ हुने गरी कार्य गराई भुक्तानी गरेको देखिन्छ। ढलान कार्य तोकिएको भन्दा घटी मोटाइमा गराई सो कार्यलाई स्वीकार गरी भुक्तानीका लागि सिफारिस गरेको देखिँदा सडकको स्पेसिफिकेसन बमोजिम पेभमेण्टको भार वहन क्षमता र सोको दिगोपनामा असर पर्ने हुँदा स्पेशिफिकेशन बमोजिमको गुणस्तरमा फरक नपर्ने प्राविधिक पुष्ट्याइँ बेगर घटी मोटाइको ढलान कार्य स्वीकार गरिएको मनासिब नदेखिँदा देहाय अनुसारको निर्माण कार्यमा भएको भुक्तानीको प्राविधिक पुष्ट्याइँ सहित नियमित हुनुपर्ने रु.

| क्र.सं. | योजनाको नाम | स्टिमेट अनुसार हुनु पर्ने मोटाई | भुक्तानी भएको मोटाई | ढलानको परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|
| १ | बुद्धि माया रिजालको घरदेखी अधुरो बाटो ढलान | ०.१२ मि. | ०.०९७७ मी. | ६०.३१ | १००७५.२५ | ६०७६३८.३३ |
| २ | भण्डारीटोल सतिफाट भित्रिबाटो स्तरोन्नती | ०.१२ मि. | ०.०९७७ मी. | ५७.०५ | १००७५.२५ | ५७४७९३.०१ |
| ३ | छत्रेढुंगा नया बस्ति ढलान | ०.१२ मि. | ०.०९७७ मी. | १०१.६३ | १००५१.१७ | १०२१५००.४१ |
| जम्मा | | | | | | २२०३९३१.७५ |

| अनियमित भएको | २२,०३,९३२ |
|---|---|

११९.३ **संघीय कार्यालय अनुदानः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघ सरकारले प्रदेश र स्थानीय सरकारलाई तथा प्रदेश सरकारले स्थानीय सरकारलाई समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानका साथै राजस्व बाँडफाँट मार्फत वित्तीय हस्तान्तरण गर्ने व्यवस्था भए तापनि मुलुकमा विद्यमान कुनै पनि कानूनले स्थानीय सरकारले प्रादेशिक तथा संघीय सरकारलाई अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था उल्लेख गरेको छैन। स्पष्ट कानुनी आधार बेगर यस वर्ष पालिकाले आफ्नो छुट्टै बजेट तथा संगठन संरचना अनुसार सञ्चालन हुने संघीय सरकार अन्तर्गतको इलाका प्रहरी कार्यालयलाई भवन मर्मत तथा सजावटको लागि भौचर नं. २३ - ०८१।०६।०६ बाट रु. २६२००.०० भुक्तानी गरी खर्च लेखेको नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| अनियमित भएको | २६,२०० |
|---|---|

११९.४ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। त्यस्तै सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| ८०४३९२०१२२७ पोखरा महानगरपालिकावडा नं.27 | | | |
| १ | सुन्दरी प्लट टोल विकास संस्थाको भवन निर्माण | २००००० | १९९९८६ |
| २ | चन्द्रकालिका गन्धर्ब आमा समुहको भवन मर्मत | ३००००० | २९९५०९ |
| ३ | जनहित आमा समुहको भवन मर्मत सम्भार | ३००००० | २९९९९० |
| ४ | दुर्गा बहुउद्देश्यीय भवन मर्मत | २००००० | १९९८४७.९१ |
| ५ | नवोदय आमा समुहको भवन तथा बाटो निर्माण | ३००००० | २९९९२० |
| ६ | रिठेपानी तामाङ समाज मर्मत तथा व्यबस्थापन | ३००००० | २९६८६८ |
| ७ | तालचोक वि क समाजको भवन मर्मत | ३००००० | २९९०६२ |
| ८ | बगादी खोला ठकुरी समाजको भवन निर्माण | ३००००० | २९५०५२.१४ |
| ९ | कुमाल समाज रिठेपानीको किचन निर्माण | ३००००० | २९९९९१ |
| १० | नव प्रगतिशिल आमा समुहको भवन मर्मत डाँडाको नाक | ३००००० | २९९४६६.४२ |
| ११ | नर्मदा आमा समुहको भवन मर्मत | २००००० | १९९९९८.५९ |
| १२ | जलदेबी आमा समुहको भवन मर्मत छत्रेढुङ्गा | ३००००० | २९६२१३.१ |
| १३ | बगदीखोला मगर समाजको भवन मर्मत | ३००००० | २९७३३४ |
| ८०४३९२०१३५३ पोखरा महानगरपालिका- पूर्वाधार- भवन | | | |
| १ | दुर्गा बहु उद्देश्यीय समाज घर भवन, वडा नं २७ | ५००००० | ४९९७२८ |
| २ | लेखनाथ युवा क्लब भवनमा ट्रस निर्माण, वडा नं २७ | ५००००० | ४९९४१३ |
| ३ | प्रगतिचोक आमा समाजको भवन मर्मत | ५००००० | ४८२५९० |
| ४ | तामांग समाज भवन मर्मत , डाँडा नाक, वडा नं २७ | ५००००० | ४८३४७४.०४ |
| कुल जम्मा | | ५६०००००० | ५५४८४४३.२ |

## १२० २८ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु

१२०.१ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र. सं . | सम्बन्धित निकाय | भुक्तानी प्रयोजन | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | शान्तिमैदान सामुदायिक भवन | भवन मर्मत | ४७५२६८ | ३१- ०८२।०२।३० |
| २ | विश्वकर्मा सामुदायिक समाजघर | भवन मर्मत | १९२३६६ | ४०- ०८२।०३।१८ |
| ३ | अम्चरा सामुदायिक भवन | भवन मर्मत | १७८१४५ | ५२- ०८२।०३।२५ |
| ४ | डाँडागाउँ सामुदायिक भवन | भवन मर्मत | ९५८०६ | ४५- ०८२।०३।२२ |
| | जम्मा | | ९४२५८५ | |

१२०.२ **संघीय कार्यालय अनुदानः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघ सरकारले प्रदेश र स्थानीय सरकारलाई तथा प्रदेश सरकारले स्थानीय सरकारलाई समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानका साथै राजस्व बाँडफाँट मार्फत वित्तीय हस्तान्तरण गर्ने व्यवस्था भए तापनि मुलुकमा विद्यमान कुनै पनि कानूनले स्थानीय सरकारले प्रादेशिक तथा संघीय सरकारलाई अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था उल्लेख गरेको छैन। स्पष्ट कानुनी आधार बेगर यस वर्ष यस वडा कार्यालयले आफ्नो छुट्टै बजेट तथा संगठन संरचना अनुसार सञ्चालन हुने संघीय सरकार अन्तर्गतको इलाका प्रहरी कार्यालय, शिशुवा कास्कीलाई जिन्सी तथा भौतिक सहयोग बापत भौचर नं. ४ - ०८१।०६।०७ बाट रु. ५००००.०० भुक्तानी गरी खर्च लेखेको नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

१२०.३ **उज्यालो वडा कार्यक्रमः** सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ बमोजिम सो सम्बन्धी स्पेशिफिकेसन, योजना, विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गरी दफा ५ मा तोकिए बमोजिम लागत अनुमान तयारी तथा स्वीकृत गर्नुपर्दछ। त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(१) मा उल्लेख भए अनुसार खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक नियकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्दछ। कार्यालयले उज्यालो वडा कार्यक्रम अन्तर्गत वडाका मुख्य-मुख्य सडकमा सडक बत्ती जडान गरेको बेहोरा उल्लेख गरी लागत अनुमान तयारी, स्वीकृति तथा कार्यस्वीकार प्रतिवेदन बेगर तपशिल बमोजिम रु. ४४५९०४.०० खर्च लेखेको छ। यसरी सडक बत्ती जडान बापत भुक्तानी दिनु अघि सोको स्पेशिफिकेसन तथा लागत अनुमान तयार गरी स्वीकृत गरेको तथा सडक बत्ती जडान गरेको प्राविधिक पुष्ट्याईँ सहित कार्य स्वीकार गरेको नदेखिँदा सार्वजनिक खरिद कानूनमा उल्लेखित व्यवस्था विपरीत भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले प्रमाण सहित नियमित हुनुपर्ने रु.

| क्र. सं . | भुक्तानी पाउने | खर्च रु. | कैफियत |
|---|---|---|---|
| १ | फोर ब्रदर्श इलेक्ट्रिक ईलेक्ट्रोनिक्स प्रा.लि. | २९५९०४ | ४४ थान स्मार्ट पोल लाईट (५० बाट), ४४ थान पोल स्ट्यान्ड , ६० थान ४ कोर ए.बि.सी. केवल , ८ थान पि.सि. क्लाम्प खरिद। |
| | [चालुः १७ - ०८१।०७।०५ ] | | |
| २ | नाङ्साल इन्फोटेक प्रा.लि. | १५०००० | २० थान पोल लाईट (५० बाट), २० थान पोल लाइट फ्रेम , तार लगायत सामग्री खरिद। |
| | [पुँजीगतः ०९ - ०८२।०१।१६ ] | | |
| | जम्मा | ४४५९०४ | |

| | |
|---|---|
| अनियमित भएको | ४,४५,९०४ |

१२०.४ **तिज गीत प्रतियोगिताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको १५ दिन भित्र आफुले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल, भर्पाई र कागजात सहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले कार्यक्रम सम्पन्न प्रतिवेदन बेगर वडा नं. २८ को ठूलाकोटमा सम्पन्न तिज गीत प्रतियोगिता कार्यक्रमको लागि “वडा स्तरीय महिला सञ्जाल पोखरा, २८ कास्की”ले लिएको पेश्की रू. १५००००.०० फछ्र्यौट गरी गो.भौ.नं. ६-०८१/०६/८ बाट रू. ३८९१८८.०० खर्च लेखेकोमा स्रेस्ताको साथ रू. २०,७०५.०० बराबरको खर्च सम्बन्धी बिल संलग्न गरेको पाइएन। खर्च प्रमाणित हुने बिल भरपाई बेगर बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,७०५ |

१२०.५

**फरक शीर्षकमा खर्चः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। उक्त व्यवस्था अनुसार विनियोजित रकम सोही शीर्षक र प्रयोजनमा मात्र खर्च गर्नुपर्दछ। नगरसभाबाट स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही खर्च गर्नुपर्नेमा वडा कार्यालयले यस वर्ष विनियोजित शीर्षक भन्दा फरक क्रियाकलापमा निम्नानुसार रु. १,८१,०००.०० खर्च गरेको नियम सम्मत नदेखिएको रू.

| सि.नं. | गो.भौ.नं./मिति | खर्च शिर्षक | खर्चको बेहोरा | रकम |
|---|---|---|---|---|
| १ | ७७-०८१/११/१९ | सामाजिक विकास कार्यक्रम | कार्यालयको खाजा, खानामा खर्च | ४१००० |
| २ | ९९-०८२/०१/१६ | | कार्यालय सामग्री खरिद | ५०००० |
| ३ | १४६- ०८२/०३/२५ | दलित लक्षित कार्यक्रम | सडक बत्ती जडान लगायतमा खर्च | ९०००० |
| | | जम्मा | | १८१००० |

| अनियमित भएको | १,८१,००० |
|---|---|

१२१ **२९ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

१२१.१ **तोक आदेशको आधारमा भुक्तानीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। यस वर्ष यस वडाको खेलकुद महोत्सव कार्यक्रम शिर्षकमा रू. ४ लाख बजेट विनियोजन भएकोमा सबैलाई छनोटको समान अवसर दिई पारदर्शी र समावेशी खेलकुद कार्यक्रम सञ्चालन गरी वडा स्तरमा खेलकुद संस्कृति विकास तथा सबै वडा बासीको विनियोजित बजेटमा समान पहुँच स्थापित हुनुपर्नेमा वडा अध्यक्षको तोक आदेशको आधारमा सूर्य तारा क्लब पोखरालाई दोस्रो स्पोर्ट्स फेस्टिबल २०८१ को लागि रू. ४ लाख दिने निर्णय गरी खाना, खाजा, लगायतका ६ थान बिल र ६ जनाले खेल मैदान सरसरफाइ गरेको डोर हाजिरीको आधारमा भौचर नं. ७८ - ०८१।१२।२८ बाट रु. ४०००००.०० भुक्तानी दिएको पाइयो। यस किसिमको खर्च पारदर्शी नभएको, एकल संस्थालाई सम्पूर्ण बजेट तोक आदेशको आधारमा दिँदा सम्भावित सबैलाई छनोटको समान अवसर तथा प्रतिस्पर्धात्मकताको सिद्धान्त विपरीत भएको तथा जनप्रतिनिधि आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गई तोक आदेशको आधारमा खर्च गराएको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| अनियमित भएको | ४,००,००० |
|---|---|

१२१.२ **खेलकुद प्रशिक्षकः** सार्वजनिक निकायले खेलकुद सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा स्पष्ट उद्देश्य, लक्षित समूह, अपेक्षित उपलब्धि तथा अनुगमन व्यवस्थाको निर्धारण गरेर मात्र प्रशिक्षकको नियुक्ति गर्नुपर्छ। वडा कार्यालयले खेलकुद तालिम प्रशिक्षण गर्न १ जना प्रशिक्षकलाई २०८१/०५/०२ देखि २०८२/०३/२० सम्मको सम्झौता गरी गो.भौ.नं. ६६ र ११२ बाट गरी जम्मा रू. २००००० भुक्तानी दिएको पाइयो। कार्यालयले प्रशिक्षक नियुक्ति गरी पारिश्रमिक भुक्तानी गरे तापनि प्रशिक्षक नियुक्तिको आधार, आवश्यक योग्यता स्पष्ट गरेको पाइएन साथै लक्षित बालबालिकाको सङ्ख्या, खेलको विधा, प्रशिक्षण अवधि, कार्यक्रमको निरन्तरता तथा दीर्घकालीन रणनीति सँग आबद्ध हुने गरी योजना बनाएको नदेखिएकाले खर्चबाट अपेक्षित उद्देश्य हासिल भए नभएको यकिन हुन सकिएन। कार्यालयले लामो समयको लागि प्रशिक्षक नियुक्ति गर्दा दीर्घकालीन योजना सँग आबद्ध गरी कार्यक्रमको प्रभावकारिता र दिगोपन सुनिश्चित गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१२१.३ **उज्यालो वडा कार्यक्रमः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गर्नुपर्ने, दफा ५ मा तोकिए बमोजिम लागत अनुमान तयार तथा स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा खरिद गरिएका मालसामान प्राविधिक स्पेशिफिकेशन बमोजिम भए नभएको परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न टोल विकास संस्था मार्फत वडाका सडकमा बत्ती जडान तथा मर्मत गर्न माग गरिएको बेहोरा उल्लेख गरी २० थान सेन्सर स्ट्रिट लाईट, ३२३ थान एल.इ.डि. बल्ब, १८० थान बेड स्वीच, १३० थान pvc, १८० थान पेन होल्डर तथा तार लगायतका सामग्री खरिद गरी गो.भौ.नं. ६७-२०८१/१२/५ बाट कृषा भन्डारी ट्रेडर्सलाई रू. २,४०,५०६.०० भुक्तानी दिएको पाइयो। खरिद गरिएका सामग्रीहरू २७ वटा विभिन्न टोल विकास संस्थालाई हस्तान्तरण गरिएकोमा खरिद ऐन विपरीत स्पेशिफिकेशन तथा लागत अनुमान तयारी र स्वीकृति बेगर कोटेशन प्रकियाबाट सिधै खरिद गरेको पाइयो भने हस्तान्तरण पश्चात् कार्य सम्पन्न गरेको प्राविधिक पुष्ट्याईँ तथा कार्य सम्पन्न प्रतिवेदन स्रेस्तामा संलग्न गरेको पाइएन। सार्वजनिक खरिद ऐन तथा नियमावलीको मर्म विपरीत भएको खरिद तथा भुक्तानी प्रकिया नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रू.

| अनियमित भएको | २,४०,५०६ |
|---|---|

१२१.४ **लागत अनुमानः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गर्नुपर्ने, दफा ५ मा तोकिए बमोजिम लागत अनुमान तयार तथा स्वीकृत गर्नुपर्ने

व्यवस्था रहेको छ। कार्यालयले विभिन्न टोल विकास संस्थाबाट माग भए बमोजिम लागत अनुमान तयारी एवम् स्वीकृत नगरी कोटेशन बाट १५ प्रजातिका १३८४ वटा फलफूलका बिरुवा सीधै खरिद गरी गो.भौ.नं. १३९-२०८२/०३/२३ बाट कार्की नर्सरी एण्ड फ्लोरीकल्चरलाई रू.२९५५०० भुक्तानी दिएको पाइयो। खरिदलाई गुणस्तरीय, अनुमानयोग्य तथा प्रतिस्पर्धात्मक बनाउन कार्यालयले खरिद ऐन बमोजिम खरिद पूर्व सामग्रीको स्पेशिफिकेशन तथा लागत अनुमान बनाउने कार्यलाई अनिवार्य गर्नुपर्दछ।

१२१.५ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। त्यस्तै सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| पोखरा महानगरपालिकावडा नं.२९ | | | |
| १ | संगम आमा समूह शौचालय निर्माण | १००००० | ९८७९९ |
| २ | माछापुच्छ्रे आमा समूह भवन निर्माण | ३००००० | २९९९२३ |
| ३ | कुमाल समाज सुधार भवन स्तरोन्नति | ८००००० | ७९७७७० |
| ४ | आमा मिलन भवन स्तरोन्नति | ७००००० | ६९१९७१ |
| कुल जम्मा | | १९००००० | १८८८४६३ |

वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

१२१.६ **ब्राण्ड उल्लेख गरी खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(३) मा कुनै मालसामान, निर्माण कार्य वा सेवाका विशेषताहरु बुझिने गरी उल्लेख गर्ने अर्को कुनै उपाय नभएको अवस्थामा बाहेक कुनै खास ब्राण्ड, ट्रेडमार्क, नाम पेटेण्ट, डिजाइन, प्रकार, उत्पत्ति वा उत्पादकको नाम उल्लेख गर्न नसकिने व्यवस्था छ। यस वडा कार्यालयले १५०AH को ब्याकअप ब्याट्रि खरिद गर्न मिति २०८२।०३।०९ मा तीन वटा फर्मसँग दररेट माग गर्दा १५०AH १२V Tubular (Exide Brand) ब्याट्रिकै मूल्य माग गरी सो अनुसार नै खरिद गरेको पाइयो। तीन वटा फर्म सँग दररेट माग गरी न्यूनतम दर अनुसारकै रकमलाई लागत अनुमान मानी सूचना प्रकाशन गरी सूचनामा समेत सोही Exide Brand को ब्याट्रि नै माग गरेको पाइयो। सूचना अनुसार आकृति आदर्श सप्लायर्सले पेश गरेको न्यूनतम दर अनुसार रु. २,९९,९९२.०० मा ८ वटा ब्याट्री खरिद गरी गो.भौ.नं. १४ (पूर्वाधार) र ४३ (नगर कार्यपालिका) - २०८२।०३।२३ बाट भुक्तानी गरेको पाइयो। कार्यालयले सामान खरिद गर्दा प्रतिस्प्रर्धा सीमित हुने गरी सामानको ब्राण्ड उल्लेख गरी लागत अनुमान तयार गर्ने र खरिद गर्ने

कार्य सार्वजनिक खरिद ऐन र नियमावली विपरीत देखिँदा यसरी प्रतिसपर्धा सीमित हुने गरी ब्राण्ड तोकेरै सामान खरिद गरी भुक्तानी गरेको नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | २,९९,९९२ |

१२१.७ **संघीय कार्यालय अनुदानः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघ सरकारले प्रदेश र स्थानीय सरकारलाई तथा प्रदेश सरकारले स्थानीय सरकारलाई समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानका साथै राजस्व बाँडफाँट मार्फत वित्तीय हस्तान्तरण गर्ने व्यवस्था भए तापनि मुलुकमा विद्यमान कुनै पनि कानूनले स्थानीय सरकारले प्रादेशिक तथा संघीय सरकारलाई अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था उल्लेख गरेको छैन। स्पष्ट कानुनी आधार बेगर यस वर्ष पालिकाले आफ्नो छुट्टै बजेट तथा संगठन संरचना अनुसार सञ्चालन हुने संघीय सरकार अन्तर्गतको ईलाका प्रहरी कार्यालय, शिशुवाको भवन रंग रोगन तथा मार्बल लगाए बापत आपूर्तिकर्ता शुभकामना मार्बल एण्ड सेनिटरीलाई भौचर नं. ७-२०८१।०७।०७ बाट रु. २५,२६४.१७ भुक्तानी गरी खर्च लेखेको नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | २५,२६४ |

१२१.८ **प्राप्त रकम आम्दानी नबाँधेकोः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९(२) मा स्थानीय सञ्चितकोषमा जम्मा हुने रकम सम्बन्धी व्यवस्था गरिएको छ। सञ्चितकोषमा जम्मा हुने रकम प्राप्त भएको समयमा आम्दानी बाँधे पश्चात् मात्र खर्च लेख्नुपर्दछ। यस वडा कार्यालयले श्री जनप्रकाश मा.वि.लाई भुक्तानी गर्नुपर्ने रकम रु. ३९३६२०.०० गो.भौ.नं. २-२०८१।०५।१६ बाट श्री जनप्रकाश बहुमुखी क्याम्पसलाई भुक्तानी गरेको पाइयो। क्याम्पसलाई भुक्तानी भएको रु. ३,९३,६२०.०० मिति २०८१।०८।२४ मा यस वडा कार्यालयको पुँजीगत खर्च खातामा जम्मा गरे पश्चात् कार्यालयले गो.भौ.नं. १६-२०८१।०९।१४ बाट पुनः जनप्रकाश मा.वि.लाई भुक्तानी गरेको देखियो। क्याम्पसले खर्च खातामा जम्मा गरेको रकम वडा कार्यालयले आम्दानी बाँधे पश्चात् खर्च लेख्नु पर्नेमा आम्दानी नै नबाँधी भुक्तानी गरेको पाइयो। बैंक खातामा जम्मा भएको रकम आम्दानी नबाँधी खर्च लेख्दा वास्तविक कोषको अवस्था नदेखिने हुँदा रकम प्राप्त हुँदाका बखत सो खातामा आम्दानी बाँधी खाता अद्यावधिक राख्नुपर्दछ।

१२१.९ **उ.स.बाट सामग्री खरिदः** सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ९७ मा एक करोड सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सँग सम्बन्धित सेवा सो स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा सेवा प्राप्त गर्न सकिने व्यवस्था रहेको छ। यस वडा अन्तर्गत पटनेरी कोखेगौँडा खानेपानी आयोजना निर्माण कार्यको लागि नियमावली विपरीत ५०mm HDPE पाईप @ ६ कि.ग्रा. प्रति वर्ग मिटर खरिद गर्ने गरी उपभोक्ता समिति सँग सम्झौता गरेको पाइयो। नियमावलीमा स्पष्ट रुपमा निर्माण कार्य र सो निर्माण कार्य सँग सम्बन्धित सेवा लिनु परेमा सो उपभोग गर्ने उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था गरिएकोमा वडा कार्यालयले पाईप मात्र खरिद गर्नको लागि उपभोक्ता समितिसँग सम्झौता गरी गो.भौ.नं. ५१-०८२।०३।२४ बाट उपभोक्ता समितिलाई रु. २,९५,५००.०० भुक्तानी गरेको पाइयो। कार्यालयले दिएको मौखिक जानकारी अनुसार उपभोक्ता समितिले सो पाईप खरिद गरी सुरक्षित राखेको र आगामी आर्थिक वर्ष बजेट परेमा जडान गर्ने भनिए तापनि यस आयोजनाको लागि आर्थिक वर्ष २०८२।८३ मा छुट्टै बजेट विनियोजन भएको देखिएन। नियमावली विपरीत हुने गरी उपभोक्ता समितिबाट पाईप खरिद गर्न लागाई प्रयोग विहीन अवस्थामा राखेको नियम सम्मत नदेखिँदा खरिद भएको पाईप जडान गरेको प्राविधिक पुष्ट्याईँ सहित नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | २,९५,५०० |

## १२२ ३० नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु

१२२.१ **लागत अनुमानः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गर्नुपर्ने, दफा ५ मा तोकिए बमोजिम लागत अनुमान तयार तथा स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा खरिद गरिएका मालसामान प्राविधिक स्पेशिफिकेशन बमोजिम भए नभएको परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ। यस कार्यलयले वडा भित्रका पार्कहरूको संरक्षण तथा सौन्दर्यता प्रवर्द्धन शीर्षकबाट एयर वाल्कर १ थान, चेस्ट प्रेस मेसिन १ थान तथा Tai-chai ह्विल १ थान खरिद गरी आपूर्तिकर्ता एसपीएन साझा इम्पेक्सलाई गो.भौ.नं. २५-२०८१/०८/२ बाट रू. २०००००.०० भुक्तानी दिएको देखियो। कार्यालयले सामग्री खरिद गर्दा स्पेशिफिकेशन तथा लागत अनुमान तयारी एवम् स्वीकृत नगरी कोटेशनबाट सोझै खरिद गरेको पाइयो। खरिदलाई गुणस्तरीय, अनुमानयोग्य तथा प्रतिस्पर्धात्मक बनाउन कार्यालयले खरिद ऐन बमोजिम खरिद पूर्व सामग्रीको स्पेशिफिकेशन तथा लागत अनुमान बनाउने तर्फ ध्यान दिनुपर्छ। साथै खरिद गरिएका सामग्रीहरू प्राविधिक मापदण्ड अनुरुप भए नभएको परीक्षण गरेर मात्र भुक्तानी गर्नुपर्दछ।

१२२.२ **तालिम तथा कार्यक्रमः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

१२२.३ **विद्युत महशुल भुक्तानीमा जरिबानाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। समयमै महशुल भुक्तानी गरी छुट समेत लिन सकिने व्यवस्था भएकोमा कार्यालयले विद्युत महशुल भुक्तानीमा ढिलाइ गरेको कारण भौचर नं. २ - ०८१।०६।०१ बाट विद्युत महशुल भुक्तानी गरेकोमा श्रावण महिनाको २५% र भाद्र महिनाको ५% का दरले विलम्ब शुल्क बापत रु. ७३७२.०० र भौचर नं. ५९ - ०८१।१०।२१ बाट विद्युत महशुल भुक्तानी गरेकोमा विलम्ब शुल्क बापत रु. २७८७.०० समेत जम्मा रु. १०१५९.०० जरिवाना तिर्नुपर्दा सरकारी कोषमा अतिरिक्त व्ययभार परेको नियमसम्मत नदेखिएकोले आगामी दिनमा विद्युत महशुल समयमै भुक्तानी हुने र जरिवाना तिर्नु नपर्ने सुनिश्चितता हुने प्रतिबद्धता सहित नियमित हुनुपर्ने रु.

| अनियमित भएको | १०,१५९ |
|---|---|

१२२.४ **फरक शीर्षकमा खर्चः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। उक्त व्यवस्था अनुसार विनियोजित रकम सोही शीर्षक र प्रयोजनमा मात्र खर्च गर्नुपर्दछ। वडा कार्यालयले नगरसभाबाट स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही खर्च गर्नुपर्नेमा यस वर्ष विनियोजित “कृषि तथा पशुपन्छीजन्य कार्यक्रम” शिर्षकमा विनियोजित बजेटबाट कृषि सञ्चाल पोखरालाई भ्रमण खर्च बापत गो.भौ.नं.१४२-२०८२/०३/१२ बाट रू. ६३,८२०.०० भुक्तानी दिएको पाइयो। कृषि तथा पशुपन्छीजन्य कार्यक्रम शीर्षकबाट भ्रमण खर्च बापत भुक्तानी गरेको नियम सम्मत नदेखिएको रू.

| अनियमित भएको | ६३,८२० |
|---|---|

१२२.५ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ।वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र. सं . | सम्बन्धित निकाय | भुक्तानी प्रयोजन | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पुन समाज चेतनशील भवन | ट्रस निर्माण | ११९९९०० | २१- ०८१।०५।१० |
| २ | शान्तिनगर सामुदायिक सेवा समिति भवन | भवन मर्मत | ४९९६३० | १०- ०८२।०१।०९ |
| | जम्मा | | १६९९५३० | |

वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

१२२.६ **अधुरो अवस्थामा कार्य स्वीकारः** सम्झौताका शर्त बमोजिम सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको सुनिश्चित भए पछि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भई आयोजनाको उद्देश्य अनुरुप समान्य सञ्चालनमा आएको अवस्थामा कार्य स्वीकार गरी नियम १२४ बमोजिम अन्तिम भुक्तानी गर्नुपर्दछ। खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गराउन निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून र सम्झौताका शर्त बमोजिम जिम्मेवार बनाउनुपर्दछ। निर्माण कार्य अगाडि बढाउन नसकिने काबु बाहिरको परिस्थिति रहेको प्राविधिक पुष्ट्याइँ बेगर अधुरो निर्माण कार्य स्वीकार गर्न नमिल्नेमा कार्यालयले सम्झौता भन्दा घटी कार्य सम्पन्न भएको आयोजनाको समेत कार्य स्वीकार गरेको देखिन्छ। निर्माण आयोजनाको लागि निर्माण उपभोक्ता समितिसँग सम्झौता भएको भन्दा १३% देखि ४९% सम्म काम बाँकी छँदै अधुरो अवस्थामा कार्य स्वीकार गरी तपशिल बमोजिम उपभोक्ता समितिलाई रु. २२३१३७९.०० भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| आयोजनाको नाम | सम्झौता तथा मूल्याङ्कन अनुसार कार्यसम्पन्न | | | | खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | हुनुपर्ने | भएको | घटी | घटी % | | |
| शिशुवा भित्री सडक स्तरोन्नति | १७६५८१४ | ८९७४७९ | ८६८३३५ | ४९% | ६५६९५७ | २७-०८२।०३।२५ |
| त्रिकाङ चोक बयरपाटा बाटो नाला निर्माण | १७६६७७६ | १५३४३१८ | २३२४५८ | १३% | १२७५२८० | १९-०८२।०३।२२ |
| देउराली खोला जाने सडक ढलान | ५८९२३८ | ३८२३५४ | २०६८८४ | ३५% | २९९१४२ | ४५-०८२।०३।२४ |
| **जम्मा** | **४१२१८२८** | **२८१४१५१** | **१३०७६७७** | **३२%** | **२२३१३७९** | - |

| अनियमित भएको | २२,३१,३७९ |
|---|---|

१२३ **३१ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

१२३.१ **संघीय कार्यालय अनुदानः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघ सरकारले प्रदेश र स्थानीय सरकारलाई तथा प्रदेश सरकारले स्थानीय सरकारलाई समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानका साथै राजस्व बाँडफाँट मार्फत वित्तीय हस्तान्तरण गर्ने व्यवस्था भए तापनि मुलुकमा विद्यमान कुनै पनि कानूनले स्थानीय सरकारले प्रादेशिक तथा संघीय सरकारलाई अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था उल्लेख गरेको छैन। स्पष्ट कानुनी आधार बेगर यस वर्ष वडा कार्यालयले आफ्नो छुट्टै बजेट तथा संगठन संरचना अनुसार सञ्चालन हुने संघीय सरकार अन्तर्गतको इलाका प्रहरी कार्यालय, शिशुवा कास्कीलाई जिन्सी तथा भौतिक सहयोग बापत भौचर नं. १४ - ०८१।०६।०६ बाट रु. २६,३२१.०० भुक्तानी गरी खर्च लेखेको नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| अनियमित भएको | २६,३२१ |
|---|---|

१२३.२ **जिन्सी दाखिला प्रतिवेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ। कार्यालयले पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत वेगनाश ताल डुङ्गा व्यवसाय समितिलाई १ थान डेल ल्यापटप, १ थान प्रिन्टर, २ थान रुम हिटर तथा २ थान इलेक्ट्रिक किल्ली खरिद बापत भौ.नं. ६७ - ०८१-०९-०७ बाट रु. १२९५००.०० सोधभर्ना भुक्तानी दिएकोमा समितिले खरिद भएको सामग्री आफ्नो जिन्सी खातामा दाखिला गरेको देखिएन। जिन्सी खातामा प्रविष्ट गरेको प्रमाण बेगर पुँजीगत सामग्री खरिद बापत सोधभर्ना भुक्तानी गरेको देखिएकोले सम्बन्धित समितिको जिन्सी खातामा सामग्री दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | १,२९,५०० |
|---|---|

१२३.३ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र. सं. | सम्बन्धित निकाय | भुक्तानी प्रयोजन | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | माछापुच्छ्रे टोल विकास संस्था | परिसर स्तरोन्नति | १९१७०७ | ७३-०८२।०३।२४ |
| २ | कोटबारी आमा समूह भवन | भवन निर्माण | २७८७२९ | ३७-०८२।०३।२४ |
| | जम्मा | | ४७०४३६ | |

१२३.४ **वडाभित्र सडक बत्ती जडानः** सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ बमोजिम सो सम्बन्धी स्पेशिफिकेसन, योजना, विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गरी दफा ५ मा तोकिए बमोजिम लागत अनुमान तयारी तथा स्वीकृत गर्नुपर्दछ। त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(१) अनुसार खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक नियकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्दछ। कार्यालयले वडाका मुख्य-मुख्य सडकमा सडक बत्ती जडान गरेको बेहोरा उल्लेख गरी लागत अनुमान तयारी, स्वीकृति तथा कार्यस्वीकार प्रतिवेदन बेगर तपशिल बमोजिम रु. ४२९५०.०० खर्च लेखेको छ। यसरी सडक बत्ती जडान बापत भुक्तानी दिनु अघि सोको स्पेशिफिकेसन तथा लागत अनुमान तयार गरी स्वीकृत गरेको तथा सडक बत्ती जडान गरेको प्राविधिक पुष्ट्याईँ सहित कार्य स्वीकार गरेको नदेखिँदा सार्वजनिक खरिद कानूनमा उल्लेखित व्यवस्था विपरीत भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| क.सं. | भुक्तानी पाउने | खर्च रु. | कैफियत |
|---|---|---|---|
| १ | अधिकारी बिजुली पसल प्रा.लि. [पुँजीगतः ३१ - ०८१।१२।११] | १५९५० | पोल चप्री ५ थान, ६ थान बल्ब, ६ थान सेन्सर, ३० मिटर १ एमएम तार तथा सेवा शुल्क बापत भुक्तानी। |
| २ | सुवास खड्का [पुँजीगतः ८२ - ०८२।०३।२५] | २७००० | मन्दरे पार्कमा ५ वटा ५० बाट सेन्सर लाइट जडान बापत भुक्तानी। |
| | जम्मा | ४२९५० | |

| अनियमित भएको | ४२,९५० |
|---|---|

१२३.५ **अनुपातिक कट्टीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम बापत भुक्तानी दिँदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख गरिएको छ। पोखरा महानगरपालिकाको विनियोजन ऐन, २०८१ को दफा ४(घ) अनुसार उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा कम्तिमा १५% जनसहभागिता जुटाउनुपर्ने व्यवस्था छ। तसर्थ अन्तिम भुक्तानी दिँदा कार्यालय र उपभोक्ता समितिबीच भएको सम्झौता अनुसार सम्झौता भन्दा घटी परिमाणमा कार्यसम्पन्न भएमा कार्यसम्पन्न भएबमोजिम लागत अनुमान र मूल्याङ्कन अनुसार जनसहभागिता बापतको रकम अनुपातिक कट्टी गरेर मात्र भुक्तानी दिनुपर्दछ। कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्यान्वयन गराएको आयोजना मध्ये नमुना छनोटको आधारमा परीक्षण गरिएका निम्न बमोजिमका ४ वटा आयोजनाका उपभोक्ता समितिलाई अनुपात भन्दा बढी हुने गरी रु. २५४८९६.०० भुक्तानी गरेको देखिँदा बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| क.सं. | आयोजनाको नाम | सम्झौता तथा प्राविधिक मूल्याङ्कन बमोजिम | | | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | जम्मा कार्य | भुक्तानी पाउने | भुक्तानी भएको | | |
| १ | बेगनासताल बराहक्षेत्र पर्यटन पूर्वाधार निर्माण | १९२४८६१ | १६७३७९२ | १८५०००० | १७६२०८ | महानगरको आर्थिक ऐन, २०८१ अनुसार न्यूनतम १५% जनसहभागिता कट्टी नभएको। |
| २ | खरबारी देखि रुपाताल जाने बाटो | १०७६९४२ | ९३६४७२ | ९६९४०० | ३२९२८ | |
| ३ | महडाँडा सुन्दरबस्ती सडक | ९८१२०५ | ८५३२२२ | ८७४४२० | २११९८ | |
| ४ | भन चौतारा मगरडाँडा हुँदै सुन्दरबस्ती लामास्वाँरा सडक | १०६४२५४ | ९२५४३९ | ९५०००० | २४५६१ | |
| | जम्मा | ५०४७२६३ | ४३८८९२४ | ४६४३८२० | २५४८९६ | |

| असुल गर्नुपर्ने | २,५४,८९५ |
|---|---|

१२३.६ **स्वीकृत सीमा र शिर्षक बाहिरको खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने उल्लेख छ। पालिकाको ३१ नं. वडा कार्यालयले यस वर्ष सभाबाट स्वीकृत सीमा र शिर्षक भन्दा बाहिर गई फरक शिर्षकमा तपशिल

बमोजिम खर्च लेखेको रु. ५०७०५५.०० नियमसम्मत नदेखिँदा आगामी दिनमा सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्ने कार्य नदोहोरिने प्रतिबद्धता सहित नियमित हुनुपर्ने रु.

| क्र.सं. | विनियोजित खर्च शिर्षक | खर्चको बेहोरा | भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सामाजिक विकास तथा सामाजिक उत्तरदायित्व | कार्यलयको सवारी भाडा बापत भुक्तानी | १४००० | २०-०८१।०६।१४ |
| | | कार्यालय सामग्री खरिद | १४७१० | ३५-०८१।०७।०५ |
| | | कार्यालयको घर भाडा बापत भुक्तानी | ८८०० | ३६-०८१।०७।२६ |
| | | कार्यालय सामग्री खरिद | २२०५० | ३७-०८१।०७।२७ |
| | | वडा कार्यालय उद्धाटन खर्च भुक्तानी | २३८९० | ४३-०८१।०८।०२ |
| | | बीमा शुल्क बापतको रकम भुक्तानी | १७०५ | ७०-०८१।०९।०४ |
| | | कार्यालय सामग्री खरिद | २१९०० | ७६-०८१।०९।२२ |
| २ | वडा भित्रको बाटो मर्मत तथा सरसफाई | विभिन्न विद्युतीय सामग्री खरिद बापत डायनामिक कम्प्युटर ट्रेडर्सलाई भुक्तानी | ४००००० | १७-०८१।०६।१८ |
| | - | **जम्मा** | **५०७०५५** | - |

| | |
|---|---|
| अनियमित भएको | ५,०७,०५५ |

## १२४ **३२ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

१२४.१ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। त्यस्तै सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/ नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| पोखरा महानगरपालिकावडा नं. ३२ | | | |
| १ | सिस्टेनी सिमसार सचेतना केन्द्र मर्मत संभार | ३००००० | २८९२२३ |
| २ | रुपाताल तमुसमाज भवन निर्माण | ७००००० | ६७५४७० |
| पोखरा महानगरपालिका- पूर्वाधार- भवन | | | |
| ३ | शान्ति वराह थोक समाज घर निर्माण वडा नं. ३२ | १०००००० | ९६५१६० |
| कुल जम्मा | | २०००००० | १९२९८५३ |

१२४.२ **सवारी साधन खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(३) मा कुनै मालसामान, निर्माण कार्य वा सेवाका विशेषताहरु बुझिनेगरी उल्लेख गर्ने अर्को कुनै उपाय नभएको अवस्थामा बाहेक कुनै खास ब्राण्ड, ट्रेडमार्ग, नाम पेटेण्ड, डिजाइन, प्रकार, उत्पत्ति वा उत्पादकको नाम उल्लेख गर्न नसकिने व्यवस्था छ। यस वडा कार्यालयले दुई पाङ्ग्रे सवारी साधन खरिद गर्न TVS कम्पनीका दुई पाङ्ग्रे सवारी साधन बिक्रेता तीन वटा फर्मसँग TVS Ntorq र Iqube स्कुटर खरिद गर्ने गरी दर रेट माग गरेको पाइयो। वडा कार्यालयले क्याटलग सपिङ्ग विधिबाट सवारी खरिद गरेको भने तापनि एउटै कम्पनीका सवारी साधन जुनसुकै फर्मबाट खरिद गरे पनि समान मूल्य पर्ने भएकोले सोको लागि दर भाउ माग गरी राख्नु पर्ने अवस्था समेत देखिन्न। क्याटालग सपिङ्ग विधिमा भिन्न भिन्न कम्पनीका आधिकारिक बिक्रेताले प्रकाशन गरेको क्याटालगका आधारमा मूल्य दर माग गरी खरिद गर्नुपर्नेमा एउटै कम्पनीका सवारी साधन बिक्री वितरण गर्ने फरक फरक बिक्रेता सँग दर रेट माग गर्दा अन्य कम्पनीका बिक्रेताले सो प्रकृयामा भाग लिन नपाएको देखिन्छ। एउटै कम्पनीका दुईपाङ्ग्रे सवारी बिक्री गर्ने

विभिन्न तीन वटा फर्म सँग दररेट माग गरी सवारी साधनको Brand र मोडेल नै तोकेर खरिद गर्ने कार्य सार्वजनिक खरिद कानून अनुसार भएको देखिएन। पेश भएको न्यूनतम दर अनुसार स्क्वायर मोटर्स प्रा.लि.बाट दुई वटा सवारी साधन खरिद गरी गो.भौ.नं. १८-२०८१।०६।११ बाट रु. ६,८७,९००.०० भुक्तानी गरेको पाइयो। खरिद गरिएका सवारी मध्ये TVS Ntorq स्कुटर २०८२ भाद्र २४ मा भएको घटनाको कारण नष्ट भएको कार्यालय मौखिक जानकारी गराएको भए तापनि सोको लगत कट्टा र मिनाहा सम्बन्धी कार्य भएको देखिएन। कार्यालयले सामान खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी सामानको ब्राण्ड उल्लेख गरी एउटै कम्पनीको तीन वटा अलग अलग बिक्रेता सँग दररेट माग गरी खरिद गरेको सार्वजनिक खरिद ऐन र नियमावली विपरीत देखिँदा यसरी प्रतिस्पर्धा सीमित हुने गरी ब्राण्ड र मोडेल तोकी सवारी साधन खरिद गरी भुक्तानी गरेको निमय सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,८७,९०० |

१२४.३ **निर्माण कार्यको त्रुटि नसच्याइएकोः** निर्माण सम्बन्धी कार्य गर्दा कार्यालय र निर्माण व्यवसायीबीच भएको खरिद सम्झौताको शर्त बमोजिम निर्माण कार्य सम्पन्न गरिनु पर्दछ। शान्तिनगर बिर्ताचोक देखि बडारे सम्मको सडक निर्माण कार्यको लागि बोलपत्र आह्वान गरी खरिद सम्झौता गरिएकोमा रु. ४६२५२२५.८४ कवोल गर्ने निर्माण व्यवसायी पञ्चमूल निर्माण सेवा प्रा.लि. को बोलपत्र स्वीकृत भएको पाइयो। यस निर्माण कार्यको ठेक्का प्रकृया पोखरा महानगरपालिकाको खरिद शाखाले सञ्चालन गरेको र सो महाशाखामा २०८२ भाद्र २४ मा भएको घटनाको कारणबाट क्षति पुगेको कारण ठेक्का सम्बन्धी फाइल प्राप्त गर्न सकिएन। सम्झौताको बि.ओ.क्यू. र भुक्तानी बिल मात्र उपलब्ध भएकोले सोका आधारमा लेखापरीक्षण गरिएको छ। निर्माण भएको संरचना DLP अवधि भित्रै रहेको र स्थलगत अवलोकनको क्रममा सडकको विभिन्न भागमा क्षति पुगेको हुँदा त्रुटि सच्याउन भनी कार्यालयले २०८२।०४।१९ मा निर्माण व्यवसायीलाई निर्देशन गरेकोमा निर्माण व्यवसायीले हालसम्म सो त्रुटि सच्याएको प्राप्त अभिलेखबाट देखिँदैन। सडकको कालोपत्रेमा क्षति पुगेको कारण सच्याउन भनी पत्राचार गर्दा समेत निर्माण व्यवसायीले सच्याएको छैन भने कुन कुन सडक खण्डमा कति रकम बराबरको क्षति पुगेको भनी वडा कार्यालयले नापी समेत गरेको पाइएन। निर्माण कार्यको नापी किताबमा कालोपत्रेको नापी गर्दा विभिन्न ५ वटा खण्डमा नापी गरेको तर क्षति १९७ मिटरको चौथो खण्डमा पुगेको मौखिक जानकारी कार्यालयले गराए तापनि सोको अभिलेख राखेको छैन। निर्माण कार्यको कार्य सम्पन्न बापत कुल रु. ४३,८१,३४५.०० को नापी गरी बिल पेश गरेकोमा यस मध्ये के कति रकमको क्षति पुगेको भन्ने मूल्याङ्कन कार्यालयले नगरेको कारण क्षतिको परिमाण सम्बन्धमा यकिन हुन सकिएन। कार्यालयले क्षति पुगेको भागको त्रुटि सच्याउन लगाई निर्माण भएको भाग समेत सुरक्षित अवस्थामा राख्नु पर्नेमा सो गरेको नदेखिएको र के कति रकमको क्षति भएको विवरण समेत नखुलाई त्रुटि सच्याउन भनी पत्रमात्र पठाएको देखिँदा सो निर्माण कार्य बापत भएको भुक्तानी रु. ४३,८१,३४५.०० नियम सम्मत नदेखिँदा क्षति पुगेको भागको त्रुटि सच्याई सुरक्षित अवस्थामा ल्याएको प्राविधिक पुष्ट्याईँ सहितको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४३,८१,३४५ |

१२४.४ **ठेक्का फाइलमा क्षतिः** सरकारी कागजात धुल्याउने नियमहरु, २०२७ को अनुसूची २ मा निर्माण कार्य सम्बन्धी योजना, ठेक्का पट्टा र सम्झौता सम्बन्धी कागजात सो सम्बन्धी कार्य पूरा भएको तीन वर्ष सम्म धुल्याउन नहुने उल्लेख छ। यस वडा कार्यालयका निर्माण कार्य सम्बन्धी ठेक्का सम्बन्धी प्रकृया महानगपालिकाको खरिद शाखाबाट सञ्चालन गरिने भएकोले सम्पूर्ण कागजात खरिद शाखामै रहने गरेको पाइयो।२०८२ भाद्र २४ मा भएको घटनाको कारणबाट सो शाखामा क्षति पुगेको कारण आर्थिक वर्ष २०८१।८२ सम्म भए गरेका ठेक्का सम्बन्धी सम्झौता फाइल समेत नष्ट भएको जानकारी पालिकाले गराएको छ। यस वडका देहाय अनुसार रु. २,३२,३०,७११.०० भुक्तानी गरिएका निर्माण कार्यको ठेक्का प्रकृया समेत खरिद शाखाले नै गरेको र सो फाइलहरु समेत जलेर नष्ट भएको हुँदा कुनै पनि निर्माण कार्यको ठेक्का प्रकृया र ठेक्का फाइल परीक्षण गर्न सकिएन। महानगरपालिकाको खरिद शाखाले निर्माण कार्यको कुनै भुक्तानी नगर्ने तर खरिद सम्बन्धी कार्य मात्र गर्ने भएकोले खरिद प्रकृया टुंगिए पश्चात् सोको अभिलेख जनाई सम्बन्धित शाखा तथा वडामा पठाउने व्यवस्था गर्नुपर्ने देखिन्छ। भुक्तानी दिने कार्यालयमा ठेक्का फाइल नहुने केवल सम्झौताको पहिलो पाना र बि.ओ.क्यू. को एक प्रति मात्र समावेश गरेर मात्र राखेको देखिने तर फाइल खरिद शाखामा रहने भएकोले यस सम्बन्धी प्रकृया परीक्षण गर्न नसकिने अवस्था रहेको पाइयो। यस वर्ष वडाका देहायका निर्माण कार्यको ठेक्का फाइलमा क्षति पुगेका कारण नापी किताबका आधारमा मात्र देहाय अनुसारका निर्माण कार्यको परीक्षण गरिएको छ। ठेक्का सम्बन्धी खरिद प्रकृया सम्पन्न भए पश्चात् सो फाइल सम्बन्धित शाखामा पठाउने व्यवस्था गर्नुका साथै आन्दोलनको क्रममा क्षति पुगेका देहायका निर्माण कार्यको उपलब्ध भए अनुसारको कागजात समावेश गरी ठेक्का फाइल खडा गर्ने तर्फ खरिद शाखा र सम्बन्धित खर्च केन्द्रले समेत विशेष ध्यान दिनुपर्ने देखिन्छ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | स्कुल टोल शान्ति मार्ग बाटो कालोपत्रे | २१००००० | १४७३२८० |
| २ | बादुरे चौतारा राम मन्दिर बाटो कालोपत्रे | १४००००० | १२०३८५० |
| ३ | वडा भित्रका बाटोहरु रिसोलिङ्ग | ४३००००० | ३७०७७१९ |
| ४ | सानोघारी ठाडो भित्रि बाटो कालोपत्रे तथा नाला निर्माण | ५५००००० | ३९९८८८० |
| ५ | सितल नगर साझा बजार १ नं . बाटो कालोपत्रे | १०००००० | ९७०५१० |
| ६ | गुठा चौर देखि दक्षिण भित्री बाटो कालोपत्रे | ३१००००० | २५८५६०० |
| ७ | कोठे गाउँ सिद्ध गणेश बाटो स्तरोन्नति | १५००००० | १४७५३४९ |
| ८ | मजुवा भित्री बाटो कालोपत्रे | ५०००००० | ३४३४१७८ |
| ९ | सितल नगर बिर्ताचौक हुँदै वडारे सडक कालोपत्रे | ६३००००० | ४३८१३४५ |
| **कुल जम्मा** | | **३०२०००००** | **२३२३०७११** |

१२५ **३३ नं. वडा कार्यालय अन्तर्गतका बेहोराहरु**

१२५.१ **जग्गाको स्वामित्व बेगर पुँजीगत अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने र दफा ९७(२) मा उपदफा १ बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाइने व्यवस्था छ। त्यस्तै सर्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। वडा कार्यालयले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । वडाकार्यालयले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| पोखरा महानगरपालिका वडा नं. ३३ | | | |
| १ | सृजनशील आमा समूह भवन | २००००० | १७२३२२.८८ |
| २ | चवादी वर्छा आमा समूह भवन | २००००० | १७५२००.२ |
| ३ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र भवन गैह्रागाउँ | २००००० | १८५६०९.३६ |
| ४ | शिव बस्ती आमा समूह भवन | १००००० | ९३,३२८.२३ |
| पोखरा महानगरपालिका- पूर्वाधार- भवन | | | |
| ५ | समाज सुधार आमा समूहको भवन -३३ | ५००००० | ४८२७९०.२ |
| कुल जम्मा | | १३००००० | ११०९२५०.८७ |

१२५.२ **सार्वजनिक जग्गामा भवन निर्माणः** सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३(२) मा सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध नगराइने र दफा ३(३) मा सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारका नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिने उल्लेख छ। यस महानगरपालिकाको भवन तथा पूर्वाधार निर्माण

मापदण्ड, २०८० मा समेत सार्वजनिक जग्गाको संरक्षण गर्दै संघ संस्थाबाट निर्माण गरिने भवन त्यस्तो सार्वजनिक जग्गामा निर्माण गर्न नपाउने व्यवस्था गरेको छ। यस वडाले भिमसेन नेवा खलः भवनको डीपीसी लेभल सम्मको निर्माणको लागि उपभोक्ता समितिको योगदान सहित रु. ६७३८०८.१४ को लागत अनुमान बनाई वडा कार्यालयले रु. ६ लाख भुक्तानी गर्ने गरी सम्झौता गरेको पाइयो। २०८२।०२।२२ मा वडा समितिले तोकिए अनुसारको निर्माण कार्यको नापजाँच गर्ने क्रममा सो भवन उपभोक्ता समितिले निर्माण गर्ने भनिएको भन्दा फरक सार्वजनिक जग्गामा निर्माण गरिएको भनी प्रतिवेदन पेश गरेको पाइयो। निर्माण उपभोक्ता समितिले स्थानीय श्री मनिराम श्रेष्ठको कित्ता नं. ७०६ मा सो भवन निर्माण गर्ने गरी कागजात पेश गरेकोमा सो सँगै जोडिएको सार्वजनिक जग्गामा भुलवश निर्माण भएकोले नापजाँच गरी भुक्तानी गरीदिन भनी निवेदन पेश गरेको देखिन्छ। वडा कार्यालयले भुक्तानीको लागि निर्णय गर्न नसकी नगर कार्यपालिकामा प्रस्ताव पेश गरेकोमा २०८२।०३।२० को नगर कार्यपालिको बैठकले सो निर्माण बापत लागेको लागत मध्ये वडाले व्यहोर्ने रकम रु. ५६९७१५.७६ भुक्तानी गर्न निर्देशन दिएको पाइयो। व्यक्तिगत जग्गामा भवन निर्माण गर्ने गरी कागजात पेश गरी योजना माग गरी सार्वजनिक जग्गामा भवन निर्माण गर्ने उपभोक्ता समितिका अध्यक्ष श्री लिल बहादुर श्रेष्ठ सहित समितिका सम्पूर्ण सदस्यलाई जिम्मेवार बनाउनुका साथै सार्वजनिक जग्गामा निर्माण भएको भवन सो स्थानबाट हटाई तोकिएको कित्ता नं. ७०६ मै निर्माण गर्न लगाउनु पर्दछ। यसरी सार्वजनिक जग्गामा भवन निर्माण भएको जानकारी हुँदा समेत सो निर्माण कार्य बापत भुक्तानी गर्न निर्देशन दिने पदाधिकारी समेतलाई जिम्मेवार बनाई भुक्तानी भएको रकम सम्बन्धित निर्माण उपभोक्ता समितिबाट असुल गरी स्थानीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६९,७१६ |

१२५.३ **फरक निर्माण कार्यः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको चरणमा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था गरिएको छ। यस वडा कार्यालयले डाडागाउँ आपकोबोट देउराली सडक निर्माण कार्यको लागि उपभोक्ता समितिको योगदान सहित कुल रु. १७१३४९४.३४ को लागत अनुमान बनाई वडा कार्यालयबाट रु. १५ लाख भुक्तानी गर्ने गरी सम्झौता गरेको देखिन्छ। यस योजनामा ५० मिटर ढलान गर्ने र ग्याबियन कार्य समेत गर्ने गरी लागत अनुमान बनाइएकोमा निर्माणको क्रममा ढलानको कार्य नगरी वाल निर्माणको कार्य गरी ढलान गर्ने भनिएको स्थानमा ग्राभेल मात्र गरेको पाइयो। सुरु लागत अनुमान भन्दा निर्मणको क्रममा फरक परिस्थिति देखिएमा अधिकार प्राप्त अधिकारीबाट प्राविधिक पुष्ट्याइँ समेत भेरिएसन गरेर निर्माण गर्नु पर्नेमा उपभोक्ता समितिले जुन तरिकाले निर्माण गरेको छ सो अनुसारनै कार्य सम्पन्न पश्चात् पुरानो मितिको लागत अनुमान समेत परिवर्तन गरी भुक्तानी गरेको पाइयो। कार्यालयले स्वीकृत गरेको डिजाईन अनुसार निर्माण नगरी उपभोक्ता समितिले आफ्नै तरिकाले निर्माण गरेको अवस्थामा समेत भुक्तानी गर्ने हो भने कार्यालयले डिजाईन र लागत अनुमान गर्नुको अर्थ समेत नरहने हुँदा यसरी दिएको भुक्तानी नियम सम्मत देखिएन। वडा कार्यालयले सुरु लागत अनुमानमा नराखेको तर उपभोक्ता समितिले ढलानको कार्य नगरी देहाय अनुसारको कार्य गरेको अवस्थामा वडा कार्यालयले समेत सोही अनुसार लागत अनुमान परिवर्तन गरी भुक्तानी गरेको नियम सम्मत नदेखिँदा सोको प्राविधिक पुष्ट्याइँ सहित नियमित हुनुपर्ने रु

| क्र.सं. | कामको विवरण | परिमाण | दर | रकम |
|---|---|---|---|---|
| १ | Back Filling | १७६ | ८१.५१ | १४३४५.७६ |
| २ | Gravel | ८६.८५ | १३३७.९२ | ११६१९८.३५ |
| जम्मा | | | | १३०५४४.११ |

| | |
|---|---|
| अनियमित भएको | १,३०,५४४ |

१२५.४ **उ.स.बाट सामग्री खरिदः** सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ९७ मा एक करोड सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सँग सम्बन्धित सेवा सो स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा सेवा प्राप्त गर्न सकिने व्यवस्था रहेको छ। यस वडा अन्तर्गत सुनगुफा संरक्षण र झिँगटे पार्क निर्माण कार्यको लागि नियमावली विपरीत सामग्री खरिद समेत गर्ने गरी उ.स.को योगदान सहित रु. १०,७९,१२३.२६ को लागत अनुमान गरी निर्माणको सम्झौता गरेको पाइयो। लागत अनुमानमा रु. २,८४,४८२.६२ को निर्माण कार्य र रु. ७,९४,६४०.६३ को सामग्री खरिद गर्ने गरी लागत अनुमान गरिएकोमा उपभोक्ता समितिले रु. ७८९२००.०० को सामग्री खरिद गरेको र रु. २७९९३१.६७ को निर्माण कार्य गरेको भनी नापी गरेको पाइयो। नियमावलीमा स्पष्ट रुपमा निर्माण कार्य र सो निर्माण कार्यसँग सम्बन्धित सेवा लिनु परेमा सो उपभोग गर्ने उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था गरेकोमा समेत वडा कार्यालयले सामग्री खरिदको कार्य समेत उपभोक्ता समितिबाट गराई गो.भौ.नं. १३-२०८२।०३।२४ बाट रु. ९३०१४३.९५ भुक्तानी गरेको पाइयो। भुक्तानी रकममा निर्माण कार्य बाहेक ८५ प्रतिशत (रु. ७८९२००.००) सामग्री खरिद मात्र रहेको देखिँदा नियमावली विपरीत हुने गरी उपभोक्ता समितिबाट सामग्री खरिद गराई भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,८९,२०० |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **लगतकट्टा पश्चात् निकासाः** मृत्यु वा अन्य कारणले लगतबाट नाम हटाउनुपर्ने लाभग्राहीको नाम हटाई अद्यावधिक लगतको आधारमा वास्तविक लाभग्राहीलाई मात्र सामाजिक सुरक्षा भत्ता बापतको रकम निकासा हुनुपर्नेमा पालिकाले उपलब्ध गराएको सामाजिक सुरक्षा सम्बन्धी अभिलेखको परीक्षण गर्दा ३३ मध्ये ५ वडाका तपशिल बमोजिमका १९ जना लाभग्राहीको खातामा लगतकट्टा पश्चत् पनि रु. ३५४७९८.०० निकासा भएको पाइयो। वडा कार्यालय, पञ्जीकरण शाखा र यस महाशाखाको अभिलेख भिडानमा समन्वय नभएको कारण लगत कट्टा पश्चात् भत्ता रकम निकासा भएको देखिँदा आगामी दिनमा सम्बन्धित इकाईहरु बीच समन्वय हुनुपर्ने र लगत कट्टा पश्चात् निकासा भएको देखिएको उल्लेखित रकम यकिन गरी सम्बन्धितको खातामा मौज्दात भए रोक्का गरी प्रचलित कानून बमोजिम संघीय सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेस हुनुपर्ने हुनुपर्ने रु. | ३,५४,७९८ |

| वडा नं. | क्र.सं. | लाभग्राहीको नाम | लगतकट्टा लागू मिति | बढी निकासा रु. | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १२ | १ | मुक्तिराज घिमिरे | 2081-11-06 | ७१९२ | | |
| | २ | सन्त माया सुनार | 2081-10-20 | ९३३० | | |
| | ३ | दुपदा आचार्य | 2081-08-21 | २९१९७ | ४५७१९ | ३ जना |
| १९ | ४ | हिम कुमारी छन्त्याल | 2081-12-21 | १३१९७ | १३१९७ | १ जना |
| २१ | ५ | इन्द्र बहादुर थापा | 2081-06-23 | १२९३१ | | |
| | ६ | भाइरती कार्की | 2081-05-10 | ४२६६० | | |
| | ७ | उजेली अधिकारी | 2081-09-15 | २५९९५ | ८१५८६ | ३ जना |
| २६ | ८ | चन्द्र माया राजभाट | 2081-04-19 | २१४६३ | | |
| | ९ | पदम कुमारी रानाभाट | 2081-11-16 | ५८६२ | | |
| | १० | भोजराज भण्डारी | 2081-11-20 | ५३३० | | |
| | ११ | मिश्री कुमारी जि.सी | 2081-11-24 | ४७९८ | | |
| | १२ | लक्ष्मी देवी भट्टराई | 2081-12-06 | १५१९२ | | |
| | १३ | अम्विका सुनार | 2081-06-12 | ३८३९४ | ९१०३९ | ६ जना |
| ३१ | १४ | दमन्ती सुनार थापा | 2080-02-11 | ४८००० | | |
| | १५ | मंगली कामी | 2081-07-14 | ३४००० | | |
| | १६ | टंक माया तिवारी | 2081-11-06 | ७१९२ | | |
| | १७ | हरी बहादुर परियार | 2082-01-17 | ९७२९ | | |
| | १८ | मानिसङ गुरुङ्ग | 2082-03-05 | ३३२५ | | |
| | १९ | चिनीमाया जलारी | 2081-10-13 | २१०११ | १२३२५७ | ६ जना |
| | | कुल जम्मा | | ३५४७९८ | ३५४७९८ | १९ जना |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : पोखरा महानगरपालिका, कास्की , पोखरा महानगरपालिका , कास्की

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शिवराज चौलागाँई | २०८१-६-८ | २०८२-३-३ |
| कार्यालय प्रमुख | हेम प्रसाद आचार्य | २०८२-३-३ | २०८२-०५-०८ |
| लेखा प्रमुख | जयराम पौडेल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४०,४३४,०१०.२९ | ६७,०४९,४८७ | ९३,११२,१८९.४६ | ० | ० | १३,०८५,३९९ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २१३,६८१,०८५.७५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३,२०७,२९५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ३५४,७९८ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २१०,८२८,५८८.७५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ७०४९२५८७८.७२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३५४१३८०९०० | चालु खर्च | २८०१०५४७६०.३४ |
| प्रदेश सरकारबाट अनुदान | ९३३८१००० | पूँजीगत खर्च | २५४९११३५०३.८२ |
| राजश्व बाँडफाँट | १२३८३७५०३४.५२ | वित्तीय/अन्य व्यवस्था | २२४१९३२४७४.५२ |
| आन्तरिक आय | ११४४६३८३५०.७२ | | |
| अन्य आय | १६०२४९९७३५ | | |
| कुल आय | ७६२०२७५०२०.२४ | कुल खर्च | ७५९२१००७३८.६८ |
| बाँकी मौज्दात | | ७३३१००१६०.२८ | |

## अनुसूची - २

## बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

म.ले.प.फा.नं. २७०-०१

**पोखरा महानगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय, कास्की**

आ.व. ०८१/८२ [अवधिः ०८१/०४/०१ - ०८२/०३/३२]

**कार्यालय कोडः ८०४३९२०१३०० प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)**

| आर्थिक सङ्केत | विवरण | चालु आ.व.को कारोबार | | गत आ.व.को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | **राजस्व, अनुदान र अन्य प्राप्ति** | | | | |
| ११००० | कर | १,५१,५२,९०,१६६.६२ | १,५१,५२,९०,१६६.६२ | १,७१,२९,३२,७०६.८४ | १,७१,२९,३२,७०६.८४ |
| १३००० | अनुदान | २,९९,०५,७५,६८०.६३ | २,९९,०५,७५,६८०.६३ | २,५२,०५,५४,७४६.८२ | २,५२,०५,५४,७४६.८२ |
| १४००० | अन्य राजस्व | ७८,०४,९९,९७८.३७ | ७८,०४,९९,९७८.३७ | ५१,८७,३७,५६३.७७ | ५१,८७,३७,५६३.७७ |
| १५००० | विविध प्राप्ति | ५७,८०,३९७.७३ | ५७,८०,३९७.७३ | १,१९,०६,७६६.५० | १,१९,०६,७६६.५० |
| क | **कुल जम्मा प्राप्ति** | ५,२९,२१,४६,२२३.३५ | ५,२९,२१,४६,२२३.३५ | ४,७६,४१,३१,७८३.९३ | ४,७६,४१,३१,७८३.९३ |
| २ | चालु | २,८०,१०,५४,७६०.३४ | २,८०,१०,५४,७६०.३४ | २,८२,६९,१४,३५८.६८ | २,८२,६९,१४,३५८.६८ |
| २१००० | पारिश्रमिक / सुविधा | ५८,१९,३१,७४५.४४ | ५८,१९,३१,७४५.४४ | ४६,४१,३८,४८४.८८ | ४६,४१,३८,४८४.८८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६४,७९,८१,५२२.७८ | ६४,७९,८१,५२२.७८ | ७४,१२,७६,०१९.३१ | ७४,१२,७६,०१९.३१ |
| २५००० | सहायता (Subsidy) | ३३,३५,६६७.०० | ३३,३५,६६७.०० | ४६,३३,५१९.०० | ४६,३३,५१९.०० |
| २६००० | अनुदान | १,४८,५६,८४,१९५.०० | १,४८,५६,८४,१९५.०० | १,५२,३८,२५,५२६.०० | १,५२,३८,२५,५२६.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २७००० | सामाजिक सुरक्षा | ७,२२,४५,६२१.०३ | ७,२२,४५,६२१.०३ | ८,१७,५९,१४५.९५ | ८,१७,५९,१४५.९५ |
| २८००० | अन्य खर्च | ९८,७६,००९.०९ | ९८,७६,००९.०९ | १,१२,८१,६६३.५४ | १,१२,८१,६६३.५४ |
| ४ | पुँजीगत | २,५४,९१,१३,५०३.८२ | २,५४,९१,१३,५०३.८२ | २,५७,२८,१२,८९४.६९ | २,५७,२८,१२,८९४.६९ |
| ३१११० | भवन तथा संरचना | १९,०५,०४,७०९.८१ | १९,०५,०४,७०९.८१ | २३,८४,३०,५९४.५७ | २३,८४,३०,५९४.५७ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ५,४६,७०,६४८.१५ | ५,४६,७०,६४८.१५ | ११,४१,८४,९६५.६१ | ११,४१,८४,९६५.६१ |
| ३११३० | अन्य पुँजीगत खर्च | ६८,३०,९०९.०० | ६८,३०,९०९.०० | ३,२१,९२,६८१.०० | ३,२१,९२,६८१.०० |
| ३११४० | सुरक्षा उपकरण | १८,२६,४५४.५० | १८,२६,४५४.५० | १०,५९,८९३.०० | १०,५९,८९३.०० |
| ३११५० | सार्वजनिक निर्माण | २,१९,१२,८०,११६.१३ | २,१९,१२,८०,११६.१३ | २,१०,०९,१८,७९८.५७ | २,१०,०९,१८,७९८.५७ |
| ३११६० | निर्मित संरचनाको सुधार खर्च | ४,७६,१७,३१२.०१ | ४,७६,१७,३१२.०१ | ५,८५,६१,८०५.६३ | ५,८५,६१,८०५.६३ |
| ३११७० | पुँजीगत सुधार खर्च | ५,६३,८३,३५४.२२ | ५,६३,८३,३५४.२२ | २,७४,६४,१५६.३१ | २,७४,६४,१५६.३१ |
| ख) | **कुल जम्मा भुक्तानी** | ५,३५,०१,६८,२६४.१६ | ५,३५,०१,६८,२६४.१६ | ५,३९,९७,२७,२५३.३७ | ५,३९,९७,२७,२५३.३७ |
| ग) | **बचत/कमी (ग=क-ख)** | (५,८०,२२,०४०.८१) | (५,८०,२२,०४०.८१) | (६३,५५,९५,४६९.४४) | (६३,५५,९५,४६९.४४) |
| घ) | **घरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | ३५,०३,७८३.९६ | ३५,०३,७८३.९६ | १५,३१,५२,७६६.३९ | १५,३१,५२,७६६.३९ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी** | | | -२,२१०.०० | -२,२१०.०० |
| ङ) | **यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत/(कमी)) (ङ=ग+घ)** | (५,४५,१८,२५६.८५) | (५,४५,१८,२५६.८५) | (४८,२४,४२,७०३.०५) | (४८,२४,४२,७०३.०५) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ७८,७६,१९,४१७.१३ | ७८,७६,१९,४१७.१३ | १,२७,००,६२,१२०.१८ | १,२७,००,६२,१२०.१८ |
